# हिमाली गाउँपालिकाको प्रथम आवधिक विकास योजना

## (आ.व. २०८१/०८२ देखि २०८५/०८६ सम्म)



### हिमाली गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिम प्रदेश, बाजुरा, नेपाल

**सहयोगी निकायः** सुदूरपश्चिम प्रदेश अनुसंन्धान तथा प्रशिक्षण प्रतिष्ठान  पुन्ना, डोटी
**सहजिकरण** : स्मार्ट-लिम्पिया प्वाइन्ट-इएफआई नेपाल जेभी, बबरमहल काठमाडौं

२०८१ जेठ



# मन्तब्य

यस हिमाली गाउँपालिकाको पांच बर्षे प्रथम आवधिक विकास योजना २०८१ प्रकाशन हुदा मलाई धेरै खुशि लागेको छ ।सुदुरपश्चिम प्रदेशको पालिकाहरु मध्ये पनि अति बिकट गाउँपालिका भएपनि यस पालिकाको सर्बांगिक विकासको लागि यो आवधिक विकास योजना कोशे ढुंगा हुनेछ भन्ने आशा लिएको छु ।

भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना भएको गाउपालिका भएर पनि द्रुत विकासको लागि केही चुनौतीहरु पनि छन। विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायिकीकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने र पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म पुऱ्याउने, वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने कार्यमा पांच बर्षे प्रथम आवधिक विकास योजनाले सहयोग पुरयाउने छ भन्ने आशा लिएको छु ।

गाउँपालिकाले लिएको दिर्घकलिंन सोच **स्वास्थ शिक्षा कृषि जडिबुटी पर्यटन र पुर्बाधार औधोगीकरण सुशासन सम्बृदी हिमालीको आधार** परिकल्पनालाई साकार गर्नकालागि गाउँपालिकाले तयार गरेको पांच बर्षे आवधिक बिकास योजनाले महत्वपुर्ण योगदान दिनेछ । गाउँपालिकाले आवधिक बिकास योजनालाई नै आधार मानेर आगामि आ.व . देखि निति तथा कार्यक्रमहरु तयार पारि कार्यान्वयन गर्नेछ ।

यो आवधिक विकास योजना तर्जुमा गर्नकालागि आर्थिक तथा प्राबिधिक सहयोग गर्ने सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ,पुन्ना डोटी तथा तयारी एवम प्रकाशन कार्यमा प्रत्यक्ष रुपमा सलग्न कार्यपालिका सम्पूर्ण सदस्यहरु, विषयगत समितिहरु, निर्देशक समिति कर्मचारी साथिहरु, र प्राविधिक सहयोग गर्ने परार्मशदाताका तर्फबाट संग्लन बिज्ञ टोलिलाई समेत धन्यवाद दिन चाहन्छु ।

गोबिन्द बहादुर मल्ल

अध्यक्ष

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल



# मेरो भनाइ

हिमाली गाउँपालिकाको समग्र विकासको दीर्घकालिन सोच तथा निर्देशक सिद्धान्त अनुसार सरकारी, गैर सरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई मूलधारमा ल्याई गाउँपालिकाको एकिकृत व्यवस्थित र योजनाबद्ध बिकास प्रक्रिया तथा नतिजालाई मार्गदर्शन गर्नु आवधिक बिकास योजना तर्जुमाको मुख्य उद्देश्यका साथ आवधिक बिकास योजना २०८१ प्रकासित हुन गईरहेको छ । यसले समग्र गाउँपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने, नविन तथा रणनीतिक महत्वका कार्यक्रम र सो को कार्यान्वियनको लागि कार्यनीति तथार गर्न सहयोग गर्ने छ भन्ने बिश्वास लिएको छु ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफनो अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, बार्षिक, रणनीतिक क्षेत्रगत, मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्नु पर्ने व्यवस्था गरेको छ । यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सिमा र प्रकृयासंग अनुकूल हुने गरि तर्जुमा गर्नुपर्ने ब्यबस्था ऐनमा गरिएको छ ।

यो आवधिक विकास योजना तर्जुमा गर्नकालागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने सुदूरपश्चिम अध्ययन अनुसन्धान प्रतिष्ठान पुन्ना, डोटी तथा तयारी एवम प्रकाशन कार्यमा प्रत्यक्ष रुपमा सलग्न कार्यपालिका सम्पूर्ण सदस्यहरु, विषयगत समितिहरु, राष्ट्र सेवक कर्मचारी साथिहरु र प्राविधिक रुपमा सहयोग गर्ने परामर्शदाताका तर्फ बाट संग्लन बिज्ञ टोलि लाई समेत धन्यवाद दिन चाहन्छु ।

राजकला सार्की
उपाध्यक्ष

राजकला सार्की
उपाध्यक्ष

सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

पुन्ना डोटी नेपाल



## मन्तव्य

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना डोटी, प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) देशका ७ वटा प्रदेश र ७५३ वटा स्थानीय तहहरुमा नेपालको संविधान २०७२ को मर्म अनुसार संघीयता कार्यान्वयन, प्रदेश सरकार र स्थानीय सरकारको क्षमता विकास, प्रदेश सरकार र स्थानीय सरकारको सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी वनाउन साथै चुस्त, दिगो, समावेशी, जनउत्तरदायी शासन प्रणाली स्थापना गर्नकालागि यो कार्यक्रम संचालन भईं रहेको छ।

नेपालमा संघीयताको अभ्यास नया विषय हो। परिवर्तित परिवेशमा तिनै तहका सरकारहरुका वीचको समन्वय, सहकार्य र सह अस्तित्ववाट मात्र निर्धारित लक्ष्यमा पुग्न सकिन्छ। यसै सन्दर्भमा संघीयताको सफल, कार्यान्वयनको लागी तिनै तहका सरकारहरुको क्षमता विकासले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। प्रदेश र स्थानीयतहको क्षमता अभिवृद्धि गरेर संघीयताको जग वलियो बनाउन सकिन्छ। यही वलियो र दिर्घकालिन संस्थागत विकास गर्ने उद्देश्यले सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान , डोटीले प्रदेश तथा स्थानीय तहका निर्वाचित मनोनित र नियुक्त पदाधिकारी तथा प्रशासनिक कर्मचारीको क्षमता विकास गर्ने उद्देश्यले काम गरि रहेको छ ।

आव २०८०।०८१ को यस केन्द्रको वार्षिक कार्यक्रम अनुसार स्थानीय तहको संस्थागत क्षमता विकासका कार्यहरु अन्तर्गत आवधिक विकास योजना निर्माण, लगायत अन्य रणनीति आदि जस्ता कार्यहरुमा गाँउपालिका/नगरपालिकासंगको समन्वय र सहकार्यमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिदै आएको छ । सोही सन्दर्भमा तहाँ गाँउपालिका / गाउपालिको आवधिक विकास योजना निर्माणमा यस केन्द्रवाट सहयोग गर्न पाउँदा म व्यक्तिगत तथा सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान को सम्पूर्ण विज्ञ र कर्मचारीहरुको तर्फवाट खुशी व्यक्त गर्दछु । भविष्यमा पनि सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान , पुन्ना, डोटी यस कार्यमा निरन्तर सहयोग र सहकार्य गरि रहने छ ।

अन्तमा आवधिक विकास योजना निर्माण कार्यको शुरु देखि नै आवश्यक सहयोग गरि उक्त कार्य सम्पन्न गर्नमा योगदान पुर्याउनु हुने गाँउपालिका/नगरपालिकाका अध्यक्ष ,प्रमुख, उपाध्यक्ष , उपप्रमुख एवं सम्पुर्ण गाँउ/नगर कार्यपालिकाका सदस्यहरु तथा प्रमुख प्रशासकिय अधिकृत र सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छु । त्यस्तै यस कार्यमा संलग्न परामर्श तर्फका विज्ञ एवं प्राविधिक टिमलाई पनि धन्यवाद दिन चाहन्छु ।

गेहेन्द्र बहादुर बम
कार्यकारी निर्देशक
सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ,
पुन्ना, डोटी



# मन्तव्य

हिमाली गाउँपालिकाको नेतृत्व र विकासको दीर्घकालिन सोच तथा निर्देशक सिद्धान्त अनुसार सरकारी, गैर सरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई मूलधारमा ल्याई गाउँपालिकाको एकिकृत व्यवस्थित र योजनाबद्ध बिकास प्रक्रिया तथा नतिजालाई मार्गदर्शन गर्नु आवधिक बिकास योजना तर्जुमाको मुख्य उद्देश्यका साथ यस गाउँपालिकाको आवधिक बिकास योजना २०८१ प्रकासित हुन गईरहेको छ । यसले समग्र गाउँपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने, नविन तथा रणनीतिक महत्वका कार्यक्रम र सो को कार्यान्वयनको लागि कार्यनीति तथार गर्न सहयोग गर्ने छ भन्ने बिश्वास लिएको छु ।

हिमाली गाउँपालिकाको विकासको सभावना, अवसर, समस्या तथा चुनौति र स्रोत परिचालनको विधमान स्थिति विश्लेशण गरी गाउँबासीको चाहना अनुसार लक्ष्य, उदेश्य, रणनीति र प्राथमिकता सहित ग्रामिण विकासको प्रारुप तयार भएको ले आगामि दिनहरुमा पनि यसैलाई आधार मानि योजनाहरु तयार गरिने र यसको सफल कार्यन्यन भई यस पालिकाको समग्र बिकासका योजना तजुमा गर्नमा मद्दत पुग्ने बिश्वास लिएको छु ।

अन्तमा यस आवधिक बिकास योजना तयार गर्नका लागि महत्वपूर्ण योगदान गर्ने सम्पूर्ण वडा अध्यक्षज्यूहरु, कार्य पालिकाका सदस्यज्यूहरु, सबै शाखा प्रमुख, निर्देशक समिति सहजिकरण समिति लगायत कर्मचारी साथिहरुलाई धन्यबाद दिन चाहान्छु ।यो आवधिक विकास योजना तर्जुमा गर्नकालागि आर्थिक तथा प्राबिधिक सहयोग गर्ने सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ,पुन्ना डोटी र यस कार्यमा आवस्यक सहजीकरण गरि योजना तयार गर्न सहयोग गर्ने परार्मश दाता टिमलाई समेत धन्यबाद दिन चाहन्छु ।

राज बहादुर भण्डारी
नि. प्रमुख प्रशासकिय प्रमुख

# कार्यकारी सारांश

## १. पृष्ठभूमिः

यस हिमाली गाउँपालिकाको पहिलो आवधिक विकास योजना (प्रथम) आ.व. २०८१/०८२ देखि २०८५/०८६ सम्मको अवधिमा कार्यान्वयन गरिने योजना हो जसले गाउँपालिकाको समग्र सामाजिक, आर्थिक, र भौगोलिक अवस्थालाई प्राथमिकता दिँदै समृद्धि ल्याउने लक्ष्य राखेको छ । यस योजनाको मुख्य उद्देश्य समग्र विकासलाई तीव्र गति दिनु र स्थायीत्वलाई सुनिश्चित गर्नु हो । यो योजना चारवटा प्रमुख पक्षमा ध्यान केन्द्रित गर्दै तयार गरिएको छः आर्थिक समृद्धि, सामाजिक समावेशिता, भौगोलिक विकास, र स्थायीत्व । आर्थिक समृद्धिको क्षेत्रमा कृषि, पशुपालन, र उद्योग, ब्यापार व्यवसाय, पर्यटनका अवसरहरूको प्रवर्धनमा केन्द्रित छ । यसले ग्रामीण उद्योग र साना उद्योगहरूको विकासलाई प्राथमिकता दिनेछ जसले स्थानिय स्तरमा रोजगारीका अवसरहरू सिर्जना गर्नेछ र आर्थिक अवस्था सुधार गर्नेछ । कृषि र पशुपालनको क्षेत्रलाई आधुनिक प्रविधिहरूसँग समायोजन गर्ने, तथा पर्यटन क्षेत्रमा विविध गतिविधिहरूको विकास गरेर आर्थिक बृद्धि हासिल गर्ने प्रयास गरिनेछ । यस योजनाले स्थानिय स्रोतहरूको अधिकतम उपयोग गर्दै समग्र विकासलाई सुदृढ बनाउने प्रयास गरेको छ ।

शिक्षा, स्वास्थ्य सेवामा र सामाजिक समावेशितामा सुधार ल्याउने, लक्ष्य राख्दछ। नयाँ विद्यालयहरूको स्थापना र विद्यमान विद्यालयहरूको पूर्वाधार सुधार गरेर शिक्षा प्रणालीलाई मजबूत बनाइनेछ । स्वास्थ्य सेवाहरूको पहुँचलाई विस्तार गर्नका लागि नयाँ स्वास्थ्य केन्द्रहरूको स्थापना र विद्यमान स्वास्थ्य सेवाहरूको गुणस्तर वृद्धि गरिनेछ । महिला सशक्तिकरणमा विशेष ध्यान दिँदै महिला क्षमता अभिबृद्धि प्रशिक्षण र रोजगारका अवसरहरू प्रदान गर्नका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछन् । यसले समग्र सामाजिक समावेशिता र समानताको सुनिश्चितता ल्याउनेछ ।

भौतिक पुर्वाधार विकासको क्षेत्रमा, सडक र यातायातको पूर्वाधारको सुधार गर्ने योजना गरिएको छ। नयाँ सडक र पुलहरूको निर्माणबाट गाउँ र बजारका बीचको संपर्कलाई मजबुत बनाउने छ । यसका अतिरिक्त, जलस्रोत व्यवस्थापन र प्राकृतिक संसाधनको संरक्षणमा ध्यान दिइनेछ। जलाशयहरूको निर्माण र वृक्षारोपण कार्यक्रमहरू मार्फत वातावरणीय संरक्षणलाई सुनिश्चित गरिनेछ। यसरी, भौगोलिक पहुँच र प्राकृतिक संसाधनहरूको दीगो व्यवस्थापनमा योजनाले महत्वपूर्ण भूमिका खेल्नेछ स्थायीत्व र टिकाउको लागि, योजना वातावरणीय संरक्षण र जलवायु परिवर्तनसँग जुझनका लागि विभिन्न योजनाहरू तयार गर्नेछ। जनसाधारणको सहभागिता र क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरू मार्फत दीगो विकासलाई प्रवर्धन गरिनेछ। यस योजनाले प्रत्येक पक्षमा निरन्तर अनुगमन र मूल्यांकनको व्यवस्था गर्नेछ, जसले योजना सफलतापूर्वक कार्यान्वयन गर्न मद्दत गर्नेछ।

## २. गाउँपालिकाको समग्र विकासको दिर्घकालिन सोच

**स्वास्थ शिक्षा कृषि जडिबुटी पर्यटन र पुर्बाधार, औधोगीकरण सुशासन सम्बृदी हिमालीको आधारको**

## ३. गाउँपालिकाको समग्र विकासको लक्ष्य

उत्पादनशील रोजगारी, मर्यादित जीवन, समावेशी र सुशासन युक्त गाउँपालीकाको आधार निर्माण गर्ने ।

## ४. गाउँपालिकाको समग्र विकासको उद्देश्यहरु

पालिकाको समग्र आर्थिक सामाजिक भौतिक तथा संस्थागत बिकासका लागि लगानी वृद्धि गरी उपरोक्त लक्ष हाँसिल गर्न देहाय बमोजिमको उद्देश्य लिइएको छ ।

१. उत्पादन, रोजगारी र आयआर्जनका अवसर प्रवर्धन गर्ने,
२. सांस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने,
३. गुणस्तरीय स्वास्थ्य तथा शिक्षा र सभ्य समाजको आधार तयार गर्ने,
४. बसोबास, भौतिक सुविधा तथा अन्तरआवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउने,
५. वन, जलाधार एवम् जैविक विविधताको संरक्षण, गुणस्तर तथा दिगो प्रयोगमा अभिवृद्धि गर्ने,
६. विकास पूर्वाधारलाई विपद् प्रतिरोधी तथा सामाजिक एवम् संस्थागत जीवनलाई उत्थानशील बनाउने,
७. दैवी प्रकोप र मानवसिर्जित विपदबाट आर्थिक सामाजिक क्षेत्रलाई पुनः जागृत गराउने,
८. स्थानीय सेवा तथा विकास उपलब्धीलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउने ।

## ५. रणनीति तथा प्राथमिकता

पालिकाको उपरोक्त सोच लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि तपसिल अनुसारका रणनीतिहरु अवलम्वन गरीने छ ।

(क) कृषि उद्यम तथा औद्योगिक क्षेत्र प्रवर्धन गर्न सकिने तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी लगानी तथा रोजगारीका अवसरहरुको सृजना गर्ने,
(ख) गाउँपालिकाको वडा नं १, २ र ३ मा ओखर, स्याउ तथा सुख्खा फलपुल फर्म स्थापना गर्ने ,
(ग) बिभिन्न किसिमका कृषि अनुदानको व्यबस्था गरी विदेश तिर गएका युवा शक्तिलाई स्वदेश फिर्ता गरी कृषि पेशामा आबद्ध गराउने
(घ) चौरी गाई, भेडा, बाख्राको आधुनिक फर्म स्थापना गरी कृषको आय बृद्धि गर्ने
(ङ) जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्ने
(च) खप्तड राष्ट्रिय निकुञ्ज लगायत अन्य पर्यटकीय क्षेत्रहरुको पहिचान गरी कृषि तथा धार्मिक पर्यटनलाई प्रवर्धन गर्ने,
(छ) कृषि, पशुपँक्षी तथा फलफुल खेतिलाई प्रवर्धन गर्दै रैथाने बालि (कोदो, फापर) प्रवर्धनलाई जोड दिँदै व्यवसायीकरण, ब्रान्डिङ्ग र बजारीकरण गर्ने,
(ज) गुणस्तरीय शिक्षा, आधुनिक प्रविधिसहितको स्तरीय स्वास्थ्य सेवा, सुदृढ सरसफाई तथा स्वच्छ खानेपानीको सहज पहुच र उपभोग सुनिश्चित गर्ने,
(झ) सामाजिक सुरक्षामा सुविधायुक्त र सहज पहुच सुनिश्चित गर्ने

(ञ) अतिआवश्यक गुणस्तरीय प्रयोगकर्तामैत्री भौतिक पुर्वाधारहरुको विस्तार तथा स्तरोन्नती गर्ने,

(ट) विश्वमा बढदो जलवायु परिवर्तनको असरलाई न्यूनीकरणका लागि जलवायु अनुकूलनमा सहयोग पुर्याउने कार्यक्रमहरु संचालन गर्ने,

(ठ) वातावरण, विपद व्यवस्थापन तथा भौतिक पुर्वाधारहरुको विकासमा सार्वजनिक, सहकारी, नीजिक्षेत्र र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धी गर्ने,

(ड) संस्थागत क्षमता विकासको लागि सुशासन प्रवर्धन, गुणस्तरीय सेवा प्रवाह र राजश्वका वैकल्पिक श्रोतहरुको दायरा विस्तार गर्दै जाने ।

## ६. परिमाणात्मक लक्ष्य

हिमाली गाउँपालिकाले यस आवधिक योजनामा तय गरेको दिर्घकालिन सोचअनुरुप ,विकासका लक्ष्य तथा उद्देश्य , गाउँ क्षेत्र भित्रको उत्पादन ,रोजगारी ,आय ,सामाजिक तथा भौतिक पुर्वाधारको विकास क्षेत्र प्रवर्धन र लगानि लगायतका सूचकहरुमा विगत आर्थिक वर्षको समिक्षाका आधारमा आगामी ५ बर्षे अवधिको समष्टीगत **परिमाणात्मक लक्ष्य** तयार गरीएको छ । खाका तयार गर्ने सिलसिलामा वार्षिक योजनाको प्रभाव र असर तहको प्रमुख नतिजा सूचकलाई समेत आधार लिइएको छ । यस पालिकाको समष्टिगत परिमाणात्मक लक्ष्य निम्न तालिकामा प्रस्तुत गरीएको छ ।

प्रमुख परिमाणात्मक लक्ष्य **"सुशासन, सामाजिक न्याय र समृद्धि"** को राष्ट्रिय सोच तथा संकल्प र सुदुरपश्चिम सरकारको प्रथम आवधिक योजना आ.व. **आधार रेखा आ.ब. २०८०/०८१ सम्मको अवस्था** तथा यस पालिकाको सोच लक्ष्य उद्देश्य अनुरुप आगामि पाँच आर्थिक वर्ष अवधिको प्रमुख परिमाणात्मक लक्ष्य तथा नतिजा सूचक निर्धारण गरीएको छ । सो अनुसार समष्टिगत लक्ष्यहरुको बिद्यमान स्थिति तथा आगामि पाँच वर्षको अपेक्षित उपलब्धि तालिका ३.१ मा प्रस्तुत गरीएको छ ।

## ७. लगानी, स्रोत अनुमान र बाँडफाँट

हिमाली गाँउपालिकाको आवधिक योजनाको दीर्घकालीन सोच अनुसारका लक्ष्य तथा उद्देश्यहरू प्राप्तिका लागि पहिचान गरीएका कार्यक्रमहरूको प्राथमिकीकरण गरी सोको लागि आवश्यक स्रोतहरूको व्यवस्थापन गर्न सम्भाव्य स्रोतहरूको आँकलन र नयाँ स्रोतहरूको पहिचान गरी परिचालन तथा उपयोग गरीनेछ ।

गाउँपालिकाको आ.व. २०७८/७९, २०७९/०८० को यथार्थ र २०८०/०८१ को अनुमानित आयको अध्ययन गरी आ. व. २०८१/०८२ देखि २०८५/०८६ सम्मका लागी कुल **संभावित आय प्रेक्षपण तथ्यांक तालिका न ९.२** मा प्रस्तुत गरीएको छ । आ.व. २०७८/०७९, २०७९/०८० को यथार्थ र आ.व. २०८०/०८१ को अनुमानित आय ब्यय अध्ययन गर्दा उक्त वर्षहरुमा गाउँपालिकाको आय परम्परागत स्रोतहरु मूलतः मालपोत, दर्ता, नवीकरण, सिफारिश लगायतमा आधारित भएको पाइन्छ भने खर्चको ट्रेण्ड बार्षिक वास्तविक खर्च रकम (आ.व.

२०७९/०८०) - ८३.३४% देखिन्छ । यस गाउँपालिकाको आवधिक योजनाको लागि **अनुमानित लगानी बजेट प्रेक्षेपण निम्म तालिका नं. ९.१** मा उल्लेखित गरिएको छ ।

उल्लेखित तालिका नं. ९.१ अर्थात बिषय क्षेत्रगतरुपमा ५ वर्षको बजेट खर्च अनुमान र तालिका नं. ९.२ अर्थात पालिकाको ५ वर्षको आयस्रोत अनुमानलाई तुलनात्मकरुपमा हेर्ने हो भने ५ वर्षको आयस्रोत जम्मा रु १,९६,२०,११,००० अनुमान गरिएको छ भने ५ वर्षको लागि बजेट खर्च रु. २,१५,४५,२५,००० अनुमान गरिएकोमा अनुमानित आय भन्दा अनुमानित खर्च रु. १९ करोड २५ लाख १४ हजार बढी देखिएको छ । उक्त अपुग रकममा गौरवका आयोजनाहरुको बजेट समेत जोडिएकोले अपुग रकमका लागि गाउँपालिकाले गौरवका योजना कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र दातृनिकायहरुसंग समन्वय गरी बजेट मांग गर्नुपर्ने देखिन्छ ।

(क) वित्तीय हस्तान्तरण

१. नेपालको संविधान र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनद्वारा व्यवस्था गरीएबमोजिम यस नगरपालिकालाई संघ र प्रदेशहरूबाट देहाय बमोजिमका वित्तीय स्रोतहरू हस्तान्तरण हुनेछ,

२. संघीय सरकारद्वारा वार्षिक रूपमा उपलव्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँड,

३. प्रदेश सरकारद्वारा वार्षिक रूपमा उपलव्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँड,

४. वैदेशिक अनुदान तर्फ अन्तराष्ट्रिय विकास सहायता नीति, २०७६ बमोजिम संघीय अर्थ मन्त्रालयको संयोजनमा प्राप्त हुने रकम ।

(ख) आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले प्राप्त गर्ने कर तथा गैरकरका रकमहरू ।

(ग) अन्य

पालिकाको बजेट संरचना बाहिर संघद्वारा प्रत्यायोजित कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट प्रवाहित हुने रकम र संघीय तथा प्रदेश तहबाट कार्यक्रम सहित प्राप्त हुने रकम ।

# बिषय सुची


कार्यकारी सारांश ६

*परिच्छेद १* १

आवधिक योजना परिचय १

**१.१ पृष्ठभूमि** १

**१.२ आवधिक योजनाको उद्देश्य** १

**१.३ योजनाको अवधारणा** २

**१.४ आवश्यकता, औचित्य र मार्गदर्शक सिद्दान्तहरु** ४

**१.५ योजनाको प्रकार** ४

**१.६ बिभिन्न समिति गठन** ७

**१.७ कानूनी तथा नीतिगत व्यवस्था** ९

**१.८ आवधिक विकास योजना तर्जुमा प्रक्रिया** १०

**१.९ तयारी चरण** ११

१.९.१ अभिमुखीकरण तथा आवाधिक योजना तयारी गोष्ठी ११

१.९.२ विश्लेषण चरण : १२

१.९.३ योजना  तर्जुमा चरण १३

१.९.४ मस्यौदा प्रस्तुतीकरण सुझाब संकलन तथा आवधिक योजनाको अन्तिम प्रतिबेदन तयारी १४

***परिच्छेद : २*** १५

**गाउँपालिकाको बिकासको बिद्यमान स्थिती र उपलब्धिको समीक्षा** १५

**२.१ गाउँपालिकाको परिचय** १५

२.१.१  भौगलिक अवस्था, राजनीतिक र प्रशासनिक सरचना, १५

२.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा १५

२.१.३ जनसंख्यिक अवस्था १६

**२.२ आर्थिक विकास अवस्था** १७

२.२.१ कृषि तथा खाद्य सुरक्षा १७

२.२.२ पर्यटन तथा संस्कृति १८
२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति १९
२.२.४ आम्दानी रोजगारी र वितीय सेवा २०
२.२.५ सहकारी २१
२.३ सामाजिक बिकासको अवस्था २१
२.३.१ स्वाथ्य तथा पोषण २२
२.३.२ शैक्षिक विकास २२
२.३.३ खानेपानी तथा सरसफाइ २३
२.३.४ युवा, खेलकुद तथा कला २४
**२.४ पुर्वाधार तथा शहरी विकासको अवस्था २४**
२.४.१ वस्ती, आवास, भवन तथा सार्बजनिक निर्माण २५
२.४.२ सडक, पुल तथा यातायात २५
२.४.३ बिधुत तथा बैकल्पिक उर्जा २५
२.४.४ सूचना, संचार तथा प्रबिधि २६
**२.५ बन, वातवरण तथा बिपद, जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था २६**
२.५.१ वन तथा जैविक बिबिधता २६
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन २७
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन २७
२.५.४ महामारी तथा बिपद व्यवस्थापन २८
**२.६ सुशासन तथा संस्थागत व्यवस्था २८**
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन २८
२.६.२ संगठनात्मक विकास २९
२.६.३ स्रोत परिचालन ३०
२.६.४ योजना व्यवस्थापन ३२
***परिच्छेद -३*** *३३*
**सोच तथा विकासको अवधारणा** ३३
**३.१ पृष्ठभूमि ३३**

**३.२ प्रमुख समस्या तथा चुनौती** ३३

**३.३ प्रमुख सम्भावना तथा अवसर** ३४

**३.४ निर्देशक सिद्धान्त** ३५

(क) दिगो तथा योजनाबद्ध विकास ३५

(ख) उत्पादनमूखी, आत्मनिर्भर र उन्नत अर्थतन्त्र ३५

(ग) आर्थिक विकासमा तीनखम्बे (सार्वजनिक, निजी र सहकारी) अग्रसरता ३५

(घ) गुणस्तरीय सेवाप्रवाह ३५

(ङ) मानवविकास तथा गुणस्तरीय जीवन ३५

(च) सामाजिक न्याय, समावेशीकरण तथा समतामूलक विकास ३५

(छ) विपद् उत्थानशिलता तथा जलवायु परिवर्तन अनुकूलन ३५

(ज) मानव संशाधन व्यवस्थापन तथा जनमुखी सेवाप्रबाह ३५

(झ) सुशासन तथा सदाचार प्रबर्धन ३५

(ञ) समन्वय, साझेदारी र सहकार्य ३५

**३.५ सोच, लक्ष्य तथा उद्देश्य** ३५

३.५.१ गाउँपालिकाको समग्र विकासको दिर्घकालिन सोच ३५

३.५.२. गाउँपालिकाको समग्र विकासको लक्ष्य ३५

३.५.३ उद्देश्य ३६

३.५.३ परिमाणात्मक लक्ष्य ३६

३.५.४ रणनीति तथा प्राथमिकता ३९

३.५.५ लगानी, स्रोत अनुमान र बाँडफाँट ४०

***परिच्छेद ४*** ४४

**आर्थिक बिकास क्षेत्र** ४४

**४.१ पृष्ठभूमि** ४४

**४.२ कृषि तथा पशुपंक्षी** ४५

४.२.१ पृष्ठभूमि ४५

४.२.२ समस्या तथा चुनौती ४६

४.२.३ संभावना तथा अवसर ४६

४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ४७
४.२.५ प्रमुख कार्यक्रमहरु ४९
४.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ५०
४.२.७ अपेक्षित नतिजा: ५१
४.२.७ अनुमान तथा जोखिम पक्ष ५३

**४.३ सिंचाई ५३**

४.३.१ पृष्ठभूमि ५३
४.३.२ समस्या तथा चुनौती ५३
४.३.२ संभावना तथा अवसर ५४
४.३.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ५४
४.३.४ प्रमुख कार्यक्रमहरु ५५
४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ५६
४.३.६ अनुमान तथा जोखिम पक्ष ५६

**४.४ पर्यटन, सँस्कृति तथा सम्पदा ५६**

४.४.१ पृष्ठभूमि ५६
४.४.२ समस्या तथा चुनौती ५७
४.४.३ संभावना तथा अवसर ५७
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ५८
४.४.५ प्रमुख कार्यक्रम ५९
४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ६०
४.४.७ अनुमान तथा जोखिम पक्ष ६१

**४.५ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति ६१**

४.५.१ पृष्ठभूमि ६१
४.५.२ समस्या तथा चुनौती ६२
४.५.३ संभावना तथा अवसर ६२
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ६२
४.५.५ प्रमुख कार्यक्रम ६४

४.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ६४
४.५.७ अनुमान तथा जोखिम पक्ष ६५
**४.६ श्रम, रोजगारी र सामाजिक सुरक्षा ६५**
४.६.१ पृष्ठभूमि ६५
४.६.२ समस्या तथा चुनौती ६६
४.६.३ संभावना तथा अवसर ६६
४.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ६७
४.६.५ प्रमुख कार्यक्रमः ६८
४.६.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ६९
४.६.७ अनुमान तथा जोखिम पक्ष ६९
*परिच्छेद ५ः* ७०
**सामाजिक विकास क्षेत्र** ७०
**५.१ स्वास्थ्य तथा पोषण ७०**
५.१.१ पृष्ठभूमि ७०
५.१.२ समस्या तथा चुनौती ७१
५.१.३ संभावना तथा अवसर ७१
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७१
५.१.५ प्रमुख कार्यक्रम ७३
५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ७४
५.१.७ अनुमान तथा जोखिम पक्ष ७५
**५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ७५**
५.२.१ पृष्ठभूमि ७५
५.२.२ समस्या तथा चुनौती ७६
५.२.३ संभावना तथा अवसर ७६
५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७७
५.२.५ प्रमुख कार्यक्रम ७८
५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ७९

५.२.७ अनुमान तथा जोखिम पक्ष ८०

**५.३ खानेपानी तथा सरसफाई ८१**

५.३.१ पृष्ठभूमि ८१

५.३.२ समस्या तथा चुनौती ८१

५.३.३ संभावना तथा अवसर ८२

५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८२

५.३.५ प्रमुख कार्यक्रम ८३

५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ८४

५.३.७ अनुमान तथा जोखिम पक्ष ८४

**५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ८४**

५.४.१ पृष्ठभूमि ८४

५.४.२ समस्या तथा चुनौती ८५

५.४.३ संभावना तथा अवसर ८५

५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८६

५.४.५ प्रमुख कार्यक्रम ८७

५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ८८

५.४.७ अनुमान तथा जोखिम पक्ष ८८

**५.५ युवा तथा खेलकुद ८८**

५.५.१ पृष्ठभूमि ८८

५.५.२ समस्या तथा चुनौती ८९

५.५.३ संभावना तथा अवसर ८९

५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८९

५.५.५ प्रमुख कार्यक्रम ९०

५.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ९१

५.५.७ अनुमान तथा जोखिम पक्ष ९१

*परिच्छेद ६:* ९२

**भौतिक पूर्वाधार विकास क्षेत्र** ९२

**६.१ आवास, भवन तथा सार्वजनिक निर्माण** **९२**

६.१.१ पृष्ठभूमि ९२
६.१.२ समस्या तथा चुनौती ९२
६.१.३ संभावना तथा अवसर ९३
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ९३
६.१.५ प्रमुख कार्यक्रम ९५
६.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ९६
६.१.६ अनुमान तथा जोखिम पक्ष ९७

**६.२. सडक, पूल तथा यातायात** **९७**

६.२.१ पृष्ठभूमि ९७
६.२.२ समस्या तथा चुनौती ९७
६.२.३ संभावना तथा अवसर ९७
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ९८
६.२.५ प्रमुख कार्यक्रम १००
६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका १००
६.२.७ अनुमान तथा जोखिम पक्ष १०१

**६.३ जलस्रोत, बिद्युत तथा बैकल्पिक उरजा** **१०१**

६.३.१ पृष्ठभूमि १०१
६.३.२ समस्या तथा चुनौती १०२
६.३.३ संभावना तथा अवसर १०२
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १०२
६.३.५ प्रमुख कार्यक्रम १०३
६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका १०४
६.३.७ अनुमान तथा जोखिम पक्ष १०४

**६.४ सूचना, सञ्चार तथा प्रविधि** **१०५**

६.४.१ पृष्ठभूमि १०५
६.४.२ समस्या तथा चुनौती १०५

६.४.३ संभावना तथा अवसर १०५
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १०६
६.४.५ प्रमुख कार्यक्रम १०७
६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका १०८
६.४.७ अनुमान तथा जोखिम पक्ष १०८
*परिच्छेद ७* *१०९*
**वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** १०९
**७.१ वन तथा जैविक विविधता** **१०९**
७.१.१ पृष्ठभूमि १०९
७.१.२ समस्या तथा चुनौती १०९
७.१.३ संभावना तथा अवसर ११०
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १११
७.१.५ प्रमुख कार्यक्रम ११२
७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ११२
७.१.७ अनुमान तथा जोखिम पक्ष ११३
**७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन** **११३**
७.२.१ पृष्ठभूमि ११३
७.२.२ समस्या तथा चुनौती ११३
७.२.३ संभावना तथा अवसर ११४
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ११४
७.२.५ प्रमुख कार्यक्रमहरुः ११५
७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ११५
७.२.७ अनुमान तथा जोखिम पक्ष ११६
**७.३. वन, वातावरण तथा फोहरमैला व्यबस्थापन** **११६**
७.३.१ पृष्ठभूमि ११६
७.३.२ समस्या तथा चुनौती ११६
७.३.३ संभावना तथा अवसर ११६

७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ११७
७.३.५ प्रमुख कार्यक्रमहरुः ११८
७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ११८
७.३.७ अनुमान तथा जोखिम पक्ष ११९
**७.४ विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ११९**
७.४.१ पृष्ठभूमि ११९
७.४.२ समस्या तथा चुनौती ११९
७.४.३ संभावना तथा अवसर १२०
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२०
७.४.५ प्रमुख कार्यक्रमहरु : १२१
७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका १२२
७.४.७ अनुमान तथा जोखिम पक्ष १२३
***परिच्छेद ८:*** *१२४*
**संस्थागत विकास तथा सुशासन क्षेत्र** १२४
**८.१ संस्थागत बिकास तथा सुशासन १२४**
८.१.१ पृष्ठभूमि १२४
८.१.२ समस्या तथा चुनौती १२४
८.१.३ संभावना तथा अवसर १२५
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२५
८.१.५ प्रमुख कार्यक्रम १२७
८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका १२७
८.१.७ अनुमान तथा जोखिम पक्षष १२८
**परिच्छेद ९ ः १२९**
**कार्यान्वयन व्यवस्था १२९**
**९.१ पृष्ठभूमि १२९**
**९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना १२९**
**९.३ विषयगत क्षेत्र अनुसार अनुमानित बजेट खर्च १३१**

**९.४ स्रोत अनुमान तथा प्रक्षेपण** १३३

**९.५ स्रोत परिचालन रणनीति** १३५

**९.६ आवधिक योजना कार्यान्वयन** १३८

**९.७ अनुगमन तथा मूल्याङ्कन योजना** १३८

९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता १४०

९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी १४१

९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया १४२

*अनुसूचीहरु* *१४४*

**अनुसूचि — १ पालिकाका न्क्ष्व स्रोत नक्शाहरु** १४४

**अनुसूचि (२ — बैठक माइन्यूट** १५३

१. कार्यशाला गोष्ठी बैठक माइन्युट १५३

२. दीर्घकालीन सोच निर्धारण गोष्ठी माइन्युट १५५

**अनुसूचि -३ वडाभेला बैठक माइन्युट** १५७

**अनुसूचि -४ विभिन्न कार्यक्रमक फोटोहरु** १६३

**अनुसूचि -५ परिचालित बिज्ञ टोली बिबरण** १६५

# परिच्छेद १

## आवधिक योजना परिचय

### १.१ पृष्ठभूमि

योजनाबद्ध विकास नेपालको संविधानले आत्मसाथ गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने राष्ट्रिय संकल्पलाई सहज तुल्याउने महत्वपूर्ण माध्यम हो ।दीर्घकालीन सोच उन्मुख हुने गरी तयार गरिने मध्यम अवधिको स्थानीय तहको आवधिक योजनाले स्थानीय विकासको अपेक्षित गन्तव्य तय गरी विकास प्रक्रियालाइ दिशा निर्देश गर्दछ ।आवधिक विकास योजना अपेक्षित नतिजा हासिल गर्ने सुसंगत पद्धति पनि हो। यस आवधिक योजनाले विषय क्षेत्रगत रणनीतिक योजना तथा मध्यमकालिन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमलाइ ठोस आधार समेत प्रदान गर्नेछ।

नेपालमा आवधिक योजनाको अवधारणालाइ बिक्रम सम्बत २०१३ सालबाट अवलम्बन गरेको देखिन्छ ।हालसम्म आइपुग्दा संघीय लोकतान्त्रिक शासन व्यबस्था अन्तर्गत तीन वटै तहका सरकारले आवधिक योजना तर्जुमा तथा कार्यान्वयनको अभ्यास गरिरहेका छन्।स्थानीय तहमा योजना अनुशासन कायम गरी स्थानीय आवश्यकताको सम्बोधन तथा विकासको राष्ट्रीय लक्ष्य हासिल गर्न स्थानीय तहका योजनाको अहम भूमिका रहेको हुन्छ ।उपलब्ध सिमित श्रोतको उच्चतम परिचालन मार्फत आशातित उपलब्धी हासिल गर्न आफ्नो अधिकार क्षेत्रभित्र रहेर योजना तर्जुमा गर्ने कार्यलाई आर्थिक अधिकारको रुपमा संबिधानले सुनिश्चितता गरेको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार गाउँपालिका तथा गाउपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक,बार्षिक तथा रणनीतिक विषय क्षेत्रगत मध्यकालीन तथा दिर्घकालीन योजना बनाइ लागु गर्नुपर्ने व्यबस्था गरेको छ । स्थानीय तहको योजना तर्जुमा सम्बन्धी कार्यान्वयनमा एकरुपता तथा सहजताका लागि नेपाल सरकार,राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको आवधिक विकास योजना तर्जुमा दिग्दर्शन २०७८ बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थापित यस हिमाली गाउँपालिकाको प्रथम पटक आवधिक योजना तर्जुमा गरिएको छ।यस आवधिक योजनाले स्थानीय, प्रादेशिक तथा राष्ट्रिय विकासका लक्ष्य प्राप्तिमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

### १.२ आवधिक योजनाको उद्देश्य

यस आवधिक योजनाको मुख्य उद्देश्य स्थानीय शासन ऐन २०७४ र बिद्दमान नियमावलीमा उल्लेख भए बमोजिम हिमाली गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गर्नु रहेको छ । यस्तो आवधिक योजना राष्ट्रिय योजना आयोगको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा उल्लेखित ढाँचा बमोजिम, र योजना तर्जुमाको

सर्बमान्य आधार तथा मापदण्ड र गाउँपालिकाको दिर्घकालिन सोच उन्मुख रही एकीकृत योजनाबद्ध, र नतिजामूलक विकास प्रक्रियालाइ मार्गदर्शन गर्नु यस आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य रहको छ । यस योजनाको बिशिष्ठ उद्देश्यहरु देहाय अनुसार रहेका छन ।

१. एकीकृत, योजनाबद्ध र नातिजामुलक विकासका लागि स्थानीय सरकार र सरोकारवाला साझा उत्तर दायित्व सिर्जना गर्ने।
२. गाउँपालिका क्षेत्रको विकासका सम्भावना तथा स्रोत परिचालनको विद्दमान स्थिति विश्लेषण गर्ने।
३. गाउँपालिकाको विकासको लागि दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य र रणनीति तथा प्राथमिकताका कार्यक्रमहरु निर्धारण गर्ने।
४. सोच, लक्ष, उद्देश्य र रणनीति र कार्यक्रमहरुको आधारमा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद ब्यबस्थापन र सुशासन तथा संस्थागत विकास योजना तयार गर्ने ।
५. उपलब्ध स्रोत साधनलाई समग्र गाउँको समृद्धि र सुखको लागि उच्चतम परिचालन गर्नुका साथै लगानीलाई प्रतिफलसंग जोड्ने ।
६. सहभागितात्मक छलफलका आधारमा गाउँपालिकाको विकास योजनाको व्यवस्थित खाका तयार गर्ने ।
७. विषयगत गुरू योजना तथा वार्षिक योजना तर्जुमा कार्यान्बियनलाई मार्गदर्शन गर्ने ।
८. बहु क्षेत्रीय लगानी कार्यक्रम तयार गर्ने ।

## १.३ योजनाको अवधारणा

योजना तर्जुमा विकास नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग गर्ने प्रक्रिया हो । योजना तर्जुमा प्रक्रियाको निष्कर्षको रूपमा तयार हुने विकासको मार्गचित्र योजना हो । योजना एक चक्रको रूपमा निरन्तर चलिरहने प्रक्रिया हो । यस अन्तर्गत आवश्यकताको पहिचान, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा सुपरीवेक्षण, समीक्षा, मूल्याङ्कन तथा सिकाइका चरणहरू रहेका हुन्छन् । योजना चक्रलाई देहायको चित्रबाट स्पष्ट गरिएको छः

**चित्र १: योजना चक्र**



भविष्यमा हासिल गर्ने लक्ष्य तथा उद्देश्य वा अपेक्षित नतिजालाई परिभाषित गरी त्यसका लागि लिइने रणनीति, नीति, कार्यक्रम, प्राथमिकता र श्रोत साधनको समष्टिगत स्वरूप नै योजना हो । योजनाले विगतका अनुभवबाट प्राप्त ज्ञान र सूचनाको उपयोग गरी भविष्यको स्थिति र परिवेशको आकलन गर्दै इच्छित परिवर्तनको मार्गचित्र तयार गर्दछ । व्यवहारिक र नजितामूलक योजना तयार गर्न सान्दर्भिक सूचना, सरोकारवालासँग परामर्श, वस्तुस्थितिको विश्लेषण, कार्यान्वयन योजना, अनुगमन तथा मूल्याङ्कन योजना र पुनरावलोकन जस्ता विषयहरू समेट्नु पर्दछ । सङ्क्षेपमा अहिले हामी कस्तो अवस्थामा छौं र भविष्यको निश्चित अवधि भित्र कस्तो अवस्था सिर्जना गर्न चाहन्छौ भन्ने योजनाले देखाउँछ । योजनाको अवधारणालाई तलको चित्रले थप स्पष्ट गर्दछः

विकासको समष्टिगत मार्गचित्र, कार्यक्रम तथा आयोजना एवम् परियोजना समेतलाई चलनचल्तीमा योजना भन्ने गरिन्छ तर योजनाको अर्थ भने व्यापक हुन्छ । योजना, कार्यक्रम, आयोजना र क्रियाकलाप एक आपसमा अन्तरसम्बन्धित तर भिन्न हुन्छन् । यस सम्बन्धी अन्तरसम्बन्ध तथा भिन्नता देहायअनुसार रहेको छः

योजनाः विकास प्रकृयालाई  मार्गदर्शन गर्ने सोंच, लक्ष्य, उद्देश्य, नित, रणनिति, कार्यक्रम, योजना, र क्रियाकलापको समष्टिगत स्वरूप,

**कार्यक्रम:** कुनै योजना अन्तर्गतका विभिन्न विषयक्षत्रेसंग सम्बन्धित आयोजना, कार्यपद्धती, सेवाहरुको एकिकृत समूह,

**आयोजना:** तोकिएको बजेट र समय सिमा भित्र तोकिए बमोजिमको उद्देश्य प्राप्त गर्न निर्दिष्ट गरिइको अन्तर सम्बन्धित र समन्वयात्मक कार्यहरूको समूह,

**क्रियाकलापः** आयोजना वा कार्यक्रमको प्रतिफल प्राप्त गर्न निर्धारण गरिएका अन्तरसम्बन्धित र समन्वयात्मक छुट्टाछुट्टै कार्यहरू ।

योजना, कार्यक्रम, आयोजना र क्रियाकलापबीचको अन्तरसम्बन्धलाई निम्न चित्रबाट थप स्पष्ट गर्न सकिन्छः

**चित्र २ः योजना कार्यक्रम र आयोजना बिच अन्तरसम्बन्ध**



## १.४ आवश्यकता, औचित्य र मार्गदर्शक सिद्दान्तहरु

आवधिक विकास योजनाले उपलब्ध स्रोत साधनलाई परिचालन गरी निश्चित अवधिभित्र निर्धारित लक्ष्य, उद्देश्य र प्रतिफल हासिल गर्न मार्गचित्र प्रस्तुत गर्दछ । योजनाको आवश्यकतालाई देहायको बुँदाहरुबाट पुष्टि गर्न सकिन्छ ।

(क) सीमित स्रोत साधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा दिगो उपयोग गर्न,

(ख) सामाजिक तथा आर्थिक विकासमा तिब्रता ल्याउन,

(ग) विगतको उपलब्धि र गतिको समिक्षा गर्दै आगामी दिनको नतिजा र गति आकलन गर्न,

(घ) नतिजामुखी विकास पद्धतिको अवलम्बन र प्रबर्धन गर्न,

(ङ) विकास प्रक्रियामा सरोकारवाला विशेष गरी जोखिममा रहेका वर्गको संलग्नता र लाभमा सहभागिताको सुनिस्चितता र सोको लागि जिम्मेवार पधाधिकारिको जवाफदेहिता वृद्धि गर्न,

(च) गाउँपालिकाको एकिकृत, नातिजामुलक र योजनाबद्ध विकासकालागि निजि, सरकारी, गैरसरकारी क्षेत्र तथा विकास साझेदारलाई परिचालित गर्नु,

(छ) समाजलाई विकास र समृद्धि तर्फ अग्रसर गराउन,

(ज) विपद जोखिम संबेदनशीलता तथा उत्थानशीलतालाई विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्न,

(झ) नागरिकहरुको विश्वास अभिवृद्धि गर्न।

गाउँपालिकाको आवधिक योजना तयार गर्दा निम्न मार्गदर्शक सिद्धान्तहरुको आधारमा आवधिक विकास योजना तयार गरिएको थियो ।

(क) विकास योजनाको दिगोपना,

(ख) समाबेशी विकास योजना,

(ग) विकास योजना लचकता,

(घ) लैंगिक, बालबालिका, दिगो विकास लक्ष्य तथा वातावरण मैत्री विकास योजना

## १.५ योजनाको प्रकार

योजनाको परिधि (Perimeter), विषयवस्तु तथा प्रवृत्तिको आधारमा योजना विभिन्न प्रकारका हुन्छन् । भौगोलिक (Geographical) र स्थानगत (Spatial) दृष्टिले तर्जुमा गरिने योजनाहरू देहायअनुसार रहेका छन्:

### क. राष्ट्रिय आवधिक योजना (National Periodic Plan)

नेपालको संविधान र कानूनमा व्यवस्था भए बमोजिम नेपाल सरकारले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी देशको समग्र आर्थिक सामाजिक विकासको लागि आवधिक योजना तर्जुमा गर्नुपर्दछ ।

राष्ट्रियस्तरका आर्थिक र सामाजिक नीति, ठूला आयोजना, राष्ट्रिय आयोजना, अन्तर प्रदेश जोड्ने आयोजना इत्यादि विषय समेटेर नेपाल सरकारले राष्ट्रिय आवधिक योजना तर्जुमा गर्दछ । यस योजनालाई आधार मानेर प्रदेश सरकार र स्थानीय तहले आ—आफ्नो आवधिक योजना तयार गर्नुपर्दछ । नेपालमा वि.सं. २०१३ सालदेखि योजनाबद्ध विकास शुरु गरिएको हो । त्यसपछि तर्जुमा भएका पहिलोदेखि हालको पन्ध्रौं योजनासम्मका सबै राष्ट्रिय आवधिक योजना हुन् ।

**ख. प्रादेशिक आवधिक योजना (Privincial Periodic Plan)**

नेपालको संविधान बमोजिम प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी आ—आफ्नो प्रदेशको आर्थिक एवम् सामाजिक विकासको लागि आवधिक योजना तर्जुमा गर्नुपर्दछ । खासगरी प्रदेश स्तरका आर्थिक—सामाजिक नीति, प्रदेशस्तरीय आयोजना, आफ्नो प्रदेशभित्रका दुई वा सोभन्दा बढी स्थानीय तहलाई समेट्ने विकास आयोजना इत्यादि विषय समेटेर प्रदेश सरकारले प्रादेशिक आवधिक योजना तर्जुमा गर्दछ । यस्तो योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजनासँग तादात्म्यता कायम गर्नुपर्दछ । संघीय शासन प्रणाली स्थापना पश्चात् सात वटै प्रदेशका सरकारले पहिलो प्रादेशिक योजना तर्जुमा गरी हाल कार्यान्वयन गरिरहेका छन् ।

**ग. स्थानीय तहको आवधिक योजना (Local Level Periodic Plan)**

नेपालको संविधान र कानूनमा व्यवस्था भएबमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेका विषय र क्षेत्र समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकास गर्न आवधिक योजना तर्जुमा गर्नुपर्दछ । स्थानीय तहको विशिष्टता, सम्भावना, अवसर र आवश्यकता पहिचान गरी दीर्घकालीन सोचसहित आर्थिक सामाजिक विकास र वातावरणीय सन्तुलन कायम गर्न स्थानीय तहले आवधिक योजना तर्जुमा गनुपर्दछ । सङ्घ, प्रदेश र स्थानीय तहका आवधिक योजनाहरू एक आपसमा अन्तरसम्बन्धित हुन्छन् । त्यसकारण स्थानीय तहले आवधिक योजना तर्जुमा गर्दा नेपाल सरकार र सम्बन्धित प्रदेश सरकारको आवधिक योजनासँग पनि तादात्म्यता कायम गर्नुपर्दछ ।

त्यस्तै, समय अवधिका दृष्टिकोणले विकास योजना मुख्यतः तीन प्रकारका हुन्छन् । ती योजनाहरू देहायबमोजिम रहेका छन्ः

**क. दीर्घकालीन योजना/सोच (Long Term Plan/Vision)**

स्थानीय तहको दीर्घकालीन उद्देश्य प्राप्त गर्नको लागि दीर्घकालीन सोच सहित दीर्घकालीन योजना तयार गर्ने गरिन्छ । यस्तो योजनाको अवधि सामान्यतः १५ देखि २५ वर्षसम्मको हुन्छ । अर्थात् आगामी १५ वा २५ वर्षभित्र योजना कार्यान्वयन गरेपछि विकासको अवस्था कस्तो हुने, जनताको आयस्तर, जीवनस्तर र उनीहरूले प्राप्त गर्ने

सेवा सुविधाको अवस्था के कस्तो हुने, ती पक्षहरूको आकलन गरिन्छ । सो अनुसार लक्ष्य निर्धारण गरी आवश्यक स्रोत साधनको व्यवस्था सहित यस्तो योजना तर्जुमा गरिन्छ । नेपाल सरकारले दीर्घकालीन योजनाको रूपमा दीर्घकालीन सोच २१०० तर्जुमा गरी पन्ध्रौं राष्ट्रिय योजनासँगै कार्यान्वयन गरिरहेको छ । योजनामा दीर्घकालीन सोच, राष्ट्रिय लक्ष्य, रणनीति, प्रमुख सम्वाहक, सहयोगी क्षेत्र, दीर्घकालीन सोचको परिदृश्य तथा परिमाणात्मक लक्ष्य र विषयगत सोच जस्ता विषयवस्तुहरू समावेश गरिएका छन् ।

**ख. मध्यमकालीन योजना (Medium Term Plan)**

मध्यमकालीन योजना सामान्यतः ३ देखि ७ वर्ष अवधिभित्र लक्ष्य प्राप्त गर्ने गरी तर्जुमा गरिन्छ । यो योजना दीर्घकालीन योजनाको लक्ष्य एवम् उद्देश्य प्राप्त गर्न सकिने गरी सो योजनाको अवधारणा र लक्ष्य अनुरुप तर्जुमा गर्नुपर्ने हुन्छ । मध्यम अवधिमा उपलब्ध हुन सक्ने स्रोत साधनको अनुमान गरी आर्थिक—सामाजिक विकास र वातावरण सन्तुलनको लक्ष्य एवम् उद्देश्य हासिल गर्न मध्यमकालीन योजनाको रूपमा पाँच (५) वर्षका लागि आवधिक योजना तयार गरिन्छ ।

**ग. अल्पकालीन योजना/वार्षिक योजना (Annual Plan)**

वार्षिक योजना एक वर्षको अवधिका लागि तर्जुमा गरी कार्यान्वयन गरिन्छ । यो योजना मध्यमकालीन योजनामा उल्लिखित उद्देश्य एवम् लक्ष्यहरू हासिल गर्न तर्जुमा गरिन्छ । खासगरी एक वर्षको अवधिमा उपलब्ध हुनसक्ने स्रोत साधनको अनुमान गरी यस्तो योजना तर्जुमा गर्ने प्रचलन छ । वार्षिक योजना मध्यमकालीन खर्च संरचनासँग तादात्म्यता राखी सँगसँगै तर्जुमा गर्ने गरिन्छ । दीर्घकालीन र मध्यमकालीन योजनाको कार्यान्वयन वार्षिक योजना मार्फत गरिन्छ । तसर्थ दीर्घकालीन, मध्यमकालीन र विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना कार्यान्वयनमा वार्षिक योजना महत्वपूर्ण

हुन्छ । यसै कारणले स्थानीय तहले आफ्नो कार्यान्वयन क्षमता र स्रोत साधनको यथार्थपरक आकलन गर्नुका साथै प्राथमिकता निर्धारण गरी वार्षिक योजना तर्जुमा गर्नुपर्दछ । वार्षिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रमका रूपमा तर्जुमा गरिन्छ । स्थानीय सरकारले तर्जुमा गर्नुपर्ने योजनाहरू बारे देहायको चित्रबाट प्रष्ट हुन सकिन्छः

**चित्र ३ - स्थानीय तहले तर्जुमा गर्नुपर्ने योजनाहरु**


बजेट तथा कार्यक्रमका रूपमा तर्जुमा गरिन्छ। स्थानीय सरकारले तर्जुमा गर्नुपर्ने योजनाहरू बारे देहायको चित्रबाट प्रष्ट हुन सकिन्छः

चित्र ५ : स्थानीय तहले तर्जुमा गर्नुपर्ने योजनाहरु



## १.६ बिभिन्न समिति गठन

**क) निर्देशक समिति :** हिमाली गाउँपालिकाको प्रथम आवधिक योजना तर्जुमाको समग्र दिशानिर्देश र समन्वय गर्नको लागि देहाय बमोजिमको एक निर्देशक समिति गठन गरिएको थियो जुन समितिको नामावली र उपस्थिति **अनुसूचीमा** दिएको छ ।

| | |
|---|---|
| अध्यक्ष (पालिका) | संयोजक |
| उपाध्यक्ष | उप संयोजक- |
| विषयगत समितिका संयोजकहरु | सदस्य |
| कार्यपालिकाका सबै सदस्यहरु | सदस्य |
| विषयगत माहाशाखा शाखा प्रमुखहरु | सदस्य |
| संयोजकले तोकेको निजि क्षेत्र वा गैसस वा स्थानीय विषय बिज्ञ | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

आवधिक विकास योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष सहयोग गर्नकालागि पालिकाले सात सदस्यीय सहजिकरण समिति गठन गरेको थियो सहजिकरण समितिको नामावली अनुसूचीमा राखिएको छ ।

**ख) निर्देशक तथा सहजीकरण समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम रहेको थियो :**

(क) वडा स्तरमा हुने योजना छनौट भेला तथा छलफलमा अर्थपूर्ण सहभागिताको लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(ख) आवधिक योजना तर्जुमा कार्यमा आबश्यकता अनुसार समय-समयमा दिशानिर्देश गर्नुका साथै समग्र प्रक्रियामा आवश्यक सहजीकरण गर्ने,

(ग) नेपाल सरकारबाट उपलब्ध गाउँ वस्तुस्थिति विवरण तयारी र योजना तर्जुमा दिग्दर्शन बमोजिमको प्रोफायल तयारी तथा आवधिक योजना तर्जुमाको ढाँचा र औजार स्वीकृत गर्ने,

(घ) वस्तुस्थिति विवरण तयारी र आवधिक योजना तर्जुमा सम्बन्धि आवश्यक निर्णयहरु गर्ने,

(ङ) आवधिक योजना तर्जुमाकालागि विषयगत समितिलाई पूर्णता दिने, परिमार्जन गर्ने, आवश्यकता अनुसार बैठक आयोजना तथा परामर्श गर्ने,

(च) प्राबिधिक टोली, कर्मचारी र स्थानीय सरोकारवालासँग राय परामर्श गर्ने,

(छ) कार्यशाला गोष्ठीहरुमा समावेशी सहभागिताको सुनिश्चितता गर्ने,

(ज) वस्तुस्थिति विवरण तथा आवधिक योजना तर्जुमा प्रक्रियामा मार्गदर्शन प्रदान गर्ने,

(झ) कार्यपालिकाको कार्यालय, विषयगत शाखा/उपशाखा, इकाई, केन्द्र तथा वडा कार्यालयबाट तथ्यांक तथा विवरण संकलनको व्यवस्था मिलाउने,

(ञ) गाउँपालिकासंग सम्बन्धित अध्ययन, सर्वेक्षण, योजना तथा बजेट सम्बन्धि दस्ताबेज, पुस्तिका अध्ययन र विश्लेषणको व्यवस्था गर्ने।

**ग) विषयगत समितिहरु गठन र समितिका सदस्यलाई योजना तर्जुमा सम्बन्धि अभिमुखीकरणः**

आवधिक योजना तर्जुमा कार्यलाइ ब्यबस्तित ,बस्तुनिष्ठ ,आवश्यकता तथा प्राथमिकतामा आधारित र कार्यान्वयन योग्य तुल्याउनको लागि आवधिक योजना तर्जुमा कार्यमा सहजीकरण, समन्वय तथा मार्गनिर्देशन गर्न राष्ट्रीय योजना आयोगबाट प्रकाशित **स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन ,२०७८** मा भएको ब्यबस्था अनुसार देहाय बमोजिमको बिषयगत समिति संयोजक तथा विषयगत समितिका सदस्य र कर्मचारीलाई आवधिक विकास योजना तर्जुमा सम्बन्धमा मिति २०८१/०१/०४ गतेका दिन प्रथम अभिमुखिकरण कार्यशाला गोष्ठी आयोजना गरिएको थियो।

(क) आर्थिक विकास समिति (भूमिब्यबस्था, कृषि, पशुपंक्षी, उधोग तथा वाणिज्य, सिंचाई, पर्यटन, सहकारी, गरिबी निवारण, वित्तीय क्षेत्र आदि)।

(ख) सामाजिक विकास समिति (युवा, खेलकुद, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, कला, साहित्य तथा संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण आदी) ।

(ग) पूर्वाधार बिकास समिति (सडक तथा यातायात व्यबस्था, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलबिद्युत, वैकल्पिक उर्जा, संचार तथा प्रबिधि आदी) ।

(घ) वाताबरण तथा विपद व्यबस्थापन समिति (वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिबर्तन, फोहोरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन आदी) ।

(ङ) संस्थागत विकास, सेवाप्रबाह तथा सुशासन समिति (मानब संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा बिधुतीय सूचना प्रविधिको प्रयोग, लेखांकन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परिक्षण बेरुजु फच्छर्योट आदि)।

विषयगत समितिको संरचना स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन ,२०७८ मा भए बमोजिम गठन गरिएको थियो। नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित क्षेत्रका कार्यालय तथा निकाय ,स्थानीय स्रोत व्यक्ति, विषय विज्ञ, निजि क्षेत्र गैर सरकारी संस्था तथा स्थानीय संघ संस्था/संजाल र लक्षित वर्गका प्रतिनिधिहरुलाई आमन्त्रित सदस्यको रुपमा विषयगत समितिमा आमन्त्रण गरिएको थियो।

आवधिक योजना तर्जुमा प्रक्रियामा विषयगत समितिको जिम्मेवारी देहाय बमोजिम तोकिएको थियोः

(क)विषय क्षेत्रगत आधाररेखा सूचना तयार गर्ने,
(ख)विषय क्षेत्र वस्तुस्थिति विश्लेषण गरी विवरण तयार गर्ने,
(ग) वडास्तर, लक्षित समूह तथा स्थानीय बिज्ञसंग परामर्श गर्ने,
(घ) कार्यशाला गोष्ठीमा बिषय क्षेत्रगत समूह छलफल गर्ने,
(ङ) बिषय क्षेत्रगत रुपमा प्रमुख आयोजना तथा कार्यक्रम तर्जुमा गर्ने,
(च) विषय क्षेत्रगत रणनीति तथा कार्यनीतिको मस्यौदा तयार गर्ने,
(छ)विषय क्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका तयार गर्ने,
(ज) भौतिक लक्ष्य निर्धारण गरी आवश्यक स्रोत अनुमान तथा प्रक्षेपण गर्ने,
(झ)योजना दस्ताबेज तयारीमा प्राबिधिक टोलीलाई सहयोग गर्ने।

## १.७ कानूनी तथा नीतिगत व्यवस्था

देहायमा उल्लेखित संवैधानिक ,कानूनी तथा नीतिगत व्यवस्थालाई आधारको रुपमा लिइ हिमाली गाउँपालिकाले यो आवधिक योजना तर्जुमा गरेको छः

(क) स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहको आवधिक योजना तर्जुमा सम्बन्धी व्यवस्था,

(ख) स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार गाउँपालिकाको अधिकार क्षेत्रभित्रका विषय,

(ग) दिगो विकासका लक्ष्यहरु हासिल गर्दै बि.स. २०८७ सम्म नेपाललाई मध्यम आय भएको मुलुकको रुपमा स्तरोन्नति गर्ने विषय,

(घ) बि.स. २१०० सम्म नेपाललाई उच्च आय भएको मुलुकमा रुपान्तरण गरी संमृद्ध नेपाल र सुखी नेपालीको दूरद्रष्टि (Vision 2100) कार्यान्वयन गर्ने विषय,

(ङ) सुदूरपश्चिम सरकारको योजना तर्जुमा दिग्दर्शन २०७८,

(च) सुदूरपश्चिम प्रदेशको कृषि रणनीति विकास योजना (२०७८/०७९ -२०९३/०९४),

(छ) नेपाल सरकारले अङ्गीकार गरेका राष्ट्रिय नीति कार्यान्वयन गर्ने बिषय,

(ज) सोह्रौ पन्चबर्षिय योजना कार्यान्वयन गर्न स्थानीय तहले संघलाइ सघाउनु पर्ने बिषय,

(झ) प्रदेशको प्रथम आवधिक विकास योजना कार्यान्वयन गर्न स्थानीय तहले प्रदेशलाई सघाउनु पर्ने विषय,

(ञ) तीन वटै तहको साझा अधिकार क्षेत्रमा प्रदेश र स्थानीय तहले संघलाइ सघाउनु पर्ने विषय,

(ट) राष्ट्रिय योजनाबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिकाको व्यवस्था,

(ठ) वस्तुस्थिति विवरण अथवा प्रोफाइल,

(ड) स्थानीय तहको निर्वाचनमा निर्वाचित पदाधिकारीको राजनीतिक दलहरूको घोषणा तथा प्रतिवद्धता पत्र,

## १.८ आवधिक विकास योजना तर्जुमा प्रक्रिया

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को ब्यबस्था तथा स्थानीय अनुकुलता र विगतका अनुभवलाई आत्मसात गर्दै प्राबिधिक सहयोग टोलीको परिचालन गरी सहभागितामूलक विधि तथा प्रक्रिया बमोजिम प्रथम आवधिक योजना तर्जुमा गरिएको छ । गाउँपालिकाको आवधिक योजना तर्जुमा निर्देशन समिति विषय क्षेत्रगत, समिति, संयोजन तथा सहजीकरण समिति ,निर्वाचित पदाधिकारी, प्रशासनिक तथा विषयगत क्षेत्रका कर्मचारी र सरोकारवाला पक्षसंग छलफल र परामर्श गरिएको छ । गाउँपालिकाको आर्थिक ,सामाजिक, सांस्कृतिकभौति ,क, वन, वाताबरण संस्थागत एब, वित्तीय विषयगत क्षेत्र विकासका लागि दिर्घकालिन सोचका साथै लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न मध्यकालीन अवधिका लागि सरोकारवाला सबैको प्रतिनिधित्वबाट समावेशी र सहभागितामूलक प्रक्रिया अवलम्बन गरि आवधिक बिकास योजना तयार गरिएको छ ।

तथ्यांक र सूचना संकलनका लागि वडा समिति तथा कार्यालयहरुलाई परिचालन गरी प्रारम्भिक तथ्यांक एबं केन्द्रिय तथ्यांक बिभाग ,मानव विकास प्रतिबेदन र अन्य तथ्यांक र सूचना संकलन गरी विश्लेषण गरिएको छ । आवधिक योजनाको दूरदृष्टि समस्टिगत लक्ष्य र प्रमुख उद्देश्यहरु तथा रणनीति र कार्यक्रम क्षेत्रमा सरोकारवाला संलग्न कार्यशालाबाट निर्धारण भएको छ ।आवधिक योजना तर्जुमा विधि तथा प्रक्रिया देहाय अनुसार रहेको छ ।

*तालिकानं १.१ आवधिक : योजना तर्जुमा बिधि तथा प्रक्रिया*

| चरण | गर्नुपर्ने कार्य | प्रमुख जिम्मेवारी |
|---|---|---|
| तयारी चरण | अभिमुखीकरण तथा तयारी कार्यशाला | कार्यपालिका ,निर्देशक समिति र विषयगत समिति सहजीकरण समिति |
| | विकासको विधमान स्थिति तथा उपलब्धिको समीक्षा | कार्यपालिका, विषयगत समिति महाशाखा / शाखा सहजीकरण समिति |
| विश्लेषण चरण | तथ्यांक संकल प्रसोधन र विश्लेषण | निर्देशक समिति, विषयगत समिति महाशाखा/ शाखा सहजीकरण समिति |
| | आधार नक्सा (Basemap) तयारी | विषयगत महाशाखा/ शाखा, सहजीकरण समिति |
| | वस्तुस्थिति विश्लेषण | विषयगत समिति महाशाखा /शाखा |
| | वस्तुस्थिति विवरण तयारी तथा अध्याबधिकरण | विषयगत महाशाखा /शाखा |
| योजना तर्जुमा चरण | सोच, लक्ष्य,उद्देश्य, रणनीति तथा प्राथमिकता निर्धारण | कार्यपालिका ,निर्देशक समिति र विषयगत समिति, सहजीकरण समिति |
| | परिमाणात्मकलक्ष्य निर्धारण | कार्यपालिकानिर्देशक, समिति र विषयगत समिति |
| | स्रोत अनुमान,प्रक्षेपण तथा क्षेत्रगत बाडफाड | निर्देशक समिति, सहजीकरण समिति |
| | विषय क्षेत्रगत योजना तर्जुमा | निर्देशक समिति, विषयगत समिति महाशाखा / शाखा |
| | आवधिक योजनाको दस्ताबेजको मस्यौदा तयार | महाशाखा/शाखा तथा परामर्शदाता |
| | मस्यौदा प्रस्तुति,सुझाब संकलन र अन्तिम स्वरूप प्रदान | निर्देशक समिति, विषयगत समिति महाशाखा / शाखा, सहजीकरण समिति |

## १.९ तयारी चरण

### १.९.१ अभिमुखीकरण तथा आवाधिक योजना तयारी गोष्ठी

आवधिक योजनाको ढाँचासहित तर्जुमा बिधि तथा प्रक्रिया सम्बन्धमा समान बुझाइ कायम गर्न मिति २०८१/०१/०४ गतेका दिन एक दिवसीय आवधिक योजना तयारी गोष्ठीको आयोजना गरिएको थियो ।उक्त कार्यशाला गोष्ठीमा गाउँकार्यपालिका पदाधिकारी ,विषयगत समितिका पदाधिकारी ,विषयगत शाखा उप/शाखाका

प्रमुख वा प्रतिनिधि ,वडा कार्यालयका कर्मचारी र स्थानीय संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो। उक्त कार्यशालामा आवधिक योजनाको अवधारणा ,तर्जुमा बिधि तथा प्रक्रिया, आधार रेखा सूचना ,योजना तर्जुमाको कार्य योजना बारे प्रस्तुती ,छलफल गरी कार्ययोजना तयार गरिएको थियो।

## १.९.२ विश्लेषण चरण :

### क. तथ्यांक संकलन ,प्रशोधन र विश्लेषण

वस्तुस्थिति विश्लेषण तथा आधार सूचना तयारीको लागि राष्ट्रिय जनगणना २०६८ र २०७८ को तथ्यांक, गाउँपालिकाबाट गरिएको पारिवारिक सर्वेक्षण प्रोफाइल २०८१ तथा विषयगत शाखा/उपशाखा/इकाईहरुको अभिलेख तथा तथ्यांक र संस्थागत विवरणको आधारमा सूचना संकलन गरिएको थियो। बिभिन्न अध्ययन प्रतिबेदनबाट प्राप्त सान्दर्भिक तथ्यांक लगायत सहभागितामूलक छलफल र नक्सांकनबाट प्राप्त सूचना समेत र वस्तुस्थिति विवरणको आधारमा आवधिक योजनाको आधार सूचनाको रुपमा लिइएको थियो।

### ख. वडास्तरीय, विषयगत तथा लक्षित समूह परामर्श

हिमाली गाउपालिकाको प्रत्येक वडा समितिसंग आवधिक योजनाको बारेमा वडाका समस्या चुनौती र पालिका गौरबका योजनामा छलफल तथा परामर्श गरी सुझाब संकलन गरियो । वडास्तरीय परामर्श तथा छलफलमा वडा समितिका पदाधिकारी, टोल विकास संस्था ,स्थानीय बुद्धिजीवि र लक्षित वर्गका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । विषयगत परामर्श तथा छलफलमा विषयगत समिति र शाखा/कार्यालय, गैसस, विषयगत समूह तथा संजाल र स्थानीय विषय विज्ञ तथा अगुवाहरू तथा राजनैतिक दलका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।वडास्तरीय भेलाका उपस्थिति विवरण अनुसूचीमा राखिएको छ ।

### ग. अधार नक्सा (Basemap) तयारी

आधार नक्सा तयार गर्न आवश्यक तथ्यांकहरु बिभिन्न श्रोतहरु जस्तै ,नक्सा : स्थलगत अवलोकन र गुगल तस्बिर आदि बाट प्राप्त गरिएको थियो । यसै गरी गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, पदाधिकारीहरु, सरकारी कर्मचारीहरुसंग गरिएको छलफल र वडा तथा गाउँपालिकास्तरमा गरिएको समुहगत छलफलका साथै स्थानीयसंग गरिएको परामर्शबाट बर्तमान भू ,उपयोगको अवस्था-निकट भविष्यमा संचालन गरिने योजनाहरु र योजनाबद्ध विकासमा परेका योजनाहरुको तथ्यांक संकलन गरिएको थियो । आधार नक्सा तयार गर्नका लागि प्राथमिक स्रोत को रुपमा High resolution satellite Image/Google Earth Image को प्रयोग गरिएको थियो । बिभिन्न निकायबाट प्राप्त vector and raster डाटा प्रयोग गरी) DEM Digital elevation Map), भौगर्भिक नक्सा , भूमिप्रणाली नक्सा (Land System Map) स्थलगत प्राकृतिक नक्सा (Physiographic Map) र जलवायु नक्सा ) (Climate Map आदि तयार गरिएको थियो । यस बाहेक वर्तमान भू ,उपयोग नक्सा-भूमि क्षमताको नक्सा र माटोको नक्सा प्रस्तावित भू उपयोग क्षेत्र र योजना नक्साहरु- तयार गरी अनुसूचीमा राखिएका छन् ।

### घ. वस्तुस्थिति विश्लेषण

आवधिक विकास योजना तयार गर्दा स्थानीय तहको बर्तमान आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरणीय र शासकीय सूचकहरुको अवस्था के कस्तो रहेको छ त्यो स्पष्ट जानकारी हुनेगरी तथ्याङ्क तथा विवरणहरु संकलन गरिएको छ । तसर्थ ,स्थानीय तहको जनसंख्य, गरिबी/बेरोजगारी, रोजगारी कुलगार्हस्थ , उत्पादन प्रतिव्यक्ति/आय, सेवा सुबिधाहरुको उपलब्धता ,मातृ मृत्युदर, बाल मृत्युदर, औषत आयु, खानेपानी तथा सरसफाई सुबिधाको उपलब्धता, सडक, यातायात आदी विषयका तथ्यांक संकलन र विश्लेषण गरी स्थानीय तहको वस्तुस्थिति विश्लेषण परिच्छेद २ मा तयार गरिएको छ ।

### ङ. वस्तुस्थिति विवरण तयारि तथा अध्यावाधिकरण

विकास उपलब्धिको प्रगति विवरण, उपलब्ध सूचना तथा सहभागितामूलक छलफलका आधारमा गाउँपालिका गठन पश्चात भएका प्रमुख उपलब्धिहरुको संक्षिप्त रुपमा समिक्षा गरिएको छ ।यसरी समिक्षा गर्दा हासिल भएका उपलब्धिको विवरण गुणात्मक तथा परिमाणात्मक रुपमा उपलब्ध सूचनाका आधारमा पुष्टि हुने गरी प्रस्तुत गरिएको छ ।वित्तीय स्रोतको विश्लेषण पछि स्थानीय तहलाई योजना अवधिभरमा परिचालन हुनसक्ने स्रोत परिमाण बारे नजिकको अनुमान प्राप्त हुन्छ । यसरी प्राप्त हुने सम्भाव्य स्रोतको आधारमा विकासका महत्वपूर्ण क्षेत्रहरुमा प्राथमिकताका साथ लगानी केन्द्रित गर्नका लागि प्रत्येक क्षेत्रका चुनौती र समस्याका कारण र असरहरुको पहिचान गरी क्षेत्रगत लक्ष्य तथा उद्देश्य निर्धारण गरिएको छ । यस्तो विश्लेषणका लागि पद्धतिमा आधारित समस्या विश्लेषण गरी अध्यावाधिक गरिएको छ ।

## १.९.३ योजना तर्जुमा चरण

### क. दिर्घकालिन सोच लक्ष्य, र उद्देश्य निर्धारण तथा योजना तर्जुमा कार्यशाला गोष्ठी

गाउँपालिकाको समग्र विकास प्रक्रियालाई मार्गदर्शन गर्न दीर्घकालीन सोच , लक्ष्य,निर्देशक सिद्दान्त र उद्देश्य निर्धारण र विषय क्षेत्रगत योजनाको प्रस्ताब तयार गर्न मिति २०८१/०२/२८ गते पालिकाको सभा हलमा कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । दीर्घकालीन सोच निर्धारण गर्दा सोह्रौ योजना र सुदूरपश्चिम सरकारको आवधिक विकास योजनालाई समेत आधार मानि पालिकाले आफनो सोच निर्धारण गरेको थियो । हिमाली गाउँपलिकको दीर्घकालीन सोच **"स्वास्थ, शिक्षा, कृषि, जडिबुटी, पर्यटन र पुर्बाधार। औधोगिकरण, सुशासन समृद्धि हिमालीको आधार"** भन्ने नारा कार्यशाला गोष्ठीबाट पारित गरिएको थियो । गाउँ कार्यपालिकाको आयोजनामा गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा उक्त कार्यशाला गोष्ठीको संचालन गरिएको थियो । गोष्ठीबाट आधाररेखा सूचना तथा सहभागितामूलक छलफलका आधारमा योजनाका दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति, सम्भावना विश्लेषण, श्रोत प्रक्षेपण रणनीति तथा कार्यनीति, नतिजा खाका, कार्यान्वयन योजना र अनुगमन तथा मूल्यांकन ढाँचा तयार गरिएको थियो ।

कार्यशालामा उपलब्ध सूचना तथा सहभागितामूलक छलफलका आधारमा गाउँपालिका गठन पश्चात भएका प्रमुख उपलब्धिहरुको संक्षिप्त रुपमा समीक्षाको आधारमा आगामि आवधिक योजनाको अवधिमा गाउँपालिकाको आन्तरिक स्रोत ,राजश्व बांडफांडबाट प्राप्त राजश्व ,संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय सहयोग समेत र अन्य बिभिन्न स्रोतबाट आगामी ५ बर्षमा उपलब्ध हुनसक्ने स्रोत अनुमान तथा प्रक्षेपण गरिएको छ ।बृहत समुह प्रस्तुतीकरण र सहभागितामूलक छलफल आदि जस्ता विधिहरुको प्रयोग गरी कार्यशाला संचालन गरिएको छ । उक्त कार्यशालामा कार्यपालिका तथा विषयगत समितिका पदाधिकारी, राजनितीक दलका प्रतिनिधि र विषयगत शाखा प्रमुख तथा प्रतिनिधि र अन्य सरोकारवाला संघ संस्थाको सहभागिता रहेको थियो ।

**ख. सम्भाव्य स्रोतको अनुमान, प्रक्षेपण र क्षेत्रगत बांडफांड**

योजना तर्जुमा प्रक्रियामा वित्तीय स्रोतको सुनिश्चितता सबै भन्दा महत्वपूर्ण पक्ष हो । वित्तीय स्रोतको सुनिश्चितता नभई तर्जुमा गरिएको योजनाको कार्यान्वयन प्रभावकारी हुन् र सो बाट अपेक्षित उपलब्धि हासिल हुन् सक्दैन । तसर्थ योजना तर्जुमा गर्दा वित्तीय स्रोत साधनको यथार्थपरक विश्लेषण हुनुपर्दछ । आवधिक योजना अवधिमा उपलब्ध हुनसक्ने सम्भाव्य स्रोतको आंकलन तथा विश्लेषण गर्दा आन्तरिक र बाह्य स्रोतबाट प्राप्त हुन् सक्ने आयका अतिरिक्त निजि, गैरसरकारी ,सहकारी र समुदाय लगायत सबै सरोकारवालाबाट लगानी हुन् सक्ने स्रोतहरु समेतको आंकलन गरी योजनामा उपलब्ध हुनसक्ने कुल स्रोतको प्रक्षेपण गरिएको छ ।

स्थानीय तहको वित्तीय अधिकार र उपलब्ध हुने स्रोतको बारेमा नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन तथा अन्तर सरकार बित्त ब्यबस्थापन ऐनले स्पष्ट गरेको छ । योजना अवधिको लागि उपलब्ध हुन् सक्ने वित्तीय स्रोत साधनको विश्लेषण गर्दा संविधानतः स्थानीय तहको राजश्व अधिकारका क्षेत्रबाट परिचालन हुने आन्तरिक आय, राजश्व बांडफांडबाट प्राप्त हुने रकम, अन्तर सरकारी वित्तीय हस्तान्तरण आन्तरिक ऋण ,जनसहभागिता र अन्य स्रोतहरुबाट प्राप्त हुन् सक्ने स्रोतको अनुमान तथा प्रक्षेपण गरिएको छ ।सम्भाव्य स्रोतको अनुमान तथा प्रक्षेपण गर्ने कार्य बार्षिक योजना तथा बजेट तर्जुमाको लागि गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सहयोगमा निर्देशक समितिबाट गरिएको छ ।

### १.९.४ मस्यौदा प्रस्तुतीकरण सुझाब संकलन तथा आवधिक योजनाको अन्तिम प्रतिबेदन तयारी

वस्तुस्थिति विश्लेषण ,योजना तर्जुमा कार्यशाला गोष्ठीको निष्कर्ष ,विषयगत क्षेत्र योजना तर्जुमा समितिको छलफल र परामर्शबाट प्राप्त जानकारी र बिषय क्षेत्रगत रुपमा संबन्धित विषय बिज्ञले तयार गरेको विषय क्षेत्र योजनालाइ एकिकृत गरी आवधिक योजनाको अन्तिम प्रतिबेदन तयार गरिएको थियो । माथि उल्लेख गरिए बमोजिम आवधिक योजनाको मस्यौदा प्रतिबेदन तयारी पश्चात उक्त प्रतिबेदन उपर विषय क्षेत्रगत समिति तथा निर्देशक समिति र कार्यपालिका सदस्य एवं सबै विषयगत शाखा प्रमुखसंग अन्तरक्रिया ,छलफल तथा पृष्ठपोषण कार्यक्रम सम्पन्न गरि प्राप्त सुझाब समेतलाई समाबेश गरी आवधिक योजनाको अन्तिम मस्यौदा प्रतिबेदन तर्जुमा गरिएको छ ।

# परिच्छेद : २

## गाउँपालिकाको बिकासको बिद्यमान स्थिती र उपलब्धिको समीक्षा

## २.१ गाउँपालिकाको परिचय

बाजुरा जिल्लाको सदरमुकाम मार्तडीबाट करिब ७५ कि मी टाढा उत्तर पुर्वि दिशामा रहेको यस हिमाली गाउँपालिकाको कुल क्षेत्रफल ८३०३४ वर्ग कि मी रहेको छ । गाउँपालिक., भौगोलिक अवस्थितिका हिसावले हेर्दा २९ डिग्री २८ मिनेट ५० सेकेन्ड उत्तरदेखी २९ डीग्री ५७ मिनेट १० सेकेन्ड उत्तरी अक्षांश र ८१ डीग्री २९ मिनेट ४० सेकेन्ड पुर्व देखी ८१ डीग्री ४७ मिनेट ४० सेकेन्ड पुर्वी देशान्तरमा फैलीएको छ । यस गाउँपालिकाको सिमाना पुर्वमा मुगु जिल्ला , पश्चिममा वझांङ जिल्ला, उत्तरमा हुम्ला जिल्ला र दक्षिणमा बुढीनन्दा नगरपालिका रहेकाको छ ।

### २.१.१ भौगलिक अवस्था, राजनीतिक र प्रशासनिक सरचना,

हिमाली गाउँपालिका बाजुरा जिल्लाको दुर्गम गाउँपालिका हो । यो गाउँपालिका नेपालको संबिधान २०७२ को धारा २९५ को उपधारा ९३० बमोजिम गठित गाउँपालिका, नगरपालिका, स्वायत्त, संरक्षित वा बिशेष क्षेत्रको नाम, संख्या तथा सिमाना निर्धारण आयोगको सिफारिसमा बनेको ७५३ वटा स्थानीय तह मध्यको एक हो । यो हिमाली गाउँपालिका राजनीतिक रुपमा ७ वडाहरुमा विभाजित छ ।

हिमाली गाउँपालिका बाजुरा जिल्लाको सदरमुकाम मार्तडीबाट करिव ७५ किलोमिटर उत्तरपुर्वी दिशामा रहेको छ । कूल ८३०.३४ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको यस गाउँपालिकाको सीमाना पूर्वमा मुगु जिल्ला, पश्चिमा बझांङ्ग जिल्ला, उत्तरमा हुम्ला जिल्ला र दक्षिणमा बाजुरा जिल्लाकै बुढीनन्दा नगरपालिका रहेका छन् । भू–आकृतिमा विविधता भएसगै यस गाउँपालिका सामाजिक सास्कृतिक हिसावले पनि विविधता रहेको छ । विभिन्न जातजाति र भौगोलिक विविधता बोकेको यो गाउँपालिकामा उचाइ अनुसार हावापानीमा पनि विविधता पाइन्छ ।

### २.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा

उच्च पहाडि भेगमा हुने फलफुल, खेतिपाती, गाईवस्तु, भेडा बाखा पालन यहाका प्रमुख कृषिजन्य पेशाहरु रहेका छन् । दुर्गम पालिका भए पनि प्राकृतिक र सांस्कृतिक रुपले धनि गाउँपालिका हो । यस गाउँपालिकामा विशेष गरेर यार्सागुम्बा, वन लसून, घुच्ची च्याउ, भ्याकुर, निरमसी, पदमचाल, पाषणबेद, पाचऔले, कटुकी, हर्रो/वर्रो जस्ता जडीबुटी उत्पादन हुने गरेका छन् । आवयश्यक पूर्वधारहरुको निर्माण गर्न सकेको खण्डमा यस गाउँपालिकामा प्रशस्त पर्यटन उद्योगहरुको सम्भावना रहेको छ । रानिसैन, बुढीनन्दा यहाका पर्यटनको सम्भावना बोकेका अति उत्तम क्षेत्रहरु हेका छन् । यहाँबाट उत्तरपट्टि देखिने हिमश्रृखलाहरु प्रकृति प्रेमीहरुको लागि अति उत्तम पर्यटकीय स्थलहरु हुन सक्छन् । यहा रहेका प्रसिद्ध स्थलहरुमा कोट महादेव मन्दिर, रुम्दीमाई मन्दिर, युना सनन्दा मन्दिर,

वोर्ता समैजु मन्दिर, नादापाटा लवासर मन्दिर, शिवपार्वती मन्दिर, ऋषिमाजु मन्दिर रहेका छन् । यस गाउँपालिकामा रहेको कर्णाली करिडोरमा र्‍याफ्टिङको प्रबर्धन गर्न सकिने सम्भावना रहेको छ । यो गाउँपालिकाबाट उत्तरतिर हिमालहरुको दृश्यवलोकन, साहासिक पदयात्रा र पर्वत्तारोहण गर्नका लागि अति उपयुक्त स्थानहरु रहेका छन् । यो गाउँपालिकामा दृष्यावलोकनका लागि उपयुक्त स्थानहरु जंगली जनावर, चचराचुरुंगी र पदमार्गको लागि यो गाउँपालिका उपयुक्त स्थान रहेको छ ।

## २.१.३ जनसंख्यिक अवस्था

केन्द्रीय तथ्यांक विभागको २०७८ को रिपोर्ट अनुसार यस गाउँपालिकाकाको जनगणनामा घरधुरीसंख्या १७२२ र जम्मा जनसंख्या ९२१४ रहेको छ । जसमा ४६२५ पुरुष र ४५८९ महिलाको जनसंख्या रहेको छ । तर घरधुरी सर्वेक्षण २०८० अनुसार यस हिमाली गाउँपालिकाको जम्मा घरधुरी संख्या २१६३ र जनसंख्या ११६४३ रहेको छ जसमा पुरुष ६१०३ र महिला ५५४० रहेको छ । जसलाई वडागत रुपमा तलको तलिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं २.१ वडागत जनसंख्या बिबरण**

| वडा न | घरधुरी | पुरुष | महिला | जम्मा | लैङ्गिक अनुपात | औषत परिवार आकार |
|---|---|---|---|---|---|---|
| १ | २०१ | ५८९ | ५२६ | १,११५ | १११.९८ | ५.५५ |
| २ | २३४ | ६६४ | ५८३ | १,२४७ | ११३.८९ | ५.३३ |
| ३ | १७५ | ४९५ | ५१८ | १,०१३ | ९५.५६ | ५.७९ |
| ४ | २८९ | ७६७ | ६४७ | १,४१४ | ११८.५५ | ४.८९ |
| ५ | ३८६ | १,१४१ | ९९९ | २,१४० | ११४.२१ | ५.५४ |
| ६ | ६७४ | १,८४१ | १,७११ | ३,५५२ | १०७.६ | ५.२७ |
| ७ | २०४ | ६०६ | ५५६ | १,१६२ | १०८.९९ | ५.७ |
| **जम्मा** | **२,१६३** | **६,१०३** | **५,५४०** | **११,६४३** | **११०.१६** | **५.३८** |

*स्रोतः गाउँपालिकाको बस्तुस्थिति बिबरण २०८०*




## २.२ आर्थिक विकास अवस्था

यस गाउँपालिकाका बासिन्दाको मूल आयस्रोत कृषि तथा पशुपालन हो भने त्यो संगसंगै बैदेशिक रोजगारी (भारत) र अन्य केहि मात्रामा व्यापार व्यवसाय तथा ज्याला मजदुरीमा आधारित छ । यस गाउँपालिकाको धेरै जसो नागरिक कृषिमा आधारित भए पनि प्रति परिवार सरदर जमीन कम रहको हुदा निर्वाहमुखी कृषि प्रणालीबाट गरीव तथा विपन्न वर्गको जिविकोपार्जनमा थप चुनौती देखिदै आएको छ । यस गाउँपालिकामा मुख्य अन्न बालीको रुपमा (धान, गहु, मकै, कोदो, जौ आदि) लगाउने गर्ने गर्दछन भने दलहन बालीमा (मास, मुसुरो, भटमास, गहत, आदि) तरकारी बालीमा (आलु, बन्दा, काउली, टमाटर आदि) लगाउने गर्दछन । प्रसस्त जंगल क्षेत्र भएकोले आहार ब्यवस्थापन गर्न सकेमा पशपुालनका लागि समेत यो गाउँपालिका क्षेत्र अत्यन्त सम्भावना भएको क्षेत्र हो । गाई, भैंसी र भेडा बाखा यस क्षेत्रका मुख्य पशुधन हुन । कृषि तथा पशु विकासका हिसावले प्रचुर सम्भावना बोकेको यस गाउँपालिकामा प्रविधि प्रसारको अभाव, प्राविधिक जनशक्तिको कमी, सिंचित क्षेत्रको कमी, परम्परागत निर्वाहमुखी खेती पद्धति र कृषिमा व्यवसायिकरणको अभावका कारण कृषि क्षेत्रको विकासमा खासै प्रगति हनु सकि रहेको छैन । उपरोक्त अभावहरुलाई सम्बोधन गर्दै कृषिलाई व्यवसायिकरण तर्फ उन्मुख गराउन सकेमा प्राङ्गारिक कृषि उपजको निर्यात समेत गर्न सकिने अवसर तथा सम्भावनालाई मध्यनजर गर्दै कृषि क्षेत्रमा लगानी गरी विकास गर्ने यस गाउँपालिकाको प्रमुख प्राथमिकताको क्षेत्र रहेकोछ भने विभिन्न प्रकारका जडीबुटीहरुको सम्भावना रहको पाइन्छ ।

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

हिमाली गाउँपालिका, बाजुरा जिल्लाको सुदूर पश्चिम प्रदेशको उच्च पहाडी क्षेत्रमा अवस्थित छ। यहाँको भूगोल र जलवायु कठिन भए पनि स्थानीय बासिन्दाहरूले परम्परागत कृषि प्रविधिहरू अपनाएर जीविकोपार्जन गर्दै आएका छन् । धान, मकै, गहुँ, आलु, र कोदो यहाँका प्रमुख बाली हुन्। साथै, पशुपालन पनि यहाँको अर्थतन्त्रको महत्वपूर्ण

अंश हो, जहाँ गाई, भैंसी, बाख्रा, र भेडा पालन गरीन्छ । यहाँको खेतीपाती र पशुपालन प्रणाली स्थानीय आत्मनिर्भरताको उदाहरण हो, जहाँ अधिकांश परिवारहरू आफ्नै उत्पादनमा निर्भर रहेका छन् ।

गाउँपालिकाले '**आजको लगानि बोट, भोलिको प्रतिफल नोट**' भन्ने नाराका साथ हिमालि गाउँपालिकाले संचालन गर्दै आईरहेको खाद्यसुरक्षाका लागि वृक्षारोपण कार्यक्रमलाई थप व्यवस्थित र सुदृढीकरण गरी खाद्यान्न कार्यक्रमलाई निरन्तरता दिईरहेको छ ।

खाद्य सुरक्षाको दृष्टिकोणले हिमाली गाउँपालिका विभिन्न चुनौतीहरूको सामना गरीरहेको छ। सिंचाइको अभावले गर्दा यहाँको खेतीपातीमा समस्या देखिन्छ। यातायातको असुविधा र आधुनिक कृषि प्रविधिको कमीले गर्दा उत्पादनमा कमी आउँछ। साथै, प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका कारण पनि खाद्य सुरक्षामा खतरा उत्पन्न हुन सक्छ। यी समस्याहरूका बावजुद, परम्परागत कृषि ज्ञान र सीपहरूको प्रयोग, सरकारी तथा गैर-सरकारी संस्थाहरूको सहयोग, र सदियौ कृषि प्रवर्द्धनको अवसरले यी चुनौतीहरूलाई कम गर्न सक्छ।

परम्परागत निर्वाहमुखी खेतीको बाहुल्यता रहेको यस क्षेत्रमा खाद्यान्न उत्पादन तथा पशुपालन प्रमुख कृषि अभ्यासका रुपमा रहेको छ । कृषि तथा पशुपालनलाई प्रमुख पेशाका रुपमा अबलम्बन गर्ने जनसंख्या १०.५% प्रतिशत रहेको छ । खाद्यान्न अन्तरगत धान, गहुँ, मकै, कोदो मुख्य रुपमा रहेको छ भने पशुपालन अन्तरगत बाख्रापालन, भैंसी तथा गाईपालन र कुखुरापालनको बाहुल्यता रहेको छ ।

कृषि तथा पशुसेवासँग सम्बन्धित विशेष दक्षता रहेको जनशक्ति ३४२ जना रहेको छ । व्यावसायिक वा अगुवा कृषक संख्या २४० जना, सकृय ग्रामीण कृषि कार्यकर्ता ७२ जना, सकृय ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता संख्या १५ जना र व्यावसायिक नर्सरी सञ्चालक संख्या ४ जना रहेको छ । यस क्षेत्रमा कुल ३६० वटा व्यावसायिक कृषि तथा पशुपालन फर्महरू रहेका छन् भने कृषक समूह संख्या ५६ वटा, व्यावसायिक कृषि फर्म ६ वटा, कृषि सहकारी रहेको छ

हिमाली गाउँपालिकामा कृषि तथा खाद्य सुरक्षामा सुधार ल्याउनका लागि विभिन्न उपायहरू अपनाउन सकिन्छ। संस्थागत सहयोगबाट नवीनतम प्रविधिहरूको उपयोग गरी उत्पादन वृद्धि गर्न सकिन्छ। स्थानीय स्तरमा जल व्यवस्थापन र सिंचाइ प्रणालीको सुधार गरी खेतीपातीलाई प्रभावकारी बनाउन सकिन्छ । साथै यातायातको सुधार र कृषि उत्पादनको बजारीकरणको व्यवस्थाले पनि खाद्य सुरक्षामा सकारात्मक प्रभाव पार्न सक्छ । यसरी, हिमाली गाउँपालिका बाजुरा जिल्लाको कृषि तथा खाद्य सुरक्षालाई मजबूत बनाउन विभिन्न सम्भावनाहरूको खोजी र कार्यान्वयन गर्न आवश्यक छ।

## २.२.२ पर्यटन तथा संस्कृति

हिमाली गाउँपालिका बाजुरा जिल्लामा पर्यटन र सांस्कृतिक भ्रमणका दृष्टिले केही महत्त्वपूर्ण पक्षहरू रहेका छन्। यहाँ वार्षिक रूपमा आन्तरिक पर्यटकको संख्या लगभग १५०० जना पुग्छ। पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्तिहरूको संख्या ५५ रहेको छ, तर व्यवस्थित पर्यटकीय गन्तव्य स्थलहरूको व्यवस्था भने गरीएको पाओदैन । पर्यटकीय स्तरको होटल तथा रेस्टुरेन्ट एकवटा मात्र रहेको छ भने तालिम प्राप्त टुर गाइडहरू यहाँ उपलब्ध छैनन् ।

साथै गाउँपालिकाले पर्यटन क्षेत्र बिकास तथा पर्बद्धनका लागी कर्णाली नदीको धुलाचौर देखि पिलुचौरसम्म रयाफ्टिङ्ग सेंवा संचालन भईरहेको तथा कुवाडी देखि धुलाचौरसम्म रयाफ्टिङ्ग सेवा संचालनका लागि आवश्यक व्यवस्था मिलाउनका लागी काम भईहेको छ । त्यसै गरी हिमालि गाउँपालिका हुँदै रारा ताल जाने बाटो जोडि सकेको र हिमाली जाने सडक संजाल जोड्न काम भैरहेको हुँदा पर्यटन प्रर्वद्धनका लागि प्रचार प्रसार गरी स्थानिय नागरिकहरुलाई पर्यटन व्यवसायसंग जोड्ने गरी आवश्यक व्यवस्था भईरहेको देखिन्छ । पर्यटन क्षेत्रको संरक्षण, सम्बर्धन, प्रवर्द्धन तथा पर्यटकीय  स्थलसम्मको सहज पहुँच पुगाउनको लागि हिमाली गाउँपालिकाको रानीसैन, हिमाली लगायतका क्षेत्रहरुलाई पर्टकीय सडक संजालसँग जोड्ने गरी आवश्यक कार्य भईहेको छ ।

सुरक्षित सडक संजाल निर्माण, मन्दिर तथा देवस्थल निर्माण, गुफा व्यवस्थापन, खरी ढुङ्गाको उत्खनन तथा अन्य पर्यटकिय स्थलहरुको पहिचान गर्ने कार्यलाई निरन्तरता दिदै हिमालि गाउँपालिकासँग जोडिएको कर्णाली नदिको क्षेत्रमा रयाफ्टिङ्ग सेवा निरन्तरता, रानिसैन पर्यटकीय क्षेत्रसम्म पदमार्ग यात्रा संचालन गर्ने कार्यलाई प्रथमित्ताका साथ अगाडी बढाउनु पर्ने देखिन्छ । हिमाली गाउँपालिकाको क्षेत्र भित्र रहेका ऐतिहासीक धरोहर, मठ मन्दिर, गुम्वाहरुको उचित संरक्षण र सम्बर्द्धन कार्यलाई निरन्तरता दिदै यस क्षेत्रको सांस्कृतिक, पर्यटकिय स्थल, स्थानिय कलाकृति, मौलिक साँकृतिक परम्परा रीति रिवाजको जर्गेना गर्न राष्ट्रिय  तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्र  तथा प्रचारप्रसार सामग्री निर्माणको काम भईरहेको छ साथै सामाजिक संजालबाट प्रचारप्रसार गर्ने तथा राष्ट्रिय  टेलिविभिजनबाट प्रसारण गर्ने लगायतका कार्यक्रमहरु सुरुवात भैसकेको छ ।

बनभोज स्थल तथा पार्कहरूको स्तरोन्नति र व्यवस्थापनमा पनि यहाँ कमी देखिन्छ । व्यवस्थित पर्यटकीय सम्पदा नहुँदा आन्तरिक पर्यटकको संख्या वार्षिक १५०० र बाह्य पर्यटकको संख्या वार्षिक ३०० जना मात्र रहन्छ । यहाँको पर्यटन क्षेत्रलाई विकास गर्नका लागि आवश्यक आधारभूत पूर्वाधारको अभाव देखिन्छ। पर्यटकीय सुविधाहरू र व्यवस्थापनमा सुधार गर्न सके, बाह्य र आन्तरिक पर्यटकहरूको संख्या बढाउन सकिन्छ, जसले गाउँपालिकाको आर्थिक विकासमा पनि मद्दत पुग्न सक्छ ।

अतः हिमाली गाउँपालिकाको पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्न र पर्यटकीय आकर्षण बढाउन आवश्यक पूर्वाधार र सेवाहरूको विकासमा ध्यान दिनु अत्यावश्यक छ । पर्यटकीय स्थलहरूको व्यवस्थापन, होटल तथा रेस्टुरेन्टहरूको वृद्धि, तालिम प्राप्त टुर गाइडहरूको व्यवस्था, र बनभोज स्थल तथा पार्कहरूको स्तरोन्नति गर्नुपर्ने आवश्यकता रहेको छ । यसो गर्नाले मात्र यहाँको पर्यटन क्षेत्रले फाइदा लिन सक्छ र स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न सकिन्छ ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

कृषि, जडिबुटी र वन लगायत स्थानीय कच्चा पदार्थमा आधारित उधोग, व्यवसायको विकास गरी आय र रोजगारीका सम्भावनाहरु उजागर गर्न सकिन्छ । यस पालिकामा उधोगको स्थिति एकदमै दयनीय नै छ । गाउँपालिकाले उधोगको दर्ता प्रक्रिया अगाडी बढाउँ सकेको छैन भने यस अघि जिल्लामा दर्ता भएका उधोगहरु पनि खासै संचालनमा आउन सकेका छैनन्।

हिमाली गाँउपालिकाले धुलाचौरमा निर्माणधिन रहेको औद्योगिक ग्रामको निर्माण कार्यलाई तिब्रता दिदै गाउँपालिका क्षेत्रभित्र उत्पादीत फलफूल लगाएत कृषि जन्य उत्पादित वस्तु, पशुजन्य उत्पादीत वस्तु, जडिबुटी, काष्ठजन्य बस्तु, केतुकी,, अल्लो, लोक्ता, लगाएतका अन्य बन पैदावरसंग सम्बन्धीत उद्योगहरु आगामी वर्षबाटै केही उद्योगहरु संचालन गरी रोजगारी सृजना गरीने लक्ष्य पालिकाले लिएको छ । घरेलु तथा साना उद्योग विकास क्षेत्रमा सहयोग गर्ने निकायसँगको सहकार्यमा लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार, यन्त्र, उपकरणको प्रयोग गरी स्थानीय बन पैदाबर, प्राकृतिक स्रोत साधन, जडिबुटीमा आधारीत उद्योगहरु स्थापना गर्न लगानी कर्ताहरुलाई उचित वातावरणको व्यवस्था पनि यस पालिकाले गरीरहेको छ ।

तथापी पालीकामा केही हदसम्म कामहरुको सुवात भएको देखिएका छन जस्तै बाजुरा जिल्लाको हिमाली गाउँपालिकामा उद्योग, व्यापार, व्यवसाय, र आपूर्ति सम्बन्धी उद्यम सृजना र विकासका लागि थुप्रै प्रयासहरू भइरहेका छन्। यहाँ तालिम प्राप्त उद्यमीहरूको संख्या १६ जना रहेको छ, जसले विभिन्न व्यवसाय र उद्योगमा योगदान पुर्याइरहेका छन् । चालु साना उद्योगहरूको संख्या ८ वटा रहेको छ, जसमा विविध उत्पादन गतिविधिहरू सञ्चालनमा छन् । विशेष रूपमा, दूध तथा दूग्धजन्य उत्पादनमा यहाँ उल्लेखनीय प्रगति भएको छ जसमा ४० टन दूध तथा दूधजन्य उत्पादन हुने गर्छ ।ब्यवसायिक पशुपालन पनि यहाँको प्रमुख व्यवसाय हो, जसमा ४२ वटा फर्महरू सक्रिय छन् । गैर-कृषि पेशामा निर्भर जनसंख्या १६३२ जना रहेको छ, जसमा उद्यम, व्यापार र जागिर समावेश छन् । यी तथ्यांकहरूले हिमाली गाउँपालिकामा उद्यमशीलता र आर्थिक गतिविधिहरूमा राम्रो प्रगति भैरहेको देखाउँछन ।

गाउँपालिकाले आर्थिक विकास र उद्यमशीलता प्रवर्द्धनका लागि थप तालिम, सहयोग, र पूर्वाधार विकासमा ध्यान दिन आवश्यक छ। यसले स्थानीय स्तरमा रोजगार सिर्जना गर्न, उत्पादन वृद्धि गर्न, र स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउन मद्दत पुर्याउँछ। साथै, यहाँका उद्यमीहरूलाई बजार पहुँच, वित्तीय सहयोग, र नवीनतम प्रविधिको उपयोगमा सहजीकरण गर्न आवश्यक छ। यसरी, हिमाली गाउँपालिकाले आफ्नो औद्योगिक र व्यावसायिक क्षमतालाई पूर्णतः उपयोग गरी समृद्धि हासिल गर्न सक्छ।

## २.२.४ आम्दानी रोजगारी र वितीय सेवा

बाजुरा जिल्लाको हिमाली गाउँपालिकामा आर्थिक वृद्धिदर २.२४ प्रतिशत रहेको छ, जुन आधार स्तम्भ २०८०/०८१ अनुसार मापन गरीएको हो । प्रति व्यक्ति आय ७५० अमेरिकी डलर छ, जसले यहाँका नागरिकहरूको औसत आम्दानीको अवस्था झल्काउँछ। रोजगार दर २० प्रतिशत रहेको छ, जबकि वैदेशिक रोजगार २० प्रतिशतले कभर गरेको छ। उद्योग तथा व्यवसायमा संलग्न व्यक्तिहरूको संख्या २२५ जना रहेको छ।

गाउँपालिकामा आन्तरिक पर्यटन व्यवस्थापन गर्ने अवस्थामा आम्दानी र रोजगारीमा संलग्न हुन सकिने प्रचुर सम्भावना देखिन्छ । आर्थिक गतिविधिहरूलाई थप सुदृढ गर्न, यहाँ एकवटा बैंक तथा पाँचवटा वित्तीय सहकारी संस्थाहरू सुचारु अवस्थामा छन् । यिनले स्थानीय स्तरमा वित्तीय सेवा प्रदान गर्दै आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका खेलिरहेका छन्।

गाउँपालिकाले आन्तरिक पर्यटन र स्थानीय उद्यमशीलतालाई प्रोत्साहन गर्न ध्यान दिएमा आर्थिक वृद्धिदर अझै सुधार हुने सम्भावना छ । यसले स्थानीय बासिन्दाहरूका लागि रोजगारीका अवसरहरू सिर्जना गर्नेछ र समग्रमा आर्थिक समृद्धि हासिल गर्न मद्दत पुर्याउनेछ।

## २.२.५ सहकारी

बाजुरा जिल्लाको हिमाली गाउँपालिकामा वित्तीय सेवाहरूको विकासमा पाँचवटा वित्तीय सहकारी संस्थाहरूले महत्वपूर्ण भूमिका खेलेका छन् । यी सहकारी संस्थाहरूले स्थानीय समुदायलाई वित्तीय सेवा प्रदान गर्न, बचत गर्ने र सस्तो ब्याजदरमा ऋण सुविधा उपलब्ध गराउन मद्दत पुर्याउँदै आएका छन् । सहकारीहरूले ग्रामीण क्षेत्रका बासिन्दाहरूलाई आर्थिक रूपले सशक्त बनाउन र स्वरोजगार सिर्जना गर्न सहयोग पुर्याइरहेका छन् ।

सहकारी संस्थाहरूले गाउँपालिकामा विभिन्न तालिम, कार्यशाला, र सीप विकास कार्यक्रमहरू सञ्चालन गरेर स्थानीय उद्यमशीलतालाई प्रोत्साहन गरीरहेका छन् । साथै, सहकारीहरूले कृषि, पशुपालन, र साना उद्योगहरूको विकासमा पनि सहयोग पुर्याइरहेका छन्, जसले गर्दा स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउन मद्दत पुगेको छ । यसै गरी, सहकारीहरूको प्रभावकारी कार्यसम्पादनले स्थानीय बासिन्दाहरूलाई वित्तीय सुरक्षा र आत्मनिर्भरता प्राप्त गर्न सहयोग पुर्याएको छ । सहकारीहरूले विशेष गरी महिलाहरू र विपन्न वर्गका व्यक्तिहरूलाई वित्तीय पहुँच र सशक्तिकरणमा ठूलो योगदान दिएका छन् । सहकारी संस्थाहरूको यो नेटवर्क गाउँपालिकाको आर्थिक समृद्धिमा एउटा बलियो आधार बनेको छ।

सहकारीहरूको संख्या र उनीहरूको प्रभावकारितालाई मध्यनजर गर्दै, हिमाली गाउँपालिकाले आगामी दिनहरूमा अझ बढी वित्तीय सहकारी संस्थाहरू स्थापना गर्ने र उनीहरूको कार्यक्षमता बढाउने योजना बनाउनु पर्दछ । यसले गर्दा ग्रामीण विकास र समग्र आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पार्न सकिन्छ ।

## २.३ सामाजिक बिकासको अवस्था

बाजुरा जिल्लाको हिमाली गाउँपालिकामा सामाजिक विकासको अवस्था मिश्रित छ। गाउँपालिकाले आधारभूत शिक्षामा केही प्रगति गरेको छ, तर अझै पनि उच्च शिक्षाको पहुँच सीमित छ। धेरै विद्यार्थीहरू प्राथमिक तहको शिक्षा पूरा गरेपछि थप अध्ययनका लागि अन्य स्थानमा जानुपर्ने अवस्था छ। स्वास्थ्य सेवाको सन्दर्भमा, गाउँपालिकामा प्राथमिक स्वास्थ्य केन्द्रहरू उपलब्ध भए पनि विशेषज्ञ सेवा र अत्याधुनिक सुविधाहरूको अभाव छ। यहाँका बासिन्दाहरूलाई नियमित स्वास्थ्य जाँच र उपचारका लागि जिल्ला वा क्षेत्रीय अस्पताल जानु पर्ने हुन्छ।

पानी र सरसफाइको अवस्था पनि चुनौतीपूर्ण छ । धेरै घरपरिवारहरू शुद्ध पिउने पानी र उचित सरसफाइ सेवाको अभावमा छन्। अपारंपरिक स्रोतहरूबाट पानी ल्याउनुपर्ने बाध्यता रहँदा, यसले स्वास्थ्य समस्याहरूलाई निम्त्याउन सक्छ। महिला सशक्तिकरण र लैंगिक समानतामा पनि गाउँपालिकाले प्रयास गरेको छ, तर परम्परागत सोचाइ र व्यवहारका कारण महिला र पुरुषबीचको असमानता अझै कायम छ ।

गाउँपालिकामा सञ्चार र यातायातको पहुँच सुधार हुँदै गएको छ, जसले सामाजिक विकासमा केही सुधार ल्याएको छ । यद्यपि, ग्रामीण सडकहरूको खराब अवस्था र सञ्चार सुविधाको सीमितताले स्थानीय बासिन्दाहरूको जीवनस्तरमा प्रतिकूल असर पारिरहेको छ । आर्थिक गतिविधिहरू र रोजगारका अवसरहरूको सीमितताले गरीबीको दर उच्च नै छ, जसले सामाजिक विकासका अन्य क्षेत्रहरूमा पनि प्रभाव पार्छ।

सामाजिक विकासलाई तिव्रता दिन, गाउँपालिकाले शिक्षा, स्वास्थ्य, पानी र सरसफाइ, महिला सशक्तिकरण, र आधारभूत पूर्वाधारमा विशेष ध्यान दिनुपर्ने आवश्यकता छ । सरकारी तथा गैर-सरकारी संस्थाहरूको सहकार्य र स्थानीय समुदायको सक्रिय सहभागिताले सामाजिक विकासमा महत्वपूर्ण योगदान पुर्याउन सक्छ। यसरी, हिमाली गाउँपालिकामा सामाजिक विकासका लागि संयुक्त प्रयास र दीर्घकालीन योजना आवश्यक छ ।

## २.३.१ स्वाथ्य तथा पोषण

स्वस्थ जीवन मानव विकास सूचकांकको महत्वपूर्ण आधार हो। नेपालको संविधानले पनि आधारभूत स्वास्थ्यलाई मौलिक हकको रूपमा राखेको छ । बाजुरा जिल्लाको हिमाली गाउँपालिकामा स्वास्थ्य सेवाको अवस्था सुधार गर्न थुप्रै प्रयासहरू भइरहेको छ । यहाँ ९ वटा स्वास्थ्य केन्द्रहरू, १५ वटा निजी क्लिनिकहरू, र २ वटा स्वास्थ्य चौकीहरू सञ्चालनमा छन् । *(स्रोत गाउँपालिका प्रोफाईल )*

साथै, निजी तथा समुदायमा आधारित १२ जना स्वास्थ्यकर्मीहरू र ३२ जना सक्रिय स्वास्थ्य स्वयंसेविकाहरूले सेवा प्रदान गरीरहेका छन्। आधारभूत सुविधाहरू जस्तै पिउनेपानी, शौचालय, बर्थिंग वार्ड, र परामर्श केन्द्र सहित ८ वटा स्वास्थ्य संस्थाहरू उपलब्ध छन्। हालै स्वास्थ्य संस्थाहरूमा १० वटा थप बेडहरूको व्यवस्था गरीएको छ, जसले सेवाको गुणस्तर सुधार्न मद्दत पुर्याएको छ । *(स्रोत गाउँपालिका प्रोफाईल)*

गाउँपालिकामा ५५ प्रतिशत बच्चाहरू स्वास्थ्य संस्थामा जन्म लिन्छन्, जसले सुरक्षित मातृत्व र नवजात शिशुको सुरक्षामा महत्वपूर्ण योगदान पुर्याउँछ । परिवारको घर व्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिलाहरूको सहभागिता पनि उल्लेखनीय छ, जसमा ५६ परिवारमा महिलाहरूले सक्रिय भूमिका निभाइरहेका छन्। *(स्रोत गाउँपालिका प्रोफाईल)*

यिनै प्रयासहरूले हिमाली गाउँपालिकामा स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा सुधार ल्याएको छ । तथापि, थप सुधार गर्न आवश्यक छ, जस्तै स्वास्थ्य संस्थाहरूको संख्या र सेवाको विस्तार, आधारभूत सुविधाहरूको सुधार, र स्वास्थ्यकर्मीहरूको तालिम तथा संख्यामा वृद्धि। यसले स्वस्थ जीवनको प्रत्याभूति गर्दै गाउँपालिकाको समग्र मानव विकास सूचकांकमा सकारात्मक प्रभाव पार्न सक्छ।

## २.३.२ शैक्षिक विकास

वर्तमान समयमा शिक्षा बिना जीवनको कल्पना गर्न सकिदैन। जुनसुकै देशको विकास शिक्षा बिना सम्भव छैन। शिक्षानै मानव संसाधनको विकासको आधार स्तम्भ हो। नेपालको संविधानले मौलिक हकको रूपमा आधारभूत शिक्षा निशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षा निशुल्क हुने व्यवस्था गरी स्थानीय तहको एकल अधिकारमा राखेको छ ।

बाजुरा जिल्लाको हिमाली गाउँपालिकामा शिक्षा सम्बन्धी केही तथ्यांकहरू उल्लेखनीय छन्। विद्यालय बाहिर रहेका ९५–१५ वर्षका बालबालिकाको प्रतिशत २.८ रहेको छ । प्राथमिक तहमा (१ देखि ५ कक्षा) खुद भर्ना दर ८८ प्रतिशत रहेको छ भने प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४–५ वर्षसम्मका बालबालिकाको प्रतिशत ४८ रहेको छ । माध्यमिक तह (९ देखि १२ कक्षा) खुद भर्ना दर ९५ प्रतिशत छ । कक्षा १० को उत्तीर्ण दर ७४ प्रतिशत र कक्षा ८ को सिकाई उपलब्धि दर ८१ प्रतिशत रहेको छ । कक्षा १० को सिकाई उपलब्धि दर ७० प्रतिशत रहेको छ । कक्षा ८ को निरन्तरता दर १०० प्रतिशत र कक्षा १० को निरन्तरता दर ९८ प्रतिशत रहेको छ ।। *(स्रोत गाउँपालिका प्रोफाईल )*

१५ देखि ४९ वर्ष उमेर समूहका महिलाको साक्षरता दर ४० प्रतिशत रहेको छ भने १५ देखि २४ वर्ष उमेर समूहका महिलाको साक्षरता दर ६५ प्रतिशत र पुरुषको साक्षरता दर ६२ प्रतिशत रहेको छ । बालमैत्री सिकाइ विधि अवलम्बन गर्ने विद्यालयको प्रतिशत ७६ रहेको छ भने बालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालयको प्रतिशत ७२ रहेको छ । पक्की शौचालय भएका विद्यालय ७३ प्रतिशत, महिला मैत्री शौचालय भएका विद्यालय २ प्रतिशत, बाल मैत्री भौतिक संरचना भएका विद्यालय १०० प्रतिशत, र शुद्धिकरण सहितको खानेपानी भएका विद्यालय १० प्रतिशत रहेका छन्। छात्रवृत्ति पाउने विद्यार्थी संख्या २०४२ रहेको छ भने वालक्लब गठन भएका विद्यालय १७ रहेका छन्। *(स्रोत गाउँपालिका प्रोफाईल)*

तर, राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाको साक्षरता दर ७०.०३ प्रतिशत देखिएको छ, जसमा महिला साक्षरता दर ६२.१ प्रतिशत र पुरुष साक्षरता दर ८१.२ प्रतिशत रहेका छन् । यी तथ्यांकहरूले हिमाली गाउँपालिकामा शिक्षा क्षेत्रमा सुधारको आवश्यकता औंल्याउँछन्। आधारभूत सुविधाहरूको अभाव, शिक्षण विधिको सुधार, र विद्यार्थीहरूको निरन्तरता सुनिश्चित गर्न आवश्यक पहल गरीनुपर्छ। यसले गर्दा शिक्षा स्तरमा सुधार भई गाउँपालिकाको समग्र विकासमा योगदान पुर्याउन सक्छ।

### २.३.३ खानेपानी तथा सरसफाइ

यस पालिकाले **"एक घर एक धारो"** नीतिलाई पूर्णरूपमा कार्यान्वयन गर्न खानेपानीका पुराना आयोजनाहरूको मर्मत पुनर्स्थापना एवं नयाँ आयोजनाहरूको कार्यान्वयन गर्न विभिन्न खानेपानी योजनाहरू सञ्चालनमा ल्याएको छ । गाउँपालिकामा बिच्छ्या वस्ति खानेपानी निर्माण योजना, दखली खानेपानी निर्माण, बौडीदेखि चौका खानेपानी निर्माण, गुम्बा खानेपानी निर्माण योजना, दलित वस्ति खानेपानी निर्माण योजना, नया देक्तख गाउँसम्मको योजना, बालाफुगी खानेपानी निर्माण योजना, र छिहीडे मुहान खानेपानी मर्मत योजना लागू गरीएको छ ।

साथै, यस पालिकामा पानी मुहान क्षेत्रको क्षेत्रफल ३५ हेक्टर छ भने संरक्षित खेतबारीको क्षेत्रफल २० हेक्टर रहेको छ । प्रयोग गरीएको जलस्रोत कुल जलस्रोतको अनुपात २१ प्रतिशत छ । पुनर्स्थापित क्षतिग्रस्त भूमिको क्षेत्रफल पनि उल्लेखनीय छ । नदी नियन्त्रण र उकासबाट संरक्षित जमीनको क्षेत्रफल १० हेक्टर छ । नदी नियन्त्रणको लम्बाई ५ किमी छ भने स्पर तथा बाँध, चेकडयाम पनि ५ किमी लम्बाईमा रहेका छन्। संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्रको क्षेत्रफल ५० हेक्टर छ ।

गाउँपालिकाले संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्रको व्यवस्थापनमा पनि काम गरीरहेको छ । वायोइञ्जिनियरिङ प्रविधिको प्रयोग गरी संरचनाको व्यवस्थापन र व्यवस्थित संरक्षणका साथै चश्मा पोखरीको व्यवस्थापनमा पनि पालिकाले काम गरीरहेको छ । यसरी, खानेपानी योजना र जलस्रोत व्यवस्थापनमा गरीएका प्रयासहरूले पालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान पुर्याएको छ ।। *(स्रोत गाउँपालिका प्रोफाईल )*

## २.३.४ युवा, खेलकुद तथा कला

यस पालिकाले हिमाली गाउँपालिकाको खेलकूद क्षेत्रको विकास गर्न "स्वास्थ्यको लागि खेलकूद, राष्ट्रका लागि खेलकूद" भन्ने मूल नारालाई साकार पार्न विभिन्न प्रयासहरू गरीरहेको छ । गाउँपालिकाले राष्ट्रपति रनिङ्गशिल्ड खेलकूद प्रतियोगिता लगायत अन्य अतिरिक्त क्रियाकलापहरू संचालन गरेको छ । गाउँपालिकाले युवा स्वरोजगारी तथा खेलकुद विकासको नीतिलाई आत्मसात गर्दै, युवा स्वरोजगार कार्यक्रमका अतिरिक्त आत्मनिर्भरताका अवसरहरू सृजना हुने गतिविधि सञ्चालन गरेको छ ।

गाउँपालिकाभित्र सक्रिय युवा क्लबको संख्या ७ रहेको छ, जसले मुख्य रूपमा खेलकुद तथा सामाजिक कार्यमा योगदान पुर्याएको देखिन्छ। एक वडा एक खेल मैदानको नीति लिएको यस क्षेत्रमा राष्ट्रिय तथा जिल्ला स्तरका गरी २ जना खेलाडीहरू पनि रहेका छन्। यद्यपि, युवाको रोजगारी तथा खेलकुदको व्यावसायिकताको क्षेत्रमा धेरै प्रयासहरू भइरहेता पनि आशातित उपलब्धी हासिल हुन सकेका छैनन्।

त्यसै गरी, गाउँपालिकाभित्र बसोबास गर्ने खेलाडीहरूको क्षमता अभिवृद्धिका लागि पालिकाले खेल मैदानहरू पनि निर्माण गरेको छ । खेलकुद गतिविधिहरूले स्वास्थ्यलाई प्रोत्साहन गर्नका साथै युवाहरूको सक्रियता र आत्मनिर्भरता वृद्धि गर्ने लक्ष्य राखेको छ । यस प्रकार, हिमाली गाउँपालिकाले खेलकुद क्षेत्रको विकासमा ठोस कदमहरू चाल्दै आएको छ ।

# २.४ पुर्बाधार तथा शहरी विकासको अवस्था

यस पालिकाले गाउँपालिकामा पूर्वाधार विकास गरी समृद्ध हिमाली गाउँपालिका बनाउने क्रममा विभिन्न ठोस कदमहरू चाल्दै आएको छ । क्रमशः गाउँपालिका क्षेत्रभित्र रहेका काठे एवम् ढुङ्गे पुलहरुलाई विस्थापित गर्दै बाँकी रहेका सुप, सिमपानी, जाँली र छिम्दु लगायतका स्थानहरूमा झोलुंगे पुल निर्माण गरीएको छ । हिमाली गाउँपालिकाका सबै वस्तीलाई सडक सञ्जाल जोड्नको लागि सडक, गोरेटो बाटो तथा पुल निर्माण गर्ने कार्यहरू तीव्र गतिमा अगाडि बढाइएको छ । साथै, गोरेटो र घोरेटो बाटोहरूको मर्मत कार्य पनि सम्पन्न भएको छ ।

हिमाली उज्यालो अभियान अन्तर्गत, गाउँपालिकामा निर्माण भएको कवाडी लघु जलविद्युत् आयोजना र निर्माण हुँदै गरेको बिच्छया खोला लघु जलविद्युत् आयोजना निर्माण कार्यमा प्राथमिकता दिइएको छ । यसबाहेक, धुलाचौर, बोल्डीक, धिम र क्युडीमा विद्युत् लाइन विस्तार गरी ती स्थानहरूमा उज्यालोको प्रबन्ध मिलाउने काम पनि भइरहेको छ । यसरी, गाउँपालिकाले पूर्वाधार विकासका विभिन्न योजनाहरूलाई कार्यान्वयनमा ल्याई समृद्ध हिमाली गाउँपालिका निर्माणमा उल्लेखनीय योगदान पुर्याइरहेको छ ।

## २.४.१ वस्ती, आवास, भवन तथा सार्बजनिक निर्माण

यस पालिकाले वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणतर्फ हिमाली गाउँपालिकाको केन्द्र धुलाचौर बजार क्षेत्र र आसपासका बस्तीहरूको लागि कर्णाली नदीबाट पानी तान्ने र पानी शुद्धीकरण गरी बजारलाई खानेपानी वितरण गर्ने योजना बनाएको छ । बस्ती व्यवस्थापनका लागि हिमाली गाउँपालिकालाई सिसामुक्त गाउँपालिका बनाउनुको साथै, गाउँपालिका अन्तरगत पर्ने बजार क्षेत्र धुलाचौर र कवाडीमा डम्पिङ साइट निर्माण गर्ने कार्य भइरहेको छ ।

सार्वजनिक धारा तथा शौचालय निर्माण गर्ने योजनाअन्तर्गत, धुलाचौर बजार क्षेत्रमा फोहर संकलन गर्न कन्टेनरहरू राखी व्यवस्थापन गरीएको छ । यसरी, गाउँपालिकाले वस्ती तथा सार्वजनिक निर्माणमा महत्वपूर्ण कार्यहरू सम्पन्न गर्दै समृद्ध हिमाली गाउँपालिका निर्माणतर्फ अघि बढिरहेको छ ।

## २.४.२ सडक, पुल तथा यातायात

यस पालिकाले सडक, पुल तथा यातायात अन्तर्गत विभिन्न कामहरू सुरु गरेको छ । हालसम्म ग्राभेल सडकको लम्बाई ५६ किलोमिटर रहेको छ भने धुले सडकको लम्बाई १५ किलोमिटर रहेको छ । सहायक नदीमा ५ वटा झोलुङ्गे पुलहरू निर्माण गरीएको छ र यातायात सुचारु सडकको लम्बाई ४६ किलोमिटर रहेको छ । पालिकामा संचालित ४ पाँग्रे यातायातका साधनहरूको संख्या ४ रहेको छ ।

यद्यपि, पालिकामा संचालित ३ पाँग्रे यातायातका साधन र विद्युतीय यातायातका साधनहरूको उचित व्यवस्थापन हुन सकेको छैन। सडक नालीको लम्बाई, नियमित मर्मत संभार भएको सडकको लम्बाई, वायोइञ्जिनियरिङ्ग प्रविधीको प्रयोग, सडक साइड वृक्षारोपण, र व्यवस्थित ढल व्यवस्थापनमा अझै पनि सुधारको आवश्यकता रहेको छ । यसका लागि पालिका निरन्तर प्रयासरत रहेको छ । यसरी, पालिकाले सडक, पुल तथा यातायात क्षेत्रको विकासमा विभिन्न योजनाहरूलाई कार्यान्वयन गर्दै आएको छ ।

## २.४.३ बिधुत तथा बैकल्पिक उर्जा

यस पालिकाले विद्युत विस्तारको कार्यलाई प्राथमिकता दिएको छ । यद्यपि, केन्द्रीय प्रसारण लाइनसँग पालिका जोडिएता पनि, यस पालिकाको ग्रामीण क्षेत्रमा विद्युत विस्तार हुन सकेको छैन। बैकल्पिक उर्जाको रुपमा, पालिकाले सोलार बत्तीको प्रयोगलाई प्रोत्साहन गरेको छ । खाना पकाउनका लागि ९८ पतिशत परिवारले दाउराको र २ पतिशत परिवारले एलपीजी ग्यासको प्रयोग गर्ने गरेको पाइएको छ ।

पालिकाभरि विद्युत पोलहरू विस्तार गर्दै विद्युत लाइनलाई विस्तार गर्ने काम जारी छ । यस कार्यले स्थानिय स्तरमा उज्यालो पुर्याउन र ग्रामीण जीवनस्तर सुधार्न महत्वपूर्ण भूमिका खेल्नेछ । पालिकाले यस क्षेत्रमा निरन्तरता दिनका लागि आवश्यक पूर्वाधार निर्माण र व्यवस्थापनका कार्यहरूलाई तीव्रता दिएको छ ।

### २.४.४ सूचना, संचार तथा प्रबिधि

यस पालिकाले सूचना, संचार तथा प्रबिधिको विकासका लागि विभिन्न कदमहरू उठाएको छ । दुर्गम तथा पिछडिएको क्षेत्रका नागरीकहरुलाई टेलिफोनको पहुँचमा ल्याउन हिमाली गाउँपालिका वडा नं १ विच्छयाँ, वडा नं ५ कुवाडी, वडा नं ६ पाँडी, र वडा नं ३ गुम्बामा फोनको टावर निर्माण गर्नका लागि आवश्यक व्यवस्था मिलाइएको छ । यसले गर्दा गाउँका नागरीकहरूलाई संचार सेवामा पहुँच पुर्याउन मद्दत गरेको छ ।

मोबाइल इन्टरनेट प्रयोगकर्ताको संख्या दिन प्रति दिन बढ्दै गएको छ । हाल पालिकामा मोबाइल प्रयोगकर्ताको संख्या ४५ प्रतिशत रहेको छ । तर, पालिकामा टेलिभिजन र स्थानीय पत्रपत्रिका प्रकाशन नभएको र एफएम प्रशारण पनि नभईरहेको अवस्था छ । सूचना र संचारका यी सुविधाहरू विस्तार गर्ने योजना पालिकाले बनाउँदै आएको छ ताकि सबै नागरीकहरूले आधुनिक संचार सेवाको लाभ लिन सकून्।

## २.५ बन, वातवरण तथा बिपद, जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

मानव, वन तथा वातावरण बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । नेपालको संविधान धारा ३० मा स्वच्छ वातावरणमा बस्न पाउने हकलाई नागरीक मौलिकहकको रूपमा संरक्षण गरेको छ । वातावरण संरक्षणलाई थप मजबुत बनाउनका लागि स्थानीय सरकार संचालन ऐनले वन जंगल वातावरण पर्यावरण जलाधार र जैविक बिबिधता विषयको स्थानीय नीति, कानून, योजना, मापदण्ड बनाई कार्यान्वयन गर्ने अधिकार स्थानीयतहहरुलाई प्रदान गरेको छ ।

हिमाली गाँउपालिकामा रूख विरूवाले ढाकेको वा हरियाली वा वन क्षेत्र ८४५८ हेक्टर, संरक्षित तथा व्यवस्थित वन क्षेत्र १४४० हेक्टर, संरक्षित तथा चरन क्षेत्र ६४४ हेक्टर, संरक्षित भू–क्षय र बाढी संवेदनशील क्षेत्र संख्या २२, उत्पादित काठ क्यूफिट ५०००, उत्पादित दाउरा क्विन्टल, उत्पादित गैहृकाष्ठ वन पैदावर क्यूफिट २०००, वनमा आधारित उद्योग तथा व्यवसाय संख्या ५ र त्यसै गरी वन जन्य उद्योग तथा व्यवसायमा रोजगारीमा संलग्नको संख्या १५ रहेको छ । *(गाउँपालिकाको प्रोफाईल)*

### २.५.१ वन तथा जैविक बिबिधता

समुद्र सतहबाट ५८० मिटरको उचाई देखि ३००० मिटर उचाई भएको यस गाउँपालिकाको हावापानीका विभिन्न रुपहरु पाइन्छन् । हिमाली गाउँपालिकाको पहाडी तथा उच्च भागहरुमा तापक्रम हिउँद याममा सरदर-३ से. रहन्छ, जबकी खोंच तथा टारहरुमा हिउँदमा २० से. तापक्रम रहन्छ गृष्म याममा २०-३० से. सम्म तापक्रम रहन्छ ।यस पालिकाको माथिल्लो क्षेत्रहरुमा खोटे सल्लो, बाँज, फलाट, गुराँस रहेका छन भने तल्लो क्षेत्रमा साल सिसौ खयर सिमल अमला हर्रो वर्रो आदि प्रजातिको वाहुल्यता रहेको छ । केहि क्षेत्रमा कटुस, बास, गुँरास उत्तिस आदि पाइन्छन । यहाँको जंगलमा भाँलु, बदेल, स्याल, चितुवा, बाँदर, मृग ब्वाँसो, दुम्सी खरायो पाइनुका

साथै चराचुरुङ्गिहरुमा कालिज, च्याखुरा, ढुकुर, हलेसो, चिल, गिद्ध, लाटोकोसेरो, तित्रा, कोइली आदि प्रमुख छन । यहाका बनहरुमा पाइने जडिवुटीहरूमा रिट्ठा, किरा, अमला, हर्रो वर्रो, बोझो, काउलो प्रमुख रहेका छन ।

यस पालिकाको वनको व्यवस्थित सामुदायिक तथा कबुलियती वन क्षेत्र १४४३ हेक्टर, सरकारद्धारा व्यवस्थित वन क्षेत्र ६४३२ हेक्टर, निजी वन क्षेत्र १६५ हेक्टर, वृक्षारोपण क्षेत्र ९०० हेक्टर, आयमूलक कार्य संचालित वन क्षेत्र ७०० हेक्टर, जैविक विविधता युक्त क्षेत्र २००० हेक्टर, गैरकाष्ठ वन पैदावारहरुको व्यवसायिक खेती गरीएको अद्यावधिक क्षेत्रफल ४०० हेक्टर रहेको छ ।

वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने नीति यस पालिकाले लिईयको छ । यस दिशामा कदम बढाउन लागि हाम्रो सक्रिय सहभागिता र समर्थन चाहिएको छ ।। *(स्रोत गाउँपालिका प्रोफाईल )*

## २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

यस पालिकाले भूसंरक्षण तथा जलाधार व्यवस्थापनका लागि बिभिन्न भूमिका निवार्ह गर्दै आइरहेको छ । यस पालिकाको संरक्षित पानी मुहान क्षेत्र हेक्टर ३५, संरक्षित खेतबारीको क्षेत्रफल हेक्टर २०, प्रयोग गरीएको जलस्रोतसँग कुल जलस्रोतको अनुपात १० हेक्टर, पुनरुथापित क्षतिग्रस्त भूमिको क्षेत्रफल १५ हेक्टर, नदी नियन्त्रण र उकासबाट संरक्षित जमीन हेक्टर १०, नदी नियन्त्रण लम्बाई किमी ५, स्पर तथा बाँध, चेकड्याम किमी ५, संरक्षित भू–क्षय र बाढी संवेदनशील क्षेत्र हेक्टर ५०, संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र हेक्टर ७ र व्यवस्थित संरक्षण तथा च्ष्मनभ पोखरी संख्या ४ रहेको छ ।

## २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

बाजुराको हिमाली गाउँपालिका वातावरण व्यवस्थापन र जलवायु परिवर्तनको अनुकूलनमा अन्य गाउँपालिकाहरुसंग मिल्दोजुल्दो रुपमा रहेको छ । यस क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव चुनौतीपूर्ण रहेको छ । बर्षा, भूकम्प, हिमपात, हावाहुरी, चट्याङ र वातावरणीय परिवर्तनले गाउँपालिकाको विकास र जीवनशैलीमा अत्यधिक प्रभाव पार्दै आएको छ ।

यस पालिकामा मनोरञ्जनस्थल, पार्क, र हरित क्षेत्र संख्या २ वटा रहेका छन्। प्रयोग भएका फोहोरमैला व्यवस्थापन प्रणाली संख्या १, कम्पोस्टविन- र गार्भेजपिट प्रयोग गर्ने परिवार संख्या २००-, निष्काशित फोहोरमैलाको औसत प्रमाण मिटन ३८००, परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी संख्या ३६००, प्रशोधन गरीएको फोहोरमैला अनुपात प्रतिशत २, नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी प्रतिशत १०, र घरभित्रको धुवाँमुक्त घरधुरी प्रतिशत १५ प्रयोग भएको छ ।

विकासका कार्यक्रमहरुको कार्यान्वयनमा वातावरणीय असरले अहम भूमिका खेलेको छ । बेमौसमि वर्षा, असिना पानी, चट्याङ, पहिरो तथा हिमपातले गर्दा यहाका जनताहरुले चुनौतिको सामना गर्नु पर्ने अवस्था रहेको छ ।

गाउँपालिका विकास योजना र कार्यक्रमहरूमा जलवायु परिवर्तनको प्रभावलाई लिएर अनुकूलनको लागि विभिन्न कार्यक्रमहरुलाई प्राथमिकता दिएको छ । योजानाहरुको छनौट तथा कार्यान्वयनका लागि समुदायका सदस्यहरूसँग योजना बनाउने प्रक्रिया विकास गर्न आवस्यक रहेको छ ।

### २.५.४ महामारी तथा बिपद व्यवस्थापन

संविधानले विपद व्यवस्थापनलाई तीनै तहका सरकारका अधिकार क्षेत्र भित्र समावेस गरेको छ । स्थानिय सरकार सञ्चालन ऐनले विपद व्यवस्थापनको नीति कानून मापदण्ड योजना बनाई कार्यान्वयन अनुगमन नियमन गर्ने लगायत विपद व्यवस्थापनका विविध अधिकार स्थानीयतहलाई जिम्मेवार तुल्याएको छ । माहामारी, बाढीपहिरो, नदी तथा खोला कटान, हावाहुरी चट्याङ आदि प्रमुख प्रकोपहरुले यसपालिकामा धनजनको क्षेति पुर्याउने गरेको छ । विपदसंग लड्न पालिकाले विपद व्यस्थापन कोषको स्थापना तथा यसको संचालन कार्यविधि पनि निर्माण गरेको छ ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

संविधानको अनुसचि ८ मा रहेको स्थानीय तहको एकल अधिकारको सूची र अनुसुचि ९ मा रहेको साझा अधिकारको सूची तथा सो को आधारमा नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत कार्य विस्तृतिकरण समेतको आधारमा स्थानीय तहको अधिकार तथा योजना कार्यान्वयनका लागि गाउँपालिकाले आवस्यकता र पहिचानका आधारमा विभिन्न ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा रहेका छन । संविधान तथा प्रचलित कानून अनुसार गाउँसभाबाट न्यायिक समिति, बिधायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भइ तत्ससम्बन्धि बिषयमा कृयासिलता उन्मुख रहेका छन । साथै समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामुलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट, नीति तथा कार्यक्रमलाई स्थानीय पत्रपत्रिका, वेबसाइट तथा सूचनापाटी मार्फत सार्वजनिक गर्ने अभ्यास निरन्तररुपमा भइरहेको छ ।

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

हिमाली गाउँपालिकाले स्वीकृत गरेका कानून तथा नीति संख्या १६, ऐन संख्या १४, नियम तथा विनियम, निर्देशिका कार्यविधि र मापदण्ड संख्या १७, क्रियाशील नीतिगत समिति तथा संयन्त्र ९ बिधायन, शुसासन, लेखा, राजस्व योजना तथा बजेट तर्जुमा अनुगमन आदि संख्या ६, अभ्यास गरीएका सामाजिक जवाफदेहिताका औजारका प्रकार ९ क्षतिपूर्ति सहितको नागरीक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, समुदाय स्कोर कार्य आदि संख्या ५ वटा सञ्चालन गरीएको छ ।

## २.६.२ संगठनात्मक विकास



## २.६.३ स्रोत परिचालन

**तालिकानं २.१ स्रोत परिचालन**

| बजेट शिर्षक | एकाई | यथार्थ | अनुमानित | लक्ष्य ( ५ वर्ष ) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ (पहिलो वर्ष) | आ.व. २०८२/०८३ (दोश्रो वर्ष) | आ.व. २०८३/०८४ (तेश्रो वर्ष) | आ.व. २०८४/०८५ (चौथो वर्ष) | आ.व. २०८५/०८६ (पांचौ वर्ष) | जम्मा पाँच वर्षको |
| **क. नेपाल सरकार तर्फ** | | | | | | | | | |
| राजस्व बाँडबाँड प्राप्त रकम | रु. हजारमा | ८३९६९ | ८२२७८ | ८४७४७ | ८७२८९ | ८९९०८ | ९२६०५ | ९५३८३ | |
| समानीकरण बापत प्राप्त रकम | रु.हजारमा | ८४६०० | ७४५०० | ७९७१५ | ८५२९५ | ९१२६६ | ९७६५४ | १०४४९० | |
| सशर्त अनुदान बापत प्राप्त रकम | रु.हजारमा | १२९८०० | ११२३०० | १२०१६१ | १२८५७२ | १३७५७२ | १४७२०२ | १५७५०७ | |
| समपूरक अनुदान बापत प्राप्त रकम | रु.हजारमा | १८००० | १०००० | १०७०० | ११४४९ | १२२५० | १३१०८ | १४०२६ | |
| बिशेष अनुदान बापत प्राप्त रकम | रु.हजारमा | १६००० | ७५०० | ८०२५ | ८५८७ | ९१८८ | ९८३१ | १०५१९ | |
| **जम्मा (संघबाट)** | **रु.हजारमा** | **३३२३६९** | **२८६५७८** | **३०३३४८** | **३२११९२** | **३४०१८४** | **३६०४०१** | **३८१९२४** | |
| **ख. प्रदेश सरकार तर्फ** | | | | | | | | | |
| राजस्व बाँडबाँड प्राप्त रकम | रु.हजारमा | १६२० | १७२४ | १७७६ | १८२९ | १८८४ | १९४० | १९९९ | |
| समानीकरण बापत प्राप्त रकम | रु.हजारमा | ५५८१ | ५८७१ | ६२८२ | ६७२२ | ७१९२ | ७६९६ | ८२३४ | |
| सशर्त अनुदान बापत प्राप्त रकम | रु.हजारमा | ० | ० | 0 | 0 | 0 | 0 | 0 | |
| समपूरक अनुदान बापत प्राप्त रकम | रु.हजारमा | ४००० | १३६१३ | १४५६६ | १५५८६ | १६६७७ | १७८४४ | १९०९३ | |
| बिशेष अनुदान बापत प्राप्त रकम | रु.हजारमा | २५०० | ५००० | ५३५० | ५७२५ | ६१२५ | ६५५४ | ७०१३ | |
| **जम्मा (प्रदेशबाट)** | **रु.हजारमा** | **१३७०१** | **२६२०८** | **२७९७४** | **२९८६१** | **३१८७८** | **३४०३४** | **३६३३९** | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ग. आन्तरिक आय | रु.हजारमा | २९१० | ३०५० | ३३५५ | ३६९१ | ४०६० | ४४६६ | ४९१२ | |
| घ. अन्य आय (अल्या) | रु.हजारमा | ८६९० | १४८७९ | १४८७९ | १४८७९ | १४८७९ | १४८७९ | १४८७९ | |
| गाउँपालिका को कूल बार्षिक बजेट | रु.हजारमा | ३५७६७० | ३३०७१५ | ३४९५५५ | ३६९६२२ | ३९१००० | ४१३७७९ | ४३८०५४ | १९६२०११ |
| गाउँपालिका को बार्षिक वास्तविक खर्च रकम (आ.व. २०७९/०८०) -८३.३४% | | | | | | | | | |

### २.६.४ योजना व्यवस्थापन

विकासलाई एक निश्चित सोच, लक्ष्य तथा उद्देश्य तर्फ डो¥याउन योजनावद्ध विकास आवश्यक पर्छ भने तथ्य परक योजना तर्जुमाको लागि व्यवस्थित तथ्याङ्क प्रणालीको विकास आवश्यक पर्छ । स्थानीय सरकार संचालन ऐनको दफा २४ ले पनि स्थानीय तहले विभिन्न किसिमका योजना बनाई कार्यान्वयन गर्नुपर्ने कुरा उल्लेख गरेको छ । यो गाँउपालिका विगतका केहि गाँबिसहरु सम्रचना भई नयाँ गठित गाउँपालिका भएकोले यसको लागि यो आवधिक योजना तर्जुमा नयां अभ्यास हो । यो योजना आन्तरिक तथा वाह्य स्रोत परिचालन र वार्षिक योजना तर्जुमाको आधार तथा भविष्यका आवधिक तथा रणनीतिक योजनाको पथ प्रदर्शक हुने अपेक्षा गरीएको छ ।

साथै हाल सम्ममा यो पालिकाको तथ्याङ्कको कमी, योजनागत अनुभवको कमी, दक्ष जनशक्तिको अभाव, प¥याप्त नीतिगत एवं कानूनी व्यवस्थाको अभाव, कमजोर संस्थागत पूर्वाधार, अन्तर सरकार र अन्तर निकाय वीच समन्वयको कमी आदि यस क्षेत्रका प्रमुख समस्या हुन ।

त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था हुनु, नयां भएकोले केही गरेर उदाहरणीय हुन सकिने अवस्था हुनु, घरधुरी सर्वेक्षण वाट तथ्याङ्कको आधार प्राप्त हुनु, जनप्रतिनिधिमा योजनावद्ध विकास प्रति उत्साह हुनु, विकासका सम्भावना लाई प्राथमिकीकरण गर्ने अवस्था प्राप्त हुनु, संघीय योजना र दिगो विकासका लक्ष्यहरु तथा अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई योजना प्रणालीमा आवद्ध गर्नु, आदि यस क्षेत्रका प्रमुख राम्रा अभ्यास पनि हुन ।

# परिच्छेद -३

## सोच तथा विकासको अवधारणा

### ३.१ पृष्ठभूमि

आधारभूत तथा आधुनिक सेवामा स्थानीय बासिन्दाको पहुँच न्यून हुनु, दिगो विकासका लागि वित्तीय सङ्घीयता अनुरूप आन्तरिक स्रोत परिचालन हुन नसक्नु, व्यवस्थित, सुविधायुक्त एकीकृत र उत्थानशील पूर्वाधार तथा सुविधाको विकास र विस्तारमा लगानी कम हुनु, नवप्रवर्त्तन, उद्यमशीलता र रोजगारीवृद्धिमा लगानी कम हुनु तथा यस तर्फसङ्घ र प्रदेश सरकारको कम ध्यान जानु यस गाउँपालिकाको सेवा प्रवाह तथा विकासका प्रमुख समस्याका रूपमा रहेका छन् । यसैगरी वातावरणीय ह्रास र जलवायु परिवर्तनको कारण विपदको जोखिममा वृद्धि हुनु, स्वच्छ खानेपानी, सरसफाई सुविधा तथा स्वच्छ उर्जाको उपलब्धता न्यून हुनु, सेवा प्रवाह, उत्पादन, सेवा तथा वस्तुको बजारीकरणमा सूचना प्रविधिको प्रयोग हुन नसक्नु, कृषि, पशु तथा वनजन्य उपजको उत्पादन, विविधीकरण र औद्योगिकीकरण हुन नसक्नु,आम नागरिक विशेष गरी पछाडि परेको वर्ग तथा क्षेत्रको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा सकारात्मक परिवर्तन नदेखिनु समेत गाउँपालिकाको समष्टिगत विकासका समस्याका रूपमा देखिएका छन् । एवम् प्रकारले युवाशक्ति पलायन, बसाइसराइ गरी जाने जनसंख्यामा वृद्धि र जनसाङ्ख्यिक लाभको उपयोग हुन नसक्नु,उत्पादन, रोजगारी र पूर्वाधार लगायत प्राथमिकताका क्षेत्रमा नेपाल सरकार, प्रदेश सरकार, सङ्घ/संस्थाको लगानी कम हुनु, उपलब्ध सार्वजनिक स्रोतको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गर्न नसक्नु गाउँपालिकको विकासका समष्टिगत चुनौतीका रुपमा रहेका छन् ।

जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्नु, यातायात सुविधामा विश्वसनीय तथा सहज पहुँच कायम गर्नु, जनशक्ति पलायन कम गर्नु, विश्वव्यापी आर्थिक शिथिलताको प्रभाव कम गर्नु, विश्वव्यापी तापमान वृद्धिको असर कम गर्नु,हिमतालतथाहिमनदी विस्फोटको जोखिम कम गर्नु, प्रदूषण नियन्त्रण तथा वातावरणीय स्वच्छता कायम गर्नु, विपद् जोखिम न्यूनीकरण गर्नु र  विकासमा अन्तरसरकार, निजी क्षेत्र, समुदाय तथा गैससँगको साझेदारीमा वृद्धि गर्नु यस गाउँपालिकाका अन्य चुनौतीका रुपमा रहेका छन् ।

### ३.२ प्रमुख समस्या तथा चुनौती

१. वडा नम्बर १, २ र ३ हिमालि क्षेत्र भएकाले उपयुक्त हावापानी अनुसार जडीबुटी, पशुपालन, फलफूल फार्म, व्यवसयिक आलु उत्पादन पकेट क्षेत्र आदि जस्ता ठोस योजना तय गरी कार्यन्वयन गर्न नसक्नु,
२. जडिबुटी प्रसोधन केन्द्र स्थापन गर्न नसक्नु,
३. यस पालिकामा पाईने जडिबुटीको संरक्षण तथा ब्यापक जानकारी गराउनु नसक्नु,
४. मानवीय श्रोतको दक्षता र गुणस्तर अभिवृद्धि र उत्पादकत्व बढाउनु पर्ने,

५. उपलब्ध प्राकृतिक श्रोत साधानको सम्बर्धन तथा दीगो रुपमा प्रयोग गर्नु पर्ने,
६. भौगोलिक अवस्था तथा भुबनोट अनुसारको उत्पादन कार्यक्रमको प्रवर्धन गर्नुपर्ने,
७. कृषि, पशुपालन तथा फलफुलको उत्पादन र उत्पादकत्व अभिवृद्धि र मुल्यङ्ग अभिवृद्धि गर्नु पर्ने,
८. जैविक, भौगोलिक, सामाजिक, सांस्कृतिक तथा हावापानीगत विविधताको दीगो उपयोगद्वारा गाउँपालिकालाई ग्रामीण तथा हरित पर्यटकीय केन्द्रको रुपमा विकास गर्नु पर्ने,
९. बाझों बन्दै गएको जमिनको उत्पादनमुखी उपयोग,
१०. विधि खालका ऐतिहासिक तथा सांस्कृतिक सम्पदा सम्बर्धन र संरक्षण गर्नु पर्ने,
११.उत्तर तथा दक्षिण दुवैतर्फको पहुंच सुविधाको प्रवर्धन गर्नु पर्ने,
१२.लक्ष्य हासिल गर्नेगरी नयां संरचनाको निर्माण तथा उपलब्ध संरचानहरुको समुचित प्रयोग गर्नु पर्ने,
१३.लगानी तथा प्रविधिको प्रयोगमा बढोत्तरी र उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धिङ्ग गर्दै उत्पादित वस्तुको बजार माथिको पहुंच बढाउनु पर्ने ।
१४.थप भौतिक संरचनाको निर्माण र भएका संरचनाको स्तरोन्नति तथा संभार गर्ने ।
१५.पर्यटकीय गन्तव्यहरुको उपयोग गरी आर्थिक क्रियाकलापमा बढोत्तरी गर्ने ।
१६.राजस्व सुधार योजनाले देखाएका सम्भाव्य राजस्वका स्रोत अनुसार राजस्व असुलीमा सकृयता नरहनु
१७.बर्तमान संगठन संरचना अनुसारको कर्मचारी दरबन्दी सबै परिपूर्ति नहुनु ।
१८.सहकारी र कतिपय गैरसरकारी संस्थाहरूका कार्यक्रम र बजेट नगरपालिकाको योजना प्रक्रियामा समावेश हुन नसक्नु ।
१९.गाँउपालिकाका समितिहरू आफ्नो कार्य सम्पादनमा अझै सकृय हुन नसक्नु ।
२०.बिद्युत् सेवाको वहु उपयोग (उद्योग, व्यवसाय र खाना पकाउन आदि) हुन नसक्नु ।
२१.दाउराको अत्यधिक उपयोगले वनमा दवाव बढ्नु ।
२२.स्थानीय अनुकुलन कार्ययोजना पारित गरी कार्यान्वयनमा ल्याउन नसकिनु ।
२३.विधिक शिक्षाको विकास हुन नसक्नु र रोजगारीसँग शिक्षाको सम्बन्ध कायम हुन नसक्नु ।
२४.सुशासनका सबै औजारको प्रभावकारी कार्यान्वन हुन नसक्नु ।
२५.योजना तथा अनुगमन प्रणाली व्यवस्थित हुन नसक्नु र स–साना योजनाको बाहुल्यता रहनु ।
२६.अधिकांश नागरिकको पेशा कृषि भएता पनि खाद्यान्न, फलफूल, तरकारी, मासु, दूध आदिमा आत्मनिर्भर हुन नसक्नु ।
२७.सिंचाई योग्य कृषि भूमिमा सिंचाई सुविधा पुर्याउन नसकिनु ।
२८.एकघर एक धारा र एक चर्पिको लक्ष्य पूर्ति गर्न नसकिनु ।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

(क)मानवीय तथा प्राकृतिक साधानको प्रचुर उपलब्धता,
(ख)कृषि, पशुपालन, फलफुल तथा जडिबुटीको उत्पादनको प्रचुर संभावना,

(ग) समग्र दृष्टिले पर्याप्त जमिनको उपलब्धता,

(घ) जैविक, भौगोलिक, सामाजिक, सांस्कृतिक हावापानीमा विविधता,

(ङ) सम्पत्तिमा स्वामित्व तथा आर्थिक विषय बारे निर्णय गर्ने दृष्टिकोणबाट महिला शशक्तिकरणमा क्रमशः अभिवृद्धि हुंदै गएको अवस्था,

(च) विविध खालका सांस्कृतिक सम्पदाको उपलब्धता,

(छ) उत्तरमा उच्च पहाड तथा हिमाली र दक्षिण भेग पक्की र कच्ची सडक मार्फत तराईसम्मको पहुंच,

(ज) प्राकृतिक सौन्दर्यता तथा सांस्कृतिक सम्पदाको उपलब्धताले पर्यटन विकासको संभावना,

(झ) पर्यटकीय गन्तव्य र स्थानहरु प्रर्याप्त रहेको अवस्था ।

(ञ) सामाजिक तथा सरसफाई सम्बन्धी चेतनामा अभिवृद्धि हुँदै गएको ।

## ३.४ निर्देशक सिद्धान्त

(क) दिगो तथा योजनाबद्ध विकास

(ख) उत्पादनमूखी, आत्मनिर्भर र उन्नत अर्थतन्त्र

(ग) आर्थिक विकासमा तीनखम्बे (सार्वजनिक, निजी र सहकारी) अग्रसरता

(घ) गुणस्तरीय सेवाप्रवाह

(ङ) मानवविकास तथा गुणस्तरीय जीवन

(च) सामाजिक न्याय, समावेशीकरण तथा समतामूलक विकास

(छ) विपद् उत्थानशिलता तथा जलवायु परिवर्तन अनुकूलन

(ज) मानव संशाधन व्यवस्थापन तथा जनमुखी सेवाप्रबाह

(झ) सुशासन तथा सदाचार प्रबर्धन

(ञ) समन्वय, साझेदारी र सहकार्य

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

यस गाउँपालिकाको आवधिक योजना तयार गर्दा पालिकाको हाल सम्मको वार्षिक बजेट कार्यक्रम र नीति तथा विभिन्न विषय क्षेत्रगत रणनीतिलाई प्रमुख आधारको रुपमा लिइएको छ ।

### ३.५.१ गाउँपालिकाको समग्र विकासको दिर्घकालिन सोच

**स्वास्थ शिक्षा कृषि जडिबुटी पर्यटन र पुर्वाधार, औधोगीकरण सुशासन सम्बृदी हिमालीको आधारको**

### ३.५.२. गाउँपालिकाको समग्र विकासको लक्ष्य

उत्पादनशील रोजगारी, मर्यादित जीवन, समावेशी र सुशासन युक्त गाउँपालीकाको आधार निर्माण गर्ने ।

## ३.५.३ उद्देश्य

पालिकाको समग्र आर्थिक सामाजिक भौतिक तथा संस्थागत बिकासका लागि लगानी वृद्धि गरी उपरोक्त लक्ष हाँसिल गर्न देहाय बमोजिमको उद्देश्य लिइएको छ ।

९. उत्पादन, रोजगारी र आयआर्जनका अवसर प्रवर्धन गर्ने,
१०.सांस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने,
११.गुणस्तरीय स्वास्थ्य तथा शिक्षा र सभ्य समाजको आधार तयार गर्ने,
१२.बसोबास, भौतिक सुविधा तथा अन्तरआवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउने,
१३.वन, जलाधार एवम् जैविक विविधताको संरक्षण, गुणस्तर तथा दिगो प्रयोगमा अभिवृद्धि गर्ने,
१४.विकास पूर्वाधारलाई विपद् प्रतिरोधी तथा सामाजिक एवम् संस्थागत जीवनलाई उत्थानशील बनाउने,
१५.दैवी प्रकोप र मानवसिर्जित विपदबाट आर्थिक सामाजिक क्षेत्रलाई पुनः जागृत गराउने,
१६.स्थानीय सेवा तथा विकास उपलब्धीलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउने ।

## ३.५.३ परिमाणात्मक लक्ष्य

हिमाली गाउँपालिकाले यस आवधिक योजनामा तय गरेको दिर्घकालिन सोच, विकासका लक्ष्य तथा उद्देश्य, अनुरुप गाउँ क्षेत्र भित्रका उत्पादन, रोजगारी, आय, सामाजिक तथा भौतिक पुर्वाधारको विकास क्षेत्र प्रवर्धन र लगानि लगायतका सूचकहरुमा विगत आर्थिक वर्षको समिक्षाका आधारमा आगामी ५ बर्षे अवधिको समष्टीगत **परिमाणात्मक लक्ष्य** तयार गरीएको छ । खाका तयार गर्ने सिलसिलामा वार्षिक योजनाको प्रभाव र असर तहको प्रमुख नतिजा सूचकलाई समेत आधार लिइएको छ । यस पालिकाको समष्टिगत परिमाणात्मक लक्ष्य निम्न तालिकामा प्रस्तुत गरीएको छ ।

प्रमुख परिमाणात्मक लक्ष्य **"सुशासन, सामाजिक न्याय र समृद्धि"** को राष्ट्रिय सोच तथा संकल्प र सुदुरपश्चिम सरकारको प्रथम आवधिक योजना आ.व. **आधार रेखा आ.ब. २०७९/०८० सम्मको अवस्था** तथा यस पालिकाको सोच लक्ष्य उद्देश्य अनुरुप आगामि पाँच आर्थिक वर्ष अवधिको प्रमुख परिमाणात्मक लक्ष्य तथा नतिजा सूचक निर्धारण गरीएको छ । सो अनुसार समष्टिगत लक्ष्यहरुको बिद्यमान स्थिति तथा आगामि पाँच वर्षको अपेक्षित उपलब्धि तालिका ३.१ मा प्रस्तुत गरीएको छ ।

**तालिका नं. ३.१ नतिजा खाका**

| सूचक | इकाई | आधार रेखा आ.ब.०७९/०८० सम्मको अवस्था | लक्ष्य | |
|---|---|---|---|---|
| | | | २०८१/०८२ देखि २०८२/०८३ | २०८३/०८४ देखि २०८५/०८६ |
| आर्थिक वृद्धिदर | प्रतिशत | २.२४% | ३% | ३.८% |
| प्रति व्यक्ति आय | डलर | ७५० | १००० | १२०० |

| | | | | |
|---|---|---|---|---|
| निरपेक्ष गरीबी | प्रतिशत | २५% | २०% | १०% |
| रोजगार दर | प्रतिशत | २०% | ३० | ४० |
| कोभिड पछी बेरोजगार | संख्या | ४७०० | ० | ० |
| कोभिड अघिबेरोजगार | संख्या | ४१०० | | |
| बेरोजगार | प्रतिशत | ४७% | ३५% | ३०% |
| बैदेशिक रोजगार | प्रतिशत | २०% | २५% | ३०% |
| विप्रेषण | बार्षिक रु. | ९२00000 | १0000000 | १२000000 |
| कृषि योग्य जमिन | प्रतिशत | १०.५% | १०.५% | १०.५% |
| खाद्यमा आत्मनिर्भरता ( ७ महिना भन्दा माथि पुग्ने) | प्रतिशत | ३२% | ३५% | ३६% |
| दुध उत्पादन | लि. | १६०५४ | १८००० | २०००० |
| मासु उत्पादन | कि.ग्रा. | ९२००० | १००००० | ११०००० |
| छाला उत्पादन | कि.ग्रा. | ० | ० | ० |
| सहकारी संस्था | संख्या | ६ | ८ | ८ |
| कुल सिंचाई योग्य जमिन | हेक्टर | ६६४ | ६८० | ७०० |
| हाल सिंचित जमिन | हेक्टर | ४४२ | ४५० | ५०० |
| ब्यबसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ३४२ | ५०० | ६०० |
| आलुब्यबसायिक उत्पादन क्षेत्र | हेक्टर | १५५ | १६० | १८० |
| तरकारीब्यबसायिक उत्पादन क्षेत्र | हेक्टर | १२० | १४० | १५० |
| अगुवा ब्यबसायिक कृषक | संख्या | २४० | २५० | ३५० |
| क्रियाशिक ग्रामिण कृषि कार्यकर्ता | संख्या | ७२ | ८० | १२० |
| स्थानीय ब्यबसायिक कृषि फार्म | संख्या | १८ | ४० | ५० |
| सक्रिय ब्यबसायिक कृषक समूह | संख्या | ५६ | ६० | ८० |
| खाद्यान्न (धान,मकै,गहुँर जौ)उत्पादन | मे.ट. | १८० | २०० | २५० |
| तरकारी उत्पादन | मे.ट. | ५० | ६५ | ७५ |
| फलफूलउत्पादन | मे.ट. | ५५ | ७५ | ८० |
| मह उत्पादन | मे.ट. | १ | १.५ | २ |
| कम्पोस्ट र जैविक मल उत्पादन | मे.ट. | २०० | २५० | ३०० |
| ब्यबसायिक कृषिनर्सरी | संख्या | ९ | १५ | २० |
| सक्रिय ब्यबसायिक कृषक समूह | संख्या | ५६ | ६० | ८० |
| सहकारीमा आबद्ध कृषक | संख्या | १५५ | २०० | २५० |
| कोल्ड स्टोर /क्षमता | संख्या(मे.ट.) | ० | ० | ० |
| उन्नत बिउ,जैविक मल र बिषादी प्रयोग गर्ने,आधुनिक कृषि प्रबिधि प्रयोग गर्ने | परिवार | १५८ | २०० | ४०० |
| कृषि उपज संकलन तथा बजार प्रबर्धन केन्द्र | संख्या | ० | ० | ० |
| १२है महिना सिंचाई हुने जमिन | हेक्टर | २८० | ३०० | ३५० |
| प्रयोगमा आएका सिंचाई प्रविधि (सतह,पोखरी,ड्रिप,लिफ्टआदि) | संख्या | १७ | २२ | ३० |
| सुचारु सिंचाई आयोजना | संख्या | १७ | २२ | २२ |

| | | | | |
|---|---|---|---|---|
| गैर कृषि पेशा (उद्धम,ब्यापार र जागिर) मा निर्भर | जनसंख्या | १६३२ | १८०० | २००० |
| कृषि तथा पशुपालन ब्यबसायमा संलग्न परिवार | संख्या | २८३० | २८३० | २८३० |
| कृषिउपजहरुको बार्षिक मुल्य (एकमुष्ठ)हजारमा | रु. | २८०० | ३२०० | ४००० |
| पशुपन्छी र सो जन्य उत्पादन मूल्य (बार्षिक)हजारमा | रु. | १६३० | १७०० | १७५० |
| उद्योग तथा व्यवसायमा संलग्न व्यक्ति | जना | २२५ | २५० | ३०० |
| निकासीजन्य उद्धोग | संख्या | ० | ० | ० |
| भ्रमण गर्ने बार्षिक पर्यटक (बाह्य) | संख्या | ३०० | २०० | ३०० |
| भ्रमण गर्ने बार्षिक पर्यटक(आन्तरिक) | संख्या | १५०० | ३५०० | ४००० |
| पर्यटन र सेवा मूलक व्यवसायमा संलग्न व्यक्ति | जना | ५५ | ६० | ७० |
| बैकमा खाता हुने तथा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | २०% | ३०% | ४०% |
| उत्पादन र बजारीकरण सहकारीमा आबद्ध सदस्य | संख्या | १५५ | ३०० | ३२० |
| गैर कृषि पेशा (उद्धम,ब्यापार र जागिर) मा निर्भर | जनसंख्या | १६३२ | १८०० | २००० |
| ब्यबसायिक पशुपालनमा संलग्न परिवार | संख्या | १९० | २५० | ३०० |
| बार्षिक खरिद बिक्रि भेडा,खसी,बोका | संख्या | १५०० | १८०० | २५०० |
| ब्यबसायिक पशुपालन फर्म | संख्या | ४२ | ५० | ६० |
| दुध तथा दूधजन्य उत्पादन | मे.ट. | ४०० | ५२० | ५५० |
| भुइँ घासको ब्यबसायिक उत्पादन क्षेत्र | हेक्टर | ५ | १० | ३० |
| सक्रिय पशुपालन समुह | संख्या | २८ | ३५ | ४० |
| ब्यबस्थित चरन क्षेत्र | संख्या | १५ | १५ | २० |
| नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | ० | १ | २ |
| क्रियाशील ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | २५ | ४० | ४० |
| पशुपालन सम्बन्धि उपलब्ध प्रबिधि (खोप,कृत्रिम प्रजनन,क्यास्ट्रेसन) उपयोग गर्ने घरपरिवार | संख्या | ० | १५० | २०० |
| चालु लघु उद्धोग | संख्या | ० | २ | २ |
| चालुघरेलु उद्धोग | संख्या | ० | ८ | १५ |
| चालुसाना उद्धोग | संख्या | ८ | १० | १५ |
| चालुमझौला उद्धोग | संख्या | ० | ० | १ |
| सुचारु ब्यापार ब्यबसाय | संख्या | १५८ | २०० | २०० |
| निकासीजन्य कच्चापदार्थको परिमाण | क्विन्टल | ० | ० | १ |
| उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | ३ | ३ | ३ |

| | | | | |
|---|---|---|---|---|
| उद्धम सृजना र बिकास सम्बन्धि तालिम प्राप्त उद्धमी | संख्या | १६ | २० | ३० |
| ब्यबसायिक सिपमुलक तालिम प्राप्त व्यक्ति | संख्या | ४२ | ५० | ८० |
| ब्यबस्थित पर्यटकीय स्थान तथा स्थल | संख्या | ४ | ४ | ६ |
| ब्यबस्थित होमस्टे र ग्रामिण पर्यटकीय गाउँ | संख्या | ० | १ | २ |
| उपलब्ध पर्यटकीय सेवा र सुबिधाको प्रकार (पार्क,निकुन्ज,धार्मिक सामाजिक स्थल) | संख्या | ० | ० | १ |
| पर्यटकीय स्तरको होटल तथा रेस्टुरेन्ट | संख्या | १ | ४ | ५ |
| कृषि पर्यटन संचालन स्थान | संख्या | ० | १ | २ |
| तालिम प्राप्त टुर गाइड | संख्या | ० | २ | २ |
| ब्यबस्थित बनभोज स्थल तथा पार्क | संख्या | ० | ० | २ |
| स्तरोन्नति गरीएका पर्यटकीय सम्पदा | संख्या | ० | १ | २ |
| तालिम प्राप्त कुक तथा बेटर | | १० | १५ | २० |
| संचालित तथा ब्यबस्थित पदमार्गको लम्बाई | | ० | १० | २० |
| सुचारु बैंक तथा वित्तीय संस्था | | १ | १ | २ |
| वित्तीय सहकारी | | ५ | ६ | ८ |
| ऋण लगानी परिचालन | | ५ | ५ | ७ |
| बचत परिचालन | | ५ | ५ | ७ |
| आन्तरिक पर्यटक | | १५०० | २००० | ३००० |
| बाह्य पर्यटक | | ३०० | ४०० | ५०० |
| सुचारु कृत्रिम गर्भाधान केन्द्र | | ० | १ | २ |
| दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | | ० | ० | १ |

*स्रोतः सिबिएस २०७८, गाउँपालिकाको प्रोफाईल २०८०*

### ३.५.४ रणनीति तथा प्राथमिकता

पालिकाको उपरोक्त सोच लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि तपसिल अनुसारका रणनीतिहरु अवलम्वन गरीने छ ।

(ढ) कृषि उद्यम तथा औद्योगिक क्षेत्र प्रवर्धन गर्न सकिने तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी लगानी तथा रोजगारीका अवसरहरुको सृजना गर्ने,

(ण) गाउँपालिकाको वडा नं १, २ र ३ मा ओखर, स्याउ तथा सुख्खा फलपुल फर्म स्थापना गर्ने ,

(त) बिभिन्न किसिमका कृषि अनुदानको व्यबस्था गरी विदेश तिर गएका युवा शक्तिलाई स्वदेश फिर्ता गरी कृषि पेशामा आबद्ध गराउने

(थ) चौरी गाई, भेडा, बाख्राको आधुनिक फर्म स्थापना गरी कृषको आय बृद्धि गर्ने

(द) जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्ने

(ध) खप्तड राष्ट्रिय निकुञ्ज लगायत अन्य पर्यटकीय क्षेत्रहरुको पहिचान गरी कृषि तथा धार्मिक पर्यटनलाई प्रवर्धन गर्ने,

(न) कृषि, पशुपँक्षी तथा फलफुल खेतिलाई प्रवर्धन गर्दै रैथाने बालि (कोदो, फापर) प्रवर्धनलाई जोड दिंदै व्यवसायीकरण, ब्रान्डिङ्ग र बजारीकरण गर्ने,

(ऩ) गुणस्तरीय शिक्षा, आधुनिक प्रविधिसहितको स्तरीय स्वास्थ्य सेवा, सुदृढ सरसफाई तथा स्वच्छ खानेपानीको सहज पहुच र उपभोग सुनिश्चित गर्ने,

(प) सामाजिक सुरक्षामा सुविधायुक्त र सहज पहुच सुनिश्चित गर्ने

(फ) अतिआवश्यक गुणस्तरीय प्रयोगकर्तामैत्री भौतिक पुर्वाधारहरुको विस्तार तथा स्तरोन्नती गर्ने,

(ब) विश्वमा बढदो जलवायु परिवर्तनको असरलाई न्यूनीकरणका लागि जलवायु अनुकूलनमा सहयोग पुर्याउने कार्यक्रमहरु संचालन गर्ने,

(भ) वातावरण, विपद व्यवस्थापन तथा भौतिक पुर्वाधारहरुको विकासमा सार्वजनिक, सहकारी, नीजिक्षेत्र र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धी गर्ने,

(म) संस्थागत क्षमता विकासको लागि सुशासन प्रवर्धन, गुणस्तरीय सेवा प्रवाह र राजश्वका वैकल्पिक श्रोतहरुको दायरा विस्तार गर्दै जाने ।

## ३.५.५ लगानी, स्रोत अनुमान र बाँडफाँट

हिमाली गाँउपालिकाको आवधिक योजनाको दीर्घकालीन सोच अनुसारका लक्ष्य तथा उद्देश्यहरू प्राप्तिका लागि पहिचान गरीएका कार्यक्रमहरूको प्राथमिकीकरण गरी सोको लागि आवश्यक स्रोतहरूको व्यवस्थापन गर्न सम्भाव्य स्रोतहरूको आँकलन र नयाँ स्रोतहरूको पहिचान गरी परिचालन तथा उपयोग गरीनेछ ।

(क) वित्तीय हस्तान्तरण

५. नेपालको संविधान र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनद्वारा व्यवस्था गरीएबमोजिम यस नगरपालिकालाई संघ र प्रदेशहरूबाट देहाय बमोजिमका वित्तीय स्रोतहरू हस्तान्तरण हुनेछ,

६. संघीय सरकारद्वारा वार्षिक रूपमा उपलव्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँड,

७. प्रदेश सरकारद्वारा वार्षिक रूपमा उपलव्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँड,

८. वैदेशिक अनुदान तर्फ अन्तराष्ट्रिय विकास सहायता नीति, २०७६ बमोजिम संघीय अर्थ मन्त्रालयको संयोजनमा प्राप्त हुने रकम ।

(ख) आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले प्राप्त गर्ने कर तथा गैरकरका रकमहरू ।

(ग) अन्य

पालिकाको बजेट संरचना बाहिर संघद्वारा प्रत्यायोजित कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट प्रवाहित हुने रकम र संघीय तथा प्रदेश तहबाट कार्यक्रम सहित प्राप्त हुने रकम ।

## तालिका नं. ३.२ - स्रोत परिचालन (गाउँपालिकाको आय)

| बजेट शिर्षक | एकाई | यथार्थ | अनुमानित | लक्ष्य ( ५ वर्ष ) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ (पहिलो वर्ष) | आ.व. २०८२/०८३ (दोश्रो वर्ष) | आ.व. २०८३/०८४ (तेश्रो वर्ष) | आ.व. २०८४/०८५ (चौथो वर्ष) | आ.व. २०८५/०८६ (पांचौ वर्ष) | जम्मा पाँच वर्षको |
| **नेपाल सरकार तर्फ** | | | | | | | | | |
| राजस्व बाँडबाँड प्राप्त रकम | रु. हजारमा | ८३९६९ | ८२२७८ | ८४७४७ | ८७२८९ | ८९९०८ | ९२६०५ | ९५३८३ | |
| समानीकरण बापत प्राप्त रकम | रु.हजारमा | ८४६०० | ७४५०० | ७९७१५ | ८५२९५.१ | ९१२६५.७ | ९७६५४.३०३ | १०४४९० | |
| सशर्त अनुदान बापत प्राप्त रकम | रु.हजारमा | १२९८०० | ११२३०० | १२०१६१ | १२८५७२ | १३७५७२ | १४७२०२ | १५७५०७ | |
| समपूरक अनुदान बापत प्राप्त रकम | रु.हजारमा | १८००० | १०००० | १०७०० | ११४४९ | १२२५० | १३१०८ | १४०२६ | |
| बिशेष अनुदान बापत प्राप्त रकम | रु.हजारमा | १६००० | ७५०० | ८०२५ | ८५८७ | ९१८८ | ९०३१ | १०५१९ | |
| **जम्मा (संघबाट)** | **रु.हजारमा** | **३३२३६९** | **२८६५७८** | **३०३३४८** | **३२११९२** | **३४०१८४** | **३६०४०१** | **३८१९२४** | **०** |
| **प्रदेश सरकार तर्फ** | | | | | | | | | |
| राजस्व बाँडबाँड प्राप्त रकम | रु.हजारमा | १६२० | १७२४ | १७७६ | १८२९ | १८८४ | १९४० | १९९९ | |
| समानीकरण बापत प्राप्त रकम | रु.हजारमा | ५५८१ | ५८७१ | ६२८२ | ६७२२ | ७१९२ | ७६९६ | ८२३४ | |
| सशर्त अनुदान बापत प्राप्त रकम | रु.हजारमा | ० | ० | ० | ० | ० | ० | ० | |
| समपूरक अनुदान बापत प्राप्त रकम | रु.हजारमा | ४००० | १३६१३ | १४५६६ | १५५८६ | १६६७७ | १७८४४ | १९०९३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| बिशेष अनुदान बापत प्राप्त रकम | रु.हजारमा | २५०० | ५००० | ५३५० | ५७२५ | ६१२५ | ६५५४ | ७०१३ | |
| **जम्मा (प्रदेशबाट)** | **रु.हजारमा** | **१३७०१** | **२६२०८** | **२७९७४** | **२९८६१** | **३१८७८** | **३४०३४** | **३६३३९** | **०** |
| आन्तरिक आय | रु.हजारमा | २९१० | ३०५० | ३३५५ | ३६९१ | ४०६० | ४४६६ | ४९१२ | |
| अन्य आय (अल्या) | रु.हजारमा | ८६९० | १४८७९ | १४८७९ | १४८७९ | १४८७९ | १४८७९ | १४८७९ | |
| **गाउँपालिका को कूल बार्षिक बजेट** | रु.हजारमा | **३५७६७०** | **३३०७१५** | **३४९५५५** | **३६९६२२** | **३९१०००** | **४१३७७९** | **४३८०५४** | **१९६२०११** |

**गाउँपालिका को बार्षिक वास्तविक खर्च रकम (आ.व. २०७९/०८०) - ८३.३४%**

# परिच्छेद ४:

## आर्थिक बिकास क्षेत्र

## ४.१ पृष्ठभूमि

नेपालको संविधानले स्थानीय स्तरमा आर्थिक विकासका लागि स्थानीय सरकारको भूमिकालाई विशेष महत्व दिएको छ । आर्थिक विकासको माध्यमबाट नै गाउँबासीले आफनो जीवनस्तर सुधार गर्न सक्दछन् । स्थानीय जनताको आर्थिक समृद्धिका लागि गाउँपालिकाले गाउँबासीको चाहना, माग र प्राथमिकतालाई सम्बोधन गर्दै स्थानीय क्षेत्रभित्र आर्थिक क्रियाकलापहरू बढाउनुपर्ने हुन्छ । खासगरी स्थानीय रूपमा उपलब्ध स्रोत र साधनहरू लाई प्रयोग र उपयोग गर्दै रोजगारी र आर्थिक वृद्धिको दिशामा अगाडि बढ्न सबल र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको विकासलाई गति दिनु आवश्यक छ । गाउँपालिकाको विद्यमान भौगोलिक र ग्रामीण परिवेश एवं जीविकोपार्जनका लागि ंसंघर्षशील र कर्मशील मानिसहरूको बाहुल्यता भएको मौजुदा स्थितिमा आर्थिक स्थितिमा सुधार गर्नका लागि आर्थिक विकासका कृयाकलापहरुको सञ्चालन हुन अपरिहार्य देखिन्छ । गाउँपालिका क्षेत्रभित्र आर्थिक उत्पादन तथा आयमा द्रुततर वृद्धि गरी सोको न्यायपूर्ण वितरणमार्फत गरिबी निवारणमा योगदान पुरयाउन विपन्न बर्गको आर्थिक स्तरमा सुधार र मानव संसाधनको गुणात्मक विकास जस्ता कार्यहरूबाट स्थानीय अर्थतन्त्रलाई समृद्ध गर्नुपर्ने हुन्छ । आर्थिक वृद्धि सँगसँगै आयको वितरणमा समानता कायम हुन सकेमा नै सामाजिक न्यायमा आधारित समतामूलक तथा लोककल्याणकारी समाजको स्थापना गरी वास्तविक आर्थिक विकास हासिल गर्न सम्भव हुनेछ । यसका लागि गाउँपालिका क्षेत्रभित्र आयमूलक रोजगारीका अवसरहरू सिर्जना गरी जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने सक्षमताको आवश्यकता छ ।

यस गाउँपालिकामा मुख्यतया कृषि, पर्यटन, साना तथा घरेलु उद्योग, वैदेशिक रोजगार, बैङ्किङ, व्यापार, सेवा क्षेत्र आदि अर्थतन्त्रका प्रमुख अवयवहरु देखिन्छन् । आधुनिक तथा व्यावसायिक उद्योगहरूको विकास भै नसकेको अवस्थामा धेरैजसो आर्थिक क्रियाकलापहरू निर्वाहमुखी नै रहेका छन् । यसलाई केन्द्रविन्दुमा राखी गाउँपालिकाको समग्र विकासको अग्रणी क्षेत्रको रुपमा रहको कृषि, जलश्रोत, पर्यटन, तथा पूर्वाधार विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयवृद्धि गर्ने गरी विकासका विषय क्षेत्रमा विकास प्रयासलाई डोरयाउन आवस्यक देखिन्छ ।

गाउँपालिका अन्तर्गत प्रशस्त धार्मिक, ऐतिहासिक स्थल तथा पर्यटकीय स्थलहरु रहेका छन् । ती पर्यटकीय स्थलहरु व्यवस्थित गरी आन्तरिक पर्यटनको रुपमा यहांको सांस्कृतिक महत्वहरु समेत झल्काउन सक्ने हो भने आर्थिक विकासका लागि आधार हुन सक्ने देखिन्छ ।यस गाउँपालिकाको उत्पादन, रोजगारी र आयको प्रमुख

संभाव्य स्रोतका रुपमा रहेको कृषि, पशु, उद्योग व्यवसाय, पर्यटन, बित्तीय व्यवस्थापन जस्ता क्षेत्रमा विकासका प्रयासलाई डोरयाउन यस क्षेत्रको बिद्यमान अवस्था, समस्या तथा चुनौति समेत विषय क्षेत्रगत लक्ष्य, उद्देश्य सो को प्राप्तिका लागि अवलम्वन गर्नु पर्ने रणनीति र बिषय क्षेत्रगत प्रमुख कार्यक्रमहरु सहितको आर्थिक विकास योजना देहायअनुसार प्रस्तुत गरिएको छ ।

# ४.२ कृषि तथा पशुपंक्षी

## ४.२.१ पृष्ठभूमि

**"आजको लगानी बोट, भोलिको प्रतिफल नोट"** भन्ने नाराका साथ हिमाली गाउँपालिकाले संचालन गर्दै आएको खाद्य सुरक्षाका लागि वृक्षारोपण कार्यक्रमलाई थप व्यवस्थित र सुदृढीकरण गरी निरन्तरता दिँदै, खाद्यान्न व्यवस्थाको लागि आवश्यक बजेटको व्यवस्था गरीनेछ । कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण, र बजारीकरण प्रवर्द्धन गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरीनेछ । यस क्रममा, हिमाली गाउँपालिकामा उत्पादित कृषि तथा पशुपंक्षीजन्य उत्पादनलाई बजारीकरण गर्नका लागि कृषि एम्बुलेन्स सञ्चालनमा ल्याईने जस्ता महत्वपूर्ण कार्यक्रमहरू सञ्चालनमा ल्याउने योजना रहेको छ ।

साथै, वर्तमान संविधानले सार्वजनिक, निजी, र सहकारी क्षेत्रको सहभागिता तथा विकासबाट समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको निर्माण गर्ने राज्यको आर्थिक उद्देश्यका रूपमा अंगीकार गरेको छ । कृषि तथा पशुपंक्षीको क्षेत्रमा व्यवसायीकरणलाई जोड दिँदै रोजगारीको प्रवर्द्धन, कृषि तथा पशुपंक्षीको क्षेत्रमा बढ्दो आयातलाई प्रतिस्थापन गर्दै खाद्य सुरक्षालाई सुनिश्चित गर्ने नेपाल सरकारको रणनीति रहेको छ । नेपाल सरकार र प्रदेश सरकारको साथसाथै स्थानीय सरकारको सहकार्यमा उक्त अधिकार सुनिश्चित गर्न योजनाबद्ध ढंगले प्रयास गर्न आवश्यक छ । यस तथ्यलाई मनन गर्दै, गाउँ क्षेत्रको योजनाबद्ध र सन्तुलित विकासका लागि कृषि क्षेत्रको विकास र प्रवर्द्धन मार्फत उत्पादन, रोजगारी, र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एवम् सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

यस गाउँपालिकाको सन्दर्भमा, आर्थिक विकासका प्रयासहरूलाई मार्गदर्शन गर्न सम्भावना र अवसरहरू, समस्या तथा चुनौतिहरू पहिचान गरी उचित कदम चाल्नु पर्ने देखिन्छ। स्थानीय सरकार, कृषक, र सहकारी संघहरूको सहकार्यमा वृक्षारोपण, आधुनिक कृषि प्राविधिको प्रयोग, कृषि उत्पादको मूल्य अभिवृद्धि, र स्थानीय बजारीकरण प्रविधिहरूलाई प्रवर्द्धन गरी आर्थिक समृद्धिको मार्गप्रशस्त गर्न सकिन्छ।

यो योजनाले न केवल खाद्य सुरक्षा सुनिश्चित गर्नेछ, तर ग्रामीण क्षेत्रमा आर्थिक उन्नति, रोजगारीको सिर्जना, र वातावरण संरक्षणमा पनि महत्वपूर्ण योगदान पुऱ्याउनेछ । कृषि एम्बुलेन्सको सञ्चालनले उत्पादित वस्तुहरूलाई छिटो र सुरक्षित रूपमा बजारसम्म पुऱ्याउन मद्दत पुग्नेछ, जसले कृषकहरूको आय वृद्धि र स्थानीय आर्थिक विकासमा थप बल प्रदान गर्नेछ ।

## ४.२.२ समस्या तथा चुनौती

हिमाली गाउँपालिकाले भूउपयोग नीतिको अभावमा खेतीयोग्य जमिन बाझो छोड्ने प्रवृति बढ्दै गएको, बढ्दो जंगलि जनावरहरुले गर्दा खेतिपाति गर्ने क्षेत्रमा कमि हुदै आएको र बढ्दो बसाई सराईले गर्दा उब्जाउ हुने खेतहरु पनि नासिदै जाने प्रवृति देखा पर्दै गएका छन परम्परागत निर्वाहमुखी खेती प्रणालीका कारण खाद्यन्त्र उत्पादनमा कमी रहेको छ । समयमा गुणस्तरीय बीउ मल र प्राविधिक सेवा उपलब्ध नहुनुले कृषि क्षेत्रको विकासमा असहजता सृजना गरेको छ । यसैगरी कृषि प्राविधिक जनशतिकी कमी, माटोको नियमित परीक्षण हुन नसक्नु तथा स्थानीय स्तरमा बीउ उत्पादन संरक्षण र उपभोग हुनसक्नु, रैथाने बालिहरुको संरक्षण तथा प्रवर्धनको नीति लिन नसक्दा रैथाने बालीहरु लोप हुने अवस्थामा पुगेका छन लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु सिंचाई सुविधा कमी हुँदा आकासे पानीको भरमा खेति गर्ने परम्परा, उत्पादनका पकेट क्षेत्रहरु निर्धारण गरी सोहि बमोजिम कृषि तथा पशुपालनलाई व्यवसायीकरण गर्दै जाने कार्यक्रमहरु संचालन नहुनु, उन्नत तथा कृत्रिम गर्भाधानका माध्यमबाट पशु नश्ल सुधार गरी दुध तथा मासुजन्य उत्पादनहरु बदाउने कार्यक्रमहरु संचालनमा नआउनु यस क्षेत्रको प्रमुख समस्याको रुपमा रहेका छन् ।व्यवसायिक ज्ञान, सूचनाको कमि, आधुनिक प्रविधि, वित्तीय सेवामा पहुच, बजारको सुनिश्चितता, कृषि बिमाको अभ्यासको कमि, संकलन केन्द्र लगायत पुर्वाधारहरुको कमि यस क्षेत्रको प्रमुख चुनौतिका रुपमा रहेका छन ।

साथै हल गोरुको सहायतालिई बारीजोतेर रैथाने बालि **धान, गहु, कोदो, फापर, मार्से, उवा, चिनो तथा सिमि गहत मास र आलु** जस्ता खाद्द्य बालि उत्पादन गर्ने गरेको ।साथै व्यवसायिक अवधारणा तथा प्राविधिक ज्ञानको कमी, कृषिमा आधुनिक प्रविधि नहुनु र सामाग्री भित्रिन नसक्नु, सिंचाइ सुविधाको कमी, बजारसँगको पहुँच न्यून हुनु तथा कृषि उपजको राम्रो बजारीकरण हुन नसक्नु, दक्ष जनशक्तिको अभाव रहनु, ज्यालामा विभेद हुनु, कृषि सहकारीको विकास हुन नसक्नु, मूल्य सूचनावारे जानकारी नहुनु, कृषि कर्जा, वीमालगायतका वित्तीय सेवामा कृषकको सहज पहुँच नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

## ४.२.३ संभावना तथा अवसर

कृषिप्रसार स्थानीय सरकारको एकल अधिकार क्षेत्रमा पर्नु, अधिकांशको जीविकोपार्जनको पेशा कृषि भएकाले स्थानीय सरकारको सरोकारको विषय हुनु, पर्याप्त कृषि भूमि हुनु, सिंचाइका स्रोतहरू उपलव्ध हुनु, कृषिमा व्यवसायिकता बढ्दै जानु, यातायात पूर्वाधारको विकासले स्थानीय तथा बाह्य बजारसंगको पहुँच सहज हुदैं जानु, आदि यस क्षेत्रका अवसरहरू रहेकाछन् । साथै हल गोरुको सहायतालिई बारी जोतेर रैथाने बालि धान, गहु, कोदो, फापर, मार्से, उवा, चिनो तथा सिमि गहत मास र आलु जस्ता खाद्द्य बालि उत्पादन गर्ने गरेको ।
रैथाने बालिहरु कोदो, फापर, मार्से, उवा, चिनो तथा सिमि गहत मास र आलु जस्ता संरक्षण प्रति वढ्दो जनचासो तथा लोप हुन लागेका रैथाने बालिहरुको संरक्षण र विस्तार गराउन सकिने प्रवल संभावना रहेको छ । त्यसै गरी पालिकाको वडा न. १, २, ३ मा सुख्खा फलफुल फर्म, ओखर फर्म, आलु पकेट क्षेत्र बिस्तार गर्न सकिने संभावना

भएका क्षेत्रहरुमा खाद्यान्य बालिको पकेट क्षेत्र, त्यसै गरी तरकारी तथा फलफूलहरुको पकेट क्षेत्र घोषणा गरी लागु गर्न सकिने प्रवल संभावना रहेका छन ।

## ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### लक्ष्य

गाउँपालिकाको आर्थिक गतिबिधि, उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो अभिवृद्धि गर्नु,

### उद्देश्य

१. कृषि व्यवसायीकरण, विविधिकरण र औद्योगिकरणका माध्यमबाट उत्पादनमा वृद्धि गरी ब्यबस्थित बजारीकरण गर्नु,
२. उत्पादनको वृद्धि, व्यवसायीकरण, विविधिकरण औद्योगिकरण गर्नु,

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ कृषि व्यवसायीकरण, विविधिकरण र औद्योगिकरणका माध्यमबाट उत्पादनमा वृद्धि गरी ब्यबस्थित बजारीकरण गर्नु,** | |
| १ .१.आलु, गहुँ, उवा, फापर, तरकारी र नयाँ बालीको उत्पादन,व्यवसायिकरण , विविधीकरण र औद्योगिकीकरण गर्ने | १.सम्भाव्यता अध्ययनका आधारमा सघन कृषि उत्पादनका लागि पकेट१ क्षेत्र निर्धारण गरी आलु, तरकारी लगायतका बालीको व्यावसायिक उत्पादनका लागि प्रोत्साहित गरीनेछ ।<br>१२. नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्रसँग समन्वय गरी किसानलाई कृषि औजार तथा यन्त्रहरू उपलब्ध गराउने व्यवस्था गरीनेछ ।<br>१.३ कृषकहरूको लागि श्रममा आधारित उत्पादन भण्डारण, प्रशोधन र बजारीकरणका प्रविधि हस्तान्तरणको व्यवस्था गरीनेछ ।<br>१.४ कृषि सामग्री, अनुदान, बिमा, ऋण, संकलन, प्रशोधन र बिक्री केन्द्र, बजारीकरण र कृषि सूचनामा किसानको सहज पहुँच अभिवृद्धि गरीनेछ । |
| १.२ नयाँ बालीको परीक्षण, विकास र विस्तार गर्ने | २.१ राष्ट्रिय कृषि अनुसन्धान केन्द्र, विश्वविद्यालयबाट सिफारिश स्याउ, ओखर, किवी, आरूवखडा र हिमाली हावापानीमा हुने अन्य नयाँ बालीको परीक्षण गरी सफल भएका बालीको उत्पादन विस्तार गरीनेछ<br>२.२ वन्यजन्तुले नोक्सानी नपुर्याउने लसुन र जडिबुटीको खेति विकास र विस्तार गर्न सहयोग र सहजीकरण गरीनेछ ।<br>२.३ कृषकहरूमा नयाँ प्रजातिको खेतिको लागि उत्प्रेरणा, सचेतना, परामर्श, क्षमता विकास र प्रविधि हस्तान्तरण गरीनेछ । |
| १. ३ कृषिव्यवसायको विकास, विस्तार र प्रवर्द्धन विस्तार गर्ने | १.३.१ कृषक तथा कृषक समूहलाई हाइटेक तथा संरक्षित कृषि प्रणाली अपनाउन प्राविधिक परामर्श, उपकरण तथा प्रविधिक सहयोग र सोसम्बन्धमा क्षमता विकास गरीनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३२. जैविक उत्पादन विस्तार र प्रवर्द्धन गर्न कृषकलाई सचेतना, जैविक उत्पादन प्रविधि र प्रसार कार्यक्रम सञ्चालनको व्यवस्था गरीनेछ ।<br>१.३३. कृषि पकेट क्षेत्रहरूमा कृषिजन्य उत्पादन, संकलन तथा प्रसोधन केन्द्रको विकास गरीनेछ ।<br>१.३.४ हिमालि गाउँपालिका वार्ड नं.५ को मालाचौर र वडा नं.६को छेपीमा कपासखेती बिस्तार गरीनेछ ।<br>१.३.५ कृषि उत्पादनमा संभाव्य वडाका युवा, लक्षित वर्ग र कृषकहरूको सहभागितामा कृषि उद्यम सिर्जना र विकास सम्बन्धी तालिम सञ्चालन गरीनेछ । |
| **उदेश्य २ उत्पादनको वृद्धि, व्यवसायीकरण, विविधिकरण औद्योगिकरण गर्नु,** | |
| २१. कृषि प्रसार, संरक्षित कृषि, हाइटेक प्रविधि, सामग्री विस्तार गर्ने | २.१ कृषि प्रसार तथा संरक्षित कृषि सम्बन्धी कार्यविधि र मापदण्डको व्यवस्था गरी संरिक्षत तथा हाइटेक कृषि प्रविधिको विस्तार गरीनेछ ।<br>२.२ सार्वजनिक निजी साझेदारी व्यवसाय, एग्रोभेट तथा सहकारी मार्फत जैविक मल, बीउविजन, कृषि उपकरण तथा सामग्रीको उपलब्धतालाई सहज बनाइनेछ ।<br>२.३ सूचीकृत कृषकहरूमा संरक्षित कृषि, हाइटेक प्रविधि, अर्गानिक उत्पादन, स्टोरेज तथा प्रशोधन र बजारीकरण सम्बन्धी सचेतना, क्षमता विकास र प्रदर्शनीको व्यवस्था गरीनेछ । |
| २.२ स्थानीय कृषि उपज, प्रविधि, प्रसार, उत्पादन, व्यवसायिकरण, भण्डारण र बजारीकरण सम्बन्धी अध्ययन अनुसन्धान गर्ने, | ३.२.१ नेपाल सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थाहरूको सहयोग र साझेदारीमा संरक्षित कृषि लगायत हिमाली क्षेत्र हुने बालीनाली, प्रविधि, उपकरण, संरक्षण सम्बन्धी अध्ययन अनुसन्धानमा जोड दिइनेछ ।<br>२.२.२ अध्ययन तथा अनुसन्धानबाट प्राप्त निष्कर्ष तथा सुझावलाई नीति, योजना र कार्यक्रम तर्जुमा, लाभको बाँडफाँटमा उपयोग गरीनेछ । |
| २.३ प्राङगारिक तथा जैविक मल र विषादी उत्पादन र उपयोग गर्ने, | २.३.१प्राङगारिक उत्पादनमा बढावा दिन कृषक तथा कृषक समूहलाई जैविक मल तथा विषादी उत्पादन र प्रयोग बारे सचेतना, तालिम, अवलोकन, प्रदर्शनी र प्रोत्साहन गरीनेछ ।<br>२.३.२ कृषकले उत्पादन गरेको जैविक मल, विषादी र उपजमा उत्पादनमा आधारित अनुदानको व्यवस्था गरीनेछ ।<br>२.३.३प्राङ्गारिक तथा जैविक मल र विषादी उत्पादन, संकलन र वितरणका लागि एग्रोभेट तथा सहकारी परिचालन गरीनेछ । |

## ४.२.५ प्रमुख कार्यक्रमहरु

**तालिका नं. ४.१ — प्रमुख कार्यक्रमहरु**

| कार्यक्रम तथा आयोजना | एकाइ | कुल लक्ष्य | कुल लागत (रू. हजारमा) | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | चौथो बर्ष | पाचौ बर्ष | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| ."आजको लगानि बोट, भोलिको प्रतिफल नोट" भन्नेनाराका साथ हिमालि गाउँपालिकाले संचालन गर्दैआईरहेको खाद्यसुरक्षाका लागि वृक्षारोपण कार्यक्रमलाई थप व्यवस्थित र सुदृरीढीकरण गरी खाद्यन्न कार्यक्रमलाई निरन्तरता दिने | वर्ष | ५ | ७३००० | २०००० | २०० ०० | १३० ०० | १०००० | १०००० | प्रदेश सरकार |
| कृषिक्षे त्रको आधुनिककरण, ३व्यवसायिकरण र बजारिकरण प्रबर्द्दन गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने | वर्ष | ५ | १०००० | २०० ० | २०० ० | २०० ० | २००० | २००० | गाउँपालिका |
| हिमाली गाउँपालिकामा उत्पादित कृषि जन्य र पशुजन्य उत्पादनलाई बजारिकरण गर्नका लागि कृषि एम्बुलेन्स संचालनमा ल्याईनेछ । | वर्ष | ५ | ५००० | १५०० | १०० ० | १०० ० | १००० | ५०० | प्रदेश सरकार |
| आफुलाई चाहिने बिउ आफै उत्पादन गरौ भन्ने नाराका साथ बिउमा आत्मनिर्भर हुन रैथाने बालि,फापर,कोदो,कागुनो,चिनो,मार्स्या जस्ता रैथाने बालि र अन्य धान,गौ,मकै र दलहन बालिको विउविजन उत्पादन कार्यक्रम संचालनमा ल्याईनेछ | वर्ष | ५ | ३०००० | ६०० ० | ६०० ० | ६०० ० | ६००० | ६००० | गाउँपालिका, प्रदेश सरकार |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना अन्तरगत संचालनमा रहेक पकेट विकास कार्यक्रमलाई निरन्तरता दिदै ब्लक र जोनका क्षेत्र विस्तार गर्ने | संख्या | १ | ११००० | २२० ० | २२० ० | २२० ० | २२०० | २२०० | गाउँपालिका, प्रदेश र संघ सरकार |
| उन्नत जातका गाई/चौंरी गाई, भैसि, बाख्रा, भेडा, च्याङ्ग्रा पालन व्यवसाय गरौ, पशुपन्क्षी व्यबसायलाई अभिबृद्धि | वर्ष | ५ | ८०००० | १५०० ० | १५० ०० | २०० ०० | १५०० ० | १५०० ० | संघ सरकार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| गरी हिमालि गाउँपालिकालाई आत्मनिर्भर बनाऔ (वडा न ३ मा भेडा/ च्याङ्गरा तथा चौरी गाई पालन, वडा नं. १ र २ मा उन्नत जातका गाई, भैसि, बाखा, पालन) | | | | | | | | | |
| टिमुरखेतिलाई विस्तार गर्ने । | वर्ष | ५ | ५०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | गाउँपालिका |
| वडाबाट आएका योजनाहरु | | | | | | | | | |
| हिमालि गाउँपालिका वार्ड नं.५ को मालाचौर र वडा नं.६को छेपीमा कपासखेती बिस्तार गरीनेछ । | वर्ष | ५ | ५०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | गाउँपालिका |
| | | | ३०९००० | ६५२०० | ६३२०० | ५५२०० | ५३२०० | ६५२०० | |

## ४.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

हिमाली गाउँपालिकाको अपेक्षित उपलब्धि तथा नतिजाको खाका अनुसार, विभिन्न वडामा निम्न उल्लेखित कार्यक्रमहरू कार्यान्वयन गरीनेछन्:

वडा नं. १: बाँममा उच्च घनत्व स्याउ बगैचाको स्थापना

- उच्च घनत्वमा स्याउको उत्पादन गरी आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य।
- उन्नत जातका गाई, भैसि, बाखा, पालन

वडा नं. २: गोरचौर काँडागाँउ र बढखौला

- व्यवसायिक रूपमा फलफुलहरू स्याउ), ओखरखेती गर्ने कार्यक्रम। (
- बगैचाहरूको संरक्षण र वृद्धि।
- उन्नत जातका गाई, भैसि, बाखा, पालन

वडा नं. ३: सिसेरा, भानडाडा, र गुम्बा

- चौंरी गाई पालन, भेडा/च्याङ्ग्रा पालन
- फलफुल खेती बगैचाहरूको संरक्षण र वृद्धि।

वडा नं. ४: लेखवोर्ता

- व्यवसायिक रूपमा फलफुल खेती र बगैचाहरूको संरक्षण।

वडा नं. ५: नदै, ग्याम्चु, आरुडाली

- व्यवसायिक रूपमा फलफुल खेती र बगैचाहरूको संरक्षण।

वडा नं. ६: झीनी, बालाफुगी, पाँडी गाउँ

- व्यवसायिक रूपमा फलफुल खेती र बगैचाहरूको संरक्षण।
- पशुपालनमा अपेक्षित उपलब्धिः

१ पशुजन्य उद्योगको स्थापना र बजेटको व्यवस्थाः

- गाउँपालिकाले पशुपंक्षीबाट प्राप्त हुने कच्चा पदार्थहरूबाट निर्मित पशुजन्य सामग्रीहरूको उत्पादन गर्न पशुजन्य उद्योगहरूको स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गर्नेछ ।
- उत्पादित सामग्रीहरूको बजारिकरणका लागि आवश्यक सहयोग तथा सहजिकरण।

२ व्यावसायिक पशुपालनको प्रवर्द्धनः

- "उन्नत जातका गाई, भैंसी, बाख्रा, भेडा, च्याङ्ग्रा, मत्स्यपालन व्यवसाय गरौं, पशुपंक्षी व्यवसायलाई अभिबृद्धि गरी हिमाली गाउँपालिकालाई आत्मनिर्भर बनाऔंभन्ने मुल " नारालाई साकार पार्न।
- व्यवसायिक रूपमा पशुपालन गर्ने कृषक तथा कृषक समूहलाई उन्नत जातका बोका, थुमा, राँगा, र साँडे उपलब्ध गराउने।
- उन्नत जातका पशुहरू खरिद गर्न इच्छुक कृषक तथा कृषक समूहलाई ५० प्रतिशत खरिद अनुदान र १०० प्रतिशत ढुवानीका लागि आवश्यक बजेटको व्यवस्था।

३ कृषि तथा पशु प्राविधिकको व्यवस्थाः

- प्रत्येक वडामा एक कृषि तथा पशु प्राविधिक राख्ने गरी आवश्यक प्रक्रिया अघि बढाईने।
- कृषि तथा पशुपालन क्षेत्रको विकासलाई प्राथमिकता दिइने।

## ४.२.७ अपेक्षित नतिजाः

- फलफुल खेती र बगैचाहरूको संरक्षण र व्यावसायिक उत्पादनबाट आर्थिक समृद्धि।
- पशुजन्य उद्योगहरूको स्थापना र उत्पादनमा वृद्धि।
- उन्नत जातका पशुहरूको प्रवर्द्धन र आत्मनिर्भरता।
- कृषि तथा पशुपालन क्षेत्रको विकासबाट रोजगारी सृजना र स्थानीय अर्थतन्त्रमा वृद्धि।

यसरी, हिमाली गाउँपालिकाले योजना र बजेट कार्यान्वयनका माध्यमबाट स्थानीय विकासलाई तिब्रता दिने छ, जसले गाउँपालिकाको समग्र विकास र समृद्धिमा महत्वपूर्ण योगदान पुर्याउनेछ ।

**तालिका नं. ४.२ —नतिजा खाका**

| सूचक | इकाई | आधार रेखा (आ.व.२०८०/०८१ को अवस्था) | लक्ष्य (अवधी -५ वर्ष ) | |
|---|---|---|---|---|
| | | | २०८१/०८२ देखि २०८२/०८३ सम्म (२ वर्ष) | २०८३/०८४ देखि २०८५/०८६ सम्म) (३ वर्ष) |
| आर्थिक वृद्धिदर | प्रतिशत | २.२४% | ३% | ३.८% |
| प्रति व्यक्ति आय | डलर | ७५० | १००० | १२०० |
| निरपेक्ष गरीबी | प्रतिशत | २५% | २०% | १०% |
| बैदेशिक रोजगार | प्रतिशत | २०% | २५% | ३०% |

| | | | | |
|---|---|---|---|---|
| ब्यबसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ३४२ | ५०० | ६०० |
| आलुब्यबसायिक उत्पादन क्षेत्र | हेक्टर | १५५ | १६० | १८० |
| तरकारी ब्यबसायिक उत्पादन क्षेत्र | हेक्टर | १२० | १४० | १५० |
| अगुवा ब्यबसायिक कृषक | संख्या | २४० | २५० | ३५० |
| क्रियाशिक ग्रामिण कृषि कार्यकर्ता | संख्या | ७२ | ८० | १२० |
| स्थानीय ब्यबसायिक कृषि फार्म | संख्या | १८ | ४० | ५० |
| सक्रिय ब्यबसायिक कृषक समूह | संख्या | ५६ | ६० | ८० |
| खाद्यान्न (धान,मकै,गहुँर जौ)उत्पादन | मे.ट. | १८० | २०० | २५० |
| तरकारी उत्पादन | मे.ट. | ५० | ६५ | ७५ |
| फलफूल उत्पादन | मे.ट. | ५५ | ७५ | ८० |
| ब्यबसायिक कृषिनर्सरी | संख्या | ९ | १५ | २० |
| सक्रिय ब्यबसायिक कृषक समूह | संख्या | ५६ | ६० | ८० |
| सहकारीमा आबद्ध कृषक | संख्या | १५५ | २०० | २५० |
| उन्नत बिउ,जैविक मल र बिषादी प्रयोग गर्ने,आधुनिक कृषि प्रबिधि प्रयोग गर्ने | परिवार | १५८ | २०० | ४०० |
| कृषि तथा पशुपालन ब्यबसायमा संलग्न परिवार | संख्या | २८३० | २८३० | २८३० |
| कृषिउपजहरुको बार्षिक मुल्य (एकमुष्ठ)हजारमा | रु. | २८०० | ३२०० | ४००० |
| पशुपन्छी र सो जन्य उत्पादन मूल्य (बार्षिक)हजारमा | रु. | १६३० | १७०० | १७५० |
| ब्यबसायिक पशुपालनमा संलग्न परिवार | संख्या | १९० | २५० | ३०० |
| बार्षिक खरिद बिक्रि भेडा,खसी,बोका | संख्या | १५०० | १८०० | २५०० |
| ब्यबसायिक पशुपालन फर्म | संख्या | ४२ | ५० | ६० |

| | | | | |
|---|---|---|---|---|
| दुध तथा दूधजन्य उत्पादन | मे.ट. | ४०० | ५२० | ५५० |
| भुइँ घासको ब्यबसायिक उत्पादन क्षेत्र | हेक्टर | ५ | १० | ३० |
| सक्रिय पशुपालन समुह | संख्या | २८ | ३५ | ४० |
| ब्यवस्थित चरन क्षेत्र | संख्या | १५ | १५ | २० |
| नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | ० | १ | २ |

*स्रोतः गाउँपालिका प्रोफाईल २०८० र सिबिएस २०७८*

### ४.२.७ अनुमान तथा जोखिम पक्ष

प्रदेश तथा संघिय सरकारबाट निरन्तर सहयोग प्राप्त हुनेछ । महामारी तथा दैविक प्रकोपबाट हुने क्षतिमा कृषकहरूलाई क्षतिपूर्ति प्राप्त हुनेछ भने जोखिम पक्षमा स्रोत र साधनको अभाव, सहयोगी तथा साझेदार संघ संस्था बजार सञ्जालको अभाव, प्रविधिको अभाव, निर्माण समाग्रि मालखादको अभाव, रोगनिरोधक औषधीको अभाव, उन्नत जातको विउ विजन र नश्लको अभाव जस्ता जोखिम पक्ष हुनसक्छन् ।

## ४.३ सिंचाई

### ४.३.१ पृष्ठभूमि

नेपालको संविधानले सार्वजनिक, निजि र सहाकारी क्षेत्रको सहभागिता तथा विकासबाट समाजबाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माण गर्ने राज्यको आर्थिक उद्देश्यकोरुपमा अंगिकार गरेको छ । समृद्ध अर्थतन्त्र निर्माणको प्रमुख आधारसिला कृषि क्षेत्र हो र कृषि उत्पादन बढाउने प्रमुख आधारहरु मध्ये सिचाईको भुमिका पहिलो नम्वरमा रहन्छ । पहाडि भुगोल, केहि सिमित पानीका स्रोतहरुले गर्दा प्रतेक वडाका सम्पुर्ण वस्तिहरुमा सिचाईको संभावना पुगाउन सकिने अवस्था नरहेता पनि खोला, वर्षादको पानी संकलन र लिफ्ट प्रणालीबाट सिचाईको विस्तार गर्न सकिने प्रवल संभावनाहरु रहेका छन । यस पालिकाको सन्दर्भमा सिचाईको क्षेत्रमा रहेका समस्या तथा चुनौति र संभावना तथा अवसरहरुलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

### ४.३.२ समस्या तथा चुनौती

पानीको समित स्रोत र भएका सिचाइ पुर्वाधारहरुको नियमित मर्मत संभारको अभाव चुनौतिकोरुपमा देखा परेको छ । यसै गरी यस पालिकामा प्रयाप्त पानीका मुहान नभएकाले सबै बस्तिस्तरमा सिचाई सुविधा पुर्याउनु पनि चुनौतिकै रुपमा रहेको छ । बढ्दो जलवायु परिवर्तनले गर्दा हुने अति वृष्टी र बेमौसमी बर्षाले खोला र नदी किनारको कटानले गर्दा परम्परागत सिचाईका पुर्वाधारहरुलाई असर पार्दै आएको छ । पानीका महानहरुको

संरक्षण नहुनु, लागानिको लागि प्रयाप्त स्रोतको अभाव हुनु, जलवायु परिवर्तन र बजेटको उचित सदउपयोग नहुनु पनि प्रमुख समस्या तथा चुनौतिको रुपमा रहेका छन ।

### ४.३.२ संभावना तथा अवसर

पालिकामा रहेका खोला नालाहरुमा सिचाईका लागि चाहिने आवस्यक पानीको मात्रा रहेकाले यसको सदुपयोग गर्न सकिने संभावना रहेको छ । जनश्रमदान तथा गैससहरुको कृषि तथा सिचाइको क्षेत्रमा बढ्दो लगानिले यस क्षेत्रमा थप अवसरहरु सृजना गरेको छ । सिचाईको लागि पानीको प्रयाप्त स्रोत नभएका क्षेत्रहरुमा आकासे पानी संकलन पोखरी निर्माण, थोपा सिचाइ प्रविधि मार्फत पनि सिचाई गर्ने सकिने प्रवल संभावनाहरु रहेका छन। यसै गरी सिचाईका लागि नजिकै रहेको कर्णालीको पानी लिफ्टिङ्ग प्रणाली द्धारा खानेपानी र सिचाँइका निम्ती प्रयोग गन सकिनेछ । त्यसै गरी गाउँपालिकाको सम्भव भएका स्थानहरुका खेती योग्य जमिन बाँझो नराख्नको लागि सिचाँई सेवा विस्तारमा जोड दिईने छ

### ४.३.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्यः**

भरपर्दो र व्यवस्थित सिचाई मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

**उद्देश्य**

१. परम्परागत सिंचाई संरचनामा सुधार गर्दै दिगो तथा वैकल्पिक सिचाई सुविधाको विकास र विस्तार गर्नु,
२. बर्षादको पानी संकलन गरी सिंचाई क्षेत्रलाई व्यवस्थित गर्नु,

| रणनीतिहरु | कार्यक्रमहरु |
|---|---|
| **उद्देश्य १ः परम्परागत सिंचाई संरचनामा सुधार गर्दै दिगो तथा वैकल्पिक सिचाई सुविधाको विकास र विस्तार गर्नु ।** | |
| १.१ परम्परागत सिंचाई संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित भएका क्षेत्रहरुलाई प्राथमिकतामा राखि सिचाईको पहुच वृद्धिगर्ने । | १.१.१ परम्परागत सिंचाईका स्रोतहरुको विवरण तयार पारी उपरोक्त स्रोतहरुको क्षमता प्राविधिक टोलि द्वारा मुल्याङ्कन गराई संरक्षण विकास गर्ने थालिने गरीने छ ।<br>१.१.२ आधारभुत सिंचाईको पहुच वृद्धिकालागि खाद्य असुरक्षित क्षेत्रहरुको पहिचान गरी निर्माण तथा व्यवस्थापनका लागि वित्तीय स्रोतको व्यवस्था गरीनेछ । |

| | |
|---|---|
| १.२ आधारभूत सिंचाईको पहुच नपुगेका कृषिजन्य क्षेत्रहरुमा वैकल्पिक स्रोतहरुको व्यवस्थापन गरी सिंचाईको पहुँच विस्तार गर्नु | १.२.१ सिंचाई पहुच नपुगेका क्षत्रहरुको विवरण तयार तथा सिंचाईका वैकल्पिक स्रोतहरुको पहिचान गरी सम्भाव्यता अध्ययन गरेनेछ । सिंचाईका संभावित मुहानहरुको संरक्षण गरीने छ ।<br>१.२.२ प्राथमिकताको आधारमा वैकल्पिक सिचाई संरचना निर्माणको लागि कर्णालीको पानी लिफ्टिङ्ग प्रणाली द्वारा खानेपानी र सिचाँइका निम्ती प्रयोग गरीने छ<br>१.२.३ सिंचाई आयोजनाहरु दिगो संचालनको लागि कृषक तथा समुदायको क्षमता वृद्धी गरीनुका साथै आवस्यक संस्थागत व्यवस्था गरीने छ । |
| १.३ दिगो सिंचाई प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने | १.३.१ सिंचाई आयोजनाको संचालन र व्यवस्थापनलाई दिगो वनाउन प्रयाप्त जनसहभागिता जुट्ने खालका आयोजनालाई प्राथमिकीकरणमा राख्ने र उपभोक्ता र समुदायको क्षमता अविबृद्धि गरीने छ ।<br>१.३.२ सिंचाई सुविधा पुगेका क्षेत्रमा उत्पादकत्व बाढाउने खालका बालिहरुको खेति गर्नका लागि प्रोत्साहित गरीने छ । |
| **उद्देश्य २ः बर्षादको पानी संकलन लिफ्ट तथा प्रणाली मार्फत सिंचाई क्षेत्रलाई बिस्तार गर्नु,** | |
| २.१ सिंचाईका लागि प्रायाप्त मुहानको अभाव तथा सिंचाई सुविधा पुर्याउन सके तुलनात्मकरुपामा उत्पाकत्व बढाउन सकिने क्षेत्रहरुको पहिचान गर्ने । | २.१.१ सिंचाईका लागि प्रायाप्त मुहानको अभाव तथा उत्पादकत्व राम्रो भएका क्षेत्रहरुमा वर्षादको पानी संकलनका लागिपोखरीहरु निर्माण गरी सिंचाई सुविधालाई विस्तार गरीने छ ।<br>२.१.२ खानेपानी मुहानहरुको संरक्षण तथा सिंचाईका स्रोतहरुको दिगो व्यवस्थापनका लागि (रिचार्जेवल) पुनर्ताजगी हुने खालका पोखरीहरुको निर्माणको लागि जनचेतना मुलक कार्यक्रम संचालन गिरने छ । |

## ४.३.४ प्रमुख कार्यक्रमहरु

**तालिका नं. ४.३ — योजना तथा बजेट**

| कार्यक्रम तथा आयोजना | एकाइ | कुल लक्ष्य | कुल लागत (रू. हजारमा) | पहिलो बर्ष २०८१/०८२ | दोश्रो बर्ष २०८२/२०८३ | तेश्रो बर्ष २०८३/२०८४ | चौथो बर्ष २०८४/०८५ | पाचौ बर्ष २०८५/०८६ | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| नजिकै रहेको कर्णालीको पानी लिफ्टिङ्ग प्रणाली द्वारा खानेपानी र सिचाँइका निम्ती प्रयोग गरीने छ | वर्ष | ५ | ७५००० | २५००० | २०००० | १५००० | १०००० | ५००० | प्रदेश सरकार |
| खेतियोग्य जमिन तथा बाँझो जमिनमा सिचाई व्यवस्थापन कार्यक्रम | वर्ष | ५ | १०००० | २००० | २००० | २००० | २००० | २००० | संघ सरकार |
| जलाशय तथा नदीको पानीलाई सिचाई व्यवस्थपन कार्यक्रम | वर्ष | ५ | ६००० | १५०० | १२०० | १२०० | ११०० | १००० | गाउँपालिका |
| बैकल्पिक सिचाई व्यवस्थापन कार्यक्रम | वर्ष | ५ | ५००० | १५०० | ५०० | १००० | १००० | १००० | गाउँपालिका, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्रदेश सरकार |
| सिचांई विकासका कार्यहरुलाई सहयोग पुरयाउने । | संख्या | १ | १५००० | ३५०० | २५०० | ३५०० | २५०० | ३००० | गाउँपालिका, प्रदेश र संघ सरकार |
| **जम्मा** | | | २६५०० | २५००० | २२७०० | १६६०० | १२००० | २६५०० | |

### ४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सिंचाई विकास उपक्षेत्रको सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरीएको छ

**तालिका नं. ४.४ — नतिजा खाका**

| **सूचक** | **इकाई** | आधार रेखा (आ.व.२०८०/०८१ को अवस्था) | लक्ष्य (अवधी -५ वर्ष ) | |
|---|---|---|---|---|
| | | | २०८१/०८२ देखि २०८२/०८३ सम्म (२ वर्ष) | २०८३/०८४ देखि २०८५/०८६ सम्म (३ वर्ष) |
| कुल सिंचाई योग्य जमिन | हेक्टर | ६६४ | ६८० | ७०० |
| हाल सिंचित जमिन | हेक्टर | ४४२ | ४५० | ५०० |
| १२है महिना सिंचाई हुने जमिन | हेक्टर | २८० | ३०० | ३५० |
| प्रयोगमा आएका सिंचाई प्रबिधि (सतह,पोखरी,ड्रिप,लिफ्टआदि) | संख्या | १७ | २२ | ३० |
| सुचारु सिंचाई आयोजना | संख्या | १७ | २२ | २२ |

*स्रोतः गाउँपालिका प्रोफाईल २०८० र सिबिएस २०७८*

### ४.३.६ अनुमान तथा जोखिम पक्ष

सहज रुपमा आधुनिक प्रविधिको प्रयोग र व्यवश्थापन भएको हुँनेछ साथै प्राकृतिक प्रकोपको प्रभाव न्यून रहेको हुनेछ । जोखिम पक्षमा स्रोत र साधनको अभाव, सहयोगी तथा साझेदार संघ संस्था नहुनु, प्रविधि तथा उपकरणको अभाव, निर्माण समाग्रि उपलव्भ नहुनु र प्राकृतिक प्रकोप हुनसक्छ ।

## ४.४ पर्यटन, सँस्कृति तथा सम्पदा

### ४.४.१ पृष्ठभूमि

कर्णाली नदीको धुलाचौरदेखि पिलुचौरसम्म र्‍याफ्टिङ सेवा सञ्चालन भईरहेको छ भने कुवाडीदेखि धुलाचौरसम्मको सञ्चालनको तयारीमा रहेको र्‍याफ्टिङ सेवाले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण सहयोग पुऱ्याउँछ । हिमाली गाउँपालिका हुँदै रारा जाने बाटो जोडिएको छ र बुढीनन्दा जाने सडक सञ्जाल पनि जोड्ने काम भइरहेको छ । यी कार्यहरूबाट

पर्यटन प्रवर्द्धनका लागि प्रचार-प्रसार गरी स्थानीय नागरीकहरूलाई पर्यटन व्यवसायमा संलग्न गराउन आवश्यक व्यवस्था मिलाइनेछ । र्‍याफ्टिङ्ग सेवाको निरन्तरता, रानीसैन पर्यटकीय क्षेत्रमा पदमार्ग यात्राको संचालन, र अन्य पर्यटकीय स्थलहरूको पहिचानले गाउँपालिकाको आर्थिक र सामाजिक विकासमा महत्वपूर्ण योगदान पुर्याउनेछ ।

पर्यटन क्षेत्रको संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पर्यटकीय स्थलसम्मको सहज पहुँच पुरयाउनको लागि हिमाली गाउँपालिकाको रानीसैन, बुढीनन्दा लगायतका क्षेत्रहरूलाई पर्यटकीय सडक सञ्जालसँग जोड्ने गरी आवश्यक कार्य अघि बढाइनेछ । सुरक्षित सडक सञ्जाल निर्माण, मन्दिर तथा देवस्थल निर्माण, गुफा व्यवस्थापन, खरी ढुङ्गा र चुन ढुङ्गाको उत्खनन, तथा अन्य पर्यटकीय स्थलहरूको पहिचान र व्यवस्थापनलाई निरन्तरता दिइनेछ । यस गाउँपालिकाले कर्णाली नदीको क्षेत्रमा र्‍याफ्टिङ्ग सेवाको निरन्तरता, रानीसैन पर्यटकीय क्षेत्रसम्म पदमार्ग यात्राको संचालन गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाउने योजना बनाएको छ ।

हिमाली गाउँपालिकाको क्षेत्रभित्र रहेका ऐतिहासिक धरोहर, मठ मन्दिर, गुम्बाहरूको उचित संरक्षण कार्यलाई निरन्तरता दिइनेछ । यस क्षेत्रको सांस्कृतिक, पर्यटकीय स्थल, स्थानीय कलाकृति, मौलिक सांस्कृतिक परम्परा रीतिरिवाजको जगेर्ना गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार-प्रसार गर्नका लागि डकुमेन्ट्री निर्माण गरी, सामाजिक सञ्जालबाट प्रचारप्रसार गर्ने तथा राष्ट्रिय टेलिभिजनबाट प्रसारण गर्ने लगायतका कार्यक्रमहरू सम्पन्न गरीनेछ । पर्यटन प्रवर्द्धन, संरक्षण, संवर्द्धन र पर्यटन विकासका कार्यक्रम सञ्चालनका लागि सम्बन्धित सरकारी गैरसरकारी संघ संस्था लगायत अन्य क्षेत्रसँग समन्वय र सहकार्यको नीति अपनाइनेछ । हिमाली गाउँपालिकाका गौरवका योजनाहरूमा ठूला आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी आवश्यक कार्य अघि बढाइनेछ । पर्यटकीय क्षेत्रमा रुचि राख्ने युवाहरुलाई ट्रेकिङ्ग गाइड, होमस्टे सञ्चालन तथा पर्यटकीय प्रवर्द्धन मूलक तालिम दिइने योजना रहेको छ ।

## ४.४.२ समस्या तथा चुनौती

पर्यटकीय स्थल र उपजहरूको पहिचान हुन नसक्नु, यातायात सुविधाको कमी हुनु, पर्यटकीय पूर्वाधारको अभाव, पर्यटकीय उद्यान तथा पैदलयात्रा मार्गहरूको विकास हुन नसक्नु, आतिथ्य सेवा सम्बन्धी तालिमको अभाव, सञ्चार सुविधा तथा पर्यटक सुरक्षाको प्रवन्धमा कमी हुनु, पर्यटकीय होटल, होमस्टे आदिको अवस्था कमजोर हुनु, प्रचार प्रसारको कमी हुनु, तालिम प्राप्त पर्यटकीय जनशक्ति (जस्तै भरिया, कुक, गाइड) को कमी हुनु, मौलिक संस्कृतिको क्षय हुँदै जानु, स्थानीय खानपिन भेषभूषा लोप हुँदै जानु, यस क्षेत्रका प्रमुख समस्या हुन् ।

## ४.४.३ संभावना तथा अवसर

पर्यटन विकास बहु आयामिक, बहु प्रकृति र बहु स्वरुपको साथै मनोरञ्जन र आर्थिक विकास सँग प्रत्यक्ष जोडिएको विषय हो । पर्यटन विकास र विस्तारलाई आर्थिक समृद्धिको महत्वपूर्ण अङ्गको रुपमा स्वीकार गरी तीनै तहका सरकारले उच्च प्राथमिकतामा राख्नु, हिमाली गाउँपालिकाबाट नजिक रहेको कर्णाली नदिमा र्‍याफ्टिङ्ग पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न सकिने, आन्तरिक पर्यटन विकास र प्रबर्धनमा निजी क्षेत्र सहभागि हुन तयार देखिनु, यस क्षेत्रको विकासमा स्थानीयबासी र सरोकारवालाको चासो बढ्नु, जैविक विविधता र प्राकृतिक सुन्दरता युक्त

स्थलहरूको विकास गर्न सकिने जस्ता संभावना रहेकोछ र पालिकालाई पर्यटन विकासको माध्यमबाट आन्तरिक आय बढाउन सकिने अवसर समेत रहेको अवस्था छ ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### लक्ष्य

**पर्यटन अभिवृद्धि गरी आय आर्जनमा बृद्धि गर्ने ।**

#### उद्देश्यः

१. पर्यटन गन्तव्यको पहिचान गर्नु ।
२. पर्यटकिय क्षेत्रमा वस्तु र सेवाको विविधिकरण गर्नु । धार्मिक, सांस्कृतिक तथा पर्यटकिय महत्वका क्षेत्रहरूको विकास र सम्वर्धन गर्नु ,
३. पहिचान भएका पर्यटकीय स्थलहरूमा आवश्यक पर्यटन पूर्वाधार विकास गर्नु ।
४. पर्यटकको संङ्ख्यामा बृद्धि, बसाई समयको विस्तार बाट आन्तरिक आय आर्जनको अभिबृद्धि गर्नु ।
५. पर्यटन प्रबर्धन कार्यक्रम संगसगै विपन्न परिवारहरुको आयआर्जनमा बृद्धि गर्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्यः १ पर्यटन गनतव्यको पहिचान गर्नु** | |
| १.१ आवश्यक स्थानीय ऐन कानून निर्माण गरी कार्यान्वनयमा ल्याउने | १.१ पर्यटन विकासकालागि पालिका स्तरीय ऐन कानून निर्माण गर्ने<br>१.२ पर्यटकीय स्थल र क्षेत्रको यथार्थ विवरण अध्यावधिक गर्ने |
| **उद्देश्यः २ पर्यटकिय क्षेत्रमा वस्तु र सेवाको विविधिकरण गर्नु । धार्मिक, सांस्कृतिक तथा पर्यटकिय महत्वका क्षेत्रहरूको विकास र सम्वर्धन गर्नु** | |
| १.२ पर्यटकको आगमन सङ्ख्या र बसाइमा बृद्धि गर्ने | १.२.१ पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसारका लागि डिजिटल प्रविधी र लिफलेटको व्यवस्थापन गर्ने<br>१.२.२ पर्यटकको वसाईमा बृद्धि गर्न होमस्टेहरुको पर्वद्धन गर्ने |
| **उद्देश्यः ३ पहिचान भएका पर्यटकीय स्थलहरूमा आवश्यक पर्यटन पूर्वाधार विकास गर्नु ।** | |
| ३.१ मनोरञ्जन स्थल निर्माणको विकास र व्यवस्थापन बाट पर्यटन गन्तब्य केन्द्रको रुपमा स्थापित गर्नु | ३.१.१ हिमालि गाउँपालिका हुँदै रारा जाने बाटो जोडि सकेको र हिमाली जाने सडक संजाल जोड्ने<br>३.१.२ पर्यटन प्रर्वद्धनका लागि प्रचार प्रसार गरी स्थानिय नागरीकहरुलाई पर्यटन व्यवसाय जोड्ने गरी आवश्यक व्यवस्था मिलाउने । |

| | |
|---|---|
| | ३.१.३ त्यसै गरी पर्यटन क्षेत्रको संरक्षण, सम्बर्धन, प्रवर्द्धन तथा पर्टकिय स्थलसम्मको सहज पहुँच पुगाउनको लागि हिमालि गाउँपालिकाको रानीसैन संग जोड्ने । |
| **उद्देश्यः ४ पर्यटकको संङ्ख्यामा बृद्धि, बसाई समयको विस्तारबाट आन्तरिक आय आर्जनको अभिबृद्धि गर्नु र पर्यटन प्रबर्धन कार्यक्रम संगसगै विपन्न परिवारहरुको आयआर्जनमा बृद्धि गर्ने ।** | |
| ४.१ पर्यटकीय उपजलाई मूल्य श्रृङ्खलासँग आवद्ध गरी यस क्षेत्रको लाभलाई सर्वसाधाण नगरपालिकाबासिको पहुँच सम्म पुरयाउने । | ४.१.१ पर्यटन उपजको विकासमा स्थानीय स्रोत र साधनलाई प्रोत्साहन गर्ने ।<br>४.१.२ पर्यटकीय क्षेत्रको दिगो व्यवस्थापनका लागि पालिका र स्थानीय समुदय साझेदारीताको विकास गर्ने<br>४.१.३ स्थानीय कृषि तथा पशुपन्छी जन्य उत्पादनलाई पर्यटन विकाससँग आवद्ध गर्ने ।<br>४.१.४ जैविक विविधता सहितका बनजङ्गलाई पर्यटक मनोरञ्जन स्थलको रुपमा विकास गर्ने । |

## ४.४.५ प्रमुख कार्यक्रम

**तालिका नं. ४.५ — योजना तथा बजेट**

| कार्यक्रम तथा आयोजना | एकाइ | कुल लक्ष्य | कुल लागत रुहजारमा | पहिलो बर्ष (२०८१/०८२) | दोश्रो बर्ष (२०८२/०८३) | तेश्रो बर्ष (२०८३/०८४) | चौथो बर्ष (२०८४/०८५) | पाचौ बर्ष (२०८५/०८६) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| कुवाडी देखि धुलाचौरसम्म रयाफ्टिङ्ग सेवा संचालनका लागि आवश्यक व्यवस्था मिलाईने | स्थान | १ | १५०० | ७०० | ५०० | १०० | १०० | १०० | प्रदेश सरकार, |
| पर्यटन प्रर्वद्धनका लागि प्रचार प्रसार तथा स्थानिय नागरीकहरुलाई पर्यटन व्यवसाय संग जोड्ने गरी आवश्यक सहयोग कार्यक्रम | स्थान | १ | ८००० | ३००० | २००० | १००० | १००० | १००० | सङ्घीय सरकार, |
| हिमालि गाउँपालिकाको रानीसैन,हिमाली लगायतका क्षेत्रहरुलाई पर्टकीय सडक संजाल सँग जोड्ने गरी आवश्यक कार्य अगाडी बढाईने | कि.मि. | ६० | १५०० | ७०० | ५०० | १०० | १०० | १०० | नेपाल सरकार |
| सुरक्षित सडक संजाल निर्माण, | कि.मि. | ५० | २९२५ | ९२५ | ८०० | ५०० | ४०० | ३०० | संघिय सरकार |
| हिमालि गाउँपालिकासँग जोडिएको कर्णाली नदिको क्षेत्रमा रयाफ्टिङ्ग सेवा निरन्तरता, | कि.मि. | ५० | १००० | ३०० | २०० | २०० | २०० | १०० | गाउँपालिका, |
| रानिसैन पर्यटकीय क्षेत्रसम्म पदमार्ग यात्रा संचालन गर्ने कार्यको निरन्तरता | कि.मि. | ५० | ८००० | ३००० | २००० | १००० | १००० | १००० | प्रदेश सरकार, |
| स्थानिय कलाकृति,मौलिक साँकृतिक परम्परा रीतिरिवाजको जर्गेना गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार | पटक | १ | १००० | ३०० | २०० | २०० | १५० | १५० | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| गर्नका लागि डकुमेन्ट्री निर्माण गरी, सामाजिक संजालबाट प्रचारप्रसार गर्ने तथा राष्ट्रिय टेलिविजन बाट प्रसारण गर्ने लगायतका कार्यक्रमहरु सम्पन्न गरीने | | | | | | | | | |
| साहसिक पूर्वाधार (बञ्जीजम्पिङ, स्काइ डाभिङ, साइक्लिङ)निर्माण आयोजना | स्थान | ३ | ११०० | ५०० | २०० | २०० | १०० | १०० | गाउँपालिका, तथा निजी क्षेत्र |
| पर्यापर्यटन पूर्वाधार विकास तथा प्रवर्द्धन कार्यक्रम | वर्ष | ५ | १५०० | ५०० | ३०० | ३०० | २०० | २०० | प्रदेश सरकार, सङ्घ/संस्था |
| पर्यटक उद्धार तथा राहत कार्यक्रम | वर्ष | ५ | २५०० | ७०० | ६०० | ४०० | ४०० | ४०० | गाउँपालिका, |
| **वडास्तरबाट आएका योजनाहरु** | | | | | | | | | |
| मन्दिर तथा देवस्थल निर्माण, गुफा व्यवस्थापन, खरी ढुङ्गाको उत्खनन | स्थान | ३ | १००० | ५०० | ० | ३०० | ० | २०० | गाउँपालिका, |
| गुम्बा, च्योर्तेन, मनी, कनी, ल्यासु निर्माण, मर्मतसंभार तथा स्तरोन्नति कार्यक्रम | संख्या | ६० | २५०० | ७०० | ७०० | ५०० | ४०० | २०० | गाउँपालिका, |
| जम्मा | | | ६४०० | ७८०० | ४८०० | ४०५० | ३८५० | ६४०० | |

## ४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ४.६ — नतिजा खाका**

| सूचक | इकाई | आधार रेखा आ.ब.२०८०/०८१ सम्मको अवस्था | लक्ष्य (५ वर्ष) | |
|---|---|---|---|---|
| | | | २०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४ देखि २०८५/०८६ (३ वर्ष) |
| भ्रमण गर्ने बार्षिक पर्यटक (बाह्य) | संख्या | ३०० | ५०० | १००० |
| भ्रमण गर्ने बार्षिक पर्यटक(आन्तरिक) | संख्या | १५०० | २००० | ३००० |
| पर्यटन र सेवा मूलक व्यवसायमा संलग्न व्यक्ति | जना | ५५ | ६० | ७० |
| ब्यबस्थित पर्यटकीय स्थान तथा स्थल | संख्या | ४ | ४ | ६ |
| ब्यबस्थित होमस्टे र ग्रामिण पर्यटकीय गाउँ | संख्या | ० | १ | २ |
| उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार (पार्क,निकुन्ज,धार्मिक सामाजिक स्थल) | संख्या | ० | ० | १ |
| पर्यटकीय स्तरको होटल तथा रेस्टुरेन्ट | संख्या | १ | ४ | ५ |
| कृषि पर्यटन संचालन स्थान | संख्या | ० | १ | २ |

| | | | | |
|---|---|---|---|---|
| तालिम प्राप्त टुर गाइड | संख्या | ० | २ | २ |
| व्यबस्थितबनभोज स्थल तथा पार्क | संख्या | ० | ० | २ |
| स्तरोन्नति गरीएका पर्यटकीय सम्पदा | संख्या | ० | १ | २ |
| तालिम प्राप्त कुक तथा बेटर | | १० | १५ | २० |
| संचालित तथा ब्यबस्थित पदमार्गको लम्बाई | | ० | १० | २० |

*स्रोतः गाउँपालिका प्रोफाईल २०८० र सिबिएस २०७८*

### ४.४.७ अनुमान तथा जोखिम पक्ष

पर्यटन क्षेत्रको विकासमा निजी क्षेत्रको सहभागितामा बृद्धि भएको हुनेछ । प्राकृतिक विपत्तीमा कमि आएको हुनेछ । श्रोत र साधनको पर्याप्तता रहेको हुनेछ जोखिम पक्ष सहयोगी तथा साझेदार संघ संस्थाको कमि, प्रविधि तथा उपकरणको अभाव, निर्माण समाग्रि अप्रयाप्त, प्राकृतिक प्रकोप तथा विद्यमान ऐन कानूनहरुको पुर्ण रुपमा कार्यान्वयन नहुन सक्ने सम्भावना ।

## ४.५ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति

### ४.५.१ पृष्ठभूमि

आर्थिक विकासको प्रमुख आधारको रुपमा विश्व बजारमा स्थापित रहेको उद्योग, व्यापार, व्यवसायले विश्व आपुर्ति व्यवस्थापनमा समेत ठूलो प्रभाव पारेको छ । नेपालको संबिधानले अर्थतन्त्रको विकासका लागि उद्योग धन्दा र स्रोत साधनको संरक्षण र प्रबर्धन गरी नेपाली कच्चा पदार्थ, श्रम र शिपमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र राष्ट्रिय हित अनुकुल आयत व्यवस्थापन र निर्यात प्रबर्धन गर्ने गरी औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने, राष्ट्रिय हित अनुकुल निर्यात प्रबर्धन तथा आयात व्यवस्थपन गर्ने, उपभोक्तालाई गुणस्तरीय बस्तु र सेवा प्राप्त गर्ने हक र गुणस्तरहीन बस्तु र सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने जस्ता संबैधानीक व्यवस्था गरेको छ ।

हिमाली गाँउपालिका क्षेत्र भित्र २२५ जनाले व्यापार व्यवसाय गरीरहेकाछन् त्यसै गरी ब्यबसायिक पशुपालनमा संलग्न परिवार संख्या १९० जनाले व्यवसाय गरेका छन र यस पालिकामा साने तिनो दैनिक व्यवसाय गरी आफ्नो जिबीकोपार्जन गरी रहेका छन्

## ४.५.२ समस्या तथा चुनौती

स्थानीय स्तरमा व्यवसायिक उत्पादन हुन नसक्नु, सीमित उत्पादन (जस्तै ओखर, सुन्तला, कुखुरा) को वजारीकरण हुन नसक्नु, उद्यमशीलता तथा सीपको कमी, उद्योग तथा औद्योगिक ग्रामको स्थापना हुन नसक्नु, जडीवुटीजन्य वस्तु प्रशोधन गर्ने उद्योगको अभाव हुनु, उत्पादित वा आयातित वस्तुको उत्पादन लागत उच्च हुनु, प्राविधिक जनशक्तिको कमी हुनु, लगानीको लागि वित्तीय पहुँच कमजोर हुनु, सहकारीको लगानी उद्यम विकासतर्फ परिचालित हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

## ४.५.३ संभावना तथा अवसर

पालिकामा औद्योगिक लगानी मैत्री हुनु, चाउमिन, मिल, कुटानी, पिसानी लघु उद्योगहरू विद्यमान हुनु र तिनका प्रबर्धनका सम्भावना रहनु, एक स्थानिय सरकार एक औद्योगिक ग्राम स्थापना गर्ने केन्द्रीय नीति रहनु, जडिवुटी तेजपत्ता, दालचिनी, सतुवा, लोक्ता, सिस्नु, रिठो, लोठसल्ला, अल्लो, चिराइतो, टिमुर, बाँस तथा निगालो आदि उपलव्ध हुनु, कृषि र जडिबुटी सम्बन्धी प्रशोधन उद्योगको सम्भावना रहनु, लघु तथा घरेलु उद्योगका लागी आवश्यक कच्चा पदार्थहरू स्थानीय रूपमा उपलव्ध हुनु, क्षमता तथा उद्यम विकासमा कार्य गर्ने गैर सरकारी संस्थाहरुको उपस्थिति रहनु, आदि यस क्षेत्रका प्रमुख अवसर हुन् ।

निजी क्षेत्र (लगानी) आकर्षित गर्नु, वित्तीय क्षेत्रमा पहुँच पुग्नु, स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्नु, औद्योगिक क्षेत्रका लागि आवश्यक पर्ने जनशक्तिको उत्पादन गर्नु, औद्योगिक उत्पादनको बजारसम्म पहुँच हुनु, युवा पलायन रोक्नु, औद्योगिक ग्राम र औद्योगिक पूर्वाधारको विकास गर्नु, उद्यमशीलताको विकास गर्नुआदि यस क्षेत्रका प्रमुख अवसर र आवस्यकता हुन् ।

## ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### लक्ष्य

**स्थानिय उत्पादनलाई संकलन र बजारीकरण गर्नु**

### उदेश्य

- उद्यमशीलताको विकास गर्नु ।
- उद्योग व्यवसाय क्षेत्रमा लगानी आकर्षित गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेश्य १ उद्यमशीलताको विकास गर्नु ।** | |
| १.१ प्राविधिक ज्ञान र उद्यमशीलताको विकास | १.१ स्थानीय स्तरमा लघु र घरेलु उद्योग व्यवसाय स्थापनालाई प्रोत्साहन गरीनेछ<br>१.२ वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई उनीहरूले सिकेको सीपअनुरूप उद्योग व्यवसाय क्षेत्रमा लगानी गर्न आकर्षित गरीनेछ । |

| | |
|---|---|
| गर्दै युवासमूहलाई उद्योग क्षेत्रमा आकर्षित गर्ने। | १.३ स्थानीय उत्पादनमा आधारित उद्योग स्थापनाका लागि सीप विकास तथा तालिम कार्यक्रमहरू सञ्चालन गरीनेछ ।<br>१.४ नयाँ स्थापना हुने रोजगारमूलक उद्योगमा स्किम धितोका आधारमा सहुलियत ऋण उपलव्ध गराउन सहजीकरण गरीनेछ ।<br>१.४ परम्परागत प्रविधिमा आधारित उद्योगहरूलाई नयाँ प्रविधिसँग जोडी आयस्तर वृद्धि गर्न सहयोग पुरयाइनेछ ।<br>१.५ पछाडि परेका वर्ग पराम्परागत सीप भएका समूह पहिचान गरी नयाँ प्रविधिसँग आवद्ध गर्दै व्यवसायीकरण गर्न सहुलियत प्रदान गरीनेछ ।<br>१.६ महिला उद्यमशीलता तालिम सञ्चालन गरी महिलाद्वारा सञ्चालित उद्यमहरूलाई विशेष सहुलियत प्रदान गरीनेछ । |
| **उदेश्य २ उद्योग व्यवसाय क्षेत्रमा लगानी आकर्षित गर्नु** | |
| २.१ प्रतिस्पर्धात्मक क्षमता भएका स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्ने । | २.१.१ स्थानीय जडिबुटी, जैविक कृषि उपज, फलपूल तथा तरकारी प्रशोधन सम्बन्धी उद्योगहरूको स्थापना र विकासमा प्रोत्साहन गरीनेछ ।<br>२.१.२ स्थानीय उत्पादनको ब्राण्डिङ गरी प्रबर्धन गरीनेछ ।<br>२.१.३ स्थानीय उत्पादनको बजारीकरणका लागि सहकारी र निजी क्षेत्रसँग सञ्जालीकरण र सहकार्य गरीनेछ । |
| २.२ निजी लगानीलाई आकर्षित गर्दै औद्योगिक उत्पादन तथा व्यापार व्यवसायमा वृद्धि गर्ने । | २.२.१ स्थानीय उत्पादन विक्रीका लागि कोसेली घरको स्थापना गरीनेछ ।<br>२.२.२ बाहिर रहेका स्थानीयबासीलाई पालिकामा उद्यम व्यवसाय सञ्चालनमा लगानी गर्न प्रोत्साहन गरीनेछ ।<br>२.२.३ मूल्यलाई व्यवस्थित गर्न मूल्य सूची राख्ने र नियमित अनुगमन र नियमन गरीनेछ ।<br>२.२.४ अत्यावश्यक वस्तुको निर्वाध आपूर्तिको सुनिश्चितता गर्दै कृत्रिम अभाव, कालोबजारी जस्ता अनियमितता नियन्त्रण गरीनेछ ।<br>२.२.५ विषयगत उत्पादन संस्था र उद्योग वाणिज्य संघसँगको सहकार्यमा सबै किसिमका व्यापार व्यवसायलाई दर्ता गरी अभिलेखीकरण गराइनेछ । |
| २.३ स्थानीय बैङ्क तथा सहकारीलगायतका वित्तीय संस्थाहरूबाट बचत परिचालन गरी उद्यम | २.३.१ वित्तीय संस्थाहरूबाट बचतका स्किमहरू विकास गरी ससाना बचतहरूलाई उद्यम व्यवसायतर्फ परिचालन गरीनेछ ।<br>२.३.२ विभिन्न समूह र सामुदायिक संस्थामा छरिएर रहेको बचतलाई उद्यम व्यवसाय सञ्चालनमा लगानी गर्न प्रोत्साहित गरीनेछ । |

## ४.५.५ प्रमुख कार्यक्रम

**तालिका नं. ४.७ — योजना तथा बजेट**

| कार्यक्रमतथाआयोजना | एकाइ | कुल लक्ष्य | कुल लागत (रू. हजारमा) | पहिलो बर्ष (२०८१/०८२) | दोश्रो बर्ष (२०८२/०८३) | तेश्रो बर्ष (२०८३/०८४) | चौथो बर्ष (२०८४/०८५) | पाचौ बर्ष (२०८५/०८६) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| धुलाचौरमा निर्माणधिन रहेको औद्योगिक ग्रामको निर्माण कार्यलाई निरन्तरता दिने | वर्ष | ५ | १०००० | ५००० | ३००० | १००० | ५०० | ५०० | नेपाल सरकार |
| गाउँपालिका क्षेत्रभित्र उत्पादीत फलफूल लगाएत कृषि जन्य उत्पादित वस्तु,पशुजन्य उत्पादीत वस्तु, काष्ठजन्य बस्तु, केतुकी, अल्लो,लोक्ता,लगाएतका अन्य बन पैदावरसंग सम्बन्धीत उद्योगहरु आगामी वर्ष बाटै केही उद्योगहरु संचालन गरी रोजगारी सृजना गरीने | | ५ | ५०००० | २०००० | १०००० | १०००० | ५००० | ५००० | गाउँपालिका, |
| जडीबुटी प्रशोधन केन्द्र स्थापना गर्ने | | ५ | ५०००० | ३०००० | १०००० | २५०० | ५००० | २५०० | प्रदेश सरकार |
| घरेलु तथा साना उद्योग विकास क्षेत्रमा सहयोग गर्ने निकायसँगको सहकार्यमा लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार , यन्त्र, उपकरण प्रदान गरीने छ | वर्ष | ५ | १७००० | ५००० | ४००० | ३००० | ३००० | २००० | प्रदेश सरकार र गैसस |
| स्थानीय बन पैदाबर, प्राकृतिक स्रोत साधन, जडिबुटीमा आधारीत उद्योगहरु स्थापना गर्न लगानी कर्ताहरुलाई उचित वातावरणको व्यवस्था गरीने | वर्ष | ५ | १०००० | ५००० | २५०० | १००० | १००० | ५०० | गाउँपालिका, नेपाल सरकार, प्रदेश सरकार र गैसस |
| **जम्मा** | | | ४५००० | २९५०० | १७५०० | १४५०० | १०५०० | ४५००० | |

## ४.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ४.८ — नतिजा खाका**

| सूचक | इकाई | आधार रेखा आ.ब.०८०/०८१ सम्मको अवस्था | लक्ष्य (५ वर्ष) | |
|---|---|---|---|---|
| | | | २०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४ देखि ०८५/०८६ (३ वर्ष) |
| गैर कृषि पेशा (उद्धम,ब्यापार र जागिर) मा निर्भर | जनसंख्या | १६३२ | १८०० | २००० |
| ब्यबसायिक पशुपालनमा संलग्न परिवार | संख्या | १९० | २५० | ३०० |
| बार्षिक खरिद बिक्रि भेडा,खसी,बोका | संख्या | १५०० | १८०० | २५०० |
| ब्यबसायिक पशुपालन फर्म | संख्या | ४२ | ५० | ६० |
| दुध तथा दूधजन्य उत्पादन | मे.ट. | ४०० | ५२० | ५५० |
| भुइँ घासको ब्यबसायिक उत्पादन क्षेत्र | हेक्टर | ५ | १० | ३० |

| | | | | |
|---|---|---|---|---|
| सक्रिय पशुपालन समुह | संख्या | २८ | ३५ | ४० |
| चालु लघु उद्योग | संख्या | ० | २ | २ |
| चालुघरेलु उद्धोग | संख्या | ० | ८ | १५ |
| चालु साना उद्धोग | संख्या | ८ | १० | १५ |
| चालु मझौला उद्धोग | संख्या | ० | ० | १ |
| सुचारु ब्यापार ब्यबसाय | संख्या | १५८ | २०० | २०० |
| निकासीजन्य कच्चापदार्थको परिमाण | क्विन्टल | ० | ० | १ |

*स्रोतः गाउँपालिकाको प्रोफाईल २०८० तथा सिबिएस २०७८*

### ४.५.७ अनुमान तथा जोखिम पक्ष

औद्योगिक ग्राम तथा उद्योगहरूको स्थापना, व्यापार व्यवसाय सञ्चाल व्यवस्थापनकालागि जग्गा जमिन, पूर्वाधार, स्रोत र साधनको पर्याप्तता रहेको हुनेछ । ऐन कानूनको सरलिकरण साथै प्राकृतिक प्रकोपको प्रभाव कम रहेको हुनेछ । साथै जोखिम पक्ष जग्गा जमिनको अभाव स्रोत र साधनको अभाव, सहयोगी तथा साझेदार संघ संस्थाले चासो कम दिन सक्छन्, प्रविधि तथा उपकरणको अभाव, निर्माण समाग्रि, प्राकृतिक प्रकोप, विद्यमान ऐन कानून र विद्युत आपुर्ति अभाव हुन सक्छ ।

## ४.६ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.६.१ पृष्ठभूमि

श्रम शक्ति नेपालको अर्थतन्त्र विकासको प्रमुख क्षेत्रको रुपमा स्थापित रहेको छ । श्रम बजारको आवश्यकता बमोजिम शिपमुलक श्रम शक्तिको विकास र व्यवस्थापन बाट गरीवी निवारण र आर्थिक विकासका बहुआयामिक क्षेत्रको उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी अर्थतन्त्रको दरिलो आधार निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो ।

नेपालमा प्रत्येक बर्ष करिव ५ लाख युवा श्रम बजारमा प्रवेश गर्दछन् भने दैनिक रुपमा १००० यूवा बैदेशिक रोजागरीकालागि विदेशिने गरेको अवस्था छ । बैदेशिक रोजगारी बाट प्राप्त विस्लेषणले कुल गार्हस्थ्य उत्पादनको २५.४ प्रतिसत हिस्सा ओगटेको छ । कमजोर नियमन र नीरिक्षण प्रणालीका कारण विदेशी श्रमिक आप्रवाह बढ्दै गई स्वदेशि श्रमिक विस्तापित भै रहेको अवस्था छ । वर्तमान श्रम शक्तिको ३६.५ प्रतिसत मात्र औपचारिक क्षेत्रमा सम्लग्न रहेको देखिन्छ भने बेरोजगारी दर ११.४ प्रतिसतको हाराहारिमा रहेको छ । *गाउँपालिकाको प्रोफाईल २०८० तथा सिबिएस २०७८*

## ४.६.२ समस्या तथा चुनौती

रोजगार सम्बन्धी गुरु योजना निर्माण नहुनु, बेरोजार संख्या एवम् उपलब्ध रोजगारी सम्बन्धमा एकीकृत र वास्तविक विवरण अभाव, बस्तुगत विवरण स्वतह अध्यवधिक हुने प्रणालीको अभाव, रोजगारीका क्षेत्र र स्थान साथै श्रमप्रतिको सम्मानको कमि, उद्यमसिलताको विकास र विस्तारमा न्यूनता, रोजगार प्रबर्धन र उत्पादनशिल रोजगारीको अपर्याप्तता, बैदेशिक रोजागरी बाट प्राप्त सीप र पूँजीको न्यून परिचालन, बिभिन्न प्रकृतिका बालश्रमको विद्यमानता, रोजगारमैत्री लगानीलाई प्रोत्साहन र संरक्षणको अभाव, सूचना प्रणाली र श्रम प्रशासन प्रभावकारी हुन नसक्नु वर्तमान श्रम तथा रोजगार क्षेत्रका समस्याका रुपमा रहेका छन् । नारा एवम्घोषणा पत्रमा उच्च प्राथमिकता रहेको रोजगारी व्यवहारमा नगण्य बजेट छुटीनु, वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थीत एवम् मर्यादित बनाउन बजेट, नीति तथा कार्यक्रम नहुनु , स्थानीय रोजगारी नितिको अभाव, आवश्यकता बमोजिम तालिम प्राप्त नभइ एउटै व्यक्तिले पटक–पटक विभिन्न तालिम लिई पनि स्वरोजगारमा संलग्न नहुनु, वास्तवीक लाभग्राही छनोट हुन नसक्नु, पालिकासँग बेरोजार संख्या एवम् उपलब्ध रोजगारी सम्बन्धमा एकीकृत विवरण नहुनु ।

श्रम तथा रोजगार सम्बन्धी सम्बैधानिक हकको कार्यान्वयन गर्न, उद्योग तथा कलकारखाना स्थापना गर्न र उद्योगिक ग्रामको स्थापना गर्न आवश्यक पर्ने जग्गाको सहज व्यवस्थापन गर्न, प्रदेश र संघबाट छरिएर आएका कार्यक्रमहरूबीच समन्वय गर्न रोजगारीका क्षेत्रको पर्याप्त विकास र विस्तार गर्न, बैदेशिक रोजगारी प्रतिको आकर्शण न्यून गर्न, सुरक्षित र भरपर्दो श्रम बजार विकास गर्न, अनौपचारिक क्षेत्रमा रहको रोजागारीलाई औपचारिक क्षेत्रमा ल्याउन, शिक्षालाई व्यवहारिक र रोजगारमैत्री बनाउन, बैदेशिक रोजागरी बाट प्राप्त पूँजीको पूर्ण र भरपर्दो उपयोग गर्नु, आधुनिक प्रविधि, ज्ञान र सीपलाई उत्पादनशील क्षेत्रमा सदुपयोग गर्नु चुनौती कोरुपमा रहेका छन्।

## ४.६.३ संभावना तथा अवसर

संघीय स्तरमा श्रम शक्तिको पूर्ण सुरक्षाकालागि श्रम, सामाजिक सुरक्षा र रोजगार सम्बन्धी आधारभुत कानून निर्माण भई कार्यान्वयनमा आउनु, शैक्षिक बेरोजगार तथा बैदेशिक रोजगारबाट आएको सीपयुक्त व्यक्तिलाई सहुलियत दरमा ऋण उपलब्ध हुने आधार निर्माण हुदै जानु, बालमैत्री स्थानीय शासनको कार्यान्वयन सँगै बालश्रम न्यूनिकरण अभियानले मूर्त रुप लिदै जानु तथा निकृष्ट प्रकारको बालश्रम दर उल्लेख्य रुपमा घट्दै जानु, पालिकामा रोजगार सूचना केन्द्र स्थापित हुनु, नगरपालिकामा वेरोजगारहरूको अभिलेख सङ्कलन गर्ने कार्यको थालनी हुनु, स्थानीय स्तरमा कृषि, पशुपालनका क्षेत्र क्रमसः व्यवसायिक रुप धारण गर्दै जानु, स्थानीय उत्पादनहरू निकासी योग्य अवस्थामा विकसित हुदै जानु साथै स्थानीय स्तरमानै शिक्षित जनशक्तिको उपलब्धता रहनु, वडा वडामा वार्षिक रुपमा क्षमता विकासका लागि बजेट विनियोजन हुने गर्नु, नगर, प्रदेश र संघ बीच साझेदारीमा कार्यक्रम संचालन गरी रोजगारी सिर्जना गर्न सकिने संभावना बढ्दै जानु, निजि क्षेत्रबाट संचालित उद्योग, कलकारखाना, व्यापार र व्यवसायका क्षेत्र सँग सहकार्य गरी थप रोजगारी सिर्जना गर्न सकिने जस्ता अवसर र सम्भावना याहाँ रहेका छन्।

### ४.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्यः**

**शैक्षिक एवम् अदक्ष बेरोजगारहरूलाई जीवन जिउन आवश्यक न्यूनतम रोजगारी प्रदान गरी वैदेशिक रोजगारीलाई सुरक्षित र सिप सिकेर मात्र जाने बातावरण सिर्जना गर्ने ।**

**उद्देश्यः**

- सिप सिकेर मात्र विदेश जाने प्रवृतिको विकास गर्नु
- प्रधानमंन्त्री रोजगार कार्यक्रम व्यवस्थीत पार्नु र स्थानीय स्तरमा रोजगारीका अवसर तथा संभावनाहरुको खोजी गर्नु
- रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्यः १ सिप सिकेर मात्र विदेश जाने प्रवृतिको विकास गर्नु** | |
| १.१रोजगारीका अवसर तथा संभावनालाई दिगो बनाउने | १.१.१ प्रत्येक वडामा बेरोजगार, गरीव एवम पिछडिएका वर्गको पहिचान गरी सिप अभिवृद्धिका कार्यक्रम सञ्चालन गरीने छ ।<br>१.१.२ अनौपचारिक शिक्षाको प्रचार प्रसार मार्फत घरेलु उद्यमलाई प्रोत्साहन गरीने छ ।<br>१.१.३ वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन वैदेशिक रोजगार सम्बन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानुनी सहायताका लागि सम्बन्धित सरोकारबालाहरुसँग समन्वय तथा सहकार्य गरीने छ ।<br>१.१.४ वैदेशिक रोजगारबाट फर्किएर आए का व्यक्तिहरुको ज्ञान, सिप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकास गरीने छ । |
| **उद्देश्यः २ प्रधानमंन्त्री रोजगार कार्यक्रम व्यवस्थीत पार्नु र स्थानीय स्तरमा रोजगारीका अवसर तथा संभावनाहरुको खोजी गर्नु** | |
| २.१ रोजगार कार्यक्रमलाई विस्तार गरी लक्ष्य बमोजिमको न्यूनतम रोजगारीको सुनिस्चितता गर्ने | २.२.१ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने<br>२.२.२ व्यापार व्यवसाय अभिवृद्धिकालागि सम्बन्धित सरोकारवालालाई उत्पादन, व्यवस्थापन र बजारिकरणका विषयमा तालिम प्रदान गर्ने<br>२.२.३ यस पालिका क्षेत्र भित्र सञ्चालनमा रहका लघु, घरेलु तथा साना उद्योगको क्षमता विकासमा सहयोग गर्ने कृषि सहकारी संस्थालाई पूँजिगत अनुदान सहित प्रोत्साहन गर्ने |

| | |
|---|---|
| | २.२.४ वैदेशिक रोजगारीबाट प्राप्त रेमिटेन्स सदुपयोग गर्न परिवारलाई वित्तिय साक्षरता तथा मनोपरामर्श जस्ता कार्यक्रम संचालन गर्ने |
| **उद्देश्यः ३ रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने** | |
| कृषि र उद्योगमा लगानी वृद्धिको वातावरण सिर्जना गरी रोजगारीको सिर्जना गन | ३.१.१ कृषि जन्य उत्पादनको व्यावसायीकरण गरी कृषि लगानी आकर्षण मार्पत कृषि क्रियाकलापमा वृद्धि ल्याई रोजगारीको अवसर सिर्जना गरीने छ ।<br>३.२.१ उद्योग व्यवसायको विस्तार गरी दक्ष र अर्धदक्ष जनशक्तिलाई रोजगारी सिर्जना गरीने छ ।<br>३.२.२ पालिका भित्र प्राप्त आयमूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीय साक्षरता कक्षा संचालन गर्दै उद्यम विकासमा सहयोग गर्ने<br>३.२.३ वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरुलाई न्यूनीकरणका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गरीने छ । |

## ४.६.५ प्रमुख कार्यक्रमः

**तालिका नं. ४.९- योजना तथा बजेट**

| कार्यक्रम तथा आयोजना | एकाइ | कुल लक्ष्य | कुल लागत (रू. हजारमा) | पहिलो बर्ष (२०८१/०८२) | दोश्रो बर्ष (२०८२/०८३) | तेश्रो बर्ष (२०८३/०८४) | चौथो बर्ष (२०८४/०८५) | पाचौ बर्ष (२०८५/०८६) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रधानमंन्त्री रोजगार कार्यक्रम विकास निर्माणका कार्यहरुमा स्थानीय जनशक्ति परिचालन कार्यक्रम नगरपालिका भित्रका दलित तथा विपन्नलाई आ-आफ्नो सम्मानित पेशालाई मर्यादित तुल्याउन क्षमता अभिवृद्धि तालिम तथा सिपको व्यवस्थापन | वर्ष | ५ | १०००० | ५००० | ५००० | 0 | 0 | 0 | नेपाल सरकार |
| **वडाबाट आएका योजनाहरू** | | | | | | | | | |
| वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूलाई उद्यम विकासका लागि सहजिकरण तथा सहयोग कार्यक्रम | वर्ष | ५ | २५००० | ५००० | १०००० | १०००० | 0 | 0 | गाउँपालिका |
| स्थानिय स्तरमा रोजगारीका अवसर तथा संभावनाहरुको खोजी कार्यक्रम साथै रोजगार सेवा केन्द्र सञ्चालन कार्यक्रम | वर्ष | ५ | ५०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | गाउँपालिका र गैसस |
| कुल जम्मा | | | ८५००० | २०००० | २५००० | २०००० | १०००० | १०००० | |

### ४.६.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ४.१० — नतिजा खाका**

| सूचक | इकाई | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४- देखि २०८५/०८६ (३ वर्ष) |
| रोजगार दर | प्रतिशत | २०% | ३० | ४० |
| कोभिड पछी बेरोजगार | संख्या | ४७०० | ० | ० |
| कोभिड अघिबेरोजगार | संख्या | ४१०० | | |
| बेरोजगार | प्रतिशत | ४७% | ३५% | ३०% |
| बैदेशिक रोजगार | प्रतिशत | २०% | २५% | ३०% |
| ब्यबसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ३४२ | ५०० | ६०० |
| क्रियाशिक ग्रामिण कृषि कार्यकर्ता | संख्या | ७२ | ८० | १२० |
| गैर कृषि पेशा (उद्धम,ब्यापार र जागिर) मा निर्भर | जनसंख्या | १६३२ | १८०० | २००० |
| कृषि तथा पशुपालन ब्यबसायमा संलग्न परिवार | संख्या | २८३० | २८३० | २८३० |
| उद्धोग तथा व्यवसायमा संलग्न व्यक्ति | जना | २२५ | २५० | ३०० |
| पर्यटन र सेवा मूलक व्यवसायमा संलग्न व्यक्ति | जना | ५५ | ६० | ७० |
| उत्पादन र बजारीकरण सहकारीमा आबद्ध सदस्य | संख्या | १५५ | ३०० | ३२० |
| ब्यबसायिक पशुपालनमा संलग्न परिवार | संख्या | १९० | २५० | ३०० |

*स्रोतः गाउँपालिकाको प्रोफाईल २०८० तथा सिबिएस २०७८*

### ४.६.७ अनुमान तथा जोखिम पक्ष

रोजगारीका क्षेत्रहरूको विकास र स्वरोजगारिका क्षेत्रको विस्तार भएको हुनेछ । गाँउपालिका सँग असल समन्वय र साझेदारी कायम र दिगो भएको हुनेछ साथै जोखिम पक्ष श्रोत र साधनको अभाव, सहयोगी तथा साझेदार संघ संस्था सरोकारवाला संघ संस्थाको निस्कृयता, प्रविधि तथा उपकरणको अभाव र विद्यमान ऐन कानून कार्यन्वयन ।

# परिच्छेद ५:

# सामाजिक विकास क्षेत्र

वर्तमान संविधानले शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरूलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई तथा सामाजिक विकासका अन्य पक्षहरू रहेका छन् । सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य–३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य–४ (गुणस्तरीय शिक्षा), लक्ष्य–५ (लैंगिक समानता) र लक्ष्य–६ (स्वच्छ पानी तथा सरसफाई) संग सम्बन्धित छ । सामाजिक विकास अन्तरगत शिक्षा तथा सीप विकास, स्वास्थ्य तथा पोषण, खानेपानी, सरसफाई तथा फोहरमैला ब्यवस्थापन, लैङ्गिक समानता तथा महिला सशक्तिकरण, भाषा, साहित्य, संस्कृति र सम्पदा, युवा तथा खेलकुद आदि क्षेत्र पर्दछन् । जसवाट गुणस्तरीय शिक्षा र स्वास्थ्य, दक्ष, सक्षम, सिर्जनशिल, प्रतिस्पर्धी तथा उत्पादक जनशक्ति, सुसस्कृत एवं समतामूलक समाज निर्माणका लागि सामाजिक विकास योजना तर्जुमा गरीएको छ ।

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

नेपालको संबिधानले प्रत्येक नागरिकलाई राज्य बाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । आफ्नो कार्यक्षेत्र भित्रको आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा कार्यान्वयन, आधारभुत स्वास्थ्य सेवाको ब्यवस्थापन, प्रजनन् स्वास्थ्य तथा पोषण सेवा सञ्चालन, स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार निर्माण विकास, खानेपानी तथा खाद्य पदार्थको गुणस्तर नियन्त्रण, ध्वनी तथा वायु प्रदुषण नियन्त्रण, स्वास्थ्यजन्य फोहोरमैलाको ब्यवस्थापन र सरसफाई, रक्त सञ्चार सेवा, औषधी पसल सञ्चालन, नियमन तथा व्यवस्थापन, परिवार नियोजना तथा मातृशिशु स्वास्थ्य सेवा साथै कुपोषण न्यूनिकरण सम्बन्धी जिम्मेवारीहरू स्थानीय तहमा राखिएको छ ।

यस पालिकामा ८ वटा स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्थाहरू रहेका छन्, जसले स्थानीय जनसमुदायलाई आधारभूत र विशेष स्वास्थ्य सेवाहरू उपलब्ध र प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेका छन्  साथै १५ वटा नीजि किलिनिकहरु रहेको छन्, जसले व्यक्तिलाई सहज र अतिआवश्यक स्वास्थ्य सेवा प्रदान गर्ने गरेका छन् यस पालिकाको बिभिन्न स्वास्थ्य सेवा क्षेत्रमा ३६ जना महिला स्वयम सेविकाहरू पनि सक्रिय रूपमा काम गरीरहेका छन्, जसले समुदायमा स्वास्थ्य सम्बन्धी सचेतना फैलाउने र आवश्यक सेवाहरूमा सहयोग

पुऱ्याउने कार्य गर्दै आएका छन्। यस पालिकामाको स्वाथ्य सेवा केन्द्रमा बच्चा जन्माउने महिलाहरुको संख्या ५५ प्रतिशत रहेको छ, जसले मातृ स्वास्थ्य सेवामा भएको सुधारलाई प्रतिविम्बित गर्दछ ।

## ५.१.२ समस्या तथा चुनौती

स्वास्थ्य क्षेत्रमा जनशक्तिको कमी तथा महिला स्वास्थ्य स्वयम सेविकाको क्षमता विकासका अवसरमा कमी रहेको छ । गाउँबासीहरूमा स्वास्थ्य सम्बन्धी सचेतनाको कमी, निशुल्क प्राप्त गर्ने बाहेकका अन्य खालका महत्वपूर्ण : खोपको कमी, सहज यातायात सुविधाको कमी, औजार उपकरणमा कमी र विशेषज्ञ सेवाको कमी समस्याका रुपमा रहेका छन् । जनसंख्या कम तर छरिएको बस्ती हुनले स्वास्थ्य सेवामा सबैको सहज पहुँच कायम गर्न कठिनाइ रहेको छ । बाहिरी जिल्लाबाट सेवा गर्न आउने स्वास्थ्यकर्मीको स्थायित्व कायम राख्नु, आम नागरिकमा धामी झाँक्री प्रतिको अन्धविश्वास यथावत हुनु, भौगोलिक विकटताले स्वास्थ्य संस्थामा पहुँच सुलभ नहुनु, बदलिँदो अस्वस्थकर खानपान तथा जीवनशैलीका कारण स्वास्थ्य जोखिम बढदै जानुयस क्षेत्रका प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

## ५.१.३ संभावना तथा अवसर

गाउँपालिकाभित्र निजी तथा सामुदायिक गरी कुल २० वटा स्वास्थ्य संस्थाको स्थापनाले स्वास्थ्य सेवा सहज भएको छ । यसबाट घरदैलो मै स्वास्थ्य सेवाको उपलब्धता विस्तार हुँदै गएको छ ।बालबालिकामा कुपोषण र महिलामा पाठेघर खस्ने समस्या नगन्य रुपमा मात्र रहेको छ । पन्ध्र सैयाको आधारभूत अस्पताल निर्माणको क्रममा रहेकोले आगामी दिनमा स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँचमा वृद्धि हुने अवस्था छ । गाउँपालिकाको अग्रसरतामा आपतकालीन उद्दारको अभ्यास रहेको छ । समुदाय स्तरमा पोषण तथा गर्भवती एबम् प्रसुतिसँग सम्बन्धित धारणा र परम्परा सकारात्मक रहेको छ । गाउँपालिकामा हवाई सेवाको पहुँच रहेको र सडक पहुँच पनि वृद्धि हुने क्रममा रहेकोले स्वास्थ्य संस्थामा जनताको पहुँच बढ्दै जाने अवस्था छ ।

## ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्यः**

पालिका भित्रका सम्पूर्ण बस्तिमा स्वास्थ्याको पहुच पुर्याउने

**उद्देश्य**

१ . आधारभूत तथा विशिष्ठकृत स्वास्थ्य सेवामा गाउँबासीको पहुँच विस्तार, गर्नु

२ . पोषणको अवस्थामा दिगो सुधार गर्नु ।

| रणनीति | कार्यनीति |
| --- | --- |
| **उद्देश्य १ आधारभूत तथा विशिष्ठकृत स्वास्थ्य सेवामा गाउँबासीको पहुँच विस्तार गर्नु,** | |
| १.१ दक्ष जनशक्ति, क्षमता विकास र स्वास्थ्य संस्थाको पूर्वाधार सामग्री तथा उपकरणको व्यवस्था गरी आधारभूत तथा विशिष्ठकृत स्वास्थ्य सेवाको गुणस्तर र पहुँचलाई सहज तुल्याउने । | १.१.१ घुम्ती शिविर मार्फत स्थानीयस्तरमा विशिष्ठिकृत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।<br>१.१.२ महिलाहरको पाठ्यघर खस्ने सम्बन्धी समस्यालाई कम गर्न जनशक्ति व्यवस्थापनमा जोड दिइनेछ ।<br>१.१.३ गुणस्तरीय स्वास्थ्य सेवाका लागि अन्तरसरकार, निजी क्षेत्र र गैसससँग साझेदारी र सहकार्य गरीनेछ<br>१.१.५ स्वास्थ्य संस्थाको पूर्वाधार सुधार गरी सामग्री तथा उपकरणलाई आधुनिक तुल्याइनेछ ।<br>१.१.६ स्थानीय स्वास्थ्य संस्थाहरूमा रेविज र इन्फ्युइन्जा विरूद्धको भ्याक्सिनको व्यवस्थापन गरीनेछ । |
| १.२ विद्यार्थी तथा समुदायको सचेतना वृद्धि तथा घरदैलोमै स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराइ स्वास्थ्य अवस्थामा सुधार ल्याउने । | १.२.१ जेष्ठ नागरीक र कडा रोग लागेका नागरीकका लागि घरदैलोमै स्वास्थ्य परीक्षणको व्यवस्था गरीनेछ ।<br>१.२.२ सामुदायिक स्वास्थ्य कार्यक्रम घरदैलोमै स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ<br>१.२.३ विद्यालय स्वास्थ्य कार्यक्रमको कार्यान्वयन प्रभावकारी गराई माध्यमिक र आधारभूत विद्यालयमा सेवा पुऱ्याइनेछ ।<br>१.२.४ स्वास्थ्य उपचारको प्रोटोकल सहितको स्थानीय स्वास्थ्य नीति तर्जुमा गरी स्वास्थ्य उपचार सेवालाई थप सहज बनाइनेछ ।<br>१.२.५ स्वास्थ्य संस्थाको स्तरोन्नति र क्षमता बृद्धि गरी स्थानीयस्तरमा प्रदान गरीने स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि गरीनेछ । |
| **उदेश्य २ पोषणको अवस्थामा दिगो सुधार गर्नु** | |
| २.१ वैकल्पिक स्वास्थ्य उपचार विधि, सचेतना वृद्धि र गुणस्तरीय तथा घरदैलो सेवाको माध्यमबाट मातृशिशु स्वास्थ्य तथा पोषणको अवस्थामा गुणात्मक सुधार ल्याउने । | २.१.१ सामुदायिक स्वास्थ्य मार्फत समुदायमा स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना विस्तार गरीनेछ ।<br>२.१.२ स्थानीय उत्पादनमा आधारित तथा स्वास्थ्यमैत्री खानपान जीवनशैली सम्बन्धमा विद्यालय र समुदायमा सचेतना अभिवृद्धि गरीनेछ ।<br>२.१.३ विद्यालय खाजा कार्यक्रमलाई नेपाल सरकारसँगको सहकार्यमा प्रभावकारी गराइनेछ ।<br>२.१.४ पोषण तथा स्वास्थ्य सेवामा पहुँच विस्तार तथा गुणस्तर सुधार गरीनेछ । |

## ५.१.५ प्रमुख कार्यक्रम

### तालिका नं. ५.१ — योजना तथा बजेट

| कार्यक्रम तथा आयोजना | एकाई | कुल लक्ष्य | कुल लागत (रू. हजारमा) | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | चौथो बर्ष | पाचौ बर्ष | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| हिमालि गाउँपालिकाका नागरीकहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरीने छ ।गर्भवति तथा सुत्केरि महिलाहरु लाई थप आर्थिक सहयोग प्रदान गरीने | संख्या | ७ | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | प्रदेश सरकार |
| पाठेघर खसेका महिला हरुको सम्पुर्ण उपचारखर्च गाउँपालिकाले व्यहोर्ने गरी बजेटको ब्यवस्था मिलाईनेछ | संख्या | ३ | ९००० | ३००० | ३००० | ३००० | ० | ० | गाउँपालिका |
| हिमालि ५ क्युडिमा स्वास्थ्य चौकीभवन र धुलाचौरमा गाउँपालिका स्तरिय आइसोलेसन सहितको बर्थिङ्ग सेन्टरभवन निर्माण गरीने छ । | वर्ष | २ | ५०००० | २५००० | २५००० | ० | ० | ० | नेपाल सरकार |
| हिमालि गाउँपालिकाको नअति दुर्गम गाउँ गुम्वामा नयाँ स्वास्थ्य संस्था स्थापना गरी स्वास्थ्य सेवा सुचहारु गर्ने | वर्ष | १ | २५००० | ० | २५००० | ० | ० | ० | गाउँपालिका |
| कुपोषणमुक्त गाउँपालिका घोषणा गर्नेगरी आवश्यक कार्य गर्ने । | वर्ष | ५ | १०००० | १०००० | ० | ० | ० | ० | गाउँपालिका |
| विद्यालयहरुमा प्राथामिक स्वास्थ्य सेवा विस्तार गरीनेछ । | वर्ष | ५ | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | गाउँपालिका |
| नागरीकहरुलाई गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य क्षेत्रमा काम गर्ने सरकारि एवं गैरसरकारि संघसंस्थाका साझेदार निकाया संगको समन्वय तथा सहकार्यलाई थप प्रभावकारी बनाउने निति लिइनेछ । | वर्ष | ५ | ५००० | ५००० | ० | ० | ० | ० | गाउँपालिका |
| हाल संचालनमा रहेका प्रसुति केन्द्रहरुलाई समयाअनुसार व्यवस्थित गर्दै लगिने छ । | वर्ष | ५ | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | गाउँपालिका |
| आधारभुत स्वास्थ्य सेवा प्रवाहका लागि आवस्यक ९८ प्रकारा औषधिहरु नियमित उपलब्ध हुने व्यवस्था मिलाईने छ | वर्ष | ५ | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | प्रदेश सरकार |
| जेष्ठ नागरिकलाई स्वास्थ्य तथा अन्य सेवा सुविधामा छुट र सहुलियत प्रदान गरीने छ | वर्ष | ५ | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | गाउँपालिका |
| **वडास्तरबाट आएका योजनाहरु** | | | | | | | | | |
| कुपोषित वालबालिकाहरुको उपचारका लागि स्वास्थ्य चौकी स्तरमा ओटिसी सेवा संचालन गरीने छ | संख्या | १ | २०००० | | २०००० | | | | गाउँपालिका /प्रदेश सरकार |
| म मेरो स्वास्थ्य र मेरो जिम्मेवारि भन्ने नारालाई अंगीकार गर्दै यस गाउँपालिका का सभै वडाहरुमा स्वास्थ्य विमा गर्न सबै जनताहरुलाई प्रोत्साहन गरीने छ । | वर्ष | ५ | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | गाउँपालिका |
| | | | २४९००० | ६९००० | ९९००० | २९००० | २६००० | २६००० | |

## ५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ५.२ — नतिजा खाका**

| सूचक | एकाई | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४- देखि २०८५/०८६ (३ वर्ष) |
| बिरामी पर्दा सर्बप्रथम स्वास्थ्य चौकी /प्राथमिक स्वास्थ्य केन्द्र /अस्पताल जाने संख्या | संख्या | २४३६ | ३००० | ४००० |
| २५०० ग्राम भन्दा काम तौल भएका शिशु | संख्या | १२४ | ६५ | २० |
| स्वास्थ्य संस्थामा प्रशुती गराउने गर्भवती महिला | संख्या | ६४२ | ७०० | ८०० |
| झाडा पखालाको संक्रमण दर (प्रतिहजारमा) | | १२५ | ५० | २५ |
| स्वास प्रस्वासको संक्रमण (ARI) दर (प्रतिहजारमा) | | २२५ | १५० | ५० |
| स्वास्थ्यसंस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | ४२ | ६० | ६५ |
| भिटामिन ए प्राप्त गर्ने बालबालिका | संख्या | ९५३ | १२०० | १६०० |
| सबै खोप लिएका बालबालिका | संख्या | २५३८ | २८०० | ३००० |
| परिवार नियोजनका साधनको प्रयोग दर | | १०७१ | १५०० | १८०० |
| स्वास्थ्य बिमा गर्ने परिवार | संख्या | २४१ | ६०० | १००० |
| स्वास्थ्य सूचना, शिक्षा र संचार सचेतना कार्यक्रममा सहभागी | संख्या | ६५६ | ७०० | १००० |
| स्वास्थ्य शिविर पटक | पटक | ५ | १० | १६ |
| मासिक रुपमा फलोअपमा आएका बिरामी | संख्या | २४०३ | २५०० | ३००० |
| स्वास्थ्य संस्थामा उपलब्ध न्युनतम सेवा सुबिधा | | छ | राम्रो | राम्रो |
| क्रियासिल स्वास्थ्य स्वयम् सेविका | संख्या | ३२ | ४२ | ५२ |
| निजि तथा समुदायमा आधारित स्वास्थ्यकर्मी | संख्या | १२ | १८ | २० |
| आयोडिन युक्त नुन प्रयोग गर्ने जनसंख्या | | ११००० | १५००० | २०००० |
| धुवा रहित चुलो वा वैकल्पिक इन्धन प्रयोग गर्ने परिवार | संख्या | ३४२ | ६०० | ८०० |
| आधारभूत सुबिधा (खानेपानी,शौचालय,बर्थिंग वार्ड र परामर्श केन्द्र आदि)उपलब्ध स्वास्थ्य संस्था | संख्या | ८ | ११ | ११ |
| क्वारेन्टाइन संख्या | | १ | १ | १ |
| क्वारेन्टाइन बेड संख्या | | १० | १० | १० |
| स्वास्थ्य संस्थामा थप भएको बेड संख्या | | १० | १५ | १५ |
| १० मिनेट भन्दा कम समयमा नजिकको स्वास्थ्य केन्द्रमा पहुँचको घर परिवार | प्रतिशत | २०.००% | २०.००% | २०.००% |
| ३० मिनेट भन्दा कम समयमा नजिकको स्वास्थ्य केन्द्रमा पहुँचको घर परिवार | प्रतिशत | ३०.००% | ३० | ३० |

| | | | | |
|---|---|---|---|---|
| ६०मिनेट भन्दा कम समयमा नजिकको स्वास्थ्य केन्द्रमा पहुँचको घर परिवार | प्रतिशत | २०.००% | २०.००% | २०.००% |
| ६० मिनेट भन्दा बढी समयमा नजिकको स्वास्थ्य केन्द्रमा पहुँचको घर परिवार | प्रतिशत | ३०.००% | ३०.००% | ३०.००% |
| स्वास्थ्य केन्द्र | संख्या | ९ | १५ | १५ |
| निजि क्लिनिक | संख्या | १५ | २० | २२ |
| CHU | | ३ | ३ | ३ |
| FCHVs | | ३६ | ५५ | ५५ |
| स्वास्थ्य संस्थामा बच्चा पाउने | प्रतिशत | ५५.००% | ६५.००% | ७५.००% |
| प्रजनन उमेर समुहका बिबाहित महिला | संख्या | २२०० | २५०० | ३००० |
| किशोर अवस्थामा गर्भ धारण | प्रतिशत | २०.००% | १०.००% | ५.००% |
| स्वास्थ्य चौकी | संख्या | २ | ४ | ४ |
| एम्बुलेन्स | संख्या | ० | १ | १ |
| स्वास्थ्य कर्मी | प्रतिशत | ४२.००% | ५०.००% | ७५.००% |
| तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | ७२ | ८० | १०० |
| उद्धार, उपचार, र सहयोग प्राप्त गर्ने हिंसा जन्य घटना पिडित | संख्या | ० | ० | ० |
| लक्षित वर्गबाट उजुरी गुनासो (बार्षिक) | संख्या | ० | ० | ० |
| सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित बर्ग | संख्या | १२८ | २५० | ४०० |
| घर व्यबहार तथा कारोबार सम्बन्धि निर्णयमा महिला सहभागी हुने परिवार | संख्या | ५६ | ३०० | ७०० |

*स्रोतः गाउँपालिकाको प्रोफाईल २०८० तथा सिबिएस २०७८*

### ५.१.७ अनुमान तथा जोखिम पक्ष

गुणस्तरीय स्वास्थ्य सेवाको विस्तारमा अन्तरसरकार, गैसस र समुदायसँगको सहकार्य र सहयोग निरन्तर भएको हुनेछ । महामारीको दुस्प्रभाव नियन्त्रण भएको हुनेछ । स्वास्थ्य संस्था तथा सेवा प्रवाह सम्बन्धी भौतिक संरचना र सुविधापर्याप्त भएको हुनेछ । दक्ष मानवीय श्रोत परिचालन भई सेवा विस्तार भएको हुनेछ । स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापन जस्ता प्राविधिक पक्षमा सरोकारवाला बीच सहकार्य र साझेदारी हुन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्दछ ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

भनिन्छ शिक्षा ज्ञानको ज्योति हो । शिक्षाको ज्योतिबाट कोहि पनि मानिस बन्चित रहनु हुँदैन । शिक्षा मानव सभ्यता र समृद्धि निर्माणको प्रमुख आधार हो । वर्तमान आधुनिक दुनियामा दिन प्रति दिन नयाँ नयाँ प्रविधिको

विकास भईरहेको छ । शिक्षाको विकास बाट भएका विज्ञानमा आधारित नवप्रवर्तन युक्त प्रविधिको विकास र विस्तारले आज दुनियाँ घरको एउटा कोठा जस्तो हुँदै गईरहेको छ । वर्तमान विश्वमा विज्ञानले गरेको चमत्कार साच्चै उत्साहजनक रहेको छ र नवप्रवर्तनका क्षेत्रमा अझ धेरै विषय बस्तु हाम्रो सामु आउने तयारीमा रहेका छन । 

नेपालमा १५ बर्ष भन्दा माथिका जनसङ्ख्याको साक्षरता दर ५८ प्रतिसत, १५ देखि २४ बर्ष सम्मका यूवाको साक्षरता दर ९२ प्रतिसत, पूर्व प्राथमिक शिक्षामा कुल भर्नादर ८४.१ प्रतिसत, कक्षा १ देखि ५ सम्मको खुद भर्नादर ९७.२ प्रतिसत, कक्षा १ देखि ८ सम्मको खुद भर्ना दर ९२.३ प्रतिसत, माध्यमिक तह (कक्षा ९ देखि १२) को खुद भर्नादर ४६ प्रतिसत रहेको छ भने वर्तमानमा यो मात्रामा केहि बढोत्तरी भएको अवस्था छ । वर्तमान अवस्थमा जती जती माथिल्लो कक्षामा जाने गर्दछन् बालबालिकाको विद्यालय छाड्ने दर समेत त्यसैगरी बढ्दो अवस्थामा रहेको छ ।

## ५.२.२ समस्या तथा चुनौती

धेरै जसो सामुदायिक तथा संस्थागत विद्यालयहरूमा आधारभुत स्तरका भवन, बालमैत्री कक्षा कोठा, खेलमैदान, शौचालय, खानेपानी, कम्पाउण्ड घेराबारा, अभिभावक प्रतिक्षालय, पुष्तकालय तथा बिज्ञान प्रयोगशाला, बालबालिकाका लागि खाजा घर, अति आवश्यक पूर्वाधार तथा संरचना पुरा हुन नसकेको, विद्यार्थिले विचैमा विद्यालय छाड्ने दर उच्च रहेको, तहगत र विषयगत दरवन्दी व्यवस्थापन गर्न नसकिएको, दक्ष तथा तालिम प्राप्त जनशक्तिको समेत अभाव रहेको, अंग्रेजी माध्यमको सिकाइलाई व्यवस्थापन गर्न नसकिएको, शैक्षिक क्षेत्र सुधारका कार्यक्रम तीनै तहका सरकारले प्रमुख प्राथमिकताका साथ सञ्चालन गर्दै आएको भएता पनि वालविकास केन्द्र तथा विद्यालय भर्ना दरलाई सतप्रतिसत गर्न नसकिएको जस्ता समस्या रहेका छन् ।

विद्यालय भर्ना भएका बालबालिकाको निरन्तरताको सुनीश्चितता, रोजगारीको सुनिश्चितता, प्रतिस्पर्धि क्षमतका सहतिका बालबालिकाको उत्पादन, प्राविधिक उच्च शिक्षाको सुनीश्चित अवसर, शिक्षा क्षेत्रमा उत्तरदायित्व बहन र सुशासनको प्रत्याभूति, शैक्षिक प्रशासनको समय सापेक्ष पुर्नरसंरचना, शैक्षिक संस्थाहरूको नक्साङ्कन साथै सूचान प्रविधिले विकास गरेका विविध अवसरहरूको सदुपयोग, आर्थिक स्रोतको व्यवस्थापन र मा.वि. तह सम्म पूर्ण निशुल्क शिक्षाको सुनीश्चित गर्ने कार्यहरू वर्तमानमा चुनौतिका रुपमा रहेका छन् ।

## ५.२.३ संभावना तथा अवसर

विद्यालयमा बालक र बालिकाको अनुपात करिव बराबरको हाराहारिमा रहनु, शिक्षा तीनै तहको साझा अधिकार क्षेत्र भित्र समेटिनु, अवको लगानी बालबालिकामा भन्ने अभियानले क्रमस आकार ग्रहण गदैजानु, अभिभावक चेतनामा अभिबृद्धि हुनु, सामाजिक संस्कारमा अनुभव गर्न सकिने गरी सकारात्मक परिवर्तन आउनु, छुवाछुत प्रथा र सानो र

ठूलो जातको नाउँमा हुने विभेद क्रमः अन्त्य हुँदै जानु, रोजगारिमूल शैक्षिक तथा सीपविकास कार्यक्रम सञ्चालनमा बढोत्तरी हुदै जानु शिक्षा, विज्ञान र नवप्रवर्तनका सम्भावना र अवसरहरू रहेका छन् ।

## ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य,**

**गुणस्तरीय शिक्षा हासिल गर्ने**

**उदेश्यः**

- प्रारम्भिक बाल विकासलाई सुविधायुक्त र बालमैत्री तुल्याउनु,
- विद्यालय शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेश्यः १ प्रारम्भिक बाल विकासलाई सुविधायुक्त र बालमैत्री तुल्याउनु** | |
| १. १ प्रारम्भिक बाल विकास केन्द्रको व्यवस्थापन र जनशक्ति र सिकाई प्रकृयालाई सिकारुमैत्री बनाउने । | १.१.१ प्रारम्भिक बाल विकास केन्द्रको पूर्वाधार सुधार र कक्षा कोठा व्यवस्थापनलाई प्रभावकारीगराइनेछ ।<br>१.१.२ प्रारम्भिक बाल विकास केन्द्रमासिकाई सामग्री र खेल सामग्रीको व्यवस्था गरीनेछ ।<br>१.१.३ प्रारम्भिक बाल विकास केन्द्रको सहजकर्ताहरूको क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गरीनेछ ।<br>१.१.३ सबै बालबालिकालाई प्रारम्भिक बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना हुन अवस्था तयार गरीनेछ । |
| १.२. विद्यालयको पूर्वाधारतथा संस्थागत संरचना सुदृढ गराइ गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने । | १.२.१ चिसोका कारण पठन पाठनमा अवरुद्ध हुने क्षेत्रका विद्यालयमा कक्षा कोठा सुधार गरीनेछ ।<br>१.२.२ विद्यालय मर्ज, शिक्षक दरवन्दी मिलान तथा विद्यार्थी संख्या कम भएका कक्षा कटौती गर्दै लगिनेछ ।<br>१.२.३ विद्यालयमा तारवार तथा विद्युतीय हाजिरी व्यवस्था गरी सुरक्षा र पठनपाठनमा सुधार गरीनेछ ।<br>२.४.४ शिक्षा शाखामा दक्ष जनशक्तिको व्यवस्था गरी गुनासो सुन्ने लगायत शैक्षिक प्रशासनलाई प्रभावकारी गराइनेछ ।<br>२.५.५ विद्यालय टाढा रहेका विद्यार्थीलाई आवासीय विद्यालय सञ्चालन गरी पठनपाठनलाई गुणस्तरीय तुल्याइनेछ ।<br>२.६.६ शैक्षिक गुणस्तरमा एकरुपता ल्याउन पाठ्यपुस्तकमा एकरुपता ल्याइने छ ।<br>२.७.७ शैक्षिक गुणस्तर सुधार गर्न अन्तरसरकार, निजीक्षेत्र र गैससँग समन्वय, साझेदारी र सहकार्य गरीनेछ । |
| **उदेश्यः २ विद्यालय शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नु ।** | |

| रणनीति | कार्यनीति |
|---|---|
| २. १ क्षमता विकास र आधुनिक सिकाइ पद्धतिको उपयोगलाई प्रभावकारी गराइ विद्यालय शिक्षालाई व्यावहारिक तथा जीवनउपयोगी गराउने । | २.१.६प्राविधिक, जीवनउपयोगी तथा व्यावहारिक ज्ञान हस्तान्तरण कार्यमा नियमितता प्रदान गरीनेछ ।<br>२.२.७ शिक्षक अविभावक अन्तरकृया, अनुभव आदान प्रदान तथा अविभावक सचेतनालाई नियमित र प्रभावकारी गराइनेछ ।<br>२.३.८ स्थानीय भाषा तथा संस्कृति र पर्यटनसँग जोडेर स्थानीय पाठ्यक्रम तयार गरीनेछ ।<br>२.४.९ विद्यालय खाजा कार्यक्रमलाई अन्तर सरकार साझेदारीमा पर्याप्त र प्रभावकारी तुल्याइनेछ ।<br>२.५.१० विद्यालयहरूमा पावर व्याकअप, इन्टरनेट र इन्ट्रानेटको व्यवस्था गरीनेछ ।<br>२.६.११ शिक्षण सिकाईमा विद्युतीय सामग्री तथा शैक्षिक एप्लिकेसन तयार र उपयोगलाई विस्तार गरीनेछ । |
| २.२ मौलिक कला तथा भाषा संरक्षण र सम्बर्धन गर्ने । | २.२.१ मौलिक कला तथा सीपको पहिचान गरी संरक्षण र पुस्तान्तरणलाई जोड दिइनेछ ।<br>२.२.२ मौलिक कला तथा सीपलाई व्यवसाय तथा पर्यटनसँग जोडिनेछ । |

## ५.२.५ प्रमुख कार्यक्रम

**तालिका नं. ५.३**

| कार्यक्रम तथा आयोजना | एकाई | कुल भौतिक कुल लक्ष्य | कुल लागत (रू. हजारमा) | पहिलो बर्ष (२०८१/०८२) | दोश्रो बर्ष (२०८२/०८३) | तेश्रो बर्ष (२०८३/०८४) | चौथो बर्ष (२०८४/०८५) | पाचौ बर्ष (२०८५/०८६) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| आर्थिक अभावकै कारण उच्चशिक्षा बाट बंचित हुनु नपरोस भनेर कक्षा ११ र १२ को कार्यक्रमलाई निशुल्क रुपमा संचालन गरीने | वर्ष | ५ | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | प्रदेश सरकार |
| एक बिद्यालय एक करेसाबारी | वर्ष | ५ | १०००० | २००० | २००० | २००० | २००० | २००० | गाउँपालिका |
| हिमालि गाउँपालिका भित्र कम्तिमा एउटा विद्यालय आवसीय विद्यालयलाई बनाउने | संख्या | १ | ५००० | ५००० | ० | ० | ० | ० | सङ्घ |
| माहिनावारिका कारण पढाई छोडनुपर्ने अवस्थालाई अन्त्य गर्नका लागि प्रत्येक विद्यालयमा सेनेटरि प्याड उपलब्ध गराई स्यानीटरी प्याड सुरक्षित डिस्पोज गर्ने व्यवस्था मिलाउने । | संख्या | १५ | ५००० | १००० | १००० | १००० | १००० | १००० | गाउँपालिका |
| आवस्यकताको आधारमा बिद्यालयहरुमा भवन, घेरबार, शौचालय, खानेपानी, विज्ञान प्रयोगशाला, आइ.सि.टी. प्रयोगशाला, फर्निचर आदि भौतिक पुर्वाधारको व्यवस्थापन गरीने छ । | संख्या | १ | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | प्रदेश सरकार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हिमालि गाउपालिाका भित्रका विद्यालयहरुको परिक्षा प्रणालिमा एकरुपता ल्याउनकालागि गाउँपालिका स्तरिय वार्षिक परिक्षा संचालन कार्यविधि बनाई त्यसै का आधारमा परिक्षा संचालन तथा व्यवस्थापन गर्ने । | संख्या | १ | २००० | २००० | ० | ० | ० | ० | गाउँपालिका |
| सानैबाट बालबालिकाहरुलाई खेलकुद प्रति आकर्षित बनाउन प्रतयेक विद्यालयमा खेलकुद सामाग्रीहरु उपलब्ध गराउने । | वर्ष | ५ | १०००० | २००० | २००० | २००० | २००० | २००० | गाउँपालिका |
| शिक्षा क्षेत्रको आमुल परिवर्तनका लागि १० वर्षे गाउँ शिक्षा योजना निमार्ण कार्य अगाडी बढाईने छ । | वर्ष | ५ | ५००० | १००० | १००० | १००० | १००० | १००० | गाउँपालिका |
| जम्मा | | | ६७००० | १९००० | १२००० | १२००० | १२००० | १२००० | |

## ५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ५.४ — नतिजा खाका**

| सूचक | इकाई | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४- देखि २०८५/०८६ (३ वर्ष) |
| प्राथमिक तहमा (१ देखि ५ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ८८% | ९०% | ९५% |
| प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४–५ बर्ष सम्मका बालबालिका | प्रतिशत | ४८% | ७५% | ८५% |
| आधारभुत तह (१ देखि ८ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ७८% | ८६% | ९०% |
| माध्यमिक तह (९ देखि १२ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ९५% | १००% | १००% |
| कक्षा १० को उतिर्ण दर | प्रतिशत | ७४% | ८२% | ९५% |
| कक्षा १२ को उतिर्ण दर | प्रतिशत | ० | ० | ० |
| कक्षा ८ सिकाई उपलब्धी दर | प्रतिशत | ८१% | ९२% | ९५% |
| कक्षा १० को सिकाई उपलब्धी दर | प्रतिशत | ७०% | ७५% | ८०% |
| कक्षा १२ को सिकाई उपलब्धी दर | प्रतिशत | | | |
| कक्षा ८ को निरन्तरता दर | प्रतिशत | १००% | १००% | १००% |
| कक्षा १० को निरन्तरता दर | प्रतिशत | ९८% | ९८% | १००% |
| कक्षा १२ को निरन्तरता दर | प्रतिशत | ० | ० | ० |
| स्नातक तहको निरन्तरता दर | प्रतिशत | | | |
| १५ देखि ४९ वर्ष उमेर समूहका महिलाको साक्षरता दर | प्रतिशत | ४०% | ५०% | ६५% |
| १५ देखि २४ वर्ष उमेर समूहका महिलाको साक्षरता दर | प्रतिशत | ६५% | ७०% | ८०% |
| १५ देखि २४ वर्ष उमेर समूहका पुरुषको साक्षरता दर | प्रतिशत | ६२% | ८२% | ९२% |
| बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | ७६% | ८६% | १००% |

| सूचक | इकाई | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४- देखि २०८५/०८६ (३ वर्ष) |
| वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध | विद्यालय | ७२% | ८५% | ९०% |
| पक्की शौचालय भएका विद्यालय | संख्या | ७३% | ८०% | ८५% |
| महिला मैत्री शौचालय भएका विद्यालय | संख्या | २% | ५% | १०% |
| अपाङ्ग मैत्री शौचालय भएका विद्यालय | संख्या | ० | ५% | १०% |
| बाल मैत्री भैतिक संरचना भएका विद्यालय | संख्या | १००% | १००% | १००% |
| अपाङ्ग मैत्री भैतिक संरचना भएका विद्यालय | संख्या | ० | ५% | १०% |
| शुद्धिकरण सहितको खानेपानी भएका विद्यालय | संख्या | १०% | १५% | २०% |
| छात्रवृत्ती पाउने विद्यार्थी संख्या | संख्या | २०४२ | २१०० | २२०० |
| वालक्लव गठन भएका विद्यालय | संख्या | १७ | २५ | २५ |
| शिक्षक विद्यार्थी अनुपात (आधारभूत) | संख्या | १:५० | १:४० | १:४० |
| शिक्षक विद्यार्थी अनुपात माद्यमिक | संख्या | १:६५ | १:६० | १:५० |
| महिला शिक्षकको अनुपात | संख्या | १:७५ | १:७५ | १:६० |
| व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका | विद्यालय | ५ | १० | १२ |
| प्राविधिक विद्यालय | संख्या | ० | ० | १ |
| उच्च शिक्षा क्याम्पस | संख्या | ० | १ | १ |
| माध्यमिक तहको कक्षा छोडने दर | प्रतिशत | ३% | १% | ० |
| स्नातक तहको कक्षा छोडने दर | प्रतिशत | ० | ० | ० |
| QAA प्रमाण पत्र प्राप्त कलेज | संख्या | | | |

*स्रोतः गाउँपालिकाको प्रोफाईल २०८० तथा सिबिएस २०७८*

## ५.२.७ अनुमान तथा जोखिम पक्ष

विद्यालय व्यवस्थापन र गुणस्तर सुधारकालागि आर्थिक तथा प्राविधिक पक्ष बलियो रहेको हुनेछ । विषयगत जनशक्ति व्यावस्थापन पूर्ण भएको हुनेछ । साथै जोखिम पक्ष स्रोत र साधनको अभाव, सहयोगी तथा साझेदार संघ संस्थाको अभाव, प्रविधिको अभाव निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव, प्रविधियुक्त पाठ्यक्रम र पाठ्यपुष्तकको अभाव आदि ।

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ पृष्ठभूमि

वर्तमान अवस्थामा नेपालका ८९ प्रतिसत मानिसहरूले आधारभूत स्तरको र २१ सुधारिएको (उच्च तथा मध्यम स्तरको) खानेपानी सेवा प्राप्त गरीरहेका छन् भने ९९ प्रतिसत घरपरिवारले आधारभूत स्तरको सरसफाई सेवाको उपभोग गरीरहेको अवस्था छ । स्वास्थ्य र सरसफाई मानव सभ्यताको एक प्रमुख सूचक हो । र सुरक्षित खानेपानी तथा आधारभूत स्तरको सरसफाईको पहुँच बृद्धि सँगै समग्रमा नेपालीको सरदर आयुमा बृद्धि गर्न, बाल मृत्यूदरलाई कम गर्न सहयोग पुगेको छ भने नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशील समयमा बृद्धि तथा बालबालिकाको विद्यालयमा उपस्थिति दर र सर्वसाधारण नागरीकको सामाजिक रहन सहनमा सुधार गर्न योगदान पुगेको छ ।

### ५.३.२ समस्या तथा चुनौती

मानव वस्तीको विकास र विस्तार सँगै मानवीय कृयाकलापका कारण सिर्जित हुन गएको फोहोरमैलाको व्यवस्थपन स्थल र प्रविधिको प्रयोग गर्न नसकिएका कारण बस्ती, नदी नाला, जलाशय तथा वातावरण प्रदूषित हुने क्रम बढ्दै गएको छ । अझै केहि पारिवारिक शौचालय नवनेको, सरसफाइ र शौचालयको प्रयोगमा कमि रहेको, सवै विद्यालयमा बालबालिका कालागि अलग अलग र पर्याप्त मात्रामा शौचालयको व्यवस्था हुन नसकेको, विद्यालयमा चेन्जिङ कक्षको व्यवस्था हुन नसकेको, सार्वजनिक स्थलमा पर्याप्त शौचालयको व्यवस्था हुन नसकेको जस्ता समस्या तथा आभाव कायमनै रहि रहेको छ ।

नेपालको संबिधानले मौलिक हकको रुपमा स्थापित गरेको खानेपानी तथा सरसफाईको अधिकार अनुरुप पालिकाबासिलाई शुद्ध र सुरक्षित खानेपानी उपलब्ध गराउन सकेको छैन् दिन प्रति दिन गएका खानेपानी मुहान तथा श्रोतहरूलाई पहिलेकै अवस्थामा ल्याउन, सरसफाईका संरचनालाई जलवायु परिवर्तन अनुकुल र वातावरण र विपद् व्यवस्थापन मैत्री बनाउन, बालबालिकाहरुमा शुद्ध खानेपानी र सरसफाई सम्बन्धी चेतना अभिबृद्धि गर्न सकेको छैन ।

ढललाई नदीमा मिसाउने अभ्यासले नदी प्रदुक्षणमा वृद्धि भएको छ । जाडोको समयमा अत्यधिक चिसोको कारण व्यक्तिगत सरसफाईलाई व्यवस्थित गर्ने, प्लास्टिकको अधिक उपयोग नियन्त्रण गर्ने, जलवायु परिवर्तनको असर कम गर्ने र जाडो याममा पानी जम्ने समस्याले स्वच्छ खानेपानी सुविधामा उपलब्ध गराउने कार्य चुनौतीका रुपमा रहेको छ ।

### ५.३.३ संभावना तथा अवसर

गाउँपालिकाले सार्वजनिक क्षेत्रमा स्वच्छता अभिवृद्धि गर्न आवश्यकता अनुसार शौचालयको निर्माण तथा व्यवस्थापन गर्ने नीति लिएको छ । खानेपानीको श्रोत पर्याप्त रहेको यस क्षेत्रमा खानेपानीको श्रोतका रुपमा मुल, हिमताल तथा खोलाहरू रहेको कारण खानेपानीको लागि स्रोतको कमी छैन ।

वर्तमान व्यवस्था बमोजिम टोल बस्ती स्तर बाट योजना तर्जुमा गर्ने प्रकृया र पद्धतीको विकास, नगरपालिकाको सेवा प्रवाह इकाईका रुपमा स्थापित वडा कार्यालय र तीनका सहयोगीको स्थापित हुँदै गएका टोल सङ्गठन र सामुदायिक संघ संस्थाको कृयाशिलता, जीवनशैलीमा आएको परिवर्तन, चेतनाको सकारात्मक अभिबृद्धि, प्रविधिको विकास र विस्तार, नगरपालिकाको अधिकार सहितको नेत्रीत्व, निजी क्षेत्र साथै समुदायको सहयोग र सहभागितामा क्रमिक बृद्धि, संघीय तथा प्रदेश सरकार लगायत विकास साझेदारको सहयोग र चासो यस क्षेत्रका संभावना र अवसरको रुपमा रहेका छन् ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

शुद्ध खाने पानिको व्यावस्थापन गर्ने र सरसफाईमा नियमितता गर्ने

उद्देश्य

- स्वच्छ खानेपानीमा सबैको पहुँच कायम गर्नु,
- सरसफाईजन्य आनिवानीमा गुणात्मक सुधार गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ स्वच्छ खानेपानीमा सबैको पहुँच कायम गर्नु,** | |
| १. एक घर एक धारा कार्यक्रममार्फत स्वच्छ खानेपानीमा सबैको पहुँच कायम गर्ने । | १.१ सबै खानेपानी आयोजनाको गुणस्तर परीक्षणर सुधार कार्यलाई नियमित गरीनेछ ।<br>१.२ स्वच्छ खानेपानीको सुविधा नपुगेका घरपरिवारमा सुविधा उपलब्ध गराइनेछ ।<br>१.३ खानेपानीको श्रोतको पहिचान, संरक्षण र सफाईलाई समुदाय तथा उपभोक्ता सँग सहकार्य गरीनेछ ।<br>१.४ खानेपानी आयोजनालाई समुदायमा हस्तान्तरण पश्चात दिगो तुल्याउन सम्बन्धित उपभोक्ता समिति भित्रका व्यक्तिलाई मर्मत संभार कार्यकर्ताको तालिम तथा आवश्यक उपकरण उपलब्ध गराइनेछ ।<br>१.५ स्वच्छ खानेपानीको सुविधा विस्तार गर्न अन्तर सरकार, निजी क्षेत्र र गैसससँग सहकार्य गरीनेछ । |
| **उद्देश्य २ सरसफाई जन्य आनि वानीमा गुणात्मक सुधार गर्नु ।** | |
| २. नेपाल सरकार, प्रदेश सरकार, समुदायर गैसससँगको साझेदारीमा सरसफाइको | २.१ प्लास्टिक जन्य फोहोर व्यवस्थापन र प्लास्टिक उपयोग कम गर्न उपभोक्ता सचेतना अभियान सञ्चालन सहित फाइवर झोला निर्माण र उपयोगलाई प्रोत्साहन गरीनेछ ।<br>२.२ गाउँपालिका, युवा क्लव र महिला समूहको सहकार्यमा प्लास्टिक उपयोग कम गर्ने अभियान चलाइनेछ ।<br>२.३ ढल खोलामा मिसाउने अभ्यासलाई निषेध गरी यस खालको अभ्यास रहेका घरपरिवारमा सेप्टिटट्याङक निर्माणलाई सहयोग उपलब्ध गराइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| अभ्याससलाई दिगो तुल्याउने । | २.४ धर्मगुरु, बालक्लब, महिला समूह र गुम्बा सँग वातावरण संरक्षण र प्लास्टिक उपयोग निरुत्साहन गर्न अन्तरकृया तथा सहकार्य गरीनेछ ।<br>२.५ सरसफाईको क्षेत्रमा कार्य गरीरहेका गैसस रअन्तर सरकार साझेदारी तथा सहकार्य विस्तार गरीनेछ । |

## ५.३.५ प्रमुख कार्यक्रम

**तालिका नं. ५.५ — योजना तथा बजेट**

| कार्यक्रम तथा आयोजना | एकाई | कुल लक्ष्य | कुल लागत (रू. हजारमा) | पहिलो बर्ष (२०८१/०८२) | दोश्रो बर्ष (२०८२/०८३) | तेश्रो बर्ष (२०८३/०८४) | चौथो बर्ष (२०८४/०८५) | पाचौ बर्ष (२०८५/०८६) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भीक चरणमा फोहोर मैला व्यवस्थापनको लागि प्रत्येक वडा टोल–टोलमा टोल सुधार समिति मार्फत पुर्ण सरसफाई अभियानको थालनी गरीन | टोल संख्या | ७ | १०००० | २००० | २००० | २००० | २००० | २००० | गाउँपालिका |
| जलाधार, झरना आदीको संरक्षण तथा भु–संरक्षणमा जोड दिईने छ | संख्या | ७ | ५००० | १००० | १००० | १००० | १००० | १००० | सङ्घ सरकार |
| बुढीनन्दा आ.वि. शौचालय निर्माण हिमाली–२ नातीखोला | धारा संख्या | १ | १००० | १००० | ० | ० | ० | ० | गाउँपालिका |
| वडा स्तरिय याजनाहरु | | | | | | | | | |
| यूना खानेपानी निर्माण योजना वडा नं ३ युना | धारा संख्या | 20 | ५००० | ५००० | ० | ० | ० | ० | प्रदेश सरकार |
| गंरी खानेपानी निर्माण योजना वडा नं ३ | धारा संख्या | 25 | ५००० | ५००० | ० | ० | ० | ० | प्रदेश सरकार |
| ग्याम्चु खानेपानी निर्माण योजना वडा नं ५ | धारा संख्या | 50 | १५००० | ३००० | 3000 | 3000 | 3000 | 3000 | प्रदेश सरकार |
| रौज हुँदै नदापाटा सम्म खानेपानी निर्माण वडा नं ५ नदापाटा | धारा संख्या | 50 | १५००० | 3000 | 3000 | 3000 | 3000 | 3000 | सङ्घ सरकार र गाउँपालिका |
| धुलाचौर लिफ्ट खानेपानी निर्माण योजना वडा नं ६ | धारा संख्या | 25 | १०००० | २००० | २००० | २००० | २००० | २००० | गाउँपालिका |
| झिनी खानेपानी निर्माण योजना वडा नं ६ | धारा संख्या | 25 | १०००० | २००० | २००० | २००० | २००० | २००० | गाउँपालिका |
| जनता मा.वि.खानेपानी निर्माण योजना वडा नं ७ | धारा संख्या | 25 | १०००० | २००० | २००० | २००० | २००० | २००० | प्रदेश सरकार |
| जम्मा | | | ८६००० | २६००० | १५००० | १५००० | १५००० | १५००० | |

### ५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ५.६ — नतिजा खाका**

| सूचक | इकाई | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४- देखि २०८५/०८६ (३ वर्ष) |
| संरक्षित पानी मुहान क्षेत्र | हेक्टर | ३५ | ४० | ५० |
| संरक्षित खेतबारीको क्षेत्रफल | हेक्टर | २० | ४० | ४० |
| प्रयोग गरीएको जलस्रोतसँग कुल जलस्रोतको अनुपात | | | | |
| पुनस्र्थापित क्षतिग्रस्त भूमिको क्षेत्रफल | हेक्टर | | | |
| नदी नियन्त्रण र उकासबाट संरक्षित जमीन | हेक्टर | १० | १० | १० |
| नदी नियन्त्रण लम्बाई | किमी | ५ | ८ | १० |
| स्पर तथा बाँध, चेकड्याम | किमी | ५ | ८ | १० |
| संरक्षित भू–क्षय र बाढी संवेदनशील क्षेत्र | हेक्टर | ५० | ३० | २० |
| संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | हेक्टर | ० | ० | ० |
| वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | किमी | ० | ० | १० |
| व्यवस्थित संरक्षण तथा Ridge पोखरी | संख्या | ० | ० | ० |

### ५.३.७ अनुमान तथा जोखिम पक्ष

स्थानीय ऐन कानूनको समेत व्यवस्था भई खानेपानी तथा सरसफाईका कार्यमा संघीय, प्रदेश सरकार, विकास साझेदरको सहयोग र समन्वयमा विस्तार भएको हुनेछ । स्थानीयबासिमा स्वास्थ्य र सरसफाईका बारेमा पूर्ण सचेतनाको विकास भएको साथै प्राकृतिक प्रकोपको प्रभाव न्यून भएको हुनेछ । त्यसै गरी जोखिम पक्ष उपयुक्त स्थानमा जग्गा जमिनको अभाव, स्रोत साधनको अभाव र अपर्याप्तता, सहयोगी तथा साझेदार संघ संस्थाको अभाव, प्रविधि तथा उपकरणको अभाव, निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव जोखिम पक्ष हुनसक्ने छन्

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

लैङ्गिक समाना तथा महिला सशक्तिकरण, बालमैत्री स्थानीय शासनको माध्यम बाट बाल अधिकार संरक्षण र सम्बर्धन साथै लक्षित बर्गको सामाजिक समावेशीकरण र सशक्तिकरण आजका मूख्या सवालहरूको रुपमा रहेका छन् । नेपालको वर्तमान संबिधानले महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मतृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, राज्यका सवै निकायमा समानुपातिक र समावेशीताका आधारमा सहभागि हुने हक लाई मौलिक हकको रुपमा स्थापित गरेको अवस्था छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाँउपालीकाको जम्मा जनसंख्या १०,३०९ रहेको छ । जसमध्ये महिला जनसंख्या ५२१४ ( ५०.५ प्रतिशत) र पुरुष जनसंख्या ५०९५ (४९.४ प्रतिशत) रहेको छ । यसरी हेर्दा पुरुष भन्दा महिलाको जनसंख्या १.२ प्रतिशतले बढी छ । यसैगरी लैङ्गिक अनूपात लैङ्गिक अनुपात ९७.७२ पुरुष प्रति १०० महिला रहेको छ यसै गरी बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरु राज्यबाट प्रत्याभुत गरेका सेवा सुविधाहरुमा न्युन सहभागिता रहेको अवस्था छ । यस पालिकामा अझै पनि छुवाछुत प्रथाको अन्त्य हुन सकेको छैन भने जाती जाती बिचको विभेद सामान्यताय कायमनै रहेको अवस्था छ । सवै जातजाती भित्र महिला र बालबालिका प्रतिको हेराई र व्यवहारमा अझै पनि विभेद कायमै रहेको पाईन्छ । सवै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई यस योजनाले समेट्नेछ ।

## ५.४.२ समस्या तथा चुनौती

महिला, बालबालिका तथा लक्षित वर्ग अन्तरगत यस पालिकामा महिला तथा बालिबालिका माथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, पित्रृसत्तात्मक सोच लगायत अशिक्षा, हानिकारक अभ्यास, लैङ्गिक विभेद तथा हिंसालई प्रश्रय र वढावा दिने सामाजिक संरचना, सोच, मूल्य र मान्यता, प्रथा तथा परम्परा केहि हद सम्म कायमनै रहनु, सवै बालबालिकाको गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच नहुनु, बाल सहभागितको विषय ओझेलमा रहनु, विभिन्न सङ्गठित तथा असङ्गठित क्षेत्रमा श्रमिक बालबालिका रहनु,

जेष्ठ नागरिककालागि पर्याप्त सुविधा सहितका आवश्यक दिवा सेवा केन्द्र तथा क्लव, आश्रमको व्यवस्थापन गर्न चुनौती रहेका छन् भने ऐन कानूनले निर्दिष्ट गरेका अपाङ्गमैत्री संरचना निर्माण गर्ने, स्रोत र साधनको समयोचित व्यवस्थापन गर्ने, आवश्यकताका आधारमा सेवा सुविधा र अपाङ्गताको सहायताका लागि निर्मित प्रविधि युक्त उपकरणको व्यवस्था गर्ने विपन्न लक्षित वर्गलाई सामाजिक सम्मान र सहभागिताका साथ विकासको मूलधारमा समेट्नेजस्ता आधारभूत कार्य समेत यस पालिकाकालागि चुनौतीको रुपमा रहका छन् ।

## ५.४.३ संभावना तथा अवसर

बदलिदो विश्व परिवेश र नेपालमा भएको सामाजिक, आर्थिक तथा सांस्कृतिक रुपान्तरण सँगै लैङ्गिकमैत्री संविधान र संघीय तथा प्रदेश सरकार जस्तै स्थानीय तहले समेत लैङ्गिकमैत्री स्थानीय ऐन कानूनहरू निर्माण गर्ने कार्यको प्रारम्भ हुन राज्यको तीनै तहमा महिलाहरूको सहभागिता उत्साहजनक हुँदै जानु, गाँउपालिकामा महिला वालवालिका सम्बन्धि काम गर्न कर्मचारीको व्यवस्था रहनु, पालिका स्तरमा लैङ्गीक निवारण कोष संचालनमा रहनु, महिला मैत्री नीति तथा कार्यक्रमले प्राथमिक्ता पाउनु यस गाँउपालिकाका लागि संभावना र अवसर रहेका छन्।

गाँउपालिका क्षेत्रमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरूको बर्गिकरणका आधारमा परिचय पत्रको व्यवस्था, सेवा सुविधाको प्रवाह, सीप विकास तालिम, सहयोगी सामाग्रिको वितरण लगायत सम्पूर्ण लक्षित बर्ग तथा समुदायलाई

समाज विकासको मूलधारमा ल्याउने गरी गाँउरपालिका क्षेत्र भित्र कार्यक्रमहरू सञ्चालनमा रहनु यस क्षेत्रका सम्भावना र अवसरको रुपमा रहेका छन्।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

**पछाडि परेका वर्गहरुलाई मुल प्रभाहिकरणमा ल्याउने**

**उद्देश्य**

- लक्षित वर्गको क्षमता विकास गर्नु,
- लक्षित वर्गको आत्मनिर्भरता अभिवृद्धि गर्नु,
- विभेदमुक्त गाउँपालिकाका रुपमा परिचित गराउनु ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ लक्षित वर्गको क्षमता विकास गर्नु** | |
| १. दलित, महिला, अपाङगता भएका व्यक्ति, जेष्ठ नागरिक र बालबालिका लागि क्षमता विकास र अर्थपूर्ण सहभागिताका अवसर उपलब्ध गराउने । | १.१ दलित, महिला, आदिवासी जनजाति, अपाङगता भएका व्यक्ति, जेष्ठ नागरिक र बालबालिकाको छुट्टाछुट्टै संजाल गठन र परिचालन गरीनेछ ।<br>१.२ दलित, महिला, आदिवासी जनजाति, अपाङगता भएका व्यक्ति, जेष्ठ नागरिक र बालबालिकाको लागि अधिकार सम्बन्धी सचेतना अभिवृद्धि र क्षमता विकासका अवसरहरू उपलब्ध गराइनेछ ।<br>१.३ स्थानीय समिति तथा संयन्त्रमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता वृद्धि गर्दै लगिनेछ ।<br>१.४ लक्षित वर्गको क्षेत्रमा अन्तरसरकार तथा गैसससँगको साझेदारीमा वृद्धि गरीनेछ । |
| **उद्देश्य २ लक्षित वर्गको आत्मनिर्भरता अभिवृद्धि गर्नु,** | |
| २. सीप तथा दक्षता विकास र रोजगारीका अवसरमा वृद्धि गरी लक्षित वर्गका लागि आत्मनिर्भरताका अवसर सिर्जना गर्ने । | २.१ अपाङगता भएका व्यक्तिका लागि तालिम तथा स्वरोजगारीमा सहयोग उपलब्ध गराइनेछ ।<br>२.२ दलित, महिला, आदिवासी जनजाति, अपाङगता भएका व्यक्तिका लागि लोकसेवा तथा शिक्षक सेवा परीक्षा तयारी कक्षा सञ्चालन गरीनेछ ।<br>२.३ पेशा तथा रोजगारीमा संलग्न महिला तथा दलितका लागि पेशागत सीप स्तरोन्नति तथा प्रविधि हस्तातरणको व्यवस्था गरीनेछ ।<br>२.४ महिलातथा अपाङ्ता भएका व्यक्तिको स्वरोजगारीको क्षेत्र पहिचान गर्न सर्वेक्षण गरी सोही आधारमा सीप विकास तथा व्यवसाय सञ्चालन एबम् स्तरोन्नतिको लागि प्रोत्साहित गरीनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ३ विभेदमुक्त गाउँपालिकाका रुपमा परिचित गराउनु** | |
| ३. बालमैत्री, अपाङ्गमैत्री तथा जेष्ठ नागरिकमैत्री र विभेदमुक्त गाउँपालिकाका रुपमा परिचित गराउनु । | ३.१ गुम्बा र सामुदायिक भवनमा जेष्ठ नागरिक दिवा सेवा केन्द्रका रुपमा रुपान्तरण गरी अध्यात्म, मनेरञ्जन तथा स्वास्थ्य परीक्षण केन्द्रका रुपमा तयार गरीनेछ ।<br>३.२ बालमैत्री स्थानीय शासन कार्यान्वयनका आधारहरू तयार गरी बालमैत्री गाउँपालिका घोषणा गरीनेछ ।<br>३.३ सामाजिक असमानता तथा विभेद न्यूनीकरणका लागि सामुदायिक संस्था, टोल विकास संस्था, महिला समूह तथा बाल क्लवमार्फत सचेतना वृद्धि गरीनेछ । |

## ५.४.५ प्रमुख कार्यक्रम

**तालिका नं. ५.७ — योजना तथा बजेट**

| कार्यक्रम तथा आयोजना | एकाई | कुल लक्ष्य | कुल लागत | पहिलो बर्ष (२०८१/०८२) | दोश्रो बर्ष (२०८२/०८३) | तेश्रो बर्ष (२०८३/०८४) | चौथो बर्ष (२०८४/०८५) | पाचौ बर्ष (२०८५/०८६) | जिम्मेवारी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| महिला विकास कार्यक्रम | वर्ष | ५ | ५००० | १००० | १००० | १००० | १००० | १००० | प्रदेश सरकार |
| बालबालिका विकास कार्यक्रम | वर्ष | ५ | ५००० | १००० | १००० | १००० | १००० | १००० | गाउँपालिका |
| अपाङ्गता भएका व्यक्ति हित प्रवर्द्धन कार्यक्रम | वर्ष | ५ | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | गाउँपालिका |
| गाउँपालिका भित्रका ५५ वर्ष भन्दा माथिका एकल पुरूषलाई गाउँपालिकाको तर्फ बाट सामाजिक सुरक्षा भत्ता दिने व्यवस्था मिलाईने छ | वर्ष | ५ | ५००० | १००० | १००० | १००० | १००० | १००० | गाउँपालिका |
| दलित वर्ग उत्थान कार्यक्रम | वर्ष | ५ | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | प्रदेश सरकार |
| महिला, बालबालिका तथा समावेशीकरण सालबसाली कार्यक्रम | वर्ष | ५ | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | गाउँपालिका |
| गाउँपालिका भित्रका ६५ बर्ष भन्दा माथि र ६८ बर्ष भन्दा तलका जेष्ठ नागरिकहरु र (ग) र (घ) वर्गका सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरुलाई गाउँपालिकाले दिदै आएको सामाजिक सुरक्षा भत्ता कार्यक्रममा ५० प्रतिशतका दरले बृद्धि गर्ने गरी आगामि बजेटमा व्यवस्था गरीने छ । | वर्ष | ५ | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | प्रदेश सरकार |
| वडास्तरिय योजनाहरु | | | | | | | | | |
| प्रत्येक विषयुत सरकारि कार्यउलयहरुमा,वडा कार्यालयहरुमा अपाङ्ग मैत्री सार्वजनिक शौचालयहरु बनाईने छ | वर्ष | ५ | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | नेपाल सरकार |
| जम्मा | | | ३६००० | ७२०० | ७२०० | ७२०० | ७२०० | ७२०० | |

### ५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ५.८ — नतिजा खाका**

| सूचक | इकाई | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४- देखि २०८५/०८६(३ वर्ष) |
| महिला साक्षरता दर | प्रतिशतमा | ५७.९ | ७५.९ | ८५.० |
| अपागंता भएका महिलाको संख्या | प्रतिशतमा | ४.१ | २. | ०.१ |
| जन्मदर्ता नभएका बालबालिकाको संख्या | प्रतिशतमा | ५.६ | २.६ | ०.० |
| महिला हिंशाका घटना | प्रतिशतमा | ०.०४ | ०.०२ | ०.०१ |
| महिला उद्यमिको संख्या | जना | ३५ | ४२ | ४८ |

*स्रोतः सिबिएस २०७८ र गाउँपालिकाको प्रोफाईल २०८०*

### ५.४.७ अनुमान तथा जोखिम पक्ष

स्थानीय ऐन कानूनको निर्माण र कार्यान्वयनमा नगरपालिका, प्रदेश सरकार र संघीय सरकारको समन्वय स्थापित भएको हुनेछ । सामाजिक सचेतना बृद्धिका साथ सामाजिक न्याय र समानताका पक्षमा वकालत तथा पैरवी र कृयाशिलतामा अभिबृद्धिका साथ चेतानको स्तर उच्च भएको हुनेछ । भने जोखिम पक्ष वद्यमान ऐन कानून स्रोत साधनको अभाव तथा अपर्याप्तता, सहयोगी तथा साझेदार संघ संस्थाको अभाव, प्रविधि तथा उपकरणको अभाव जस्ता जोखिम पक्ष हुन सक्छन्

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

युवा उत्पादन क्षमता र श्रम शक्तिको प्रमुख आधार हुन् । कुनै पनि प्रकारको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तन यूवा शक्तिलाई अलग गरेर सम्भव छैन र रहदैन पनि । वर्तमान संबिधानले नेपालको विकासमा युवा सहभागिता अभिबृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र यूवा उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका

क्षेत्रमा विशेष अवसर प्रदान गर्नु पर्ने व्यवस्था गरेको छ । नेपालमा १६ देखि ४० बर्ष उमेरका युवाहरू (कुल जनसङ्ख्याको ४०.३५ प्रतिसत) रहेका छन् ।

## ५.५.२ समस्या तथा चुनौती

यस क्षेत्रमा स्तरीय खेल मैदान लगायतका पूर्वाधार, खेल सामग्री र कवर्डहलको कमी रहेको छ ।खेलको प्रसिक्षणको कमी रहेको यस क्षेत्रमाखेलमा व्यावसायिकताको समेत कमी रहेको छ । खेलाडीका लागि प्रोत्साहनको कमी रहेको छ । युवाका लागि सीप विकास तथा दिगो रोजगारीका अवसरको कमी रहेको छ । खेलका लागि उचाइको हावापानी हुनु,युवा पलायन बढ्नु तथा युवाका लगि मौसमी रोजगारी उपलब्ध हुने गरेका खेल गितविधिमा निरन्तरता प्रदान गर्ने कार्य चुनौतीपूर्ण हुने गरेको छ ।

## ५.५.३ संभावना तथा अवसर

युवा विकास र सशक्तिकरणका लागि संविधानमानै व्यवस्था गरीनु, गाँउपालिका स्तरमा युवा विकास सँग सम्बन्धित विभिन्न संरचना निर्माण विकास हुँदै जानु, युवा विकासमा राजनैतिक ईच्छाशक्तिको विकास हुँदै जानु, राज्यका तीनै तहमा साथै यस पालिकामा समेत युवाको प्रतिनिधित्व बलियो बन्दै जानु, सूचना प्रविधिको विकासले युवाहरूलाई आर्थिक विकासको मूल प्रवाहमा समेट्दै लानु, प्राकृतिक श्रोत र सम्पदाको धनी पालिका भएका कारण पालिका भित्रै रोजगारी श्रृजनाका लागि विभिन्न अवसरको खोजि, विकास र विस्तारमा सिंगो गाँउपालिका कृयाशिल रहनु ।

स्थानीय सरकारको हैसियतमा स्थानीय तहलाई खेलकुदको क्षेत्रको विकासका लागि आधारभूत जगको रुपमा जिम्मवार बनाईनु, शारीरिक व्यायाम लगायत खेलकुदका क्षेत्रमा आम नागरिकको चासो बढ्दै जानु, गाँउपालिकाले खेलकुदको विकास र व्यवस्थपनमा आफ्नो नीति, योजना तथा कार्यक्रम बजेट व्यवस्थापन सहित कार्यान्वयनमा ल्याउनु, यस गाँउपालिकाका अधिकांस युवाहरु मर्यादित, अनुसासित र स्वस्थ जीवनको विकास गर्न अग्रसर रहनु यस क्षेत्रका संभावना र अवसरहरू रहेका छन्।

## ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

**युवामा आत्मनिर्भरता र खेलकुदमा व्यावसायिकता अभिवृद्धि गर्ने ।**

**उद्देश्य**

- खेल क्षेत्रको पूर्वाधार र खेलाडीको क्षमतामा वृद्धि गर्नु,
- युवा रोजगारीका अवसर वृद्धि गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेश्य १ खेल क्षेत्रको पूर्वाधार र खेलाडीको क्षमतामा वृद्धि गर्नु,** | |
| १. खेल क्षेत्रको विकासका लागि पूर्वाधार निर्माण गरी खेलाडीको प्रतिस्पर्धी क्षमता विकासका अवसर उपलब्ध गराउने । | १.१ भलिवल खेलको उच्चस्तरीय प्रशिक्षणको व्यवस्था गरीनेछ ।<br>१.२ खेल मैदानको स्तरोन्नतिगरी खेल प्रशिक्षणमा नियमितता र सहज पहँचको व्यवस्था मिलाइनेछ ।<br>१.३ खेलाडीका लागि खेल सामाग्री, खेलाडी प्रोत्साहन तथा सम्मानलाई नियमित गरीनेछ ।<br>१.४ खेल क्षेत्रको विकासमा अन्तरसरकार तथा गैससँगको साझेदारीमा वृद्धि गरीनेछ । |
| **उदेश्य २ युवा रोजगारीका अवसर वृद्धि गर्नु** | |
| २. सीप तथा दक्षता विकास र रोजगारीका अवसरमा वृद्धि गरी लक्षित वर्गको आत्मनिर्भरताका अवसर सिर्जना गर्ने । | २.१ युवा उत्प्रेरणाका लागि सफल युवा तथा मोटिभेसनल स्पिकरद्धारा मोटिभेसनल कार्यशालाको आयोजना गराइनेछ ।<br>२.२ युवा रोजगारीका लागि पलम्बर, रक क्लाइम्बिङ, कुक र गाइड तालिमका अवसर उपलब्ध गराइनेछ ।<br>२.३ पेशा तथा रोजगारीमा संलग्न युवाकका लागि पेशागत सीप स्तरोन्नति तथा प्रविधि हस्तातरणको व्यवस्था गरीनेछ । |

## ५.५.५ प्रमुख कार्यक्रम

**तालिका नं. ५.९ — योजना तथा बजेट**

| कार्यक्रम तथा आयोजना | एकाई | कुल लक्ष्य | कुल लागत रु हजारमा | पहिलो बर्ष (२०८१/०८२) | दोश्रो बर्ष (२०८२/०८३) | तेश्रो बर्ष (२०८३/०८४) | चौथो बर्ष (२०८४/०८५) | पाचौ बर्ष (२०८५/०८६) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| बढीनन्दा आ.बि. फिल्ड निमार्ण हिमाली | संख्या | १ | १००० | २०० | २०० | २०० | २०० | २०० | गाउँपालिका |
| युवा उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम | वर्ष | १ | ५००० | १००० | १००० | १००० | १००० | १००० | नेपाल सरकार |
| खेलकुद पूर्वाधार निर्माण, स्तरोन्नतितथा खेलकुद प्रवर्द्धन कार्यक्रम | वर्ष | १ | ५००० | १००० | १००० | १००० | १००० | १००० | नेपाल सरकार |
| वडा स्तरिय याजना | | | | | | | | | |
| भवानी मा.बि. फिल्ड् निमार्ण हिमाली ६ धुलाचौर | संख्या | १ | २००० | २००० | ० | ० | ० | ० | प्रदेश सरकार |
| शैलेश्वरी मा.बि. फिल्ड् निमार्ण हिमाली ४ फैति | संख्या | १ | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १४५०० | ४५०० | २५०० | २५०० | २५०० | २५०० | |

## ५.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ५.१० — नतिजा खाका**

| सूचक | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४- देखि २०८५/०८६(३ वर्ष) |
| सक्रिय युवा क्लव तथा युवासंजाल | संख्या | २ | ५ | १० |
| क्लब तथा सञ्जालमा आवद्ध युवा | जना | ५० | १५० | २०० |
| खेल मैदान | संख्या | ३ | ५ | १० |
| अन्तराष्ट्रिय/ राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | २ | ३ | ५ |
| प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | ५ | १० | १५ |
| वार्षिक रुपमा स्वरोजगार मूलक तालिममा सहभागी हुने युवा | संख्या | १०५ | १६० | १८० |

*स्रोतः सिबिएस २०७८ र गाउँपालिकाको प्रोफाईल २०८०*

## ५.५.७ अनुमान तथा जोखिम पक्ष

पालिका क्षेत्र भित्र रोजगारीका अवसरहरूको सिर्जना र विकास पर्याप्त भएको हुनेछ । रोजगारी र अवसरको खोजिमा विदेशिनुपर्ने वर्तमान वाद्यात्मक अवस्थाको अन्त्य भएको हुनेछ । खेलकुद सँग सम्बन्धित संरचनागत पूर्वाधारहरू सुविधा सम्पन्न भएका हुनेछन । तथापि जोखिम पक्ष श्रोत र साधनको अपर्याप्तता रहेको हुनेछ, विद्यमान ऐन कानून कार्यन्वयन नहुन सक्छन्, उपयुक्त स्थानमा जग्गा जमिनको अभाव, स्रोत साधनको अभाव र अपर्याप्तता सहयोगी तथा साझेदार संघ संस्थाको अभाव, प्रविधि तथा उपकरणको अभाव र निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव जोखिम पक्ष हुन्

# परिच्छेद ६:

## भौतिक पूर्वाधार विकास क्षेत्र

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्वपूर्ण आधार हो । पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक, पक्की तथा झोलुङ्गे पुल, वैकल्पिक उर्जा, आवास, भवन तथा वस्ती विकास र सूचना तथा संचार प्रविधि जस्ता विषयहरू पर्दछन् । व्यवस्थित बस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रूपमा लिने गरीएको छ । यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य–७ (खर्चले धान्न सकिने स्वच्छ उर्जा), लक्ष्य–९ (उद्योग प्रबर्धन र पूर्वाधार) र लक्ष्य–११ (शहरहरू र समुदायहरूको दिगोपना) यस क्षेत्रसंग प्रत्यक्ष रूपमा दिगो विकासका लक्ष्यहरू सम्वन्धित रहेका छन्।

## ६.१ आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

नेपालका अधिकाङ्स बस्तीहरू ग्रामिण स्तरका छन् । संघीयता सँगै भएको राज्यको पुनरसंरचनाले अत्याधिक ग्रामिण बस्तीलाई सहर उन्मुख नगरपालिका अन्तरगत समेटेको अवस्था छ । नेपालको संबिधानले आवसको हकलाई मौलिक हकको रुपमा स्थापित गर्दै सवै नागरिकको सुरक्षित, उपयुक्त र वातावरणमैत्री आवसको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने, आवास विहिन नगारिकलाई आवास सुविधा उपलब्ध गराउने, अव्यवस्थित बसोबासलाई योजनाबद्ध विकासको माध्यम बाट व्यवस्थापन गर्ने साथै विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरीरहेका परिवारलाई नजिकको सुरक्षित स्थानमा आर्थिक रुपले सवल हुने गरी एकीकृत बस्तीमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था सहित नागरिकको सुरक्षित आवासको हकको पूर्ण प्रत्याभूति गरेको अवस्था छ ।

### ६.१.२ समस्या तथा चुनौती

सरकारी, निजी तथा सार्वजनिक संरचना तथा भवनहरू भूकम्प प्रविधि हुन नसक्नु, कतिपय स्थानमा आवासीय घरहरू असुरक्षित र पहिरोको जोखिममा रहनु, स्थानीय भवन मापदण्ड तर्जुमा भए पनिपूर्णरुपमा लागू हुन नसक्नु, मौलिक शैलीका भवनहरू विस्थापित हुंदै जानु, स्थानीय दक्ष कामदारको कमी हुनु, बस्ती विकास योजना नहुनु, जोखिमयुक्त घना बस्ती, बजार तथा पानी जम्ने स्थानमा ढल निकास नहुनु आदि भवन आवास तथा बस्ती विकास क्षेत्रका प्रमुख समस्या हुन् ।

मापदण्ड र भूकम्प प्रतिरोधी प्रविधि अनुसार भवन, बस्ती र संरचना पुनर्निर्माण सम्पन्न गर्नु, विपद तथा महामारीमा उपयोग गर्न आइसोलेसन सेन्टर निर्माण गर्नु,भवन संहिताको कार्यान्वयन गर्नु,मौलिक सस्कृतिको संरक्षण गरी संरचना निर्माण गर्नु, व्यवस्थित बस्ती विकास गर्नु, स्थानीय स्तरमा दक्ष जनशक्ति तयार गर्नु, गुणस्तरीय निर्माण

सामाग्री व्यवस्थापन गर्नु, पुनर्निर्माणमा संलग्न संस्थाहरू वीच समन्वय गर्नु आदि प्रमूख चुनौतीरुपमा रहेका छन् ।गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण सहितको भूउपयोग योजना तर्जुमा नहुँदा बस्ती तथा भौतिक विकासलाई व्यवस्थित र भवन निर्माण मापदण्ड पालना गर्न गराउन कठिनाई देखिएको छ । यसबाट व्यवस्थित र सुरक्षित बस्ती तथा आवासको निर्माणमा चुनौती थपिएको छ ।ढुवानी लागत बढी (दर रेट र समय), मौसम प्रतिकूलता र तिब्र बसाइसराइ र दक्ष कामदार उपलब्धता यस क्षेत्रका अन्य चुनौतीहरू हुन् ।

## ६.१.३ संभावना तथा अवसर

यस पालिकामा स्थानीय स्रोत तथा साधन (निर्माण समाग्रि समेत) प्रयोग गरी कम लागतमा माफदण्ड बमोजिमका सुरक्षित भवन तथा घर निर्माण गर्ने, गरीव, सिमित स्रोत र साधनका कारण न्यून आय भएका, सीमान्तकृत तथा विपद जोखिममा रहेका बर्ग तथा ग्रामिण गरीवीमा परेकालाई आवास सुविधा उपलब्ध गराउने, एकीकृत वस्ती तथा सामुहिक आवसका फाईदाका बारेमा सकारात्मक वातावरण सिर्जना गर्ने, सामुहिक आवास योजनामा निजी क्षेत्रलाई सहभागि गराउने, निर्माण सामाग्रिको गुणस्तरमा सुधार सहितको एकरुपता ल्याउने, वर्तमानको आवश्यकता बमोजिम नयाँ प्रविधिलाई प्रयोगमा ल्याउने, नगरपालिका भित्र भूकम्प प्रतिरोधी भवन निर्माणलाई प्रभावकारी रुपमा पूर्ण कार्यान्वयन गराउने, परम्परागत सीप, निर्माण प्रविधि तथा बस्तुकलाको संरक्षण र सम्बर्धन गर्ने तथा निर्माण कार्यमा सम्लग्न सवै जनशक्तिलाई समयानुकुल तालिम प्रदान गरी दक्ष बनाउने जस्ता कार्य चुनौतीको रुपमा रहेका छन् ।

## ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य,**

सुरक्षित नागरिक आवाश निर्माण गर्ने,

**उद्देश्य**

- सुरक्षित, वातावरणमैत्री, व्यवस्थित आवास, बजार तथा सार्वजनिक पूर्वाधारको विकास गर्नु,
- भवन, आवास, बस्ती विकास, हिमाली गाउँ-सहरलाई एकीकृत, सुरक्षित, व्यवस्थित, पर्यापर्यटनमैत्री बनाउनु

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेश्य १ सुरक्षित, वातावरणमैत्री,व्यवस्थित आवास, बजार तथा सार्वजनिक पूर्वाधारको विकास गर्नु,** | |
| १.१ सुरक्षित तथा सुविधायुक्त भवन, आवास र एकिकृत बस्तीको विकास गर्ने | १.१.१ स्थानीय प्रकृति तथा संस्कृतिमैत्री भवन, बस्ती तथा गाउँ तथा शहरी विकास र निर्माण सम्बन्धी मापदण्ड तयार गरी सुरक्षित तथा सुविधायुक्त भवन, आवास र एकिकृत गाउँ, बस्ती र सार्वजनिक पूर्वाधारको विकास र विस्तार गरीनेछ ।<br>१.१.२ भौतिक पूर्वाधार विकास आयोजनाको निर्माण र सञ्चालनमा सार्वजनिक निजी साझेदारीको अवधारणा लागू गर्न कानूनी र संस्थागत व्यवस्था गरीनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.१.३ गाउँपालिकाबाट सञ्चालन हुने पूर्वाधार विकाससम्बन्धी आयोजनामा अधिकतम जनसहभागिता प्रवर्द्धनका लागि नीतिगत, कानूनी र संस्थागत व्यवस्था गरीनेछ ।<br>१.१.४ राष्ट्रिय भवन संहिता, २०७२ प्रभावकारी रूपमा कार्यान्वय गर्न इञ्जिनियर, सवइञ्जिनियर, कन्सल्टेण्ट र निर्माण कार्यमा संलग्न दक्ष कामदारलाई सोसम्बन्धी तालिम प्रदान गरी प्रमाणपत्र दिने र प्रमाण पत्र प्राप्त प्राविधिक र दक्ष व्यक्तिहरूबाट मात्र निर्माण कार्य गर्ने गराउने व्यवस्था मिलाइनेछ ।<br>१.१.५ उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनामा अनिवार्य रूपमा प्राविधिक सुपरीवेक्षणको व्यवस्था गरीनेछ र आयोजना निर्माण गर्नु अघि उपभोक्ता समितिलाई प्राविधिक र व्यवस्थापकीय विषयमा तालिम प्रदान गरीनेछ । |
| १.२ वडा कार्यालयलाई सेवा प्रवाह केन्दको रुपमा विकास गर्ने, | १.२.१ वडा कार्यालयमा यथेष्ट कर्मचारीको व्यवस्था गरी सेवा प्रवाहको व्यवस्था गरीनेछ ।<br>१.२२ सबै वडा कार्यालयहरूमा पूर्वाधार तथा संरचनाको विकास गरी आफ्नै भवनबाट . प्रमुख विषय क्षेत्रको सेवा सुचारुगरीनेछ ।<br>१.२३ वडा कार्यालय भवन अपाङ्गमैत्री., बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, महिलामैत्री र वातावरणमैत्री रूपमा निर्माण र सञ्चालन गरीनेछ ।<br>१.२४ साहसिक., शैक्षिक, खेलकूद र साँस्कृतिक पर्यटकीय पूर्वाधार लगायत सेवा सुविधाको विकास र विस्तार गरीनेछ ।<br>१.२५ गाउँपालिका मुख्य बजार., आवास क्षेत्रभित्रकामुख्यचोक, टोल/बस्तीमा प्रतिक्षालय र सडक बत्ती, हरियाली निर्माण कार्यमा तीब्रता दिइनेछ ।<br>१.२ ६निश्चित मापदण्डको आधारमा वडास्तरबाटै योजना कार्यान्वयन गर्ने व्यवस्था.गरीनेछ ।<br>१.२) ७मुख्य पूर्वाधार निर्माणमा विस्तृत परियोजना प्रतिवेदन.DRRतयार गरी सोको ( आधारमा बजेट विनियोजन र कार्यान्वयनको व्यवस्था गरीनेछ । |
| **उदेश्य २ भवन, आवास, बस्ती विकास, हिमाली गाउँ-सहरलाई एकीकृत, सुरक्षित, व्यवस्थित, पर्यापर्यटनमैत्री बनाउनु** | |
| २.१ भू-उपयोग नीति तथा योजनाको कार्यान्वयन गर्ने | २.१.१ भू–उपयोग क्षेत्र निर्धारणको विस्तृत सर्वेक्षण र नक्शाकंन गरीनेछ ।<br>२.१.२ भू–उपयोग क्षेत्र निर्धारण गर्दा हरियाली प्रवर्द्धनमा जोड दिइनेछ ।<br>२.१.३ भू–उपयोग योजनाअनुसार भूक्षेत्र निर्धारण गरीसंरक्षण, व्यवस्थापन र उपयोग गरीनेछ ।<br>२.१.४गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक तथा पर्ती जग्गाहरूको पहिचान, नक्शाकंन र अभिलेख तयार गरी पार्क, खुल्ला क्षेत्र, पोखरी, खेलमैदान र अन्य व्यावसायिक आयोजनामा उपयोग गरीनेछ ।<br>२.१.५ गाउँपालिका क्षेत्रमा नापी नक्शा, घरजग्गा, धनीपुर्जा, सडक र घर नम्बरलाई मिलान गरी भौगोलिक सूचना प्रणालीमा आधारित अद्यावधिक अभिलेख तयार गरीनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २.२ गाउँपालिकाको शहर एवं बजार उन्मुख क्षेत्रमा भौतिक योजना सहित बजारको पूवार्धार विकास गर्ने | २.२.१ भूपयोगको आधारमा भू–उपयोग क्षेत्र निर्धारण तथा भौतिक विकास योजना तर्जुमा गरी योजनावद्ध तथा व्यवस्थित बस्ती विकासको आधार तयार गरीनेछ ।<br>२.२.२ बजार तथा व्यावसायिक क्षेत्र, पार्क, मनोरञ्जन, खुल्ला क्षेत्र, आपतकालीन सामग्री भण्डार गृह लगायत सार्वजनिक पूर्वाधार विकासको लागि स्थान र जग्गाको व्यवस्था गरी निर्माण कार्य क्रमशः सञ्चालन गरीनेछ ।<br>२.२.३ व्यवस्थित बस्ती विकास र बजार व्यवस्थापनका लागि आधारभूत पूर्वाधारहरूको निर्माण गरी नमूना बस्ती र बजारको विकास गरीनेछ ।<br>२.२.३ बजार र बस्ती क्षेत्रमा खुल्ला स्थान समेत हरियाली पार्क, पोखरी र खुल्ला स्थान समेतको व्यवस्था गरीनेछ । |

## ६.१.५ प्रमुख कार्यक्रम

**तालिका नं. ६.२ — योजना तथा बजेट**

| कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | कुल लागत रु हजारमा | पहिलो बर्ष (२०८१/०८२) | दोश्रो बर्ष (२०८२/०८३) | तेश्रो बर्ष (२०८३/०८४) | चौथो बर्ष (२०८४/०८५) | पाचौ बर्ष (२०८५/०८६) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| सडक निर्माण तथा मर्मत र अन्य आयोजनामा मर्मत गर्नका लागि पालिकाको आफ्नै जे.सि.भी व्याक लोडर खरिद गरीने | सख्य | १ | १५००० | १५००० | ० | ० | ० | ० | नेपाल सरकार |
| धुलाचौर आसपास लगायतका बजार क्षेत्रको फोहर व्यवस्थापनका लागि कुहिने र नकुहिने फोहर व्यवस्थापनका लागि धुलाचौरमा सार्वजनिक शौचालय र प्रतिक्षालय सहितक डम्पिङ्ग साइट निर्माण गरीने | व.मि | १ | ५००० | ३००० | २००० | | | | गाउँपालिका तथा नेपाल सरकार |
| हिमालि गाउँपालिकाका आयोजनाहरुमा जस्तै १० सैंया अस्पताल, कुवाडी जलविद्युत आयोजना, धुलाचौर वृहत लिफ्टिङ्ग खानेपानी आयोजना, औद्योगिक ग्रामक्षेत्र, जडिबुटी उद्योग, विच्छैंया रानिसैन सडक, धुलाचौर हिमाली सडक, धिम फैती रुगीन | व.मि | ५० | १००००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | प्रदेश सरकार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विच्छँया सडक निर्माण आयोजनाहरुलाई निरन्तरता दिईने | | | | | | | | | |
| वडास्तरिय योजनाहरु | | | | | | | | | |
| हिमालि गाउँपालिकाको सडक संजालसंग नजोडिएका वस्तीहरु पाँडी, बक्षाँ र वडा नं. १,२,र३ मा सडक पुगाउने गरी निर्माण कार्य गरीनुका साथै वडा नं. ४,५,६ र ७ मा निर्माण भईरहेका सडकहरुलाई स्तरउन्नति गर्ने व्यवस्था मिलाईने | व.मि | १०० | १००००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | नेपाल सरकार |
| खरीखोलाबसपार्क निर्माण आयोजना, वडा नम्बर १ | व.मि | १०० | १००००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | नेपाल सरकार तथा प्रदेश सरकार |
| जम्मा | | | ३२०००० | ४८००० | ३२००० | ३०००० | ३०००० | ३०००० | ० |

## ६.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ६.१ — नतिजा खाका**

| सूचक | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४- देखि २०८५/०८६(३ वर्ष) |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ५ | ३२ | ४० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | संख्या | २५ | ८६ | ९० |
| चटयाङ रहित घर निर्माण | प्रतिशत | ० | १३ | १५ |
| भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | ३५ | ६८ | ७५ |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ८० | ९३ | ९५ |
| लैङ्गिकमैत्री तथा अपांगमैत्री सार्वजनिक भवन | संख्या | १५ | ३० | ४५ |

*स्रोतः सिबिएस २०७८ र गाउँपालिकाको प्रोफाईल २०८०*

### ६.१.६ अनुमान तथा जोखिम पक्ष

गाउँपालिकामा भूमीको वर्गीकरण सहित भूउपयोग योजना र आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड तर्जुमा भइ सोको परिपालनामा अभिवृद्धि हुनेछ । आवास, बस्ती विकास तथा शहरीकरणका कारण फोहोरमैलाको विसर्जन अव्यवस्थित हुने र वातावरणीय प्रदूषणमा वृद्धि हुने जोखिम हुन सक्छ ।व्यवस्थित आवास, बस्ती विकास तथा शहरीकरणप्रभावकारी कार्यान्वयनमा आउन नसकेको कारण आवास,बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ ।

## ६.२. सडक, पूल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

मानिसहरूलाई एक ठाउँ बाट अर्को ठाउँमा जानहोस वा व्यापार, व्यवसाय तथा सेवा प्रवाहलाई सहज र सम्भव पार्न होस यातायात क्षेत्रको महत्वपूर्ण भूमिका रहिआएको छ र रहन्छ पनि । आर्थिक पूर्वाधारका रुपमा स्थापित रहेका कृषि, पशुपालन, उद्योग, पर्यटन, व्यापार, व्यवसाय, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको सन्तुलित र दिगो विकास यातायात क्षेत्रको विकास बाट मात्र संभव छ र रहन्छ

यस पालिकामा सडकले पुर्ण रुपमा सबै वडाहरुलाई जोड्न नसकेको हुँदा सबै क्षेत्रमा सार्वजनिक सवारि साधनहरु पुग्न नसकेतापनि कहिले काँही साना गाडिहरु पालिका सम्म र केही वडा कार्यालयहरु सम्म पुग्ने गरेका छन्

### ६.२.२ समस्या तथा चुनौती

निर्माणाधिन सडकमा पुल तथा कल्भर्ट लगायतका संरचनामा कमी हुनु, निर्माणभएका सडकहरू कम चौडा हुनु,सडक लाइनको ज्यामिती नमिल्नु, धुले अवस्था कायम रहनु तथा निर्माण भएका सडकमा बाह्रै महिना यातायात सञ्चालन नहुनु, सडकमा काम गर्ने दक्ष कामदारहरूको कमी हुनु, पदमार्गहरू,घोडेटोहरू, गोरेटोहरूको स्तरोन्नति र व्यवस्था पन हुन नसक्नु, सडक, पुल तथा संरचना निर्माणमा नेपाल सरकार तथा प्रदेश सरकारको ध्यान जान नसक्नु र सम्बन्धितनिकायहरू बीच समन्वयको कमी हुनु आदि प्रमुख समस्या हुन् ।

गाउँपालिकको केन्द्र सडक सञ्जलामा जोड्नु, निर्माण भएको सडकको स्तरउन्नती गरी सर्वयाम यातायात चल्ने बनाउनु, सडक निर्माणमा सहभागितात्मक र वातावरणमैत्री अवधारणा अनुसार सडकहरूको निर्माण कार्य सम्पन्नगर्नु, सगरमाथा वेशक्याम लगायत रणनीतिक महत्वका स्थानहरूमा पदमार्गहरूको विस्तार र स्तरोन्नति गर्नु, मापदण्ड अनुरुपको दुरीको फेरोमा सडक पुल तथा झोलुङ्गे पुलहरू निर्माण गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ६.२.३ संभावना तथा अवसर

पालिकाले सहज यातायात सुविधा उपलब्ध गराउने लक्ष्य स्थापित गरी आन्तरिक क्षमता विकासका साथ आफ्नो जिम्मेवारीलाई कुसलता पूर्वक अघि बढाउनु, सबै वडा र टोलसम्म सहज रुपमा पुग्न सकिने गरी सडकको ट्र्याक

खोलिएको अवस्था रहनु साथै पालिकाबाट संचालन हुने सम्पुर्ण पुर्वाधारको मर्मत सभार गर्ने भएकाले विभिन्न संभावना तथा अबसर हरु रहेका छन् ।

## ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

**सबै वडा तथा वस्तिमा यातायाको पहुच पुर्याउने ।**

**उद्देश्य**

- सडक, पुल तथा संरचनाको विकास, विस्तार र स्तरोन्नति गर्नु,
- स्थानीय यातायातलाई सर्वसुलभ, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र व्यवस्थित बनाउनु,
- आवागमन तथा ढुवानीलाई सहज व्यवस्थित बनाउनु,
- स्थानीय उत्पादन, सेवा तथा सुविधा र बजारबीच अन्तरआवद्धता कायम गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ सडक, पुल तथा संरचनाको विकास, विस्तार र स्तरोन्नति गर्नु,** | |
| १. अन्तर–सरकार, निजी क्षेत्रको साझेदारी र सहकार्यमा सडक, पुल र संरचना निर्माण, विस्तार तथा स्तरोन्नति गर्ने | १.१.१ प्रहरी, प्रशासन, टोल विकास संस्थाहरू र नागरीक समाजसँग समन्वय र सहकार्य गरी सडक अधिकार क्षेत्रको अतिक्रमण हटाइनेछ ।<br>१.१.२ परम्परागत रूपमा रहेका पदमार्ग, सडक, बाटो तथा गल्लीहरूको अतिक्रमण हटाउन विशेष पहल गरीनेछ ।<br>१.१.३गाउँपालिका क्षेत्रभित्रको पदमार्ग तथथा सडकलाई जिआईएस (भौगोलिक सूचना प्रणाली)मा आवद्ध गरी नामाकरण, सांकेतीकरण तथा अभिलेखीकरण गरीनेछ ।<br>१.१.४ स्थानीय श्रोतसाधन, सीपको प्रयोगबाट सञ्चालन हुने, स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने आयोजना र उपभोक्ताको लागत साझेदारी हुने आयोजनालाई प्राथमिकता दिई निर्माण तथा सञ्चालन गरीनेछ । |
| २. गाउँपालिका केन्द्र र बजारसम्म पहुँच हुने गरी पक्की सडकको सञ्जालको विस्तार गर्ने | २.१गाउँपालिकाको केन्द्र एवम् एक भन्दा बढी वडाहरू जोड्ने रणनीतिक सडकहरूको प्राथमिकीकरण गरी सहायक संरचना समेत चरणबद्ध रूपमा ग्राभेल, कालोपत्रे र ढलान गरीनेछ ।<br>२.२ वडाको केन्द्र, बजार क्षेत्र,पर्यटकीय तथा व्यावसायिक केन्द्रहरूलाई पक्की सडक सञ्जालमा आवद्ध गरी आवागमन सुचारु गरीनेछ । |
| **उदेश्य २ स्थानीय यातायातलाई सर्वसुलभ, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र व्यवस्थित बनाउनु का साथै आवागमन तथा ढुवानीलाई सहज व्यवस्थित बनाउनु,** | |
| २.१ सडक तथा संरचना निर्माणलाई वातावरणमैत्री, | २.२.१ वातावरणीय अध्ययन पश्चात विस्तृत परियोजना प्रतिवेदन तयार गरेर मात्र सडक निर्माण, विस्तार र स्तरोन्नति गरीनेछ ।<br>२.२.२पदमार्ग तथा सडकको कारणले हुने भू–क्षयलाई कम गर्न वायोइन्जिनियरीङ प्रविधिमा जोड दिईनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| उत्थानशील र दिगो बनाउने | २.२.३गाउँपालिका क्षेत्र भित्रको मूल तथा सहायक सडकहरूको दायाँ बायाँ दुबै तर्फ वृक्षारोपण गरी सडक संरक्षण र सुन्दरता अभिवृद्धि गरीनेछ । |
| २.२ सडक गुरुयोजना अनुसार रणनीतिक सडकको पहिचान, मापदण्ड निर्धारण, नामाकरण तथा प्राथमिकता निर्धारण गर्ने, | २.२.१ स्थानीय सडकको मापदण्ड र स्तर निर्धारण, नक्शाकंन, वर्गीकरण, नामाकरण र प्राथमिकता निर्धारण सहित सडक, पुल र यातायातको विकास र विस्तारलाई सुव्यवस्थित बनाउन यातायात गुरुयोजना तयार गरी सोअनुसार सडक, पुल, पदमार्ग निर्माण, स्तरोन्नति तथा यातायात सञ्चालनलाई व्यवस्थित गरीनेछ ।<br>२.२.२ यातायात गुरुयोजनाको शिघ्र निर्माण र नियमित रूपमा अद्यावधिक गरी सोको प्राथमिकताअनुसार सडक निर्माण, विस्तार तथा स्तरोन्नति गरीनेछ ।<br>२.२.३ पदमार्ग, सडक तथा सार्वजनिक स्थानमा निर्माण सामाग्री तथा अवरोध पुऱ्याउने खालका अन्य सामग्रीहरू राख्नेलाई कानूनअनुसार कारवाही गरी आवागमनलाई सहज बनाइनेछ ।<br>२.२.४ बसपार्क तथा बिसौनी, सवारी साधन पार्किङ्ग स्थल, सवारी साधन सेवा केन्द्र समेत सवारी साधन व्यवस्थापनको लागि उपयुक्त स्थानमा पूर्वाधार निर्माण र व्यवस्थापन गरीनेछ । |
| उदेश्य ३ स्थानीय उत्पादन, सेवा तथा सुविधा र बजारबीच अन्तरआवद्धता कायम गर्नु । | |
| ३.१ सडक तथा संरचना निर्माण र मर्मतसंभारलाई नियमित र व्यवस्थित गराउने तथा यातायात संचालन र व्यवस्थापन प्रणाली सुदृढ बनाउने, | ३.१.१ पर्यटन तथा कृषि सडक लगायत रणनीतिक सडकहरूको प्राथमिकताअनुसार आवश्यक संरचना समेत क्रमशः ग्राभेल, सोलिङ र पिच र ढलान गर्दै स्तरोन्नति गर्दै लगिनेछ ।<br>३.२.२ सडक सञ्जाल निर्माण गर्दा पर्यटन, कृषि तथा व्यापार व्यवसायको समेत प्रवर्द्धन हुने गरी निर्माण र स्तरोन्नति गरीनेछ ।<br>३.३.३ मापदण्डअनुसार चौडा गरी नाला, सडक पेटी, पुल तथा कल्भर्ट लगायतका सडकको सहायक संरचना समेत सडकको स्तरोन्नति गरीनेछ |
| ३.२ पर्यटन, कृषि,व्यापार, व्यवसायविकास, विस्तार तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरी गुणस्तरीय, वातावरणमैत्री र उत्थानशिल सडक, पुल, ट्रेल तथा संरचना विकास गर्ने | ३.२.१ पदमार्ग तथा सडक सञ्जाल निर्माण गर्दा यातायातलाई पर्यटन तथा आर्थिक प्रणालीसँग आवद्ध गरी पुर्वाधार र आर्थिक विकासलाई सँगसँगै लैजान, पर्यटन पूर्वाधार, सेवा तथा सुविधा,कृषि उत्पादन र बजारीकरण, व्यापार र व्यवसायलाई प्राथमिकतामा राखी सडक तथा यातायातका पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गर्दे लगिनेछ ।<br>३.२.२पर्यटन, कृषि,व्यापार तथा व्यवसायसृजना, विकास, विस्तार तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने सडक, पुल तथा पदमार्ग जस्ता पूर्वाधार तथा संरचना निर्माण, स्तरोन्नति र सञ्चालनमा जोड दिइनेछ । |

## ६.२.५ प्रमुख कार्यक्रम

**तालिका नं. ६.३ — योजना तथा बजेट**

| कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | कुल लागत रु हजारमा | पहिलो बर्ष (२०८१/०८२) | दोश्रो बर्ष (२०८२/०८३) | तेश्रो बर्ष (२०८३/०८४) | चौथो बर्ष (२०८४/०८५) | पाचौ बर्ष (२०८५/०८६) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नम्बर १ अन्तगत बिच्छयाँ देखि बाँसुसम्म, टिन चौका देखि लिगुडीमेलासम्म, देससैन देखि घोरेनीसम्म, तरीखोला देखि बडढुगां सम्म, पेठया देखि काम्लयासम्म, नेटा खौल देखि सुनडाईनीसम्म, कोट खौला देखि भेरिखोर सम्म गोरेटा बाटो निमार्ण गर्ने | कि.मि. | ५० | १००००० | २०००० | २०००० | २०००० | २०००० | २०००० | नेपाल सरकार |
| वडा नम्बर २ अन्तगत रुम्दी देखि सेरासम्म | संख्या | १ | ५०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | प्रदेश सरकार |
| वडानम्मबर ३ अन्तगत फुलई छालगौडा देखि पुलईसम्म, युना दलितटोल देखि बिद्यालयसम्म, युना राड डाँडा देखि युनासम्म, बौडी माढुगं देखि सिससेरासम्म गोरेटो बाटो निमार्ण गर्ने | संख्या | १ | ५०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | प्रदेश सरकार |
| वडा नम्बर ४ अन्तत फैती मानाढसकुरी देखि मैभेरीसम्म, बोर्ता लेवडी औल बोर्ता हुदै लेख बोर्तासम्म र फैती देखि लालिचौर हुदै कर्कलडाँडासम्म बाटो निमार्ण गर्ने | संख्या | १ | ५०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | नेपाल सरकार |
| वडा नम्मबर ५ अन्तगत रुगिन खोला हुदै माथि ग्याम्चुसम्म, क्युडी निल्याग्रा मन्दिर देखि जरगाउँसम्म, बक्षाँ लुईटा लेखि नेटासम्म, रुगिन खोला देखि तुरुयाखालामालेख सम्म बाटो निर्माण गर्ने | संख्या | १ | ५०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | प्रदेश सरकार |
| वडा नम्मर ६ अन्तगत धिम भनाफ ठुलाभिड सम्म, धिम गाँउ देखि वाम्नी पनेरा सम्म, धिम देखि कैलास माण्डु बाटो निमार्ण सम्म, पाँडी कोट देखि कालडाँडासम्म बाटो निमार्ण गर्ने । | संख्या | १ | ५०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | गाउँपालिका |
| जम्मा | | | | | | | | | |

## ६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ६.४ नतिजा खाका**

| सूचक | इकाई | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४- देखि २०८५/०८६ (३ वर्ष) |
| कालोपत्रे सडक | किमी | ० | ० | ३० |

| सूचक | इकाई | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४- देखि २०८५/०८६ (३ वर्ष) |
| ग्राभेल सडक | किमी | ५६ | ७२ | ९० |
| धुले सडक | किमी | १५ | १५ | १५ |
| पक्की पुल | संख्या | ० | १ | २ |
| कल्भर्ट | संख्या | ० | | |
| सहायक नदीमा झोलुङ्गे पुल | संख्या | ५ | ९ | १० |
| यातायात सुचारु सडक लम्बाई | किमी | ४६ | ५६ | ८० |
| पालिकामा संचालित ४ पाँग्रे यातायातका साधन | संख्या | ४ | ६ | ८ |
| पालिकामा संचालिन ३ पाँग्रे यातायातका साधन | संख्या | ० | ० | ० |
| पालिकामा संचालित विद्युतीय यातायातका साधन | संख्या | ० | ० | ० |
| सडक नालीको लम्बाई | किमी | ० | ६ | ६ |
| नियमित मर्मत संभार भएको सडकको लम्बाई | किमी | ० | ५ | १८ |
| वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक साइड वृक्षारोपण | किमी | ० | ० | ० |
| व्यवस्थित ढल | मीटर | ० | ० | ५ |

*स्रोतः गाउँपालिकाको प्रोफाईल २०८० तथा सिबिएस २०७८*

### ६.२.७ अनुमान तथा जोखिम पक्ष

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका योजना, नीति तथा कार्यक्रमबीच अन्तरसम्बन्ध, समन्वय र सहकार्य हुने गरी आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ । गाउँपालिकाले चालु तथा क्रमागत, बहुवर्षीय, विस्तृत आयोजना प्रस्ताव तयार भएका, कार्यान्वयनका लागि तयारी अवस्थामा रहेका आयोजना तथा कार्यक्रममा प्राथमिकता साथ बजेट विनियोजन गरी कार्यान्वयन गर्नेछन् । सडक पूर्वाधार निर्माण दक्ष प्राविधिकबाट विस्तृत संभाव्यता अध्ययन तथा आर्थिकर वातावरणीय पक्षको अध्ययनका आधारमा हुन नसकेमा आयोजना कार्यान्वयन प्रभावकारी नहुने जोखिम रहन्छ ।

## ६.३ जलस्रोत, बिद्युत तथा बैकल्पिक उरजा

### ६.३.१ पृष्ठभूमि

यस गाउँपालिकामा अझै पनि केन्द्रिय प्रसारण लाइनको विद्युत सेवासँग पहुँच पुगेको छैन । गाउँपालिकाको केही बस्तीहरू छरिएर रहेको कारण विद्युत प्रसारण लाईनपुऱ्याउन कठीन र खर्चिलो हुने गरेको छ । विद्युत सुविधा पुगेको स्थानहरूमा समेत ट्रान्समिटरको क्षमता र ट्रान्समिसन लाईन गुणस्तरीय बनाई विद्युत प्रसारण र वितरण हुन सकेको छैन । ग्रामीण क्षेत्रहरूमा पर्यटन व्यवसाय, उद्योग तथा व्यापार सञ्चालन, सिंचाईको लागि प्रयोग गर्न

आवश्यक पर्ने थ्रिफेजको केन्द्रिय प्रसारण लाईनको कमी रहेको छ । गाउँपालिकाको प्रमुख गाउँ/टोल, बजार, ट्रेकिङ टेल,चोक र स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुविधा उपलब्ध हुन सकेको छैन ।

## ६.३.२ समस्या तथा चुनौती

गाउँपालिका क्षेत्रमा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरू बीचको समन्वय र सहकार्य विकासको प्रमुख चुनौतीको रुपमा देखिएको छ ।बिद्युत आपुर्तिमा नियमितताको हुन नसक्नु, स्थानीय स्तरमा रहेका नदी तथा खोलाहरूबाट जलबिद्युतउत्पादन संभाव्यताको पूर्ण उपयोग गर्नु,नेसनल ग्रिडबाट उपलब्ध बिद्युतको नियमित प्रसारण गरी दिगो बिद्युत सेवा उपलब्ध गराउनु, बिद्युतको प्रयोग उद्योग क्षेत्रमा बिस्तार गर्नु, स्वच्छ र किफायती उर्जामा सबैको पहुँच पुर्‍याउनु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरूहुन्।

## ६.३.३ संभावना तथा अवसर

गाउँपालिका क्षेत्रभित्र विद्युत उत्पादनका लागि नदी तथा खोलानाला विद्यमान हुनु, विभिन्न स्थानमा लघु तथा साना जलविद्युत आयोजनाहरूबाट विद्युत उत्पादन हुनु, निजी क्षेत्रबाट मझौला जलविद्युत आयोजना सञ्चालनमा रहनु, गाउँपालिकाका सीमासम्म कच्ची सडक सञ्चालको पहुँच विस्तारले विद्युत उत्पादन लागतमा कमी गर्न सम्भव हुनु, हवाइमैदान, हेलीप्याड जस्ता यातायातका पूर्वाधार निर्माण र सेवा सञ्चालन हुनु, नविकरणीय तथा वैकल्पिक उर्जाका लागि सङ्घीय सरकार, निजी क्षेत्रबाट सरकारबाट सहयोग र कार्यक्रम सञ्चलान हुनु आदि यस विषय क्षेत्रका मुख्य संभावना तथा अवसरहरू हुन् ।

## ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

**उज्यालो हिमाली गाउँपालिकाको निर्माण ।**

**उद्देश्य**

- विद्युतको उत्पादन, उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु,
- स्वच्छ उर्जाको प्रवर्द्धन, विस्तार र उपयोगमा वृद्धि गर्नु,
- जलस्रोतको संरक्षण र उपभोगमा वृद्धि गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेश्य १ विद्युतको उत्पादन, उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु,** | |
| १.१गाउँपालिकालाई केन्द्रिय प्रसारण लाइनसँग जोड्ने | १.१.१ गाउँपालिकालाई केन्द्रिय प्रसारण लाइनसँग जोड्न र विस्तार गर्न विद्युत प्राधिकरण तथा नेपाल सरकारसँग समन्वय र पैरवी गरीनेछ ।<br>१.१.२ स्थानीय उत्पादनलाई केन्द्रिय प्रसारण लाइनमा जोड्न विद्युत प्राधिकरणसँग समन्वय र सहकार्य गरीनेछ ।<br>१.१.३ खुलातार प्रणालीलाई केबल प्रणालीमा रूपान्तरणको लागि सम्बन्धित निकायसँग पैरवी र साझेदारी गरीनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.१.४केन्द्रिय प्रसारण लाइन पुगेका विद्युत सेवा अवरुद्ध हुने स्थानहरूमा विद्युतको क्षमता )Voltageविस्तार र अन्य स्थानमा वद्युत लाइन विस्तार गर्न नेपाल विद्युत ( प्राविधिकरणसँग समन्वय तथा साझेदारीगरी नेछ । |
| १.२ विद्युत उत्पादन तथा उपभोग बढाउने | १.२.१ विद्युत प्राधिकरणसँग समन्वय र लागत साझेदारीमा विद्युत लाईनको क्षमता विस्तार, जिर्ण पोल र तार मर्मत गरीनेछ ।<br>१.२.२ विद्युतको उपयोग बढाउन समुदाय र व्यवसायहरूमा सचेतना तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरीनेछ । |
| **उदेश्य २ स्वच्छ उर्जाको प्रवर्द्धन, विस्तार र उपयोगमा वृद्धि गर्नु,** | |
| २.नविकरणीय तथा स्वच्छ उर्जाको उत्पादन तथा उपयोगवृद्धि गर्न सङ्घ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य तथा साझेदारी गर्ने | २१ वैकल्पिक उर्जासम्बन्धी स्थानीय नीति., कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमनको व्यवस्था गरी स्वच्छ उर्जामा पहुँच वृद्धि गरीनेछ ।<br>२२ दाउरा र जैविक उर्जाको प्रयोगलाई कम गर्दै लैजान., सुधारिएको चुलो, बायो ब्रिकेट, विद्युत चुल्हो र सोलार प्रणालीको प्रवर्द्धन एवं विस्तार गरीनेछ ।<br>२ ३.गरीब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ पहुँच पुर्‍याउन प्रवर्द्धनात्मक र प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरीनेछ ।<br>२ ४ नविकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहन गरी प्रवर्द्धन.गरीनेछ । |
| **उदेश्य ३ जलस्रोतको संरक्षण र उपभोगमा वृद्धि गर्नु ।** | |
| ३.जलस्रोत संरक्षण र उपयोगमा समुदाय, निजी क्षेत्र र गैसस परिचालन गर्ने | ३१ जलस्रोत संरक्षण तथा व्यवस्थापन सम्बन्धी नीति., कानून, कार्यक्रम र कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरीनेछ ।<br>३२ जलस्रोतको उपलब्धता., संरक्षण र दिगो तथा वहुउपयोग सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयनमा सहजीकरण गरीनेछ ।<br>३३ जलस्रोतको संरक्षण र दिगो उपयोगको लागि अन्तर सरकार., समुदाय, निजी क्षेत्र तथा गैससँग समन्वय, सहकार्य र साझेदारी गरीनेछ ।<br>३४ स्थानीय समुदाय., निजी क्षेत्र तथा गैससँग समन्वय गरी जलप्रदुषण नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन, अनुगमन तथा मूल्याङ्कन गरीनेछ |

## ६.३.५ प्रमुख कार्यक्रम

**तालिका नं. ६.५ — योजना तथा बजेट**

| कार्यक्रम तथा आयोजना | एकाई | कुल भौतिक कुल लक्ष्य | कुल लागत (रू. हजारमा ) | पहिलो बर्ष (२०८१/०८२) | दोश्रो बर्ष (२०८२/०८३) | तेश्रो बर्ष (२०८३/०८४) | चौथो बर्ष (२०८४/०८५) | पाचौ बर्ष (२०८५/०८६) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| विद्युत पोल ढुवानी जडान | संख्या | ५०० | ५०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | निजी क्षेत्र |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कवाडी लघु जलविद्युत आयोजना, | संख्या | १ | ६५०० ०० | ११००० | ११००० | ११००० | ११००० | ११००० | गाउँपालिका र समुदाय |
| जल स्रोत व्यवस्थापन कार्यक्रम | संख्या | १ | १५०० ० | ३००० | ३००० | ३००० | ३००० | ३००० | गाउँपालिका र नेपाल सरकार |
| विद्युत विस्तार तथा उपयोग प्रवर्द्धन कार्यक्रम | संख्या | १ | ३००० ० | ६००० | ६००० | ६००० | ६००० | ६००० | नेपाल सरकार |
| धुलाचौर, बोल्ढीक, धिम र क्युडीमा बिघुल लाईन बिस्तर गर्ने | संख्या | १ | १००० ० | २००० | २००० | २००० | २००० | २००० | गाउँपालिका र नेपाल सरकार |
| जम्मा | | | ७५५० ०० | ३२००० | ३२००० | ३२००० | ३२००० | ३२००० | |

## ६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ६.६ — नतिजा खाका**

| सूचक | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४- देखि २०८५/०८६ (३ वर्ष) |
| विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात | प्रतिशत | ४३ | ७० | ९५ |
| खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा दाउरा, लगायतका ठोस इन्धन प्रयोग गर्ने परिवार | प्रतिशत | ९८ | ७० | ४० |
| खाना पकाउन र कोठा तातो राख्नका लागि एलपी ग्याँस प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | २ | ३० | ५० |
| खाना पकाउन विद्युतको उपयोग गर्ने जनसंख्या | प्रतिशत | १ | ३० | ५० |
| सोलार उपयोग गर्ने परिवार | प्रतिशत | २० | ३० | ५० |

*स्रोतः गाउँपालिकाको प्रोफाईल २०८० तथा सिबिएस २०७८*

## ६.३.७ अनुमान तथा जोखिम पक्ष

केन्द्रिय विद्युत प्रसारण प्रणालीको विद्युत सुविधा विस्तार भइ विद्युत तथा स्वच्छउर्जाकोउपलब्धतार उपयोग सहजभएको हुनेछ ।जलाधार क्षेत्रको संरक्षणमा अन्तर सरकार सहकार्य तथा समुदाय स्तरको जागरुकतामा अभिवृद्धि भएको हुनेछ ।उपरोक्त परिवेश तयार हुन नसकेमा अपेक्षित उपलब्धि हासिल हुनमा जोखिम रहन सक्छ। राष्ट्रिय प्रसारण लाइनको पहुँचसँगै साना जलविद्युत आयोजनाको विद्युत उपयोगमा नआइ खेर जान सक्ने जोखिम रहन सक्छ ।

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

नेपालको संबिधानले पूर्ण प्रेस स्वतन्त्रता, वाक् तथा प्रकास स्वतन्त्रता साथै सञ्चार र सूचनाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । सूचना र सञ्चार प्रविधिको विकासले वर्तमान विश्वलाई एउटा साँघुरो कोठामा ल्याई पु¥याएको छ नेपालको दिगो विकास लक्ष्यले समेत सवैले धान्न सक्ने गरी नेट ईन्टरनेटको पहुँचलाई विस्तार गर्ने अठोट लिएको छ । नेपालमा कुल जनसङ्ख्याको ७२ प्रतिसतमा टेलिभिजन, ८६ प्रतिसतमा रेडियो, ६५.९ प्रतिसतमा इन्टरनेटको पहुँच पुगेको छ भने डिजिटल साक्षरता ४० प्रतिसतको हाराहारिमा रहेको छ ।

यस पालिकाको अधिकांस स्थानमा सूचना प्रविधिको पहुँच विस्तार भएको छ । कार्यपालिका भवन, वडाकार्यालय भवनमा, सार्वजनिक स्थल तथा सेवाको क्षेत्र, उद्योग, व्यापार तथा व्यसायका क्षेत्र, विद्यालय, स्वास्थ्य केन्द्र, चौकी साथै स्वास्थ्य सेवा प्रदायक संघ संस्था, पर्यटनका क्षेत्र लगायतमा नेट ईन्टरनेटको सेवा विस्तार भई सकेको अवस्था छ भने केहि विद्यालय साथै सार्वजनिक महत्वका स्थलहरूमा यसको व्यवस्थापन गर्न बाँकि रहेको अवस्था छ । पालिकाको  कार्यपालिका भवनमा सर्भर व्यवस्थापन गरी केही आवस्यक सफ्टवेयरहरु संचालन गरीएका छन् ।

### ६.४.२ समस्या तथा चुनौती

पालिकाको अधिकांस स्थानमा सूचना प्रविधिको पहुँच विस्तार भएको छ । कार्यपालिका भवन, वडाकार्यालय भवनमा, सार्वजनिक स्थल तथा सेवाको क्षेत्र, उद्योग, व्यापार तथा व्यसायका क्षेत्र, विद्यालय, स्वास्थ्य केन्द्र, चौकी साथै स्वास्थ्य सेवा प्रदायक संघ संस्था, पर्यनका क्षेत्र लगायतमा नेट ईन्टरनेटको सेवा विस्तार भई सकेको अवस्था छ भने केहि विद्यालय साथै सार्वजनिक महत्वका स्थलहरूमा यसको व्यवस्थापन गर्न बाँकि रहेको अवस्था छ

पालिका आफैले एफ एम रेडियो सञ्चालन व्यवस्थापन गर्न, सवै सामुदायिक तथा संस्थागत विद्यालयलाई डिजिटल प्रविधिमा सहज प्रवेश र प्रयोगको व्यावस्थपन गर्न सूचना प्रविधिको बढ्दो परिवर्तन, प्रयोग र प्रभावलाई पूर्ण आत्मसात गरी सोहि बमोजिम बजेटको व्यवस्था गर्न, सूचना प्रविधि मैत्री पालिकाको रुपमा पूर्णत विकास गर्न यस क्षेत्रका चुनौतीका रुपमा रहेका छन् ।

### ६.४.३ संभावना तथा अवसर

संबिधानत सवै नागरिकको सूचनाको हक सुनिस्चित हुनु, डिजिटल प्रविधिको विकसले विश्व बजार एक ध्रुवीय गतिमा अघि बढ्नु, सञ्चार गृहहरूको सेवा ग्रामिण बस्ती सम्म विस्तार हुदै जानु, शैक्षिक तथा आर्थिक गतिविधहरूमा सञ्चार प्रविधिको प्रयोगमा उल्लेख्य बढोत्तरी हुँदै जानु, व्यापार व्यवसाय, सार्वजनिक सेवा, प्रविधिको विकास र सो सम्बन्धी ज्ञानको प्रवाहका क्षेत्र समेत डिजिटल मैत्री हुँदै जानु, पालिकाले समेत डिजिटल प्रविधिको प्रयोगलाई प्रथम प्राथमिकतामा राखि आफ्ना सवै गतिविधिहरू वएभसाईट मार्फत सरोकारवालाको सहज पहुँच स्थापित गर्नु, सञ्चार

स्रोतका प्रयोग र विस्तारमा स्थानीय युवाशक्तिको आकर्षण दिन प्रतिदिन बढ्दै जानु, सूचना प्रविधि आर्थिक विकासको एक आधारभूत अङ्गको रुपमा स्थापित हुँदै जानु, पालिकामा मोवाइल, नेट ईन्टरनेट प्रयोगकर्ताको सङ्ख्या तिव्रगतिले बढ्दै जानु यस क्षेत्रका संभावना र अवसरहरू रहेका छन् ।

## ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

**सबै बस्तिमा सूचना तथा सञ्चार पुर्याउने**

**उद्देश्य**

- आधुनिक सूचना तथा सञ्चार प्रविधिमा सबैको पहुँच स्थापित गर्नु,
- सूचना प्रविधिलाई सुरक्षित, उपयोगी, भरपर्दो सहज बनाउनु,
- स्थानीय सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउनु ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेश्य १ आधुनिक सूचना तथा सञ्चार प्रविधिमा सबैको पहुँच स्थापित गर्नु,** | |
| १. .गाउँपालिकाको शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्यमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग गर्ने | १.१ स्थानीय सेवा प्रवाहलाई सहज बनाउन विद्युतीय खरिद प्रणाली, योजना, अनुगमन, प्रशासन तथा प्रतिवेदन लगायत सेवा प्रवाहमा विद्युतीय सुशासन लागू गरीनेछ ।<br>१.२ गाउँ कार्यपालिका कार्यालयमा सूचना केन्द्र स्थापना गरी सूचना प्रविधिमैत्री बनाइने तथा एकीकृत रूपमा स्थानीय तथ्याङ्कको व्यवस्थापन गरीनेछ ।<br>१.३ प्रत्येक वडा कार्यालयमा सूचना केन्द्र स्थापना गरी सूचना संकलन तथाविश्लेषणलाई संस्थागत गरी सूचना प्रवाहलाई व्यवस्थित गरीनेछ । |
| **उद्देश्य २ सूचना प्रविधिलाई सुरक्षित, उपयोगी, भरपर्दो सहज बनाउनु,** | |
| २. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधिसँग आवद्ध गर्ने | २.१ स्थानीय सूचना व्यवस्थापन प्रणाली तयार गरी सूचना प्रविधिमा आधारित सेवा प्रवाह र विकास कार्य सञ्चालनको व्यवस्था गरीनेछ ।<br>२.२ सामाजिक सञ्जालको प्रयोगलाई समाज अनुकूल र रचनात्मक बनाउन पहल गरीनेछ । |
| **उदेश्य ३ स्थानीय सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउनु** | |
| ३.१गाउँपालिकाको सूचना तथा सञ्चार प्रणालीलाई सबल र प्रभावकारी बनाउने | ३.१.१ सम्पादित आयोजना तथाकार्यक्रम, गतिबिधि, उपलब्धि प्रकाशन र प्रसारणको लागि सूचना र सञ्चार प्रविधिको अधितकम उपयोग गरीनेछ ।<br>३.१.२गाउँपालिकाको मुखपत्र प्रकाशन मार्फत नियमित सूचना प्रबाहको व्यवस्था मिलाइनेछ ।<br>३.१.३ पदाधिकारी र सेवाग्राही बीच रेडियो, टिभी र सामाजिक सञ्जालको माध्यमबाट नियमित रूपमा संवाद कार्यक्रम सञ्चालन गरीनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.१.४ स्थानीय नीति, कानून, कार्यविधि, निर्णय, विकास कार्य सञ्चालन, उपलब्धि, सफल अभ्यासबारे अन्तरसंवाद, पत्रपत्रिका, रेडियो र टिभिनियमित प्रकाशन र प्रसारणको व्यवस्था मिलाइनेछ । |
| ३.२ पर्यटकीय सेवा तथा सुविधालाई सूचना प्रविधिमा आधारित बनाउने | ३.२.१ पर्यटकीय सूचना केन्द्र स्थापना गरी संकलित सूचनालाई नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन,सेवा प्रवाहर अनुगमन तथा मूल्याङ्कनमा प्रयोग गरीनेछ ।<br>३.२.२ पर्यटन क्षेत्रको विकास, विस्तार, प्रवर्द्धनका लागि गरीएका अध्ययन अनुसन्धानको प्रतिवेदन प्रकाशन र प्रशारणको व्यवस्था गरीनेछ ।<br>३.२.३ सरकारी, गैर सरकारी र निजी क्षेत्रसँग समन्वय र सहकार्य गरी पर्यटन सम्बन्धी सूचना तथा अभिलेख अद्यावधिक तथा लक्षित जनसंख्यामा प्रेषण गरीनेछ । |

## ६.४.५ प्रमुख कार्यक्रम

**तालिका नं. ६.७ — योजना तथा बजेट**

| कार्यक्रम तथा आयोजना | एकाई | कुल भौतिक कुल लक्ष्य | कुल लागत रु हजारमा | पहिलो बर्ष (२०८१/०८२) | दोश्रो बर्ष (२०८२/०८३) | तेश्रो बर्ष (२०८३/०८४) | चौथो बर्ष (२०८४/०८५) | पाचौ बर्ष (२०८५/०८६) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचना तथा सञ्चार प्रविधि विस्तार कार्यक्रम | वर्ष | ५ | १०००० | २००० | २००० | २००० | २००० | २००० | गाउँपालिका |
| विद्युतीय सुशासन प्रवर्द्धन कार्यक्रम | वर्ष | ५ | ५००० | १००० | १००० | १००० | १००० | १००० | गाउँपालिका गैसस र अन्य निकाय) |
| बेवसाइट, ग्रुप एस. एम.एस., डिजिटल सूचना पाटी,,मल्टीविडीया, सामाजिक संजाल लगायतका माध्यमहरु प्रयोग गरेर सूचना प्रवाहलाई प्रभावकारी बनाइने | वर्ष | ५ | ५००० | १००० | १००० | १००० | १००० | १००० | गाउँपालिका गैसस र अन्य निकाय) |
| रेडियो कार्यक्रम, पत्रपत्रिकामा मुद्रित लेखको मध्यमका सम्मानित जनतालाई सुसूचित गराउनुका साथै जनतासंग स्थानीय सरकारको सम्बन्धविस्तार गराइने | वर्ष | ५ | ५००० | १००० | १००० | १००० | १००० | १००० | गाउँपालिका गैसस र अन्य निकाय) |
| विभिन्न सूचना प्रविधी प्रणाली तथा सफ्टवेयरहरुको स्थापना तथा कर्मचारीहरुको सूचना प्रविधि सम्बन्धि सिप विकास गरी कार्यालयको सेवाहरु सूचना प्रविधी मैत्री बनाई सुशासनको लागि विद्युतीय शासनको प्रयोगमा जोड दिईनेछ | वर्ष | ५ | ५००० | १००० | १००० | १००० | १००० | १००० | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| रेडियो कार्यक्रम हिमाली सरोकार संचालन गरीने छ | वर्ष | ५ | ५००० | १००० | १००० | १००० | १००० | १००० | गाउँपालिका गैसस र अन्य निकाय) |
| जम्मा | | | ३५००० | ७००० | ७००० | ७००० | ७००० | ७००० | |

## ६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ६.८ — नतिजा खाका**

| सूचक | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४- देखि २०८५/०८६ (३ वर्ष) |
| कम्प्युटर, इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिशत | ४८ | ५६ | ६० |
| गाउँपालिकामा सञ्चालित सफ्टवेयर र सूचनाव्यवस्थापन प्रणाली | संख्या | ८ | १२ | १२ |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयपर्यटन सूचना केन्द्र | संख्या | १८ | २८ | ३० |
| टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ५८ | ६९ | ७० |
| सूचना प्रविधि तथा डिजिटल प्रणालीमा आधारित सेवाहरू | संख्या | ५ | ९ | १० |

*स्रोतः गाउँपालिकाको प्रोफाईल २०८० तथा सिबिएस २०७८*

## ६.४.७ अनुमान तथा जोखिम पक्ष

हुलाक तथा दुरसञ्चार सेवाको क्षमता बिस्तार, विकास र सहज पहुच सहितको सुविधाले शिक्षा, स्वास्थ्य, उद्योग, व्यापार, ब्यावसाय तथा प्रशासनिक सेवा प्रवाहमा बढोत्तरी हुनुको साथै सर्वसाधारण पालिकाकाबासी आन्तरिक तथा बाह्य पर्यटक, अध्ययन तथा अनुसन्धान कर्ता लगायत सम्पूर्ण सरोकारवालालाई सूचना ग्रहण र प्रवाहमा सहजता भएको हुनेछ, राष्ट्रिय तथा अन्तराष्ट्रिय घट्ना परिघट्नाका बारेमा सहज जानकारी उपलब्ध गर्न सकिने अवस्थाको श्रृजना भई आर्थिक, सामाजिक र सास्कृतिक जीवन, जीवन पद्धती तथा जीवन स्तरमा सकारात्मक प्रभाव परेको हुनेछ, सर्भर र डाटा सुरक्षा सहति वडा कार्यालय, विधालय, गाँउपालिका स्वास्थ्य संस्था सबै एकआपसमा जोडिन गई सेवा प्रवाह सरल, सहज, सर्वसुलभ र प्रभावकारी भएको हुनेछ ।

# परिच्छेद ७

## वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ । प्राकृतिक श्रोतको दिगो व्यवस्थापन विना मानव जीवन संभव छैन । वन संरक्षण, भूतथा जलाधार संरक्षण, जैविक विविधताको ब्यवस्थापन तथा संरक्षण, वातावरण ब्यवस्थापन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् ब्यवस्थापन जस्ता विषयहरू नगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछन ।

नेपाल सरकारले विक्रम सम्वत २०७१ देखि २०८० लाई "समृद्धिका लागी वन" भन्ने नार तय गरी वन दशक घोषणा गरी विशेष कार्यक्रम संचालन भईरहेकाछन् । ती कार्यक्रमहरुको कार्यान्वन गर्नका लागी स्थानीय तहहरुले पनि आफ्नो स्तरमा यी राि्ष्ट्रय कार्यक्रम गर्नुपर्ने भए बमोजिम यस घोडाघोडी नगरपालिकाले पनि वनक्षेत्र संरक्षण र सम्वद्र्धनका लागी वार्षिक तथा आवधिक योजनामा कार्यक्रम बनाउनु पर्ने देखिन्छ । नगरपालिकामा धार्मिक वन, नीजि वन र संरक्षण क्षेत्रहरु रहेको पाईएन ।

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

यस पालिकामा कस्तुरी मृग, हिमचितुवा, हिमाली कालोभालु, हिमाली थार, हिमाली घोरल, लंगुर, नेवला, हिमाली चौरी, जंगली चौरी, रातो हाब्रे, हिमाली व्वासो आदि बन्यजन्तुको बसोबास रहेको छ । यी वन्यजन्तुहरू लोपउन्मुख प्रजाति अन्तर्गत रहेका छन् । यस बाहेक निकुन्ज र यसको वरिपरी ८ वटा घस्रेर हिड्ने प्रजातिका जीवजन्तुहरू, ७ प्रजातिका उभयचर र ३० प्रजातिका पुतलीहरू पनि पाइन्छन् । चराचुरुङ्गी तर्फ ३२ प्रजातिमा बाडिएका २१९ थरिका चराहरू पाइने गर्दछन् । गाउँपालिका क्षेत्रभई बगेर जाने नदिहरूदुधकोशी, भोटेकोशी नदी रहेका छन् भने खहरे खोला, बोम खोला, सुर्के खोला, दुसुम खोला र खरी खोला समेत यस क्षेत्रमा रहेका छन् । गाउँपालिका क्षेत्रमा रहेका वनको डढेलोबाट संरक्षण गर्न हरेक वर्ष कृत्रिम पोखरी निर्माण गरीदै आएको छ । त्यस्तै हरेक सामुदायिक वन क्षेत्रमा अग्नि नियन्त्रणका लागि फायरफाईटिङ्ग उपकरण खरिद गरी परिचालन गरीएका छन् । गाउँपालिकाले जैविक तथा पर्यावरणीय विविधता सहितको पर्यापर्यटनको प्रवर्द्धन एवम् र एक वडा एक पार्क नीति लिएको छ ।

### ७.१.२ समस्या तथा चुनौती

गाउँपालिका क्षेत्रमा वन डढेलो लाग्नु, निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा मानव तथा वन्यजन्तुबीच निरन्तर द्वन्द्व हुनु जसका कारण मानवीय र वालीनालीमा क्षति तथा जंगली जनावरहरू समेत घाईते हुनु, वनक्षेत्र अतिक्रमण बढ्नु,

भुस्याहा कुकुरबाट मृग लगायत वन्यजन्तुमाथि आक्रमणबढ्नु आदि यस क्षेत्रमा रहेका मुख्य समस्या हुन् । जलवायु परिवर्तन लगायत विभिन्न कारणबाट वन डढेलोलाग्नु, पहिरो, भूक्षय तथा तापक्रम वृद्धि हुनु, नदि तथा हिमतालमा पानीको सतहबढ्नु तथा हिमताल विष्फोटनको जोखिममा वृद्धि हुनु यस क्षेत्रकाप्रमुख चुनौतीहुन् ।

### ७.१.३ संभावना तथा अवसर

यस पालिकामा रहेको बनस्पति, बन्यजन्तु तथा जैविक विभिदताको यथार्थ विवरण सङ्कलन तथा अध्यावधिक हुन नसक्नु, यसपालिकाको आर्थिक समृद्धिको आधारस्तम्भको रुपमा स्थापित गर्न नसक्नु, अनाधिकृत रुपमा हुने बन अतिक्रमण, चोरी सिकारी, अवैध व्यापार, मानव र वन्यजन्तु विचको द्वन्द व्यवस्थापन र नियन्त्रण गर्न नसक्नु, वनजङ्गल क्षेत्रमा पानीका श्रोत सुक्दै जानु, जलचर तथा जङ्गली जनावरको वासस्थान घट्दै जानु, जङ्गली जनावरको आतङ्क बढ्दै जानु, वनजङ्गलमा रहेका बन्यजन्तुकालागि वनजङ्गलमानै उपयुक्त र पर्याप्त आहाराको व्यवस्था हुन नसक्नु, वन क्षेत्रमा घेराबारा नहुनु, निजी वन दर्ता गर्न कानूनी प्रवन्ध हुन नसक्नु, नगरपालिकामा वनजङ्गल विज्ञ प्राविधिक जनशक्तिको अभाव रहनु यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

स्थानीय स्तरमा हुने भौतिक पूर्वाधार निर्माण विच उत्पन्न हुने द्वन्द व्यवस्थापन गर्न, यस क्षेत्र बाट बस्तु र सेवाको विस्तार र तीनबाट प्राप्त हुन लाभलाई समन्यायीक वितरण गर्न, खुल्ला सिमानाका कारण हुने चोरी निकासी लाई नियन्त्रण गर्न, वन क्षेत्रलाई पूर्ण घेरावारा गर्न, हरितगृहको प्रभाव सन्तुलन गर्न, वनजङ्गलमानै वन्यजन्तुकालागि आवश्यक र पर्याप्त आहारको व्यवस्थापन गर्न यस क्षेत्रका चुनौतीका रुपमा रहेका छन् ।

नेपाल प्राकृतिक श्रोत र साधन सम्पन्न मुलुक हो । प्रकृतिक श्रोत साधन मध्ये वन, बन्यजन्तु र जैविक विभिदता मानव विकास क्रम सँगै सदियौं देखि नेपाली जनताको जीविकोपार्जन सँग जोडिएको अति महत्वका विषय बस्तु हुन ।

पालिका, निजी क्षेत्र मार्फत वन्य जन्तुको संरक्षण गर्न, बनक्षेत्र भित्र पाईने विभिन्न प्रकारका जडिबुटीको खोजी, संरक्षण र विकास गर्न, घाँस दाउराको नाममा हुने बन क्षेत्रको अनाधिकृत अतिक्रमण रोक्न, सामुदायिक वनजङ्गल भित्र पाईने पाईने केतुके, अल्लो, लोक्ता, साल, सिमल, कदम, हर्रो, चिलाउने, खयर लगायतका रुख विरुवाको संरक्षण र सार्थक रुपमा स्थानीयबासिको जीवनस्तरको सुधारमा प्रयोग योग्य बनाउन, बनजङ्गलमा आधारित उद्योग व्यवसायको स्थापना र विकास गर्न, वन क्षेत्र भित्रका खुल्ला स्थानको पूर्ण सदुपयोग गर्न, खोला किनारामा बृक्षारोपण गरी पार्क निर्माण गर्न, वन क्षेत्रमा खुल्ला पोखरी निर्माण गरी संरक्षण सिंचाईको प्रवन्ध गर्न, वन्यजन्तुकालागि आहाराजन्य वनस्पतिको बृक्षारोपणको कार्यलाई प्राथमिकताका साथ अघि बढाउन, थोरै भए पनि कार्वन सञ्चितीबाट अन्तराष्ट्रिय भुक्तानीमा संघीय सरकारलाई सहयोग पु¥याउन साथै कानूनी प्रावधानको व्यवस्थापन गरी निजी स्तरमा बन क्षेत्रको विकास गर्न साथै वातावरणीय सन्तुलनमा योगदान पु¥याउन सकिने प्रसस्त सम्भावना र अवसर रहेका छन् ।

## ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

**हरियाली गाउँपालिका निर्माण गर्ने ।**

**उद्देश्य**

- वन, हरियाली, जलाधार र जैविक विविधता एकीकृत संरक्षणर व्यवस्थापन गर्नु,
- हिमाल, ताल तथा जलाधार क्षेत्रको संरक्षणगर्नु,
- मानव वन्यजन्तु द्वन्द्वबाट हुने क्षति न्यून गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ वन, हरियाली, जलाधार र जैविक विविधता एकीकृत संरक्षणर व्यवस्थापन गर्नु,** | |
| १. वन तथा पर्यावरण संरक्षण सम्बन्धीनीति, योजना र कार्यक्रम कार्यान्वयनमा राष्ट्रिय निकुञ्ज र सरोकारवालाहरू वीच समन्वय, सहकार्यरसाझेदारी गर्ने | १.१ प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्यांकनतथा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।<br>१.२ गैरकाष्ठ वन पैंदावार सम्भाव्यता अध्ययन/संकलन/निकासी तथा वातावरण मैत्री स्थानीय शासन प्रारुप अवलम्वन गरीनेछ ।<br>१.३ गाउँपालिका क्षेत्रको उपभोग्य क्षेत्रको नक्सांकन गरीनेछ ।<br>१.४डढेलो नियन्त्रणका लागि उपकरण खरिद (फायर फाईटिङ्ग) खरिद गरी अग्नी नियन्त्रणका लागि क्षमता विकास तालिम प्रदान गरीनेछ । |
| **उद्देश्य २ हिमाल, ताल तथा जलाधार क्षेत्रको संरक्षण गर्नु,** | |
| २. हिमाल क्षेत्र, हिमश्रृंखला, हिमताल लगायत जलाधारक्षेत्रकोसंरक्षण तथा भूक्षयरपहिरोनियन्त्रणगर्ने | २.१ बृक्षारोपण गर्न सकिने सम्भावित क्षेत्र पहिचान गरी वृक्षारोपण कार्य गरीनेछ ।<br>२.२ स्थानीय अनुकुलन कार्ययोजना तयार गरी लागू गरीनेछ ।<br>२.३ संरचना तथा विकासका पूर्वाधार, नदि तथा पहिरो नियन्त्रण कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नु<br>२.४ विकासका पूर्वाधार निर्माणसँगै भूक्षय, पहिरो तथा नदी नियन्त्रणका लागि संरचनागत तथा वायोइञ्जिनियरिङ लगायत संरक्षणका उपायहरू अबलम्बन गरीनेछ । |
| **उद्देश्य ३ मानव वन्यजन्तु द्वन्द्वबाट हुने क्षति न्यून गर्नु** | |
| ३. वन तथा वन्यजन्तुबाट मानव तथा कृषि उत्पादन सुरक्षित गर्नु । | ३.१ वन्यजन्तुमैत्रि पूर्वाधार निर्माण गरी दिगो वन व्यवस्था पन कार्यक्रम सञ्चालन गरीनेछ ।<br>३.२ भुस्याहा कुकुर आगमन नियन्त्रण/वन्ध्याकरण (वन्यजन्तु आक्रमण) तथावन्यजन्तु र वनस्पतिको चोरी सिकार नियन्त्रणका लागि सुराकी परिचालन तथा वन्यजन्तु अपराध नियन्त्रण व्युरोसँगको समन्वयमा जोड दिइनेछ । |

### ७.१.५ प्रमुख कार्यक्रम

**तालिका नं. ७.१ — योजना तथा बजेट**

| कार्यक्रम तथा आयोजना | एकाई | भौतिक कुल लक्ष्य | कुल लागत (रू.हजारमा) | पहिलो बर्ष २०८१/०८२ | दोश्रो बर्ष २०८२/०८३ | तेश्रो बर्ष २०८३/०८४ | चौथो बर्ष २०८४/०८५ | पाचौ बर्ष २०८५/०८६ | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| जैविक विविधता संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा गरीव तथा विपन्न वर्गको जिविकाउपार्जनमा मद्दत पुरयाउने खालका कार्क्रमहरुलाई विशेष प्राथमिकता दिइनेछ | संख्या परियार | ५० | १००० | २००० | २००० | २००० | २००० | २००० | गाउँपालिका |
| विकास निर्माणका विभिन्न कियाकलापहरुमा विपद जोखिम न्यूनिकरण र जलवायु अनुकुलन | संख्या | ५ | ७००० | २००० | ३००० | २००० | ० | ० | गाउँपालिका |
| वन जन्य उद्योग तथा व्यवसायमा रोजगारी | संख्या | १५ | ९००० | ३००० | २००० | ४००० | ० | ० | |
| वनमा आधारित उद्योग तथा व्यवसाय | संख्या | ५ | ३०००० | ६००० | ६००० | ६००० | ६००० | ६००० | नेपाल सरकार, |
| वन डढेलो व्यवस्थापन कार्यक्रम | संख्या | ५ | ३५०० | ७०० | ७०० | ७०० | ७०० | ७०० | गाउँपालिका |
| मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण कार्यक्रम | संख्या | ५ | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | गाउँपालिका |
| बनफडानि र भु- क्षयिकरण घटाउने कार्य र वृक्षारोपणलाई उच्च प्राथमिकतामा संचालन गर्ने निति लिईनेछ | पटक | २० | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | गाउँपालिका |
| पालिकामा भएका विद्यमान प्रकोपहरुक तथा त्यसबाट हुने विपदजन्य अवस्था र क्षतिको पहिचान गरी तिनको न्युनिकरण गर्न तिनको समाधानका उपायहरु पहिचान गरीने छ | संख्या | ५ | ४००० | २००० | २०० | ० | ० | ० | गाउँपालिका |
| **जम्मा** | | | ६८५०० | १६७०० | १४९०० | १५७०० | ९७०० | ९७०० | |

### ७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ७.२ - नतिजा खाका**

| सूचक | इकाई | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४- देखि २०८५/०८६( ३वर्ष) |
| वनको संचिती दर (मि$^3$/हेक्टर) | प्रतिशत | ४२.३३% | ४५% | ४५% |
| वन प्रजाती प्रति हेक्टर | संख्या | | | |
| व्यवस्थित सामुदायिक तथा कबुलियती वन क्षेत्र | हेक्टर | १४४३ | १५०० | १५०० |
| सरकारद्धारा व्यवस्थित वन क्षेत्र | हेक्टर | ६४३२ | ६४३२ | ६४३२ |
| निजी वन क्षेत्र | हेक्टर | १६५ | १६५ | १६५ |

| सूचक | इकाई | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४- देखि २०८५/०८६( ३वर्ष) |
| वृक्षारोपण क्षेत्र | हेक्टर | ९०० | ६०० | ३०० |
| आयमूलक कार्य संचालित वन क्षेत्र | हेक्टर | ७०० | ७०० | ८०० |
| जैविक विविधता युक्त क्षेत्र | हेक्टर | २००० | २००० | २००० |
| गैरकाष्ठ वन पैदावारहरुको व्यवसायिक खेती गरीएको अद्यावधिक क्षेत्रफल | हेक्टर | ० | ० | १०० |

*स्रोतः गाउँपालिकाको प्रोफाईल २०८० तथा सिबिएस २०७८*

### ७.१.७ अनुमान तथा जोखिम पक्ष

वन विनासको रोकावट, खाद्यजालमा न्यून प्रभाव भई वन, वन्यजन्तु तथा जैविक विभिदताको संरक्षण भएको हुनेछ । श्रोत र सानधनको पर्याप्ता साथै संघीय तथा प्रदेश सरकार, वन उपभोक्ता समिति र नगरपालिका बिच समन्य र साझेदारीको दरिलो अधार तयार भएको हुनेछ जोखिम पक्षमा विद्यमान ऐन कानून  कार्यान्वयन नहुन सक्छन्, जग्गा जमिन तथा स्रोत र साधनको अभाव, सहयोगी तथा साझेदार संघ संस्थाको अभाव, प्रविधिको अभाव, निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव र  दक्ष निर्माण जनशक्तिको अभाव हुनसक्छ ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ । प्राकृतिक श्रोतको दिगो व्यवस्थापन विना मानव जीवन संभव छैन । वन संरक्षण, भू तथा जलाधार संरक्षण, जैविक विविधताको ब्यवस्थापन तथा संरक्षण, वातावरण ब्यवस्थापन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् ब्यवस्थापन जस्ता विषयहरू पालिकाको कार्यक्षेत्र भित्र पर्दछन । दिगो विकास र विपद्उत्थानशीलतामा अभिवृद्धि नै विकासको समृद्धि भन्ने अभियानका साथ उद्देश्य, नीति र कार्यक्रम निर्धारण गरीएको छ ।

### ७.२.२ समस्या तथा चुनौती

खोलानाला बाट अनाधिकृत रुपमा गिट्टी, ढुङ्गा तथा बालुवा निकाल्ने कार्यले तिब्रता पाउनु, वातावरण प्रभाव मूल्याङ्कन एकातीर गिट्टी, ढुङ्गा तथा बालुवा निकाल्ने कार्य अर्कातिर रहनु, भूसंरक्षण तथा जलाधार व्यवस्थापन सँग सम्बन्धित पूर्वाधार विकास र व्यवस्थापन विच संघीय तथा प्रदेश सरकार साथै सरोकारवाला स्थानीय तह बीच समन्वय र साझेदारीलाई प्रभावकारी बनाउन नसकिएको, भूसंरक्षण तथा जलाधार व्यवस्थापन सँग सम्बन्धित पूर्वाधार विकास र व्यवस्थापन विच संघीय तथा प्रदेश सरकार साथै सरोकारवाला स्थानीय तह बीच समन्वय र साझेदारीलाई प्रभावकारी बनाउन, अन्तर सरकारी तथा अन्तर स्थानीय तहका इच्छाशक्ति एकीकृत गर्न, पालिकाको आन्तरिक

स्रोत पर्यात पार्न र प्राकृतिक प्रकोपले पार्ने क्षतिको आँकडाको बस्तुगत अवस्थाकाबारोमा पूर्वानुमान गर्ने साथै न्यूनलागतमा गुणस्तरीय पूर्वाधारको निर्माण व्यवस्थापन गर्ने जस्ता कार्य यस क्षेत्रका चुनौतीको रुपमा रहेका छन्।

## ७.२.३ संभावना तथा अवसर

यस पालिका क्षेत्र भित्रका खोलानाला, सिमसार, पोखरीहरूलाई प्राकृतिक उपहारको रुपमा स्वीकार गरी तीनको संरक्षण र सम्बर्धन बाट यस पालिकाको दिगो आयको आधार निर्माण गर्दै आर्थिक समृद्धि निर्माण गर्न सकिने संभावना रहेको अवस्था छ विषेस गरी कर्णालि नदीले बिभिन्न वडाहरु संग जोडिएको छ उक्त नदिलाई संरक्षण गरीएको अवस्थामा बिकासको संभावना देखिन्छ भने यदि संरक्षण भएन भने यसै नदिले असर गर्ने देखिन्छ । वर्तमान समस्या र चुनौतीको सहज समाधान गरी तीनलाई आर्थिक रुपान्तरण र स्थानीयबासीको जीवनस्तर माथि उठाउने साधनको रुपमा उपयोग गर्न सके यी क्षेत्र र स्थानबाट पालिकाले आन्तरिक आयमा पर्याप्त बृद्धि गर्न सक्ने र उक्त आयलाई पालिकाको विकास निर्माण र सेवा प्रवाहमा प्रयोग गर्न सकिने संभावना र अवसर रहेका छन् ।

## ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

**जल जंगल जमिन र जडिबुटी संरक्षण गर्ने।**

**उदेश्य**

- स्थानीय जलाधार क्षेत्र तथा जैविक विविधताबारे यथार्थ विवरण अद्यावधिक गर्नु,
- जलाधार तथा जैविक विविधता संरक्षणका लागि स्थानीय वासिन्दालाई सक्रिय बनाउन

| रणनीति | कार्यनीति |
|---|---|
| उदेश्य १ स्थानीय जलाधार क्षेत्र तथा जैविक विविधताबारे यथार्थ विवरण अद्यावधिक गर्नु, | |
| १ जलवायु परिर्वतनका प्रतिकुल प्रभावलाई न्युनिकरण गर्ने र जलाधारको अनकुल क्षमता अभिवृद्धि गर्नु | १.१ जलवायु परिवर्तनका क्षेत्रमा अध्ययन अनुसन्धानगरी क्षमता विकासको कार्यक्रम संचालन गरीनेछ ।जलवायू परिवर्तन सम्वन्धी सूचनामूलक र सचेतनामूलक कार्यक्रम संचालन गरी जनतालाई सुसुचि गरीनेछ ।कृषि, वन, वस्ती तथा अन्य क्षेत्रमा परेको प्रभाव अध्ययन अनुसन्धान गरी अनुकूलन कार्यक्रममा जोड दिइनेछ |
| उदेश्य २ जलाधार तथा जैविक विविधता संरक्षणका लागि स्थानीय वासिन्दालाई सक्रिय बनाउ | |
| २ जलाधारको उचित उपयोग र जलर्सिजित विपद न्युनिकरण एंवम व्यवस्थापन गर्नु। | २.१ वन, जलाधार तथा पारिस्थितिकीय प्रणालीको संरक्षण तथा दिगो व्यवस्थापन गरीनेछजलवायु उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्वतयारी तथा सचेतना निर्माण गर्ने कार्य गरीनेछ । |

## ७.२.५ प्रमुख कार्यक्रमहरुः

**तालिका नं. ७.३ — योजना तथा बजेट**

| कार्यक्रम तथा आयोजना | एकाई | भौतिक कुल लक्ष्य | कुल लागत (रू.हजारमा) | पहिलो बर्ष २०८१/०८२ | दोश्रो बर्ष२०८२/०८३ | तेश्रो बर्ष २०८३/०८४ | चौथो बर्ष २०८४/०८५ | पाचौ बर्ष २०८५/०८६ | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| जलवायु परिवर्तनका क्षेत्रमा अध्ययन अनुसन्धान गरी क्षमता विकासको कार्यक्रम | संख्या | ५ | ७००० | २००० | ३००० | १००० | १००० | ० | गाउँपालिका |
| जलवायू परिवर्तन सम्वन्धी सूचनामूलक र सचेतनामूलक कार्यक्रम | संख्या | ५ | ७००० | २००० | ३००० | १००० | १००० | ० | प्रदेश सरकार |
| कृषि, वन, वस्ती तथा अन्य क्षेत्रमा परेको प्रभाव अध्ययन अनुसन्धान गरी अनुकूलन कार्यक्रमवन, | संख्या | ५ | ५००० | १००० | १००० | १००० | १००० | १००० | गाउँपालिका |
| जलाधार तथा पारिस्थितिकीय प्रणालीको संरक्षण तथा दिगो व्यवस्थापन कार्यक्रम | संख्या | ५ | ५०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | संघिय सरकार |
| जलवायु उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्वतयारी तथा सचेतना निर्माण कार्यक्रम | संख्या | ५ | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | गाउँपालिका |
| जम्मा | | | ७१५०० | १५५०० | १७५०० | १३५०० | १३५०० | ११५०० | |

## ७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ७.४ - नतिजा खाका**

| सूचक | इकाई | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४- देखि ०८५/०८६ (३ वर्ष) |
| संरक्षित पानी मुहान क्षेत्र | हेक्टर | ३५ | ४० | ५० |
| संरक्षित खेतबारीको क्षेत्रफल | हेक्टर | २० | ४० | ४० |
| प्रयोग गरीएको जलस्रोतसँग कुल जलस्रोतको अनुपात | | | | |
| पुनरुथापित क्षतिग्रस्त भूमिको क्षेत्रफल | हेक्टर | | | |
| नदी नियन्त्रण र उकासबाट संरक्षित जमीन | हेक्टर | १० | १० | १० |
| नदी नियन्त्रण लम्बाई | किमी | ५ | ८ | १० |
| स्पर तथा बाँध, चेकड्याम | किमी | ५ | ८ | १० |
| संरक्षित भू–क्षय र बाढी संवेदनशील क्षेत्र | हेक्टर | ५० | ३० | २० |
| संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | हेक्टर | ० | ० | ० |
| वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | किमी | ० | ० | १० |
| व्यवस्थित संरक्षण तथा Ridge पोखरी | संख्या | ० | ० | ० |

*स्रोतः गाउँपालिकाको प्रोफाईल २०८० तथा सिबिएस २०७८*

### ७.२.७ अनुमान तथा जोखिम पक्ष

सम्भावित भूक्षय हुन सक्ने जोखिम युक्त स्थानको लगत सङ्कलन तथा अभिलेखिकरण गरी उच्च जोखिम, मध्यम जोखिम र सामान्य जोखिमका क्षेत्रमा विभाजन गरी विवरण अध्यावधिक भएको हुनेछ, संरक्षित र व्यवस्थितताालतलैया र सिमसार क्षेत्रमा बाट बृद्धि भएको हुनेछ, भूसंरक्षण तथा जलाधार संरक्षण कोष सञ्चालन व्यवस्थापन कार्यविधि समेत तयार भई कायान्वयनमा आएको हुनेछ, भूसंरक्षण तथा जलाधार व्यवस्थापन गुरु योजना तयार भएको हुनेछ, सम्भावित बाढीको प्रकोप रहन सक्ने मुख्य स्थानीय खोला किनारामा बृक्षारोपण सहित संघीय तथा प्रदेश सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा उच्च जोखिमयुक्त स्थानमा तटवन्ध निर्माण गरीएको हुनेछ र कान्द्रा नदीको तटिय व्यवस्थापन भएको हुनेछ ।

## ७.३. वन, वातावरण तथा फोहरमैला व्यबस्थापन

### ७.३.१ पृष्ठभूमि

नेपालको संबिधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने गरी मौलिक हकको व्यवस्था गरेको छ । प्रदुषण रोकथाम र नियन्त्रणका माध्यम बाट वातावरण संरक्षणलाई टेवा पु¥याउन ध्वनी, जल, जमिन र वायु सँग सम्बन्धित केहि मापदण्ड निर्धारण भई कार्यान्वयनमा आएका छन्।

घरपरिवार तथा उद्योग, व्यापार र व्यवसायबाट निस्कनेफोहोरमैला तथा धुलो, धुवाँ र स्वस्थ्यलाई प्रतिकुल असर गर्ने सबै खाले प्रदुषणलाई न्यूनीकरण गर्न सरोकारवालासँग समय समयमा छलफल तथा अन्तक्रिया गर्ने, घरपरिवार लगायत बाट निस्कने फोहोरमैला निस्चित स्थानमा मात्र फाल्न पाईने, जैविक विविधता र श्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ बृद्धि गरी त्यसलाई न्यायोचित वितरण सुनिश्चित गर्ने ।

### ७.३.२ समस्या तथा चुनौती

गाउँपालिकामा फोहोरमैला व्यवस्थापनको लागि छुट्टै शाखा नहुनु तथा फोहोरमैला व्यवस्थापन हेर्ने कर्मचारी/मानवीय श्रोतको कमी हुनु,फोहोरमैला व्यवस्थापनमा साझेदारहरू प्रति निर्भर हुनु, बजार क्षेत्र भन्दा बाहिर फोहोरमैला व्यवस्थापनको कमी हुनु तथा बजार क्षेत्र तथा पदमार्ग क्षेत्रमा सार्वजनिक शौचालयको कमी हुनु फोहोर जलाउदा ईन्सिनेटरबाट निस्कने धुवा व्यवस्थापन हुन नसक्नु आदि समस्या रहेका छन् । गाउँपालिका क्षेत्रमा प्रवेश गर्ने पर्यटक तथा पर्वतारोहीहरूबाट हुने फोहोरमैला संकलन,भण्डारण, पुन:प्रयोग तथा सफाई आदि फोहोरमैला व्यवस्था पन क्षेत्रका प्रमुख चुनौतीहुन् ।

### ७.३.३ संभावना तथा अवसर

फोहोरमैला व्यवस्थापनको उपयुक्त र व्यवस्थित क्षेत्र वा स्थलको अभाव रहनु, वर्तमानमा समेत फोहोरमैलालाई प्रयोग गरी मानव जीवन उपयोगि बस्तुमा परिवर्त गर्न सकिने स्थानीय वासिको चेतना विकास सहित फोहोरमैला

प्रशोधन केन्द्रको स्थापना गर्न नसक्नु, फोहोर उत्पादक वा जन्मदाता मानव स्वयं भएको भएता पनि यसको व्यवस्थापनमा आफ्नो कर्तव्य र जिम्मेवारी बाट पन्छिनु आदि समस्याहरु रहेका छन् भने फोहोरमैला व्यवस्थापनको उपयुक्त र व्यवस्थित क्षेत्र वा स्थलको व्यवस्थापन गर्ने, प्लाष्टिक तथा अस्पतालजन्य फोहोरमैलाको उचित व्यवस्थपन गर्ने, फोहोरमैला प्रशोधन केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थपन गर्ने, आफुले उत्पादन गरेको फोहोरमैलालाई वर्गिकरण गरी पालिकाले निर्धारण गरेको समय र स्थानमा मात्र विषर्जन गर्ने बानिको विकास गर्ने, शहरका मूल्य र महत्वपूर्ण स्थान र क्षेत्रमा सार्वजनिक शौचालयका लागि जग्गाको व्यवस्थापन गर्ने साथै बिशेस गरी यस पालिकाको मुख्य अति महत्पुर्ण पर्यटनको गन्तव्य स्थानमा फोहोर मैला व्यवस्थापनको चुनौतीको रुपमा रहेको छ ।

## ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

**फोहोरमैला व्यवस्थापन, प्रदूषण नियन्त्रण र वातावरणीय स्वच्छता कायम गर्ने।**

**उद्देश्य**

- जल, वायु, माटो, ईन्धन लगायत सवै प्रकारका प्रदूषणको नियन्त्रण र रोकथाम गर्नु,
- पर्यटक, व्यावसायी, स्थानीयवासी र स्वास्थ्य संस्थाको फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्नु,
- प्राकृतिक तथा सांस्कृतिक वातावरण, हरियाली र वातावरणीय स्वच्छता अभिवृद्धि गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेश्य १ जल, वायु, माटो, ईन्धन लगायत सवै प्रकारका प्रदूषणको नियन्त्रण र रोकथाम गर्नु,** | |
| १. जल, वायु, माटो लगायत सबै प्रकारका प्रदुषणको नियन्त्रण र रोकथाम सम्बन्धी नीतिगत र कानूनी, समुदायदाय परिचलन तथा संरचना सुधार गर्ने, | १.१ प्लास्टिकजन्य फोहरको असरबारे जनचेतनामुलक कार्यक्रम गरीनेछ ।<br>१.२ इन्धनको रूपमा विद्युतीय उपकरण तथा उर्जाको प्रयोगलाई प्रोत्साहन गरीनेछ ।<br>१.३ पेट्रोलियम पदार्थ लगायत काठदाउरा तथा अन्य ईन्धनलाई निरुत्साहन गरीनेछ ।<br>१.४ वातावरण प्रदुषण र फोहोरमैला व्यवस्थापनका लागि निति, कानून संरचना निर्माण, अध्ययन अनुसन्धान तथा क्षमता अभिवृद्धिमा जोड दिइनेछ |
| **उदेश्य २ पर्यटक, व्यावसायी, स्थानीयवासी र स्वास्थ्य संस्थाको फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्नु,** | |
| २. वातावरणीय अध्ययन तथा प्रभाव मूल्याङ्कन तथा सुझाव कार्यान्वयनलाई नियमित गर्ने | २.१ सरसफाई सम्बन्धी मार्गनिर्देशन तयार गरी नियमित अनुमगनको व्यवस्था मिलाइनेछ<br>२.२ एकपटकमात्र प्रयोग हुने प्लास्टीकको प्रयोगलाई प्रतिवन्ध गर्ने तथा कपडाको झोला प्रयोगमा प्रोत्साहन गरीनेछ । |
| **उदेश्य ३ प्राकृतिक तथा सांस्कृतिक वातावरण, हरियाली र वातावरणीय स्वच्छता अभिवृद्धि गर्नु ।** | |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. फोहोरमैला व्यवस्थापनका लागि समुदाय, व्यवसायी, गैसस तथा निजी क्षेत्रसँगको साझेदारीलाई परिचालन र नविनतम प्रविधिको अवलम्वन गर्ने | ३.१ प्रसोधन केन्द्रमा फोहर प्रसोधनका लागि मेशिनरी उपकरणको व्यवस्थापनगरीनेछ ।<br>३.२ प्लास्टिकको पुन: चक्रिय प्रयोगको लागि सचेतना कार्यक्रम कार्यान्वयन गरीनेछ ।<br>३.३ श्रोतमै फोहर वर्गीकरण र पृथकीकरण, पुनप्रयोग, संकलन तथा प्रशोधन प्रणालीको सुदृढीकरण गरीनेछ ।<br>३.४ प्लास्टिक प्रयोगको प्रतिस्थापन तथा न्यूनीकरणका विभिन्न प्रयासहरूगरीनेछ ।<br>३.५ फोहोरमैला व्यवस्थापन गरी स्वच्छता कायम गर्न पर्यटक, व्यावसायी तथा स्थानीय बासिन्दासँग समन्वय, सहकार्य र साझेदारी गरीनेछ । |

## ७.३.५ प्रमुख कार्यक्रमहरुः

**तालिका नं. ७.५ — योजना तथा बजेट**

| कार्यक्रम तथा आयोजना | एकाई | कुल लक्ष्य | कुल लागत (रू. हजारमा) | पहिलो बर्ष २०८१/०८२ | दोश्रो बर्ष २०८२/०८३ | तेश्रो बर्ष २०८३/०८४ | चौथो बर्ष २०८४/०८५ | पाचौ बर्ष २०८५/०८६ | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| फोहरमैला प्रसोधन | संख्या | ५ | ३०००० | ६००० | ६००० | ६००० | ६००० | ६००० | नेपाल सरकारगैसस |
| वातावरण संरक्षण कार्यक्रम | पटक | ५ | २०००० | ४००० | ४००० | ४००० | ४००० | ४००० | गाउँपालिका |
| खानेपानी तथा ढल व्यवस्थापन कार्यक्रम | संख्या | १ | ३०००० | ६००० | ६००० | ६००० | ६००० | ६००० | प्रदेश सरकार |
| फोहोरमैला व्यवस्थापन तथा अन्य कार्यक्रम | संख्या | १ | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | गाउँपालिका, गैसस |
| जम्मा | | | ९५००० | १९००० | १९००० | १९००० | १९००० | १९००० | |

## ७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ७.६ - नतिजा खाका**

| सूचक | इकाई | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८२४ देखि २०८५/०८६ (३ वर्ष) |
| मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | २ | ३ | ३ |
| प्रयोग भएका फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | १ | १ | १ |
| कम्पोष्ट–विन र गार्वेज–पिट प्रयोग गर्ने परिवार | संख्या | २०० | ३०० | ३०० |

| सूचक | इकाई | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८२४ देखि २०८५/०८६ (३ वर्ष) |
| निष्काशित फोहोरमैलाको औषत परिमाण | मेटन | ३८० | ५०० | ५०० |
| परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | संख्या | ३६०० | ३२०० | ३००० |
| प्रशोधन गरीएको फोहोरमैला अनुपात | प्रतिशत | ० | ० | ० |
| नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | १० | १५ | २० |
| घरभित्रको धुवाँमुक्त घरधुरी | प्रतिशत | १५ | २० | ३० |
| फोहोर मैला व्यवस्थापन केन्द्र | संख्या | १ | १ | १ |

*स्रोतः गाउँपालिकाको प्रोफाईल २०८० तथा सिबिएस २०७८*

### ७.३.७ अनुमान तथा जोखिम पक्ष

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनका लागि पालिका, संघीय तथा प्रदेश सरकार, स्थानीय पालिकावासी, उद्योगि, व्यापारी तथा व्यवसायशीहरुको साझेदारी र समन्वय विकास भएको हुनेछ । आवश्यक श्रोत र साधनको उपलब्धताको सुनिस्चितता भएको हुनेछ । जोखिम पक्षमा विद्यमान ऐन कानून कार्यान्वयन नहुन सक्छन्, जग्गा जमिन तथा स्रोत र साधनको अभाव, सहयोगी तथा साझेदार संघ संस्थाको अभाव, प्रविधिको अभाव, निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव र दक्ष निर्माण जनशक्तिको अभाव हुनसक्छ ।

## ७.४ विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

यस क्षेत्रमा मानव जनजीवनलाई प्रभावित पार्ने प्रकोपहरूमा भुकम्प, पहिरो, मानव वन्यजन्तु द्वन्द, हावाहुरी, खडेरी, आगलागी, हिमताल विस्फोटन, हिमपात, महामारी र लेक लाग्नु मुख्यरुपमा रहेका छन् । यसका अतिरिक्त खराव मौमसका कारण हवाइ यातायात प्रभावित हुने हुनाले जनजीवन प्रभावित हुने गरेको छ । यस क्षेत्रमा विपदबाट वार्षिक रुपमा करिव १२५ घरधुरी प्रभावित हुने गरेको देखिन्छ । यस क्षेत्रमा रहेका कुल ३ वटा बस्ती पहिरोको जोखिममा रहेका बस्ती संख्या २२ परितशत रहेको छ ।

यस क्षेत्रमा प्लास्टिक हाउस, ग्रीनहाउस आदिको निर्माण गर्ने, भरियाहरूको लागि आश्रय निर्माण गर्ने, बाँधको अनुगमन गर्ने जस्ता कामहरू भइरहेका छन् । यस बाहेक विभिन्न गैरसरकारी संस्थाहरूले आपतकालिन राहत स्वरुप न्यानो कपडा, खाद्यान्न सामग्री, इत्यादी बाँडेर यस क्षेत्रलाई सहयोग गरेका छन् ।

### ७.४.२ समस्या तथा चुनौती

विपद्जोखिम व्यवस्थापनका बारेमा पर्याप्त ज्ञान, सीप र सूचना प्रणालिको कमि रहेको, विपद् जोखिम न्यूनिकरण र भौतिक संरचना निर्माणका कार्यमा आवश्यक तालमेलको कमी, विषयगत क्षेत्रमा विवद् जोखिमको पहिचान र

नक्साङ्कन नभएको, प्राकृतिक स्रोतहरूको अनियन्त्रीत र अव्यवस्थित दोहन, विपद्जोखिम व्यवस्थापनका लागि कार्ययोजनाको निर्माण हुन नसकेको, आपतकालिन व्यवस्थाका लागि यथेष्ट मानवीय स्रोत, यन्त्र उपकरण, बन्दोवस्ती तथा राहतका सामाग्रिको कमी, आपतकालिन स्रोत व्यवस्थापनमा कठिनाई लगायत यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन्।

विपद् जोखिम व्यवस्थापनका लागि कार्ययोजनाको निर्माण गरी कार्यान्वनयमा ल्याउने, आपतकालिन व्यवस्थाका लागि यथेष्ट मानवीय स्रोत, यन्त्र उपकरण, बन्दोवस्ती तथा राहतका सामाग्रिको व्यवस्थापन गर्ने, बिपद् व्यास्थापन कोषलाई पर्याप्त पार्ने, विपद्जोखिमको कार्यलाई तीन तहका सरकार वीच समन्वय गरी आन्तरिकिकरण गर्ने साथै पूर्वतयारीका कार्यमा नजरअन्दाज गर्ने जस्ता कार्य यस क्षेत्रका प्रमुख चुनौतीका रुपमा रहेका छन्।

## ७.४.३ संभावना तथा अवसर

विपद्जोखिम न्यूनिकरणका लागि समुदाय तथा निजी क्षेत्र समेत सचेत रहनु साथै सहयोग र साझेदारीमा सम्लग्न हुनु, गैरसरकारी संघ संस्थाको सकृयता अभिबृद्धि हुनु, दिन प्रतिदिन आधुनिक प्रविधिको विकास र व्यवस्थानमा पहुँच बृद्धि हुँदै जानु, यस पालिकाको अधिक क्षेत्र ग्रामिण र खुला रहेका कारण व्यवस्थित शहरी विकास तथा वस्ती विकास गुरु योजना तर्जुमा गरी यथा समयमा कार्यान्वनयमा ल्याउन साथै उक्त क्षेत्रमा ढल तथा सतह पानी निकासको दिगो व्यवस्थापन गर्ने जस्ता अवस्था यस क्षेत्रका संभावना र अवसरको रुपमा रहेका छन्।

## ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

विपद् न्यूनिकरण तथा रोकथाम गर्ने ।

**उद्देश्य**

- विपद् जोखिम नक्सांकन, जोखिम पूर्वानुमान, पुर्वतयारी, प्रतिकार्य र पुनर्लाभिलाई योजनाबद्ध र व्यवस्थित बनाउनु,
- जलवायू परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलन क्षमता अभिवृद्धि गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेश्या १ विपद् जोखिम नक्सांकन, जोखिम पूर्वानुमान, पुर्वतयारी, प्रतिकार्य र पुनर्लाभिलाई योजनाबद्ध र व्यवस्थित बनाउनु,** | |
| १.१ जलवायु परिवर्तन र विपद व्यवस्थापनका लागि आवश्यक नीतिगत र संस्थागत संरचना निर्माण, सुधार एवम् क्षमता अभिवृद्धि गर्ने | १.१.१ जलवायु परिवर्तन र विपद सम्वेदनशील नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्न पद्धतिलाई प्रभावकारी बनाइनेछ<br>१.१.२स्थानीय विपद जोखिम व्यवस्थापन योजना तथा वातावरणमैत्री स्थानीय शासन प्रारुप तर्जुमा गरी कार्यान्वयन गरीनेछ ।<br>१.१.३पूर्वाधार निर्माणलाई वातावरण तथा वन्यजन्तुमैत्रीतुल्याइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.१.४ स्थानीय विपद्व्यवस्थापन समितिको संस्थागत क्षमता विकास गरी क्रियाशिलबनाइनेछ । |
| १.२. विषयगतनीति, योजना, कार्यक्रम तथा आयोजनामा विपद जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलनलाई मूलप्रवाहीकरण गर्ने | १.२ १जलवायु परिवर्तन अनुकूलन र विपद संवेदनशील र उत्थानशील.नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमनलाई नियमित तुल्याइनेछ ।<br>१.२२. आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक वा गुरूयोजना, मध्यमकालीन खर्च संरचना वार्षिक नीति, कार्यक्रम तथा बजेट मार्फत विषयगत नीति, कार्यक्रम तथा बजेटमा विपद जोखिम व्यवस्थापन र जलवायुपरिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गरीनेछ ।<br>१.२.३विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनलाई स्थानीय पाठ्यक्रममा समावेश गरी पठनपाठनको व्यवस्था गरीनेछ । |
| १.३.विपद अल्पीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ सम्बन्धी क्षमता विकास र श्रोत साधनको व्यवस्था गर्ने | १.३.१वाढी तथा मौषम पुर्वसूचना प्रणालीलाई प्रभावकारी बनाई कार्यान्वयनमा ल्याईनेछ ।<br>१.३.२ प्रकोप उद्धार कार्यदल तयार परिचालन गरीनेछ ।<br>१.३.३ बस्ती विकास तथा भवन निर्माण मापदण्ड परिपालना लाई सुनिश्चित गरीनेछ<br>१.३.४ नयाँ बन्ने निजी तथा सार्वजनिक भवनमा भूकम्प प्रतिरोधि प्रविधि अवलम्वन गर्नुपर्ने व्यवस्थालाईसुनिश्चित गरीनेछ ।<br>१.३.५ पुराना घरहरूको अभिलेखीकरणको व्यवस्था गरीनेछ ।<br>१.३.६जलवायु परिवर्तन र विपद जोखिम व्यवस्थापनका लागि निजी, गैसस, समुदाय साझेदारी, सचेतना र क्षमता वृद्धि गरी जोखिम संवेदनशील पूर्वाधारमा जोड दिइनेछ । |
| **उदेश्य २ जलवायू परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलन क्षमता अभिवृद्धि गर्नु ।** | |
| २. जलवायु परिवर्तनका क्षेत्रमा अध्ययन अनुसन्धान तथा क्षमता अभिवृद्धि गर्ने | २.१ जलवायु परिवर्तनबाट वन्यजन्तु र वनस्पतिमा पर्ने असरको बारेमा अध्ययन अनुसन्धान गरी सुझाव कार्यान्वयन गरीनेछ ।<br>२.२ जलवायु परिवर्नतको असर न्यूनीकरणका लागि परियोजना तथा गतिबिधिमा आधारित शिक्षाको सुरुवात गरीनेछ ।<br>२.३ विपद जोखिम न्यूनीकरणका लागि स्वयमसेवकहरूको समूह बनाई परिचालन गरीनेछ । |

## ७.४.५ प्रमुख कार्यक्रमहरु :

**तालिका नं. ७.७ — योजना तथा बजेट**

| कार्यक्रम तथा आयोजना | एकाई | कुल लक्ष्य | अनुमानित कुल लागत (रू. हजारमा) | पहिलो बर्ष २०८१/२०८२ | दोश्रो बर्ष२०८२/२०८३ | तेश्रो बर्ष२०८३/२०८४ | चौथो बर्ष२०८४/२०८५ | पाचौ बर्ष२०८५/२०८६ | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विषद व्यवस्थापनका लागि जनस्तर तथा विद्यालयस्तरमा विपद सचेतना उद्वारको अभ्यासको कार्यलाईनिरन्तरता दिइनेछ आगोबाट हुने जोखिम न्यूनीकरण गर्न विशेष सचेतनाका कार्यक्रमहरु संचालन गरीने छ | संख्या | ५० | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | गाउँपालिका गैसस र निजी क्षेत्रको साझेदारीमा |
| दैवी प्रकोप या प्राकृतिक प्रकोपवाट उत्पन्न हुने मानवीय क्षतिन्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक योजना बनाई कार्य गरीने छ । | वर्ष | ५ | २०००० | ४००० | ४००० | ४००० | ४००० | ४००० | गाउँपालिका, सङ्घ र प्रदेश सरकारसँग सयुक्त प्रयासमा |
| गाउँपालिकाको विपद प्रतिकार्ययोजना निर्माण गर्न र समयानुकूल संशोधन गर्न सहयोगी निकायहरुसंगको सहकार्यमा व्यवस्थित बनाईने छ | वर्ष | ५ | १०००० | २००० | २००० | २००० | २००० | २००० | गाउँपालिका गैसस र निजी क्षेत्रको साझेदारीमा |
| जम्मा | | | ५५००० | ११००० | ११००० | ११००० | ११००० | ११००० | |

## ७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ७.८ - नतिजा खाका**

| सूचक | इकाई | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | २०८३/०८४- देखि २०८५/०८६ (३ वर्ष) |
| सुरक्षित, एकीकृत र व्यवस्थित वस्ती/आवास क्षेत्र | संख्या | ० | ० | २ |
| वस्ती अयोग्य स्थानमा बसोबास गरेका परिवार | संख्या | ३२० | २८० | २०० |
| विपदबाट भएको बार्षिक क्षत्ती (जग्गा, संरचना, बाली नाली, पशु र अन्य सम्पत्ती) | रु. हजार | ३५००००० | २०००००० | १०००००० |
| खुल्ला क्षेत्र र स्थान | संख्या | ३२ | ३२ | ३२ |
| तालिम प्राप्त स्वयंसेवक | जना | ६८ | ६८ | ९२ |
| विपद् व्यवस्थापन स्थानीय कोष (हजारमा) | रु. | १५००००० | २०००००० | ३०००००० |
| विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरु | संख्या | ४ | ५ | ८ |
| कृषि क्षेत्रवाट हरित ग्याँस उत्सर्जन ($CO_2$) | (GG) | | | |
| औद्योगिक क्षेत्रवाट हरित ग्याँस उत्सर्जन ($CO_2$) | (GG) | | | |
| उर्जा (उद्योग, यातायात, र अन्य) क्षेत्रवाट हरित ग्याँस उत्सर्जन ($CO_2$) | (GG) | | | |

*स्रोतः गाउँपालिकाको प्रोफाईल २०८० तथा सिबिएस २०७८*

### ७.४.७ अनुमान तथा जोखिम पक्ष

नाधिकृत रुपमा हुने गरको खोला क्षेत्रको दोहनको अन्त्य, ढल तथा सतह पानी निकासको उपयुक्त व्यवस्थापन, आपतकालिन उद्धरका यन्त्र, उपकरण तथा साधन तथा तटबन्धको निर्माण र पूर्व सूचना प्रणालिको विकास भएको हुनेछ । आर्थिक तथा मानवीय श्रोत साधनको व्यवस्थापनमा संघीय तथा प्रदेश सरकार विकास साझेदारको साझेदारी भएको साथै प्राकृतिक प्रकोपको खतर कम भएको हुनेछ । जोखिम पक्षमा विद्यमान ऐन कानून कार्यान्वयन नहुन सक्छन्, जग्गा जमिन तथा स्रोत र साधनको अभाव, सहयोगी तथा साझेदार संघ संस्थाको अभाव, प्रविधिको अभाव, निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव र दक्ष निर्माण जनशक्तिको अभाव हुनसक्छ ।

# परिच्छेद ८:

## संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत बिकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

हिमाली गाउँपालिकाले स्वीकृत गरेका कानून तथा नीति संख्या १६, ऐन संख्या १४, नियम तथा विनियम, निर्देशिका कार्यविधि र मापदण्ड संख्या १७, क्रियाशील नीतिगत समिति तथा संयन्त्र ९ बिधायन, शुसासन, लेखा, राजस्व योजना तथा बजेट तर्जुमा अनुगमन आदि संख्या ६, अभ्यास गरीएका सामाजिक जवाफदेहिताका औजारका र क्षतिपूर्ति सहितको नागरिक वडापत्र, सार्बजनिक सुनुवाई, सार्बजनिक परिक्षण, सामाजिक परिक्षण, समुदाय स्कोर कार्य आदि संख्या ५ वटा सञ्चालन गरीएको छ ।

गाउँपालिकामा स्थानीय न्यायिक समिति क्रियाशील रहेको छ र समितिको विषयमा जनस्तरमा जानकारीमूलक सूचना प्रवाह गर्ने गरीएको छ । गाउँपालिकाको कार्यालय तथा हरेक वडा कार्यालयमा नागरिक वडापत्र मार्फत कार्यालयबाट पाईने सेवा सुविधाको बारेमा सुसूचित गर्ने गरीएको छ । कार्यालयमा सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तथा प्रवक्ताको व्यवस्था गरीएको छ । गाउँपालिकाको आफ्नो वेवसाईट फेसवुक र ग्रुप म्यासेज सेवाबाट सेवा र सूचना सार्वजनिक गरीदै आएको छ । गाउँपालिकाले आफ्ना सेवाको बारेमा जनताको सन्तुष्टी तथा थप सल्लाह सुझाव लिन हरेक वर्ष कम्तिमा ३ पटक सार्वजनिक सुनुवाई सञ्चालन गर्दै आएको छ ।

### ८.१.२ समस्या तथा चुनौती

आवश्यक सबै ऐन, कानुन र कार्यविधि तर्जुमा पूर्ण रूपमा भई नसक्नु, आवश्यक संख्यामा दक्ष कर्मचारीको अभाव हुनु, जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास तालिम नहुनु, क्षतिपूर्ति सहितको नागरिक वडापत्र कार्यन्वयन नहुनु, कर्मचारीहरूको कार्य विवरण तयार भए पनि पूर्ण रूपमा कार्यान्वयन नहुनु, केही वडा कार्यालयहरूको सुविधा सम्पन्न आवश्यक पूर्वाधार निर्माण नहुनु, तथ्याङ्कीय आधार तयार नुहुनु, योजनाका आधारमा बजेट नभई बजेटका आधारमा योजना बन्नु, र टुक्रे योजना उल्लेख्य हुनु आदि प्रमुख समस्या हुन्

पालिकामा अनुगमन सञ्जाल कमजोर हुनु, पालिकामा उपभोक्ता समितिलाई तालिम नहुनु, विभिन्न संघसंस्थाहरुको आ–आफ्नो नीति र कार्यशैली प्रभावकारी नहुनु, लक्षित समुदायको योजना छनौट तथा कार्यान्वयन प्रक्रियामा पहुँचको अभाव, पालिकामा क्षमता विकासका क्रियाकलापहरुको कमी र पालिकाको नागरिक वडापत्र अनुरुप प्रभावकारी कार्यान्वयन नहुनु आदि रहेका छन्

## ८.१.३ संभावना तथा अवसर

पालिकालाई सुशासन सम्बन्धी आवश्यक कानून बनाउने अधिकार हुनु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु, सुशासन पालिकाको प्राथमिकतामा पर्नु, यातायात र प्रविधिको सुविधाले सेवा प्रवाहमा सहजता हुनु, गैसस, नागरिक समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था हुनु, भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरीने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन सकिन्छ ।

स्थानीय बासीहरू समूहगत रुपमा तथा सहकारीको माध्यम बाट कृषि, पशुपालन, उद्योग, व्यापार तथा व्यवसायमा सम्लग्न हुने र कृषि तथा पशुपालनलाई व्यवसायिकिकरण तर्फ अघि बढाउने कार्यमा सम्लग्न र कृयाशील हुँदै गएको, स्थानीबासीमा शिक्षा र चेतनाको विकास र विस्तार हुँदै गएको, स्थानीबासीले स्थानीयसरकारलाई नजिकबाट अवलोकन र निगरानि गर्ने बानीको विकास हुँदै गएको, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक सञ्चा, सञ्चार, विद्युत लगायतका सेवामा पालिकाबासिको पहुँच क्रमस अभिबृद्धि हुँदै गएको, स्थानी ऐन कानून निर्माणले गति लिएको, पालिकाहरूले आफ्ना सवै गतिविधि वएभसाईट मार्फत सर्वसाधारको जानकारीमा राख्ने गरेको, विकास आयेजनाहरूको प्राथमिकिकरण र कार्यान्वयनमा स्थानीय जनताको सहभागिता बढ्दै जानु यस क्षेत्रका संभावना र अवसर रहेका छन्

## ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

**निति, ऐन, नियम र नियमावली निर्माण तथ कार्यान्वयन गरी संस्थागत विकास गर्ने तथा सुशासन कायम गर्ने ।**

**उद्देश्य**

- सहभागितामूलक शासन प्रणालीको अवधारणालाई प्रवर्द्धन गर्नु,
- स्थानीय शासन प्रणालीलाई जवाफदेही र उत्तरदायी बनाउनु,
- गाउँपालिकाको कार्यप्रणालीमा पारदर्शीता सुनिश्चित गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेश्य १ सहभागितामूलक शासन प्रणालीको अवधारणालाई प्रवर्द्धन गर्नु,** | |
| १. नीति तथा कानून निर्माण प्रक्रियामा नागरिक सहभागिता अभिवृद्धि गर्ने | १ १ नीति तथा कानुनहरूस्विकृत गर्नु अघि.जनस्तरबाट सुझाव प्राप्त गर्नका लागि सार्वजनिक रुपमा आह्रान गर्ने परिपाटी अवलम्बन गरीनेछ ।<br>१.२ स्विकृत भएका नीति तथा कानुनहरूको परिपालना अवस्था बारे प्रत्येक दुई वर्षमा समीक्षा गर्ने व्यवस्था मिलाइनेछ ।<br>१.३ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण र प्रवोधीकरण गरी नियमपालनामा अभिवृद्धि गरीनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | १.४ गाउँपालिकाको नीति, ऐन, नियम, कार्यविधि र मापदण्ड बारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरीनेछ । |
| **उदेश्य २ स्थानीय शासन प्रणालीलाई जवाफदेही र उत्तरदायी बनाउनु,** | |
| २. १ सामाजिक जवाफदेहिताको प्रवर्द्धन गर्ने, | २.१. १ प्रत्येक वर्ष एक पटक सामाजिक परीक्षण तथा कम्तीमा तीन पटक सार्वजनिक सुनुवाईको आयोजना गरी प्रतिवेदन वेबसाइट मार्फत सार्वजनिक गरीनेछ ।<br>२.१. २ तीन लाख भन्दा बढी लागतका सबै आयोजनामा सार्वजनिक परिक्षण तथा आयोजना सूचना पाटी अनिवार्य गरीनेछ ।<br>२.१. ३स्थानीय शासन तथा निर्णय प्रक्रियामा सदाचार नीति तथा  भ्रष्टचार विरुद्ध शुन्य सहनशीलताको नीति अबलम्बन गरीनेछ ।<br>२.१. ४नीति, कानून, योजना तथा निर्णयहरू नियमित रुपमा वेभसाइट तथा गाउँपालिकाको आधिकारिक फेसवुक पेजमार्फत सार्वजनिक गरीनेछ । |
| २.२ गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउने, | २.२. १ स्थानीय सरकारको जवाफदेहिता अभिवृद्धि सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरीनेछ ।<br>२.२. २ गुनासो तथा क्षतिपूर्तिसमेतको प्रावधान भएको नागरिक वडापत्रसहितको सेवा प्रवाह पद्धतिको विकास गरी कार्यान्वयन गरीनेछ ।<br>२.२. ३ गाउँपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्वेक्षण तथा सरोकारवालासँग अन्तरक्रिया गरी नागरिक र सरोकारवालाको पृष्ठपोषण र सुझाव प्राप्त गरीनेछ ।<br>२.२.४ कार्यालयको सेवा प्रवाहसँग सम्बन्धित गुनासो फेसबुक पेज र वेबसाईट मार्फत राख्न सकिने व्यवस्था मिलाइनेछ । |
| **उदेश्य ३ गाउँपालिकाको कार्यप्रणालीमा पारदर्शीता सुनिश्चित गर्नु ।** | |
| ३. गाउँपालिकाको समग्र कार्यप्रणालीमा पारदर्शिता अभिवृद्धिगर्ने, | ३.१ स्विकृत नीति, कानून, योजना तथा कार्यपालिका र सभाका निर्णय तथा सबै कसिसमका प्रतिवेदनहरूवेबसाईट मार्फत सार्वजनिक गरीनेछ ।<br>३.२ स्थानीय विकासका उपलब्धि, आम्दानी तथा खर्च अन्य सूचनालाई मासिक रुपमा वेबसाईट र सूचनापाटी मार्फत सार्वजनिक गरीनेछ ।<br>३.३ आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । |

### ८.१.५ प्रमुख कार्यक्रम

**तालिका नं. ८.१ — योजना तथा बजेट**

| कार्यक्रम तथा आयोजना | एकाई | कुल भौतिक कुल लक्ष्य | अनुमानित कुल लागत (रू. हजारमा) | पहिलो बर्ष २०८१/०८२ | दोश्रो बर्ष २०८२/०८३ | तेश्रो बर्ष २०८३/०८४ | चौथो बर्ष २०८४/०८५ | पाचौ बर्ष २०८५/०८६ | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| कर्मचारीहरुको कार्य प्रक्रियालाई वैग्यानिक ढंगले व्यवस्थापन गर्न समयसापेक्ष बिभिन्न सिपमुलक तालिम तथा सेवाकालिन तालिम संचालन गरीने छ । | संख्या | ५ | १०००० | २००० | २००० | २००० | २००० | २००० | गाउँपालिका |
| क्रियाशील नीतिगत समिति तथा संयन्त्र ( बिधायन,शुसासन,लेखा,राजस्व योजना तथा बजेट तर्जुमा अनुगमन | संख्या | २५ | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | गाउँपालिका |
| स्थानीय कानून,नीति तथा योजना तर्जुमा प्रक्रिया नागरीक पृष्ठपोषण तथा सुझाब लिने माध्यमहरु(संचार,माध्यम, सूचना पाटी, अन्तरक्रिया,लिखित प्रतिक्रिया,सुझाब पेटिका सामाजिक संजाल आदि ) | बार्षिक | ५ | ५००० | १००० | १००० | १००० | १००० | १००० | गाउँपालिका |
| विभिन्न शाखाप्रमुखहरु सँग कार्यसंम्पादन करार गरी काम गर्ने कार्यको थालिनि गरीने छ | बार्षिक | ५ | ५००० | १००० | १००० | १००० | १००० | १००० | गाउँपालिका |
| गाउँपालिका गातिविधि सम्बग्धमा चौमासिक र वार्षिक बुलेटिन प्रकाशन गरीने छ | संख्या | २५ | ५००० | १००० | १००० | १००० | १००० | १००० | गाउँपालिका |
| जम्मा | | | ४०००० | ८००० | ८००० | ८००० | ८००० | ८००० | |

### ८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ८.२ - नतिजा खाका**

| सूचक | इकाई | आधाररेखा (आ.व. ०८०/८१ सम्मको अवस्था) | लक्ष्य (५ वर्ष)) | |
|---|---|---|---|---|
| | | | ०८१/०८२ देखि ०८२/०८३ (२ वर्ष) | ०८३/०८४- देखि ०८५/०८६ (३ वर्ष) |
| सुरक्षित, एकीकृत र व्यवस्थित वस्ती/आवास क्षेत्र | संख्या | ० | ० | २ |

